प्राचीन नेपाल

पुरातत्व विभागको मुखपत्र

ANCIENT NEPAL

Journal of the Department of Archaeology

संख्या ३०–३९ | संयुक्ताङ्क | Number 30–39
माघ २०३१–वैशाख २०३४ | Jan 1975–April 1977

सम्पादक
रमेशजङ्ग थापा

Edited by
Ramesh Jung Thapa

प्रकाशक
श्री ५ को सरकार
शिक्षा मन्त्रालय, पुरातत्व विभाग
काठमाडौं, नेपाल

Published by
The Department of Archaeology
His Majesty's Government
Kathmandu, Nepal

प्राप्ति स्थान:–
साझा प्रकाशन
पुलचोक, ललितपुर

To be had of:-
Sajha Prakashan
Pulchok, Lalitpur

मूल्य रु. १५/–

Price Rs. 15/–

Printed at Matribhoomi Press, Ghantaghar

प्राचीन नेपाल

संख्या ३०-३९

माघ २०३१-वैशाख२०३४

Ancient Nepal

Number 30-39

Jan. 1975-Apr. 1977

सम्पादक

रमेशजङ्ग थापा

Editor

Ramesh Jung Thapa

Prachin Nepal
Downloaded by - Ravi Shakya
No. 30-39, Jan 1975- April 1977, Magh 2031 - Vaishakh 2034

विषय—सूची
Contents

पृष्ठ

शाह राजाहरूको छत्रछायामा नेपाली साहित्यको विकास
प्रा. शिव गोपाल रिसाल १

जुम्लाको अन्त्य
श्री मोहनबहादुर मल्ल १९

रसुवा र धादिङ जिल्लामा गरिएको अनुसन्धान-भ्रमण
श्री देवी प्रसाद लम्साल
श्री बलराम चित्रकार
श्री राधेश्याम भट्टराई २३

प्राचीन डोटी राज्यको राजनैतिक तथा सांस्कृतिक इतिहास
श्री विश्वनाथ भट्टराई ३९

तारीखे सरमौर
लिप्यन्तर तथा अनुवादिका सुश्री रेहनाबानू सैयद ९६

पनौतीको संक्षिप्त ऐतिहासिक पृष्ठभूमि
श्री साफल्य अमात्य १०९

आज सम्म प्राप्त नेपालको लिच्छवी अभिलेखमा सर्व प्रथम कुन ?
श्री शंकरमान राजवंशी ११३

सेती महाकाली भ्रमणको ऐतिहासिक सारांशः डोटीको राजनीतिक इतिहासको रूपरेखा
श्री शंकरमान राजवंशी ११९

ऐतिहासिक पत्रस्तम्भ १२३

Engish Section **Page**

The Medieval Settlements
Chakramehr Vajracharya *1*

The Conservation of Tang-kas
Laura Mora Sbordoni and Paolo Mora *6*

Lichchhavi Art of Nepal
Rehana Banu *15*

Archeological Activities in Lumbini 1976-1977
Babu Krishna Rijal *28*

शाह राजाहरूको छत्रछायामा नेपाली साहित्यको विकास

–प्रा. शिवगोपाल रिसाल

वाङ्मय: एक अवलोकन

मानव सृष्टि, आर्ष दृष्टि र ईश्वरीय वृष्टि सबैनै प्रकारान्तरले अन्तरनिहित शक्तिका विविध रूप हुन् । मानव, सृष्टिको सबभन्दा महान् उपलब्धि र ईश्वरीय वरदानको पराकाष्ठा भएकोले सृष्टिमा नै यसको सर्वोपरि भूमिका छ । यसको एकमात्र कारण हो– ऊसंग मस्तिष्क छ, चिन्तन धारा छ, विवेक, विचारले आफ्नो जीवनलाई सिंगारेको छ ।

मान्छे विचार गर्छ मात्रै होइन ऊ व्यक्त पनि गर्छ । उसले वरदानको वाणी पाएको छ– सबभन्दा विकसित स्पष्ट ध्वनि । बोल्ने जिब्रो छ, सुन्ने कान । उसको सर्वस्व मस्तिष्क, उसको ऐश्वर्य भाषा ।

वैखरीको रूपमा बाहिर प्रकट हुनुभन्दा अगाडि परा, पश्यन्ति र मध्यमाको रूपमा भाषाको किंवा वाणीको सृष्टि भइसक्ने हुनाले भाषाको सिर्जना मानवीय चेतनासंगै गाँसिएको छ । मानव जगत्मा मात्रै होइन सम्पूर्ण चेतन साम्राज्यमा नै भाषाको आरम्भ हुन्छ चेतनाको साथसाथै । पशुपक्षीको मात्रै त के कुरा लता वृक्षादिको भाषा हुन्छ रे भने मानवको भाषाको विकसिततामा विकल्पनै छैन । त्यसैले जहाँ चेतन त्यहीं भाषा । जडदेखि भिन्न सम्पूर्ण चेतन वस्तुको व्यक्त वा अव्यक्त, वैखरीरूपमा वा पूर्वरूपहरूमा भाषात्मक स्वरूप खडा भइसकेको हुन्छ ।

जानेको कुरो भन्न (बोल्न) पाउँदा मान्छे रमाउँछ, नजानेको कुरा भाषाकै माध्यमबाट जान्न, सिक्न खोज्छ । सिक्नुमा पनि ऊ आनन्द मान्छ । वाणीको उच्चारण वा भावाभिव्यक्ति पनि आनन्दकै प्रतीक भएकोले मूकतालाई पन्छाएर मानसिक भावनाको प्रकटमा मानिस कहिले अद्वितीय आनन्दकै अनुभव गर्छ (१) भने कहिले सम्पूर्ण प्रकारका वाणीहरूदेखि रहित भएर (२) आफ्नो वास्तव स्वरूपमा विराजमान भएर अखण्ड आनन्द स्वरूप भएर बस्छ । त्यसैले आनन्दमूर्ति वाणी नै ईश्वरीय वरदान भएकोले ईश्वरकै स्तुति र कीर्तनको रूपमा हाम्रा वाणीहरू स्वतः लालायित, हुन्छन्–

'स्तोत्राणि सर्वा गिरो' (३)

वृहदारण्यक उपनिषद्मा भनिएको छ–

'वाग्वै ब्रह्म, ब्रह्म यजुः, तच्च वाग्विशेष एव ।'

वास्तवमा आत्मा नै वाङ्मय हो ।
'वयमात्मा वाङ्मयो मनोमयः प्राणमयः' (४)
यो लोक नै वाङ्मय हो ।
'वागेवायं लोको' (५)

वाक्नै ऋग्वेद हो । वाक्नै देवता र माता हुनुहुन्छ ।

---

१. बदरीनाथ भट्टराई, (भूमिका). नेपाली शाकुन्तल महाकाव्य, लक्ष्मीप्रसाद देवकोटा, ने.भा.प्र.स. २००२
२. 'यतो वाचो निवर्तन्ते अप्राप्य मनसा सह ।'
३. आद्यजगद्गुरु शंकराचार्य, परापूजा, श्लो. १०, प्रकरण ग्रन्थ, ओरियन्टल बुक एजेन्सी, पूना, २००९, पृ. ३६४
४. वृहदारण्यक उपनिषद् अ. १, ब्राह्मण ५, श्लोक ३
५. ऐ. ऐ. ऐ. श्लोक. ४

वैखरीभन्दा अगाडिको स्वरूप पनि अप्रकटिभूत वाक्नै हो । हामी सबभन्दा पहिले भित्र मनमा केही कुरा चिताउँछौं, विचार गर्दछौं अनिमात्र शब्दमा, वाणीमा वाक्रूपले जिब्रो आदि अवयवद्वारा बाहिर ध्वन्यात्मक, वर्णात्मक रूपमा शब्दहरू उच्चारण गर्दछौं । यसबाट के सिद्ध गर्न खोजिएको हो भने वाक् दुइ प्रकारका छन्–

(क) उच्चारित–स्पष्ट ध्वनि ।
(ख) अनुच्चारित–अस्पष्ट नाद ।

यही कुराको पुष्टि मिल्दछ उपनिषद् आदिबाट पनि–

'प्रजापतेर्वाक्– कार्यमाधारोऽप्रकाशः करणं चाद्येदं प्रकाशः' छ,

प्रजापतिको वाक् दुइ प्रकारको छ–

१. कार्य अर्थात् आधार र अप्रकाशरूप ।
२. करण अर्थात् आद्येय र प्रकाशरूप ।

आमा हुनुहुन्छ वाणीरूप, देवता हुनुहुन्छ वाणीरूप अनि यो जगत् सारा हो केवल वाणी अर्थात् वाङ्मयरूप नै ।

वाणी नै आत्मा हो अनि जीवन र जगत् पनि । त्यही वाणीको व्यक्तिकरण नै वाङ्मय भएकोले वाङ्मयको विकास वाणीको विकास हो । वाणी बुद्धिको, ज्ञानको, अनुभवको प्रतीक भएकोले जति वाङ्मय विस्तृत र व्यापक बन्दै जान्छ उति बौद्धिक किंवा आध्यात्मिक ज्ञानको द्योतन गर्दछ । जुन राष्ट्र, जाति, वर्ग, संप्रदायमा बौद्धिक क्षमता, मानसिक वृद्धि, आध्यात्मिक समुन्नति हुन्छ; चिन्तन धाराप्रवाह चल्छ त्यसको वाङ्मयमा अवश्य पनि विकास देखिन्छ ।

यहीनै परिप्रेक्ष्यमा अवलोकन गर्दा वैदिक आर्यहरूले आफ्नो बौद्धिक क्षमता, मानसिक प्रौढता, दार्शनिक उत्कर्षता, चारित्रिक विशेषता र ज्ञानात्मक तीक्ष्णताको ज्वलन्त दृष्टान्त आफ्नो वाङ्मयको असाधारण प्रगतिबाट प्रस्तुत गरे ।

वाङ्मयको विकासलाई अभिव्यक्त गर्नको लागि चाहिने प्रमुख साधनहरू मध्ये पहिलो स्थान मुखको छ त्यसपछि कानको । यद्यपि स्पर्शेन्द्रियद्वारा पनि आज ज्ञानको संप्रसारण गर्न थालिसकिएको छ तापनि मुखले बोलेर र कानले सुनेर ठूलो काम गरेको छ । मुख-मुखै र कान-कानै गर्दा गर्दै धेरै पछि मात्र लिपिवद्ध गर्ने परम्परा बस्यो । त्यसैले वेदलाई श्रुति भनिन्छ । श्रुतिको रहस्य हो सुन्दासुन्दै, भन्दाभन्दै विकसित हुँदै आएको ज्ञानको, अनुभवको भण्डार । वाङ्मयको सर्वप्राचीन साथै सर्वोच्च अभिव्यक्ति नै वेद भएकोले वेदमा तात्कालीन निष्णात्, धुरन्धर विद्वान्, पंडित मनीषिहरूको, त्रिकालज्ञ ऋषिहरूको, मन्त्रद्रष्टाहरूको बौद्धिक, दार्शनिक, मानसिक, भावात्मक अभिव्यक्तिको सर्वोत्कृष्ट नमूना पाइन्छ । किनभने वेद अपौरुषेय हो, ईश्वरको वाणी हो ।

यसरी मान्छेका मुटु र मस्तिष्कहरू वाङ्मयको रूपमा एकातिर अभिव्यक्त हुन थाले भने अर्कातिर काठका फल्याकमा, पहराका ढुंगामा, धातुका पातामा, गुफाका भित्तामा आफ्नै शैली र सीपमा, आफ्नै कला र कल्पनामा प्रकट हुनथाले ।

माथि भनियो मान्छे ब्रह्माजीको सबभन्दा उत्कृष्ट, परिपक्व र बौद्धिक सिर्जना-सृष्टिकै सौन्दर्य र शिरोमणि हो । यसको क्षमता असीमित छ; एकबाट अनन्त हुन चाहने, सिकिरहन रहर गर्ने, सिकाउन सधैं उत्सुक–मान्छे दुर्लभ जनावर ! आफूले जानेको, सिकेको अभिव्यक्त गर्न खोज्छ– बोलेर, गाएर, लेखेर, कपेर, कोरेर, बजाएर, बुनेर वा अन्य कुनै प्रकारले पनि । ऊ बोल्छ, सुन्छ, लेख्छ, पढ्छ । हुँदा-हुँदा मान्छे नै हो–भोलि दार्शनिक बन्छ, जगत् त कल्पना भन्छ,◆ भगवानको भक्ति गर्छ– भक्त वा उपासक हुन्छ, शिल्पकार वा गायक, नाटककार वा नायक अनि जे पनि, अनि सबैथोक ।

पूर्वीय वाङ्मयहरूले वेदलाई नै आफ्नो ज्ञानको, विज्ञानको–कला र संगीतको, साहित्य र दर्शनको, सबैथोकको इतिहासको सिरानी मानेका छन् । हाम्रा सबै प्रकारका साहित्यिक विधा र काव्यात्मक प्रेरणाको आदिम श्रोत पनि वेद नै हो । यमराज र नचिकेता, पुरुरवा र उर्वशी, अगस्त्य र लोपामुद्रा, इन्द्र र अदिति, सरमा र पणीश, इन्द्र

६. बृहदारण्यक उपनिषद्–शांकरभाष्य, गीताप्रेस, गोरखपुर, अ. १, ब्रा. ५, श्लो. ११, सं. २०२५, पृ. ३५२

◆ 'ब्रम्ह सत्य जगन्मिथ्या जीवो ब्रम्हैव नापर'– आद्य-जगद्गुरु शंकराचार्य

र मरुत् आदि आदिको संवाद–नाटक, कथा, काव्य आदि गद्य र पद्य सबैको आरम्भिक भण्डार हुन् । श्री मद्भागवत, रामायण, महाभारत र पुराणहरूबाट त सोझै साहित्यिक विधाहरूको प्रस्फुटन भएको छ ।

लेखन र अभिव्यक्ति परम्परामा प्रेरणा पनि यिनीहरूबाटै भएको हुनुपर्ने कुरामा त्यति शंका नगरे हुन्छ ।

हिन्दुहरू दर्शन, धर्म, ज्ञान-विज्ञान सबैको लागि प्रमाण नै वेद (शास्त्र) लाई मान्दछन्(७) भने बौद्धहरू त्रिपिटक आदि बौद्धग्रन्थलाई त ईस्लामहरू कुरानलाई र क्रिस्तानहरू बाइबललाई ।

भाषा र बोली–

दुवै नै वाणीका द्योतक हुन् । आपेक्षिक दृष्टिकोणले अवलोकन गर्दा भाषाको क्षेत्र विस्तृत र विशाल छ भने बोली सीमित छ । बोली भाषाकै पेटभित्र पर्दछ भने भाषा बोलीहरूकै एक सामूहिक एवं सुसंगठित रूप हो । जसरी विभिन्न भौगोलिक क्षेत्रमा बस्ने एकै भाषाभाषीहरू आफ्नो जिब्रो अनुसारका वा आफ्नो हावापानी र माटो अनुरूप बोलीहरू बोल्दछन्, आफ्ना व्यावहारिक समस्याहरू, सुविधाहरू र साधनहरूलाई स्वीकार्न खोज्दा एकै भाषाका विभिन्न बोलीहरू बन्छन् त्यसैगरी भिन्न बोलीका वक्ताहरूको भौगोलिक, सामाजिक, राजनैतिक र धार्मिक समस्याहरू सुल्झिन्छन्, गाँठाहरू फुक्दछन्, भावनाहरू व्यक्तिन्छन् एकै थलोमा पुगेर, एकै भाषामा पुगेर, एकै धरातलमा उभिएर । त्यसैले गर्दा भाषाको संगठित एक बलियो स्वरूप खडा हुन्छ । अनि सम्पूर्ण नदीहरू सागरमा पुगी मिले झैं बोलीहरू मिलेर भाषामा भिज्छन्, डुब्छन्–एक बन्दछन् ।

एक स्तरीय साहित्यिक भाषा वा राष्ट्रभाषाले आफ्नो भाषा अन्तरगतका विविध बोलीहरूलाई अथवा आफ्नो राष्ट्रका विभिन्न भाषाहरूलाई आत्मसात् गरिदिन्छ र अन्य बोली वा भाषाहरू एउटा बलियो हाँगो पाएर त्यसैमा आश्रित हुन्छन् ।

बोलचालको भाषा एउटा हिमनदी जस्तो निरन्तर गतिशील बनिरहेको हुन्छ भने साहित्यिक भाषाले आफ्नो स्वरूप निर्धारण गरेर जमिसकेको हुन्छ । तर यो पनि कालान्तर वा देशान्तरमा बदलिरहन्छ नै ।

नेपाली: सरसरती हेर्दा

–भाषा

भाषा वाणी हो । अभिव्यक्तिको सरल र लोकप्रिय साधन । व्यवहार पनि भाषा हो । (८)

भाषानै राष्ट्रको, जन जीवनको अक्षय ऐश्वर्य हो, अविनाशी संस्कृति हो, व्यापक भावनाको प्रतिबिम्ब हो । यसैभित्र राष्ट्रिय शक्ति र बौद्धिक वैभव घुसेको हुन्छ । अतः भाषालाई भावनाको मात्र हैन, शक्तिकै भण्डार भन्नु नै उपयुक्त हुन्छ । त्यति मात्र हैन भाषा नै जातिको र राष्ट्रकै संस्कृति र जीवनको सजीव इतिहास हो । जाति, समाज र राष्ट्रले नै युगौंसम्म संघर्ष गरी आर्जन गरेका पुरुषार्थहरू मध्ये भाषा नै प्रमुख हो । भाषा भित्र त्यस जाति, समाज र राष्ट्रको अनुहार, व्यवहार र विचार अंकित भएको हुन्छ ।(९) त्यही अनुरूप शब्द भण्डार, उखान, टुक्का आदिले भाषाको मर्यादा मात्र राखेका हुँदैनन् राष्ट्र र जातिकै गौरव बोकेका हुन्छन् । सिंगै मान्छे भाषाभित्र अटाएको छ । भाषाले मान्छे र मान्छेका सम्पूर्ण सिर्जना सँगेटेको छ, इतिहास बोकेको छ । यस्तो महान् शक्तिशाली भाषाको उपाधिले सिंगार्न आज हामीले हाम्रो नेपालीलाई पाएर गौरवान्वित छौं ।

नेपाली: विभिन्न नाम

नेपाली नेपालको सम्बिधानद्वारा सम्मानित राष्ट्रभाषा (१०) सम्पूर्ण जनताहरूको जनभाषा, राजाको पैतृक

७. भगवान् श्रीकृष्ण, श्री मद्भगवद्गीता अ. १६, श्लोक २४. 'तस्माच्छास्त्रं प्रमाणं ते कार्याकार्यव्यवस्थितौ ।'

८. श्री अर्जुन, श्री मद्भगवद्गीता, अ० २, श्लो० ५४
'स्थितप्रज्ञस्य का भाषा समाधिस्थस्य केशव ।
स्थितधीः किं प्रभाषेत किमासीत व्रजेत किम् ।।'

९. रत्नध्वज जोशी, 'कवि शिरोमणि लेखनाथः भाषाशैली' साझा समालोचना, साझा प्रकाशन, २०२५, पृ, २९–३०

१०. नेपाल अधिराज्यको संविधान, श्री ५ को सरकार कानून तथा संसदीय प्रबन्ध मन्त्रालयद्वारा प्रकाशित –२०१५, पृ. ४७

७०. देवनागरी लिपिमा नेपाली भाषा नेपालको 'राष्ट्रभाषा' हुनेछ ।

सम्पत्तिको रूपमा प्राप्त राजभाषा, राज्यका सबैन जनताहरूले बोल्ने र बुझने राज्यभाषा, अधिराज्यका साठी प्रतिशतभन्दा बढी जनताहरूको मातृभाषा(११), नेपालका र प्रवासका समेत सम्पूर्ण नेपालीहरूको विचार र व्यवहारको आदान-प्रदानको अत्यन्त सुगम, सहज र सरल माध्यम साझा भाषा हो । नेपाली नेपालीमात्रको आफ्नै भाषा हो– चाहे ती नेपालको भूभागमा बसून् चाहे प्रवासमा । यो नेपालको सर्वप्रिय, सर्वसुलभ, लोकप्रिय, सबैको जिम्मो (*Lingua Franca*) हो । झन्डै पचहत्तर प्रतिशत नेपालीहरूको मातृभाषा नै नेपाली छ र बाँकी पच्चीस प्रतिशत पनि दोस्रो भाषाको रूपमा वा राष्ट्रभाषाको रूपमा नेपाली बोल्दछन् वा बुझ्दछन् ।

नेपाली : यसको व्यापकता

नेपाली शिक्षा–परीक्षा, विद्यालय–विश्वविद्यालय घरकाज–राजकाज, सचिवालय–अदालत सबैतिरको सबैसंगको लेखापढीको माध्यम भाषा भएकोले नेपालका अन्य भाषा वा बोलीहरूप्रति यसको नजीकैको आत्मीय सम्बन्ध छ, प्रेम छ र सबैप्रति कृतज्ञ पनि । किनभने यसले आफ्ना बहिनी भाषाहरू सबैलाई पचाएको छ, रिझाएको छ ।

राष्ट्रिय जनगणना, २०२८ अनुसार नेपालीले क्रमशः मैथिली, भोजपुरी, तामाङ, थारू, नेवारी, अवधी, मगर आदि भाषा वा बोलीहरूलाई आफ्ना सहयोगी पाएको छ । तत् तत् भाषाका शब्दभण्डारलाई आफूभित्र पचाएको छ । यो गुन नेपाली कहिल्यै बिर्सिदैन । त्यस्तै नेपालीका शब्दहरू, शैलीहरू लिएर नेपालका अन्य भाषाहरूले पनि नेपालप्रति हार्दिक कृतज्ञता ज्ञापन गरेकै छन् । नेपालीले आफ्नो उदारतालाई फैलाएर हिन्दी, फारसी, अरबी, उर्दू, बंगाली, गुजराती, राजस्थानी, पंजाबी, आसामी, अंग्रेजी, पोर्तुगाली आदि भाषासंग पनि केही न केही शब्द लिएर आफ्नो शब्द भण्डार बढाएको छ । अर्काको कदर गर्न सक्ने खूबी नेपालीको जन्मजात विशेषता हो । यही गुणको परिणाम हुन सक्छ आज नेपाली दार्जिलिङ्ग, आसाम, बर्मा, देहरादून, कालिङपोङ, भाक्सू, भुटान, सिक्किम, तिब्बत, हङकङ्ग, सिंगापुरसम्म मात्रै फैलिएर नपुगी फिजी द्वीपसम्म पुगेको छ । त्यतिमात्र होइन जहाँ जहाँ नेपाली पुगेका छन् त्यहाँ त्यहाँ नेपाली पुगेको छ । नेपालीलाई नेपालीले कदापि बिर्सेका छैनन्, बिर्सने छैनन् पनि ।

नेपालीले विभिन्न समयमा विभिन्न विद्वानहरूबाट नामकरण गरिने सौभाग्य पायो । खसेतर वा नेवारहरूले 'खस भाषा' भने भने तराइका वासिन्दाहरूले 'पहाडी भाषा' भने । ग्रियर्सनजस्ता भाषा वैज्ञानिकले 'पूर्वी पहाडी' को संज्ञा दिए त आफूलाई सहरिया वा पर्वतदेखि भिन्न मान्नेहरूले 'पर्वते' वा 'पर्वतिया' द्वारा सम्बोधन गरे । पर्वतराज हिमालयकी छोरी पार्वतीको माइतीघरको भाषा भएकोले होला सुन्दरानन्द बाँडाले यसलाई 'पार्वती भाषा' वा 'पर्वत्या भाषा' भनेर आफ्नै प्रकारले सम्मान गरे । नील कविले आफ्नो अमुद्रित रुद्राक्ष महात्म्यको अन्त्यमा 'गौरीय भाषा' भनेर आदर गरे । आफ्नो विचार अनुसार यसका भिन्नभिन्न नामको कल्पना गरे तापनि यसले आफ्नो स्वरूप र स्वभावलाई कहिल्यै गुमाएन– आफू भएर बाँचिरह्यो ।

राष्ट्रभाषाको सर्वोच्च आसनमा आसीन हुनुभन्दा अगाडि उन्नाइसौं शताब्दीको आरम्भमा कवि शक्तिबल्लभ अर्ज्याल यसलाई 'लोक भाषा' भन्दथे । सं० १८७८ तिर छापिएको बाइबलको नेपाली संस्करणमा नेपालीलाई 'नेपाल भाषा' भनिएको छ । सं० १८८८ मा कवि विद्यापतिले यसलाई 'राजभाषा' को संज्ञाद्वारा सिंगारेका छन् ।

बडामहाराज पृथ्वीनारायण शाहले नेपालको एकीकरण अभियानमा सफलता पाइसकेपछि उनी गोरखाबाट आएकाले उनको साथमा आएको भाषा ठानी अरूहरूले यसलाई 'गोर्खे', 'गोरखाली', 'गोर्खाली' भन्न सजिलो माने । यद्यपि यो गोरखाको मात्र भाषा नभएर सम्पूर्ण नेपालकै साझा भाषा हुने अभियानमा अगाडि बढिसकेको थियो । 'गोरखापत्र' ले आजसम्म यही तर्कको पुष्टि गरिरहेकै छ ।

---

११. गोरखापत्र, २०३० श्रावण १० गते बुधबार
(२०२८ मा लिइएको जनगणनाको परिणाम)
नेपाली मातृभाषा हुनेहरू– ६०, ६०, ७५८
१, १५, ५५.१८३ मा बाँकी सबै नै दोस्रो-भाषाको रूपमा नेपाली बोल्छन्, बुझ्छन् ।

गोरखनाथको देशको भाषा भएकोले 'गोरक्ष भाषा' भनिएकोमा पनि गुनासो गर्नु छैन। संस्कृतकालाई देववाणी भन्दथे भने नेपालीलाई चाहिं केवल 'भाषा'। फारसी, अंग्रेजी आदि विदेशी भाषाको अपेक्षाले नेपाललाई 'देश भाषा' भन्नु पनि अयुक्तिसंगत होइन। कवि पण्डितले त सं० १९०१ मा यसलाई 'गोर्खाली' भनेर सम्मान गरे।

सं० १९९१ मा प्रकाशित शारदा (मासिक पत्रिका) ले 'नेपाल भाषा' भन्यो। जयपृथ्वीबहादुर सिंहले यसको स्वभावलाई राम्ररी चिनेरै होला 'प्राकृत भाषा' भनेर यसको सरलताको द्योतन गरे (१२) 'नेपाली भाषा' सर्वप्रथम जे. ए. एटनले सं. १८७७ मा आफ्नो 'नेपाली भाषाको व्याकरण' मा प्रयोग गरेको पाइन्छ। यस अधि कर्क प्याट्रिकले 'पर्वते भाषा' भनेर प्रयोग गरेका थिए।

उहिले जसजसले जुन जुन बेलामा जे जे भनेको भए तापनि आजसम्म यसले गरेको अद्वितीय सेवाको कदर गर्दै सम्पूर्ण नेपालीको मुटुले आज यसलाई 'राष्ट्र भाषा' मानेर सर्वोच्च सम्मान प्रदान गरेको छ। यसले आफ्नो जन्मकालदेखि गर्दै आएको दीर्घ, अनवच्छिन्न, निःस्वार्थ सेवा पदक हो 'राष्ट्रभाषा'।(१३)

त्यसैले होला यो सम्पूर्ण नेपालीको आँखाको नानीमा र मुटुको माझमा नबिझ्ने गरी पसेको र नदुख्ने गरी घुसेको छ। अझ स्पष्ट शब्दमा भन्ने हो भने यो अधिराज्य भरका मात्र होइन प्रवासका समेत सम्पूर्ण नेपालीहरूको मुटुमा रगत भएर संचारित भएको छ, नसा-नसामा रक्त प्रवाह बोकेर बगेको छ, फोक्सोको प्रत्येक धडकनमा स्वास प्रस्वास भएर बाँचिरहेको छ, हाड भएर जमेको, मासु भएर खाँदिएको र मस्तिष्क भएर बौद्धिक उत्कर्षणतामा पुगेको छ। त्यसैले यो आत्मा भएर सबैको स्वीकृतिभित्र अमर बनेको छ।

नेपाली के नेवार, के मगर, के गुरुङ, के राइ, के थारू सबै सबैको जिब्रोमा अटायो, सबैको मनमा मिल्यो, सबैको नानीमा अल्झियो, सबैको आत्मामा डुब्यो।(१४) अझ नेपाली भाषाको महत्ता र महिमालाई लिएर निर्धक्क भएर भन्ने हो भन्ने नेपाली भाषा विना वर्तमान महान् नेपालको जन्म नै संभव थिएन भन्नु पनि समीचीन नै ठहर्छ। किनभने नेपाली नव नेपालको एकीकरण एवं नव निर्माणकर्ता भन्दा शताब्दीयौं अगाडिको भाषा हो।(१५)

नेपाली : उत्पत्ति र विकास

नेपाली भाषाभाषी र नेपाली भाषाको उल्लेखनीय सम्मान प्राचीन कालदेखिनै हिमाली प्रदेशमा थियो। भाषाको सरलता र भाषीको सभ्यता एवं शिष्टता अनि शौर्य र पराक्रमले यो सम्मान प्राप्त गरेको हुनुपर्छ भन्न नसकिने होइन।

नेपाली प्राचीन युगको मध्यदेशीय संस्कृतबाट विकसित हुँदै आएको हो। शौरसेनी प्राकृत यसको आमा हो।(१६) अनि संस्कृतलाई बज्यै भाषा मान्नु पर्छ नेपालीले। नेपाली भाषाको पैशाची र शौरसेनी अपभ्रंशसंग पनि ज्यादा सम्बन्ध नहुनु पनि अस्वाभाविक होइन। कुनै बेला अपभ्रंश पनि धर्मको, ग्रन्थको जनताको र साहित्यको भाषा थियो। वास्तवमा नेपाली संस्कृतमूलक, वैदिककाल नै आदिम श्रोत भएको भाषा हो।(१७)

आधुनिक भारतीय कतिपय भाषाहरू र नेपाली भाषा समेत संस्कृतमूलक हुन् भन्ने कुरामा यस क्षेत्रका प्रायः सबै विद्वान्हरू एक मत छन्।(१८) नेपाली भाषामा प्रशस्त मात्रामा संस्कृतका शब्दहरू कति त सोझै र कति चाहिं

---

१२. चूडामणि उपाध्याय रेग्मी, नेपाली भाषाको उत्पत्ति, जगदम्बा प्रकाशन, २०२५ (प्रथम पटक) पृ. ४०

१३. बालकृष्ण पोखरेल, 'नेपाली भाषा र साहित्य', रत्न पुस्तक भण्डार, प्र.प्र. २०२१, काठमाडौं, पृ. १३-१५

१४. धर्मरत्न 'यमि' हाम्रो राष्ट्रियता, यमि प्रकाशन, काठमाडौं २०१८ पृ. ३७

१५. ऐ. ऐ. पृ० १७

१६. बदरीनाथ भट्टराई, 'नेपालीको आमा को ?' नेपाली भाषा, सं. महानन्द सापकोटा, प्र. रत्न पुस्तक भण्डार, दो. सं. २०२१. पृ. ४०

१७. (क) उत्तम कुँवर, स्रष्टा र साहित्य, रूपायन प्रकाशन, फसिकेव, २०२३ पृ. २०८-२०९

(ख) तारानाथ शर्मा, नेपाली साहित्यको ऐतिहासिक परिचय, सहयोगा प्रकाशन, काठमाडौं, प्र. सं. २०२९, पृ. ३-४

१८. सूर्य विक्रम ज्ञवाली, नैवेद्य:, समालोचना, जन्मभूमि वर्ष १, अङ्क २-३ (आषाढ-श्रावण) सं. १९७९

प्राकृत भाषाको बाटो भएर आएका छन् । तीनै शब्दहरू कालक्रमले नेपालीमाटो र जलवायु अनुरूप नेपाली जिब्रोमा, नेपाली मुटुमा रंगिएर नेपाली बनेका छन् । (१९)

निष्कर्षमा पुगेर के भन्न सकिन्छ भने भारोपेली भाषा अन्तरगत पर्ने भारतीय आर्य भाषाको वर्गीकरण गर्दा हामी नेपाली भाषालाई भारोपेली भाषाको वंशज र भारतेली आर्यभाषाको नातिको रूपमा पाउछौं ।

नेपालका आदिनिवासी किरात थिए । ईशापूर्व द्वितीय सहस्राब्दीमा सारा हिमालय किरातभूमि थियो । किनभने चम्बालादेखि आसामसम्म हिमाली प्रदेशमा आज-सम्म पनि किरात भाषा र बोलीहरूको अवशेष पाइन्छ । उत्तरवैदिक कालमा आएर आर्यहरू र किरातको सम्पर्क भयो । पछि किरातहरूलाई परास्त गरी वैदिक क्षत्रीयहरू राजा भए–नेपालको भूभागमा ।

कुनै बेला भारोपेली आर्यहरू ऋग्वेदीय आर्यका एकै जहान वा परिवारमा थिए । नेपालीहरू पनि ऋग्वेदीय आर्यकै सन्तान हुन् ।(२०) तर आजभोलिका नेपाली प्रायः सबै ब्राह्मणहरू शुक्ल यजुर्वेदी छन् ।

आर्य संस्कृतिको श्रोतमा, आर्य भाषाको मूलमा, आर्य विचार र परंपराको क्रममा वैदिक वाङमयलाई आधार मानेर संस्कृत–प्राकृत हुँदै नेपाली भाषा बन्यो । संस्कृत अड्यो; प्राकृत आफ्नो प्रकृत स्वभावलाई अंगालेर बह्यो, बग्यो– हिमाली झरना र हिमनदी झैं सरलता, सरसता र सुबोधतालाई बोकेर– अनि बग्दै र बहँदै जहाँ जहाँ पुग्यो त्यहींबाट नामकरण भयो–मगधमा 'मागधी', शूरसेनबाट 'शौरसेनी', महाराष्ट्रमा पुगेर 'महाराष्ट्री', त्यस्तै खशान प्रदेशमा पुगेपछि 'खश' अनि नेपालको सम्पूर्ण भू-भागको प्रतिनिधित्व गर्दै 'नेपाली' बन्यो ।(२१)

नेपाली भाषा नेपाल राष्ट्रको स्वतन्त्र सार्वभौम सत्ता-को अक्षुण्यताको चिह्न हो, नेपाली जातिको अस्तित्वको परिचायक हो । त्यसैकारण यो हाम्रो आफ्नोपनको हुँकार हो, हाम्रो राष्ट्रिय जनजीवनको झंकार हो, हामी झन्डै दुइ कोटि नेपालीको राष्ट्रियता र राष्ट्रिय एकताको आधार हो, हाम्रो देशको र जातिकै आफ्नै प्रकारको अलंकार हो । नेपाली भाषा नेपाली राष्ट्रिय बौद्धिक वैभवको प्रतिबिम्ब हो । मानव समाज र राष्ट्रिय जनजीवनलाई एकै सूत्रमा बाँध्ने मूल कारण वा साधनहरूमध्ये सर्वप्रथम धर्म हो भने त्यसको लगत्तै पछि भाषा हो । यो महान् कार्य सम्पादन नेपाली भाषाले गरिरहेको छ ।

नेपाली भाषाको आरम्भको अनुक्रममा अनुसन्धाताहरू एक मतमा पुगिसकेका त छैनन् तापनि नेपाली एक हजार वर्षभन्दा कान्छो नभएको किटेरै भन्न सकिन्छ । विक्रमको एक हजार सालतिर नेपाली भाषाको अनुहार देखापरि-सकेकोले–क्रममा सय वर्ष अगाडि यसको जन्म भएको अनु-मान गर्न सकिने भएकोले यो क्रममा पनि एघार सय वर्ष पुरानो हो । (२२)

बंगाली भाषाशास्त्री सुकुमार सेनले अपभ्रंशलाई ई० ३५० देखि ई० ६५० सम्मको समय दिएका छन् । साथै त्यसपछि देखा पर्ने अवहट्ठ (=अपभ्रष्ट = अपभ्रंश) भाषालाई ई० ६५० देखि ई० १००० सम्मको समय । त्यस्तै प्राकृत व्याकरणकार पुरुषोत्तम र हेमचन्द्रले अप-भ्रंशका उपभाषाहरूको गन्ति गराएका छन् । धर्मदासले अपभ्रंश र प्राकृतदेखि छुट्टै पैशाचिक र लौकिक भाषाको पनि नाउँ लिएका छन् । पैशाचिकको सम्बन्ध अशोककालीन उत्तर-पश्चिमा भाषासंग निकै देखिन्छ । लौकिक चाहिं ई० ११०० तिरको अवहट्ठ मिश्रित नव्य भारतीय आर्य भाषाको साहित्यिक रूप हुनुपर्दछ । धर्मदासको समयभन्दा अगाडि नै अवहट्ठका अनेकौं उपभाषाहरूबाट आजका भाषाहरूको जन्म भइसकेको थियो, किनभने सिद्धान्ततः एघारौं शताब्दी हाम्रा अचेलका आर्यभाषाहरूको थालनी काल हो । नेपाली भाषाले पनि यस शताब्दी अगाडिनै आफ्नो स्वरूप खडा गरिसकेको हुनुपर्ने कुरामा विकल्प छैन ।

कर्णाली अंचलको सिंजा खोलाले बनाएको उपत्यका मल्ल राजाहरूको मूल केन्द्र मात्रै होइन नेपाली भाषाको आदिथलो समेत बन्यो ।

---

१९. हर्षनाथ शर्मा भट्टराई, नेपाली भाषा र साहित्य, शर्मा प्रकाशन, काठमाडौं, २०२० पृ. २४

२०. यज्ञराज सत्याल, 'नेपाली साहित्यको भूमिका'–२०१७ पृ. २

२१. ऐ. ऐ. पृ. ४

२२. महानन्द सापकोटा, चानचुन, २०२२, पृ. ३

नेपाली भाषाको अनुसन्धानको अनुक्रममा आज सं० १३७८ सम्म पुग्न सकिएको छ । यसको सर्वप्राचीन नमूना कर्णाली प्रदेश (जुम्ला) का खस राजा आदित्य मल्लले गोरखा जिल्लाको ताघवाई गुम्बाका बासुगावा लामालाई अधिकार दिएको ताम्रपत्रमा कपिएको भाषामा पाइन्छ । यसमा नेपाली, संस्कृत र तिब्बती भाषा प्रयोग भएका छन् । नेपाली अंश निम्न प्रकार छ–

"राइका भाष् पसाकि अक्रि । वासुगावा लामा सापरिवारि हाम्राइ छत्रु नास हो । हामि दान् पुनि हो । हाम्रा रख्या स्वस्ति पायिथान रक्षा वां छन् । कडक् आउदा जादा गुम्बा घच् नकिय । कोही जे घच् कर त सोन तोला १०० को थारो । तास् भलो नहुं । वराम चल्या भाष् पसा भइ ।"(२३)

सं० ११५७ तिर खसहरूको बागडोर पश्चिम जुम्ला आदि क्षेत्रमा बलियो भइसकेको अनुमान गर्न प्रमाणहरू प्राप्त छन् । यस कुराको राम्रो पुष्टिको लागि खस नरेश पृथ्वी मल्लको अभिलेखलाई अगाडि सार्न सकिन्छ । अर्कातिर सं० १२८० मा खस राजा क्राचल्लले कुमाऊँमा गरेको आक्रमण र क्राचल्लका छोरा अशोक चल्लले सं० १२८७ भन्दा पहिले नै गयामा राखेको एउटा ताम्रपत्रले यस धारणालाई बल दिन्छ ।(२४)

प्राचीन खस राजाहरूले आफ्नो राष्ट्रभाषाको, राजभाषाको रूपमा नेपालीलाई स्वीकारेका थिए भन्ने कुराको पुष्टि तिनले कपाएका [पुण्य मल्लले कपाएको दैलेखको ताम्रपत्र–सं० १३९४, पृथ्वीमल्लको जुम्लाको कनकपत्र–सं० १४१३] शिलापत्र, ताम्रपत्र, कनकपत्र, दानपत्र आदि अभिलेखको आधारमा निर्णय गर्न सकिन्छ । साथै यो जनताको साझा भाषा थियो भन्ने कुराको निश्चय पनि यिनै प्रमाणबाट गर्न सकिन्छ ।

सृष्टि र स्थिति विकास हो, प्रलय विनाश हो । सृष्टिको सृष्टि कुन् विकास हो भन्न किन अपठ्यारो मान्ने ? त्यसैले भन्न सकिन्छ निर्धक्कसंग– नेपाली भाषाको वर्तमान स्वरूप, वर्तमान मान्यता, वर्तमान आवश्यकता विकासकै परिणाम हो । अनादि सृष्टिको नेपाल पनि अनादि मान्नु अत्युक्तिसंगत नहोला नै ।

फेरि नेपाली जाति पनि त अनादि नै ठहर्छ । अनादि जातिको भाषा नेपाली पनि अनादि हुनुमा आपत्ति छँदैछैन । बिना जातिको भाषा हुँदैन भन्ने कुरामा मतभेद हुन सक्ला तर 'बिना भाषाको जाति हुँदैन' भन्ने स्थापनामा कोही पनि खिचोला गर्न सक्दैन । फलानो जातिको जन्म फलानो दिन भयो भन्न पटक्कै नसकिने हुनाले जातिको आरम्भ परोक्ष किंवा अपरोक्ष रूपमा अनादि कालदेखि नै भएको मान्यता संस्थापन गर्नुमा अवैज्ञानिकताको दोषारोपन आउने डर छैन । जाति त विकासको अभिष्ट एवं मान्तरियक (अवश्यम्भावी) परिणाम हो । विकासको आदि नहुने भएकोले विकाससंगै गासिएको जातिको र जातिकै अभिन्न अंग स्वरूप भाषाको पनि अनादित्व सिद्ध भयो । अनि त सजिलैसंग भन्न सकियो– नेपाली जाति र भाषाको आदि यही हो भन्न कदापि सकिदैन । (२५)

अनादि नेपाली अनन्तमा अगाडि बढिरहेको छ–यसैमा हामी कोटियौं नेपाली बाँचिसक्यौं, बाँच्दैछौं र बाँचिरहने छौं। नेपाली भाषाकै माध्यमले, नेपाली जातित्वको गौरवले नेपाल अब विश्वको माझमा परिचित भइरहेछ, व्यापक बनिरहेछ ।

खसको बारेमा : केही खसखस

धेरैले खसको बारेमा आफ्नो मन्तव्य पोखेतापनि आफ्नो खसखस नमेटिएकोले यसतिर केही प्रयास गरिएको हो । यही नै अन्तिम हो भनी दाबी गर्न चाहिं सकिदैन ।

सबैले पूजिएका अथवा आफूले पूजनीय मानिएका आर्य, असम्मानित अनार्य । वेद मान्ने वैदिक नमान्ने अवैदिक अब आयो खस को हुन् ? खास-खास र खुसखुस गर्नुभन्दा हाक्का-हाक्की भन्नुमा तथ्यको नजीक चाँडै पुग्न सकिन्छ । यी वैदिक हुन् तर अनार्य हुन सक्छन् । यी सभ्य थिएनन् होला

२३. मोहन प्रसाद खनालद्वारा प्राप्त (प्रथम प्रकाशन—'समीक्षा'—२०२९ साउन ९ गते)

२४. बालकृष्ण पोखरेल, नेपाली भाषा र साहित्य, रत्न-पुस्तक भडार, काठमाडौं, प्र. प्र. २०२१, पृ. ५०

२५. नेपाली भाषा पाठ्यक्रम उपसमिति, नेपाली भाषाको पाठ्यक्रम, २०२८, पृ. ४

तर बलिया, शूरा, लडाका, सभ्यताका प्रसंशक र सभ्यता, संस्कृतिका श्रष्टा चाहि पक्कै थिए ।

बाहिरबाट आएका भाते चाहि हुँदैहैनन् । भगुवा, भतुवा, भाते, गाँसे र शरणार्थी यो होइनन् ।(२६) थरको आरम्भ थलोबाट भएकोले हामी स्थानीयै हौं भन्नु अयुक्तिसंगत होइन । अतः हाम्रो आदि थलो हिमाल हुनुमा र हामी नेपाली हिमाली हुनुमा के आपत ?

अब आउँछ कुरो को रैथाने ? को पाहुना ? कुनै बेला सबै पाहुना, आजभोलि सबै घरपट्टि, सबै रैथाने ।

प्राचिन खस–

महाभारतमा चर्चित खसहरू युधिष्ठिरको राजसूय यज्ञको अनुक्रममा उपहार चढाउन आउनेहरू दरद, कुलिन्द, आदि मध्ये एक थिए । त्यस्तै श्री मद्भागवतमा पनि कृष्ण धर्म (भागवत धर्म) लिएर मुक्त हुने जातिहरूको सिलसिलामा खसको पनि उल्लेख छ । हरिवंश पुराणमा राजा सगरले जितेका जातिहरू मध्ये खस र तुखारको चर्चा छ । साथै कृष्ण मथुरामा भएको बेला यवन जातिले आक्रमण गर्दा फौजमा शक, तुखार, दरद, पारद, रङ्गन, खश, पाहलभर म्लेच्छहरू थिए । मार्कण्डेय पुराणमा खसहरूलाई पहाडी जाति भनिएको छ ।

मनुस्मृति अनुसार क्षत्रीयबाट खसेका खस बने । आजभोलि पनि क्षत्रीयलाई नै खस भनिन्छ । तर काठमाडौं उपत्यकाका नेवारहरू क्षत्री, ब्राह्मण आदिलाई नै खस (खय्) भन्दछन् ।

भरतले आफ्नो नाटचशास्त्रमा खसको चर्चा गरे । त्यस्तै बराहमीहिरले खसको थलोको क्रममा उत्तर, उत्तरपूर्व मान्दै धेरै ठाउँमा फैलिएको बताए । कल्हणले (बाह्रौं शताब्दी) आफ्नो राजतरङ्गिणीमा त धेरै ठाउँमा खसको उल्लेख गरे ।

कुनै बेला मध्य एशियामा खसहरूकै बोलबाला थियो । काश्मीर, कशगर, खाँसी, खशिया आदि स्थान र नामहरूको, खस जातिसँग घनिष्ठ सम्बन्ध भएकै हुनुपर्छ । सधादलक्षीय खसहरूको व्यापकता नेपाल भित्रमात्रै होइन काश्मीर, कुमाउँ, आसाम आदि हिमाली प्रान्तमा प्रचुर मात्रामा फैलियो ।

वि. सं. ८५० तिर खसहरू गढवाल, कुमाऊँ र पश्चिमी नेपालसम्म फैलिसकेको अनुमान छ । गढवाल र कुमाऊँमा आफ्नो प्रभाव कायम गर्न नसकेपछि यी खसहरू वर्तमान पश्चिमी नेपालको भूभागतिर सर्दै आए हुन् । सं० ११५० सम्ममा खसहरूको राइँ दाइँ यहा राम्रैसित हुन गयो ।

खस जातिको मुख्य आवादी कर्णाली प्रदेश थियो । ती शौरसेनी प्राकृत भाषा बोल्ने गर्थे, तर त्यसमा पुराना भाषाको असर पनि छँदै थियो । यसरी उनीहरूका माझ खस अपभ्रंश भाषा बन्यो ।(२७)

जुम्लाका राजा सुदर्शन शाहले ताम्रपत्रमा आफ्नो राज्यलाई खसान र जडानमा विभक्त गरेका छन् । नेपालको प्राचीनतम वंशावलीले खसिया राजा जितारिमल्ल, रिपु मल्ल र आदित्य मल्ल काठमाडौं आएको बताउँछ । यस तथ्यलाई योगी नरहरिनाथ र प्रो० टुचीले पुष्टि गरेका छन् । पृथ्वी मल्लको कोटि स्तम्भमा त खसिया राजाहरूको नामावली नै पाइन्छ ।(२८)

योगी नरहरिनाथ र केशरबहादुर के. सी. शक∠कस ∠खस भएको भनी शक नै आज खस बनेका हुन् भन्दछन् । चाहेजुनसुकै नामद्वारा खसको प्रसिद्धि समस्त हिमाली प्रदेशमा र हिमाली उपत्यकाहरूमा फैलिएको होस् यी विजेताको रूपमा, योद्धा र लडाकाको नातोले यस भूखण्डमा प्रवेश गरेका थिए तापनि यिनले स्थानीय परम्परा, रीति, संस्कृति माने; भाषाका केही शब्दहरू स्वीकारे; आफूलाई त्यही माटो अनुरूप भिजाए, रसाए अनि एकै बनेर आत्मीय भएर बसे । अन्ततोगत्वा आफ्नै प्रभावमा त्यहाँको स्थानीय

२६. योगी नरहरिनाथ, 'भूमिका', कर्णवीरको परिचय, पृ ३, कर्णवीर महामण्डल काडमाडौं, २०१४

२७. कृष्णप्रसाद पराजुली, राम्रो रचना मीठो नेपाली, प्र. सहयोगी प्रकाशन, काठमाडौं, प्र. सं. २०२३, पृ. ९७–९८

२८. चूडामणि उपाध्याय रेग्मी, नेपाली भाषाको उत्पत्ति, जगदम्बा प्रकाशन, २०२५ (प्र. पटक) पृ. २११

वातावरणलाई नै अनुकूल बनाए । अब ती आगान्तुक बनेनन् रैथाने बने । रैथानेको भन्दा दायित्व र कर्त्तव्यबोध तिनमा जाग्यो; राष्ट्रियता र राष्ट्रिय एकताको, राष्ट्रिय संस्कृति र परंपराको संरक्षण एवं सम्बर्द्धनको लागि यिनले असाधारण भूमिका खेले ।

पश्चिमी नेपालको ठूलो भूभाग, भारतको उत्तर-पश्चिमीखण्ड र तिब्बतको केही प्रान्त समेतमा खसहरूको विशाल साम्राज्य खडा भइसकेको थियो । यिनीहरूले आफ्नो बुद्धिबल र राजनैतिक चातुर्यले गर्दा तत् तत् स्थानमा राम्रो प्रभाव पारेका थिए । नेपालको कर्णाली नदीले सिंचित विशाल फाँट र हिमाली भेकमा यिनले आफ्नो राजनैतिक केन्द्र बनाए । कर्णाली सांस्कृतिक इतिहासका अनुसन्धाता सत्यमोहन जोशीज्यूको भनाइ अनुसार खसहरूले 'खसान' प्रदेश बनाए भने मानसरोवरका आसपासमा बस्ने जाड जाति (भोटे) ले 'जडान' । (२९)

हिमवत्खण्डमा किरात, मगरात, खशान र जडान आदि प्रदेशको चर्चा छ । मुख्य गरेर त्रिशूलीपूर्व किरात प्रदेश, त्रिशूलीदेखि कृष्णगण्डकीसम्म मगरात प्रदेश, कृष्णगण्डकीदेखि पश्चिम खशान प्रदेश तथा हिमालचूली उत्तर जडान प्रदेश मानिएका छन् ।(३०)

खसहरूलाई सामान्यतः दुइ भागमा विभाजन गरी पहिला प्रागैतिहासिक र दोस्रा ऐतिहासिक मानेको पनि पाइन्छ । पहिला अवैदिक थिए भने पछिल्ला चाहिं वैदिक आर्य, शिष्ट र सभ्य थिए ।(३१)

अब निष्कर्षमा पुगेर भन्न सकियो– खस खसेका, गिरेका हुँदै होइनन्; कुनै समय (ऋन्डै विक्रमाब्द दशौं शताब्दीतिर) यी हिमाली खण्डका प्रशिद्ध प्रशासक, सभ्य नागरिक, बलिया योद्धा, आर्य सनातन धर्मानुयायी थिए । आजसम्म पनि हामी यही खस भाषाको वर्तमान रूप नेपालीलाई मातृभाषाको रूपमा, राष्ट्रभाषाको रूपमा प्रेम र श्रद्धाले मान्दैछौं, मानिरहने छौं । इतिहासले खसलाई कहिल्यै खसालेको र बिटुल्याएको छैन । त्यसैले आफ्नो इतिहासमा हामीलाई गर्व छ– हामी कुनै बेला खस थियौं, हाम्रो भाषा खसबाटै आएको हो । अन्त्यमा प्रसिद्ध भाषाशास्त्री र (व्युत्पत्तिशास्त्री) महानन्दका वाणीहरूलाई उद्धरण गरी आफ्नो खसविषयक खसखस यहीं टुंग्याउछुँ–

"हामीले आफ्ना खशको चिनारी नखोजी संस्कृतले हियाएर लेखेका भरभा खशलाई पनि तुच्छ ठानिउँ, अथवा बाहुनबाट खसेको जात खश हो भनेर किम्वा अरबी खासको खश भएको ठहराएर आफ्ना इतिहासका झरिला भागमा कालो पर्दा लाउनु नै विद्वत्ता र बुद्धिमत्ता ठहरायौं । आफ्ना पुर्खाको निन्दा गर्नेको उन्नति कसरी होला ? पुर्खाबाट प्रेरणा लिनु पर्नेमा पुर्खालाई पूर-पार पार्नु पो कर्त्तव्य ठानिएछ ।"(३२)

नेपाली साहित्यको विकासको परिप्रेक्ष्यमा शाह राजाहरू

पूर्व पीठिका–

राष्ट्रको स्वरूप, जातित्वको विकास, व्यक्तिको प्रतिभा, धर्म, संस्कृति, दर्शन र परंपराको पूर्व पीठिका र वर्तमान रूप, राष्ट्रियता र राष्ट्रिय एकता अनि जनजीवनको वास्तविक अनुहार देर्नको लागि त्यस देशको, त्यस जातिको, त्यस भाषाको साहित्यको अध्ययन एवं अनुसन्धान नितान्त आवश्यक छ ।

राष्ट्रको इतिहास हुन्छ, त्यस्तै जातिको, भाषा र साहित्यको । वर्तमान जतिसुकै उज्ज्वल भएपनि यो एक्कासि यसैयसै भएको हैन–यसको लामो इतिहास छ । आज आजमा आइपुग्न धेरैधेरै हिजोका हिउँदका चिसाहरू र बर्खाका बेग र बाफिला दिनहरू कटाएको छ । त्यस्तै हाम्रो जनजीवनसंग भिजेको आफ्नै साहित्यको एउटा लामो इतिहास छ ।

मानव मात्रको भाव भण्डारको अभिव्यक्तिको एक

२९. बासु रिमाल 'यात्री', 'नेपाली साहित्य', विश्व साहित्यको रूपरेखा, ने. रा. प्र. प्र. २०३० पृ. ३५६

३०. योगी नरहरिनाथ, हिमवत्संस्कृति (त्रैमासिकी पत्रिका) वर्ष १ अङ्क २, २०१६, काठमाडौं, पृ. ९

३१. बालकृष्ण पोखरेल, नेपाली भाषा र साहित्य, रत्न पुस्तक भंडार, दो. प. २०२५, पृ. ३१

३२. महानन्द, खश र खश भाषा, प्र. आफैं, बिराटनगर पैलो बाजी २०२०, पृ. २३

मात्र स्वाभाविक, व्यावहारिक, सफल एवं वैज्ञानिक माध्यम भाषा भएकोले भाषा एवं साहित्यको विकासनै जातिको र राष्ट्रकै विकास हो । वाणी मुखरित हुन नपाए व्यक्ति र समाजकै बौद्धिक जागरणमा खडेरी पर्छ । अतः बौद्धिक उत्कर्षताको मापदण्ड वाङ्मयको विकास र विस्तार हो ।

बाहिरी भू-भागको संरक्षण, सम्बद्धन र सुनियोजित व्यवस्थापनले जनताको बस्ने र बाँच्ने पद्धतिलाई सुरक्षा गर्दछ भने स्वस्थ चिन्तनधाराको नियमित प्रवाहले ओत-प्रोत मानसिक, बौद्धिक र दार्शनिक अभिव्यक्तिले आन्तर-भावनाको उत्कर्षताको प्रतिनिधित्व गर्दछ । त्यसैले सृष्टिको सर्वोच्च उपलब्धि मानव सर्वांशमा बुद्धिजीवी प्राणी भए-कोले भौतिक दृष्टिले मात्र होइन आन्तरिक रूपबाट पनि सुखी हुन खोज्छ । स्वान्त सुखाय होस् वा कीर्तिको संस्था-पन गरेर होस् अमर हुन खोज्ने मान्छे लेखेर आफ्नो उद्दश्य साकार भएको देख्छ ।(३३) बोलेको त ब्रह्माण्डमा कहीं होला वा कसैले सुने होलान् तर लेखेर गएको त आज-सम्म छ, भोलिसम्म अनि सधैंसम्म रहिरहने छ ।

पूर्व अभिलेख काल–

नैदिक कालमा लेखन परम्परा थिएन । यसमा किन-को जवाफ सजिलैसँग दिन सकिन्छ–आवश्यकता नहुनु । त्यति बेला बोल्नु र सुन्नु नै मनग्गे थियो । लेख्नु र पढ्नु त पछि पलाएको मात्र हो । श्रवण, मनन, निदिध्यासनमा नै सारा टुंगिन्थ्यो । गुरुले भन्ने शिष्य सुन्ने, फेरि शिष्य प्रशिष्य हुँदै ज्ञानको संप्रसारण हुने भएकोले लेख्नु, लेखेको पढ्नुको दरकारै परेन । अनि त वेदलाई श्रुति भनियो ।

यद्यपि लेख्ने कलाको विकास धेरै पछि भएको हो तापनि आजभन्दा हजारौं वर्ष पहिलेदेखि मान्छेले लेख्न जानिसकेको छ, लेख्न थालिसकेको छ । वेदव्यासले भन्दै जाने गणेश लेख्दै जाने गरी सम्पूर्ण पुराण आदि लेखिएको पौराणिक कथा प्रसिद्ध छ । समय र कालक्रम अनुसार लिपि, लेखन पद्धति र लेखिने पात्र भिन्दाभिन्दै भए ।

अभिलेख काल–

शिलापत्र, भुर्जपत्र, ताडपत्र, चर्मपत्र, ताम्रपत्र, रजत-पत्र, कनकपत्र आदिमा लेखिसकेपछि मानिस सजिलाको लागि कागतमा लेख्न थाल्छ । फेरि कागतमा लेख्ने व्यापक प्रचार भइसकेपछि पनि सुरक्षा र चिरन्तनको लागि धातुमा र ढुंगामा लेखिंदैछ ।

यसरी लेखन परम्पराको राम्रो विकास भइसकेपछि नेपालीको भू-भागमा, भावभूमिमा, जनमानसमा, राजकाज-मा, राजकीय अनुदानमा लेखन पद्धतिको विकास हुन्छ । बोलीको मूल्य घट्दै गएपछि लेख्नु आवश्यक हुन्छ कित, कित सम्झनाको लागि, सुरक्षाको लागि अथवा सजिलाको लागि लेखिन्छ । अर्को उल्लेख गर्न लायक कुरो के पनि हो भने–

'बुढा मरे भाखा सरे' (३४)

भन्ने आहान सार्थक सिद्ध भएकोले संप्रसारणको, प्रकाशन-को लागि पनि लेख्नु आवश्यक बन्न भयो । कुनै बेला बोल्नु मात्र भाव प्रसारणको एक मात्र माध्यम थियो भने आज लेख्नु पनि त्यत्तिनै महत्त्वपूर्ण बनिसकेको छ । अरु कति कुरा त बोलेर पनि पुग्दैन, लेख्नै पर्छ; कति त लेखेर हुँदैन, बोल्नै पर्छ । फरि कति त कस्ता कुराहरू पनि छन्– जो न बोलिन्छ, नत लेखिन्छ नै–केवल अनुभव हुन्छ अनि अभिव्यक्त हुन्छ आँसुबाट वा हाँसोबाट ।(३५)

सकेसम्म कम बोलेर हुन्छ भने किन धेरै ? कमभन्दा कम लेखेर काम चले किन धेरै । हामी बढी लेखौटे र कुरौटे बन्दै गएका छौं– विकास र सभ्यता अनि शिक्षितको परि-चायक यही रे । हाम्रा प्राचीन ऋषिहरू कम बोल्दथे–सूत्र-रूपमा (ब्रह्म-सूत्र, भक्तिसूत्र आदि) कम लेख्दथे–सूत्र लिपिनै थियो ।

कर्णाली अंचलको सेञ्जाबाट नेपाली भाषाको विक-सित रूप देखापर्न थाले तापनि अर्थात् सेञ्जाधिराजहरू (आदित्य मल्ल, पुण्यमल्ल, पृथ्वीमल्ल, अभय मल्ल आदि)-को छत्रछायामा यसले मौलाउने, फक्रने पवित्र मौका पाएको हो तापनि यसलाई मलजल गरी हुर्काउने, यसको सेवा सुश्रुषा गरी जनताको बीचमा प्रचार गर्ने काममा काठमा-

३३. आदिकवि भानुभक्त आचार्य,
'तेस् घाँसिले कसरि आज दियेछ अर्तो
धिक्कार हो मकन बस्तु न राखि कीर्ति ।'

३४. बडामहाराजा पृथ्वीनारायण शाह, 'दिव्योपदेश'

३५. महाकवि देवकोटा, भिखारी (कविता संग्रह)
'संझन्छु बोलीबीच छाती अटाउँदैन ।

डौंको मल्ल राजाहरू (लक्ष्मीनृसिंह मल्ल–मखन शिलालेख सं० १६९८) प्रतापमल्ल–रानीपोखरी शिलालेख–सं० (१७२७) ले अद्वितीय योगदान दिएका छन् । त्यतिमात्र होइन भक्तपुरका राजा भूपतीन्द्र मल्लको सं० १७७१ को ताम्रपत्र, अनन्तलिंगेश्वरको शिलालेख (सं० १७६९) आदि-बाट नेपाली भाषाको व्यापकता, लोकप्रियता र तत्कालीन मल्ल राजाहरूले नेपालीभाषा प्रति देखाएको कदर र अनुराग छर्लङ्ग हुन्छ ।

सत्रौं शदीको आरम्भदेखिनै नेपाली भाषा उपत्यकामा राम्रो प्रचलनमा आइसकेको थाहा हुन्छ । यसरी पश्चिमबाट फैलँदै फैलँदै नेपालीले आफ्नो भावभूमिलाई व्यापक बनाउन सफल बन्यो । जसरी नेपाली भाषा विकसित बन्दै गयो उसरी नै नेपाली साहित्यपनि जन मानसमा भिज्दै जान थाल्यो । वास्तवमा भाषानै साहित्य हो साहित्यनै भाषा हो ।

भाषामा चाहे जुनसुकै किसिमबाट व्यक्तिएको भए तापनि भावनालाई साहित्य संज्ञा दिनु युगको आकांक्षा अनुरूप हुने भएकोले भाषा नै साहित्य हो भन्नु तर्करहित सिद्धान्त होइन । आज साहित्य ज्यादा व्यापक बनिसकेको छ । वास्तवमा आर्थिक साहित्य, राजनैतिक साहित्य, भौगोलिक साहित्य, ऐतिहासिक साहित्य, सैनिक साहित्य, कृषि साहित्य आदि सबै नै साहित्य हुन् । 'सहितस्य भावः साहित्यम्' –यो परिभाषा यसैगरी सबैतिर लागू हुन्छ । दर्शन पनि साहित्य हो अनि विज्ञान पनि त साहित्य नै होनि । त्यसैले कसैले दानपत्र दिन्छ उदार हृदयले र कागतमा लेखिदिन्छ आफ्ना भावनालाई भने के त्यसले साहित्य हुन नपाउने कुनै अपराध गरेको छ र ? अतः त्यसलाई साहित्य मान्नुमा आपत्ति देखिदैन ।

उदारतालाई काखी च्यापी व्यापकतामा विचरण गर्ने हो भने हाम्रा तामपत्र, शिलापत्र, कनकपत्र, रजतपत्र, कागजपत्र सबका सब अर्थात् सबै प्रकारका लिखतलाई सजिलैसंग साहित्यको विशालताभित्र समावेश गर्नु अयुक्तिसंगत ठहर्दैन । एउटा यन्त्र यसरी संचालन गर्ने भनी लेखिएको निर्देशन पनि साहित्य नै हो । अंग्रेजी शब्द '*Literature*' जसरी आज व्यापक अर्थमा प्रयुक्त छ त्यसरी नै नेपालीमा साहित्य शब्दको प्रयोगलाई लिंदा हामी आफ्नो साहित्यिक निधिलाई बढी व्यापक र विशाल फाँटमा फैलिएको, झाङ्गिएको– हराभरा र उर्वरा भएको पाउँछौं । धनी हुन खोज्नेले हीरै हीरा मात्र जम्मा गर्ने कल्पना गर्नु मूर्खता हो– नोट, मोहर, सुका, घर, जग्गा, ढुंगा, माटो, काठ, पराल समेतलाई धनभित्र समावेश गर्न सक्नुपर्छ । त्यस्तै हामीले कविता मात्र साहित्य, उपन्यास मात्र साहित्य भन्न थाल्यौं भने हाम्रो साहित्य कहिल्यै व्यापक र विशाल बन्न सक्दैन । हैन कल्पना नै, भावना नै, पाण्डित्य नै, रस नै, छन्द नै, अलंकार नै, लय नै, ध्वनि नै, वक्रोक्ति आदि आदि नै साहित्य मान्ने हो भने आजसम्म हामीले साहित्य मानिरहेका कतिपय कृतिलाई साहित्यबाट निष्काशन गर्नुपर्ने अवस्था आउँछ । अर्को कुरो– स्वाभाविक, नैसर्गिक, प्राकृतिक उद्बोधन चाहे जस्तोसुकै शैली र भाषामा व्यक्त भएको होस् त्यो साहित्य बन्दछ । बरु कृत्रिमताभित्र शायद साहित्य आउन नसक्ला । अझ स्पष्ट शब्दमा भन्ने हो भने स्वाभाविकता मात्र साहित्य हो भन्नुमा बढी न्याय हुन जान्छ । यही परिप्रेक्ष्यमा नेपाली वाङ्मयलाई नै साहित्यको उपाधि शायद उपाधिकै लागि नमानेर वास्तविक मान्नु बुद्धिमानी हो ।

राज दृष्टि

विश्वका प्रायः सबै नै भाषाको भण्डार भरिएको छ, साहित्यको विकास भएको, शिक्षाको समुन्नति देखिएको छ अथवा बौद्धिक प्रतिभाहरूको अभिवृद्धि सम्पन्न छ– तत्कालीन शासक, अनुशासक र प्रशासकहरूको आशीर्वादमा, योगदानमा, शुभदृष्टिमा, संरक्षण, सम्बर्द्धन र प्रोत्साहनमा । नेपाली भाषा-साहित्यले आजसम्म जे-जति प्रगति गरेको छ त्यो एकांशमा होस् वा सर्वांशमा राष्ट्रकै वरदान मान्नु दुराग्रह होइन । किनभने व्यक्तिभन्दा राष्ट्र कताकता ठूलो हो । बरु जति हुनुपर्ने थियो त्यति भएन भने त्यो चाहि व्यक्तिविशेषको दुराग्रह, मूढाग्रह र कुदृष्टिको परिणाम हो ।

सबैका अनुभवमा, व्यवहारमा र इतिहासमैं स्पष्ट देखिएको यही तथ्य अनुरूप नेपाली भाषा-साहित्यको संरक्षण र सम्बर्द्धनमा अनि अन्तरराष्ट्रिय ख्याति साथै राष्ट्रिय मर्यादा बढाउने काममा तत्कालीन राजाहरूको र राज्य प्रशासनको विशेष सुदृष्टि रहेको कुरो प्रष्टै छ । अझ नेपाली भाषा-साहित्यको विशेष विकास हुन्छ शाह राजा-

हरूको विशेष सुरुचिपूर्ण सहयोग र सद्भावनामा ।

साहित्य निर्माताहरू यद्यपि द्रष्टा हुन्, श्रष्टा हुन्–

'कविर्मनीषि परिभू स्वयंभू'

सृष्टिको लागि श्रष्टा भए पुग्छ, त्यसको लागि अरू कुनै कुराको अपेक्षा छैन तापनि प्रकाश गराई व्यापकरूपमा प्रचार र प्रसार गराउने, अथवा सिर्जना र प्रतिभाको कदर गरी पुरष्कार आदिद्वारा प्रोत्साहन दिने आदि काम चाहिं प्रत्यक्ष रूपमा होस् वा परोक्षरूपमा होस् राजाकै हो अथवा राज्य प्रशासनको हो । यसैले राजदरवारमा नै कतिपय लेखक, कवि, विद्वान्, पंडित, दार्शनिक, वैज्ञानिकहरू पालिने वा राजाबाट हेरविचार गरिने कुरा इतिहासले बताउँछ ।

राष्ट्रको सर्वतोमुखी विकासको लागि भौतिकले मात्र नपुगी आध्यात्मिक, बौद्धिक जागरण अपेक्षित छ । अतः विद्वान्हरू, लेखकहरू राष्ट्रकै गहना हुन्, गौरव हुन् । बाटो, पुल, भवन, अस्पताल, खेतीपाती, सैनिक-संगठन आदिको विकासबाट मात्र राष्ट्र विकसित मानिदैन; बौद्धिक प्रतिभाहरू, साहित्यिक श्रष्टाहरू, दार्शनिक चिन्तक र विचारकहरू एकातिर र साहित्यको भण्डार, वैज्ञानिक चमत्कार, अनुसन्धानात्मक कृतिहरू, मौलिक सिर्जनाहरू अर्कोतिर प्रशस्त प्रकाशित भएका र व्यापक प्रचारमा आएका छन् भने त्यस देशको सबलता, विकसितता, स्वतन्त्रता, सार्वभौमसत्ता सम्पन्नता देखिन्छ । अन्यथा राजनैतिक दृष्टिले स्वतन्त्र भए पनि बौद्धिक वा साहित्यिक, दार्शनिक वा धार्मिक, भाषिक वा आर्थिक दास बन्नु पऱ्यो वा अर्काको अनुसरण-अनुकरण गर्नु पऱ्यो नभए अर्काको मुख ताकेर बाँच्नु पऱ्यो भने राष्ट्रको विकास भएको, सम्मान भएको मान्न सकिएला ?

लिच्छवीकालका मानदेव र अंशुवर्मा जस्ता राजाहरू, मल्लकालीन प्रतापमल्ल जस्ता कवीन्द्र राजाहरू, पश्चिमका वर्मा र मल्लहरूमा पृथ्वीमल्ल जस्ता राजाहरूले नेपाली भाषा-साहित्यलाई विकासमा लम्काउने यशका पात्र भए, साथै आधुनिक युगमा ल्याउनको लागि शाह राजाहरूको असाधारण भूमिका रहेको कुरा पनि निर्विवाद सिद्ध छ ।

युग विभाजन

शाह राजाहरूमा बडामहाराजा पृथ्वीनारायण शाह-भन्दा अगाडिका भाषा-साहित्यको विकासमा सोऊँ सहयोग गरेको नदेखिए तापनि नेपाली भाषालाई राष्ट्रभाषा मानी यसैको प्रचार प्रसार मनग्गे गरेकै थिए । त्यसैको परिणाम पछि यसले मौलाउने मौका पायो ।

शाहकालीन नेपाली साहित्यलाई मोटा-मोटी तीन युगमा विभाजन गर्न सकिन्छ–

१. पृथ्वी युग
शाह राजाहरूको उदयदेखि गीर्वाणको आरम्भसम्म

२. गीर्वाण युग
गीर्वाणको आरम्भदेखि पृथ्वी वीर विक्रमसम्म

३. त्रिभुवन युग
त्रिभुवनदेखि आजसम्म

पृथ्वी युग

१. अध्ययनको लागि सजिलो होस् भन्ने हेतुले एवं शाह राजाहरूको योगदानको आधारमा नेपाली साहित्यको विकास रेखा कोरी विभाजन गरिएको पृथ्वी युगभित्र धेरै समय, धेरै राजाहरू परेता पनि कम साहित्यकारहरू पर्छन् । तर पनि नेपाली साहित्यको विकासतिर लम्केको युग यही नै हो । द्रव्यशाह, रामशाह, नरभूपाल शाह जस्ता इतिहास प्रसिद्ध, समाजसुधारक महान् राजाहरूको कार्यकालले नेपालको इतिहासको उज्ज्वल भविष्यको संकेत मात्रै गरेन जाज्वल्यमान वर्तमानको पनि सफल परिचय छोडेर गएको छ ।

नेपाली वाङ्मयले पखेटा हालेर नेपालका डाँडाकाँडा, पाखापखेरा, हिमाल मैदान, देशविदेशसम्म फैलन थालेको चाहिं यही युगमा हो भनेर किटेरै भन्न सकिन्छ । त्यसबेलाको साहित्य सिर्जना आजको भन्दा महान् उपलब्धि हो । स्वाभाविक उद्बोधन राम्ररी प्रष्टिएको छ । 'कस्तो लेखियो भन्नुभन्दा पनि कति लेखियो ? कै के लेखियो ?' लाई

हेर्नु पर्छ । 'यस्तो'– को परिभाषा आजै त बनिसकेको छैन भने (सर्वमान्य मान्यता बनिसकेको छैन भने) 'के' र 'कति' नै त्यतिबेला मनग्गे थियो । यसकारण भाषाको मर्यादा हुनु, व्यवहारमा प्रयोग हुनु, भण्डार भरिनु, वाङ्मयमा चयन हुनु सर्वोच्च प्राप्ति मान्न हिच्किचाउनु पर्दैन । 'के के' र 'कति' लेखिए–मा नै त्यस वाङ्मयको विकास रेखा कोर्न सकिन्छ । आजभोलिको यत्रो प्रकाशनको, बौद्धिक जागरण-को युगमा त मूल्यांकनको आधार संख्यानै छ भने हिजोको कुरा गर्दा के भन्ने ? गुणात्मक वृद्धि त एउटा आदर्श हो, भनाइ हो–हामीलाई त पहिले प्रशस्त मात्रामा संख्यात्मक वृद्धि चाहिएको छ । संख्या नै नभए कहाँ गुण खोज्न जाने ? संख्या भित्र कति गुण छन् भनी खोज्नु दोस्रो कुरो । हामीलाई त एउटै मात्र चन्द्रमा भएर पुग्दैन धेरै धेरै असंख्य ताराहरू चाहिन्छ, एउटै सगरमाथा भएर पुग्दैन थुप्रै चुचुराहरूको हिमालय चाहिन्छ, कोशी, गण्डकी र कर्णाली मात्र भएर हुँदैन वागमती, विष्णुमती अनि टुकुचा पनि चाहिन्छ । जंगलमा अरू भारेभुरे जनावरै नभए सिंह-को के महिमा ? अरू कविहरूनै नभएको भए लेखनाथ कसरी कविशिरोमणि ?

हामी नेपालीहरूको लागि, हाम्रो देश नेपालको लागि वाङ्मयको यथेच्छ विकास हुनु परेको छ । त्यसकारण हामीले यो साहित्य हो, यो होइन भनी लिखा-टिपाइ गर्न पट्टि लाग्यौं र अर्काको अन्धानुकरण र अर्काकै परिभाषा-लाई स्वीकार गरी आफ्नोलाई जाँच्न लाग्यौं भने एउटै पनि गतिलो साहित्यकार अनि एउटै पनि गतिलो सर्वांग-पूर्ण साहित्य पाउन गाहारो पर्ला ? यसर्थ लेखियो कि साहित्य हो, त्यतिमात्र होइन लोकगीत, उखान, आह्वान जस्ता कुरा त बोलिए मात्रै पनि गाइए भने पनि साहित्य । अनि कतिसम्म भने चिठी, भर्पाई, रसिद, तमसुक पनि साहित्य हो । बालन, असारे, सोरठी, भजन आदि सब साहित्य । अन्तरवार्ता एउटा साहित्य हो भने गफ (कुरा-कानी) पनि अलिखित साहित्य हो ।

साहित्यलाई व्यापक, विशाल र उदार बनाए पछि नेपालीले आफ्नोमा, आफूमा हीनताबोधले वा लघुताभास-ले (*Inferiority Complex*) पीडित हुनु पर्दैन । त्यसैले हामी गर्वसंग भन्न सक्छौं– हाम्रो कुनै साहित्यिक कालमा पनि अकाल र अनिकाल परेन । बरु खोजी गर्नु चाहिं असाध्य परेको छ । प्रतीक्षा र प्रयत्न गरौं युग कति अनुकूल हुँदै जाने छ ।

पृथ्वीनारायण अत्यन्त महत्त्वाकांक्षी, दूरदर्शी, स्वाभि-मानी र राष्ट्रभक्त राजा भएकाले उनले राजदरबारमा पण्डित, विद्वान्, लेखक, कविहरूलाई पालेका थिए किंवा तिनको उचित कदर गरेका थिए । आफैं साहित्यकार भए-काले पनि पृथ्वीको युग नै साहित्यिक युग थियो । वीर-जाति नेपालीले आफ्नो वीरता, पुरुषार्थ, रणकौशल देखाएर रमाइलो, फूर्तिलो र जोशिलो पृष्ठभूमि र वातावरण तयार गरेर नेपालीको राष्ट्रप्रेम जगाइरहेको बेला नेपाली साहि-त्यकार-लेखकहरूले आफ्नो भावना गद्यमा पोखे, कवितामा व्यक्त गरे ।

यस युगका उल्लेखनीय उपलब्धिहरू

मल्ल राजाहरूका विभिन्न अभिलेखहरूदेखि बाहेक

(क) 'राम शाहको जीवनी'– लेखक अज्ञात

समय–सं० १६८०–१६९० भित्र

(सम्भवत रामशाहकै जीवन काल)

यस युगकै महान् उपलब्धिस्वरूप 'राम शाहको जीवनी' सामान्य जीवनी मात्र नभएर बौद्धिक प्रतिभा एवं भाषात्मक अधिकार, शैलीगत उत्कर्षताको नमूना भएको छ । लेखक अज्ञात भए तापनि यिनको देन असाधारण छ । नेपाली साहित्यको आरम्भ गद्यबाट भएको हो भन्ने कुराको बलियो पुष्टि यसैले दिएको छ । यद्यपि नेपाली गद्य साहित्यको आरम्भ हुन्छ–सं. १३७८ देखि–आदित्य मल्लको गोरखा अभिलेखदेखि–तापनि रामशाहको जीवनीले नेपाली गद्यको विकसित रूपलाई छर्लङ्ग पारेको छ । (३६) नमूनाको लागि केही अंश प्रस्तुत गर्नु उपयुक्त देखिन्छ–

..."श्रीविक्रमादित्य संवत् ।। १६६३ श्रीसालिवाहन शाके १५२८ मा श्री ५ महाराज छत्रसाह स्वर्गारोहण हुनु–

३६. बासु रिमाल 'यात्री,' 'नेपाली साहित्य', विश्व साहित्य-को रूपरेखा, ने. रा. प्र. प्र. प्र., स. २०३०, पृ. ३६२

भयो पछि ।। गोर्षाका भरभारदार सकल पञ्चलाइबडो षलबल पऱ्यो र ।। श्री ५ महारानीका गर्भ लक्षण भयाको थियो त उस्तै वीचमा सल्ल्यान् पाउलाग्नु भयाको हो । वांहां श्री ५ साहेवज्यू पैदा हुनुभयाको छ भन्दा सुनिन्छ ।। चलाउन जाउ भनि जानतयार भयाकाथिया तसैवेलामा सल्ल्यानीहरूले पनि ।। गोर्षामा श्री ५ महाराज छत्रसाह स्वर्गारोहण हुनुभयाको समाचार सुन्याछन् र ।। गोर्षालीहरू न आउदै हांमि आफै श्रीसाहेवज्यू रामसाहलाई चलाउं भनि शुभ साइतमा चलाया ।। वांहां देषी गोर्षाका भरभारादार सकलपंचले थाहापाया र परसम्म पुगी वडा हर्षले सामेल भै दर्शन गरि गोर्षामा चलाया र ।। वडा वडा जान्न्या ज्योतिषिहरू वोलाई ।। गुरु प्रोहितहरू वसिठहरायाका शुभसायतमा ।। अनेक गीत वाद्य मंगल शकुनादिले दीप कलश गणेश पूजा विधानादि भयापछि ।। श्री ५ महाराज रामशाह सिंहासनमा राज गर्नुभयो ।..."(३७)

(ख) 'ज्वरोत्पत्ति चिकित्सा'–वाणीविलास ज्योतिर्विद (अनु०) सं० १७७३

नेपाली भाषाको उल्लेखनीय साहित्यिक कृति । दावादल साहले यसैको अनुवाद गरेर शीर्षक राखे 'औषध रसायन' ।

(ग) बालकृष्ण पोखरेल नेपाली भाषामा पाइएको सबभन्दा पहिले साहित्यिक कृति 'बाज-परीक्षा' हो भन्दछन् । यसको समय सं० १७०० तिर मानिएको छ ।(३८) त्यस्तै पाइएका लेखकहरूमा सर्वप्रथम लम्जुङ्गे राजा दावादल शाह र वाणीविलास हुन् । यिनले सं० १७७३ तिर लेखेका हुन् भन्ने उनको तर्क छ । 'वृषवास्तु' वा 'बाज परीक्षा' समय–करीव सं० १५०० तिर । यो दुवै पो सर्वप्राचीन ग्रन्थ हुन् कि भन्ने अभिमत पनि नपाइएको हैन ।(३९)

(घ) अजीर्ण मंजरी–गङ्गा विष्ण द्विज
–लीलाम्बर
समय–सं१८०९–२० तिर

(ङ) प्रेमनिधि पन्तको सं० १७८० मा लेखिएको संस्कृत ग्रन्थ 'प्रायश्चित्त प्रदीप' को अत्यन्त सुन्दर र शिष्ट शैलीमा लेखिएको नेपाली अनुवादले गद्यको गाम्भीर्य देखाइसकेको छ ।

अनुवाद परम्परा यस युगमा निकै थियो । जेहोस् नेपालीप्रति ममता नभएको पनि होइन । 'नृपश्लोकी' भन्ने संस्कृत ग्रन्थ (प्रेमनिधि पन्तकै) नेपालीमा अनूदित छ ।

अभिलेखहरू भन्दा बाहेक चिट्ठीपत्रहरू, ओखतीमुलोका पुस्तकहरू, जीवनीहरू (रामशाह र पृथ्वीनारायणको) युगका प्रमुख उपलब्धि हुन् ।

(च) युगलाई नै उजिल्याउने सर्वोच्च प्राप्ति हो– पृथ्वीनारायण शाहको 'द्विव्योपदेश' वा 'भाषण' । यसको रचनाकाल सं. १८३१ हुनुपर्छ र रचनाकार पृथ्वीनारायण ।

नवनेपालको नव निर्माणमा पृथ्वीको अनुलनीय भूमिका छ । यिनको राजनैतिक व्यक्तित्व मात्र नभएर यिनी धार्मिक, सांस्कृतिक, सामाजिक, आर्थिक, साहित्यिक हर क्षेत्रमा असाधारण व्यक्तित्व लिएर आएका महामानव थिए । 'दिव्योपदेश' उत्कृष्ट साहित्यको नमूना हो ।(४०)

भानुदत्तको 'हितोपदेश्-मित्रलाभ' (सं० १८३३), शक्तिबल्लभ अर्ज्यालको 'हास्यकदम्ब' (नाटक) को नेपाली अनुवाद आदि पनि यही युगका प्रसिद्ध गद्य रचना हुन् ।

एकातिर गद्यको स्वाभाविक प्रवाह बग्दै गयो भने अर्कातिर पद्यमा कविहरू आफ्ना वीरगान गाउँदै थिए । आजसम्मको उल्लेखनीय पद्यहरूमा सर्वप्रथम कविता मानिएको सुवानन्ददासको 'पृथ्वी वर्णन' हो । हुन त यस अघिका अज्ञात कविका 'जस्ले सातु गऱ्यो'..., र 'भातु खाय सुभान शाही'...(४१) जस्ता कविताहरू नभएका होइनन् । 'धन्य गोर्खाली राजा'... भनेर गोर्खाली राजा खास गिरी पृथ्वी-

३७. गोरक्षेश वंशावली, (रामशाहको जीवनी), अमुद्रित [राष्ट्रिय अभिलेखालय–ते. १७३]
३८. उत्तम कुँवर, स्रष्टा र साहित्य, पृ, २७६
३९. जगदीशचन्द्र रेग्मी, 'नेपाली भाषाका सर्वप्रथम ग्रन्थ' 'गोरखापत्र'–२०३४ भाद्र २४ गते, शनिवार
४०. तानासर्मा, नेपाली साहित्यको इतिहास, सहयोगी प्रकाशन, काठमाडौं, प्र. सं. २०२७, पृ. १६
४१. बाबुराम आचार्य, पुराना कवि र कविता, ने.भा.प्र.स, प्र. सं. २००३, पृ. ७–९

नारायणप्रति आफ्नो अगाध श्रद्धा र भक्ति जगाउने गुमानी पन्त जस्ता कविले पनि नेपालीको ठूलो सेवा गरे । पृथ्वीका दरबारी पण्डित शक्तिबल्लभ अर्ज्याल आदिले पनि तत्कालीन युगको प्रतिनिधित्व गरे ।

पृथ्वी युगलाई हामी नेपाली साहित्यको वीरगाथा युग र भक्तियुग समावेश भएको मान्न सक्दछौं । यसैबेला राष्ट्रियताको उच्च आदर्श एवं सगुण भक्तिको गायन चारैतिर बढिरहेको थियो । नेपालीलाई मुटुदेखिनै कित वीरको वीरगान गाउन मनलाग्यो कित भगवान्को गुणानुवाद । भानुभक्तभन्दा पूर्वका गद्य एवं पद्यका निर्माता वा श्रष्टाहरूको भावना यी नै कुराहरूमा केन्द्रित थियो । वीरपूजासंग यो लोकको सुख सन्तोष गाँसिएको छ भने भगवत् पूजासंग परलोकको शान्ति र आनन्दको रसिलो आस्वाद छ ।

गीर्वाण युग

वीरपूजा र भक्तिको धारा यस युगमा पनि बगिनै रह्यो । ऐतिहासिक दृष्टिले यस युगमा महान् घटनाहरू घटे । रामायण, भागवत, भारत आदि धार्मिक ग्रन्थको आधारमा थुप्रै कविताहरू लेखिए । इन्दिरस (र० १८८४), विद्यारण्य केशरी (१८६३–१९१२), वसन्त शर्मा (१८६०–१९४७), यदुनाथ (र० १८९५), रघुनाथ (१८६८–१९१८) सुन्दरानन्द बाँडा (र० १८८०), विद्यापति (र० १८८८) वीरशाली पन्त (ज० १८६० तिर), पतञ्जली गजुर्याल (१८८०–१९४४) उदयानन्द अर्ज्याल (र० १८९०) आदि कविहरू सौरमण्डलका ताराहरू थिए भने आदिकवि भानुभक्त आचार्य चार्हि (१८७१–१९२५) साक्षत् सूर्य नै थिए । अतः यस युगको सर्वोच्च उपलब्धि भानुभक्तको रामायणलाई मान्नु पर्छ ।

सं. १८७१–७२ को युद्ध र सुगौली सन्धीले नेपालको इतिहासलाई अर्कै कोल्टो फेरिदियो । यद्यपि हामीले केही हार्‍यौं तर धेरैधेरै जित्यौं पनि । हाम्रो राष्ट्रिय भावनामा एक प्रकारको उज्ज्वल नयाँ लहर आयो । अब वीरताको र विजयको कल्पना मात्र नगरी नेपालीहरू यथार्थतामा पनि आउन थाले । श्री ५ गीर्वाण आफैं पनि लेखक थिए अनि अरूले लेख्ने प्रेरणा नपाउने त कुरै थिएन । त्यस्तै यस युगमा पर्ने श्री ५ रणबहादुर शाहले पनि नेपालको राजनैतिक उथलपुथलमा महत्त्वपूर्ण भूमिका खेलेका छन् । बहादुर शाह कवि, विद्वान्हरूको खूब कदर गर्दथे । वाणीविलास पाँडे र लक्ष्मीपति (४३) जस्ता विद्वान्हरूलाई नेपालीमा उच्चकोटिका ग्रन्थ लेखाउन लगाए । (४२) नेपालीहरूले अब वीर बहादुर मात्र भएर बाँच्न र आफ्नो अस्तित्वलाई अक्षुण्य राख्न सक्तैनन् किन्तु बुद्धिबहादुर र ज्ञानबहादुर हुनु परिसक्यो भन्ने कुरामा बुद्धिजीवीहरू विश्वस्त बने । अबको नेपाली साहित्य नेपाललाई हरप्रकारबाट सुदृढीकरण गर्न, राष्ट्रप्रेम, राष्ट्रियता र राष्ट्रिय एकता, स्वाभिमान आदिको अभिवृद्धि गरी राष्ट्रिय अभ्युत्थानमा बढी सक्रिय र समक्ष बन्न थाल्या ।

यदुनाथ पोखरेलले नेपाली जनजीवनको, वीरताको, नयाँ निर्माण र सैनिक व्यवस्थाको घनघोर प्रशंसा गरे ।

'दरबार श्री अमरावती सुरपति नेपालका भूपति' भनी नेपाललाई 'अमरावती' र राजालाई 'सुरपति' को संज्ञा दिएर आफ्नो देश र नरेशप्रति असाधारण प्रेम दर्शाउने यी नेपाली साहित्यको इतिहासमै सर्वप्रथम कवि हुन् । वीरपूजाले पनि जातीयता र राष्ट्रियताको सम्बर्द्धन गर्छ भन्ने कुरामा विवाद छैन । राष्ट्रपूजाका विविध प्रविधिमा वीरस्तव गान पनि एक हो । जहाँ वीर छन् त्यहाँ न वीरको पूजा हुन्छ । वीरनै नभए केको पूजा ? पूजा नै नभए के को वीर ? यो त भूषण हो ।

एकातिर यसरी राष्ट्रियताको शंखघोष भइरहेको बेला अर्कातिर भीमसेनथापाको आत्महत्या (१८९६), माथवर सिंह थापाको हत्या (१९०२), गगन सिंहको अमानुषिक हत्या (१९०३), जंग बहादुरले मच्चाएको वीभत्स हत्याकाण्डको लहर–भंडारखाल पर्व, कोतपर्व–जस्ता दानवीय र घीनलाग्दा जघन्य रक्तपातहरूले सामाजिक र राजनैतिक विषयबाट उदासीन बनेर परमार्थ चिन्तन र परमात्माको

४२. ईश्वरराज अर्याल, नयाँ नेपालको इतिहास, आठौं सं. २०२१, पृ. ११३–११४

भक्तितिर कति बुद्धिजीवीहरू लागे । परिणामतः धार्मिक, दार्शनिक, आध्यात्मिक साहित्य सिर्जना भयो ।

पद्यमा भाव पोख्न सजिलो भएकोले होला पद्यको खूब प्रगति भए पनि गद्य विद्या त्यति उपेक्षित थिएन । जंगबहादुरको बेलायत यात्रा (१९१०) जस्ता महान् कृतिहरू यस युगका उल्लेखनीय उपलब्धि हुन् । मुन्सीका तीन आहानहरूले आफ्नै मर्यादा राखेका छन् भने बत्तीस सालको रोजनाम्चाको (सं. १८७६) महिमा पनि कम छैन । हीनव्याकरणी विद्यापतिले सं. १८८८ मा गरेको गीत गोविन्दको अनुवादको भाषा निकै परिमार्जित छ । यही अनुक्रमम ललित त्रिपुरसुन्दरीले र ? (मृत्यु १८८८) राजधर्मको अनुवाद गरेर पनि नेपाली गद्यले शिरलाई धेरै माथि उचालेकी छन् । भवानी दत्त पाँडे (१८५८) ले हितोपदेश, आत्मबोध, महाभारत आदि थुप्रै गद्यले नेपालीलाई सिंगारे । योगी अम्बरगीरले वेदान्त सम्बन्धी थुप्रै पुस्तकहरू १८९० भन्दा अगाडिनै लेखिसकेका थिए । त्रिरत्न सौन्दर्य गाथाका निर्माता सुन्दरानन्द बाँडाले आफ्नो मातृभाषा नभए तापनि नेपाली भाषामा यत्रो विशाल ग्रन्थ निर्माण गरी नेपालीलाई अविस्मरणीय गुन लगाएका छन् ।

यसरी पृथ्वी युग नेपाली साहित्यको निर्माणकाल थियो भने गीर्वाण युग विकास काल बन्यो । अब नेपाली-भाषा नेपालीको मात्र नभएर विदेशीको (खास गरी अंग्रेजको) समेत रुचिको, अध्ययनको र अनुसन्धानको विषय बन्न पुग्यो । जे. ए. एटनले सं. १८७७ मा नेपाली भाषाको पहिलो व्याकरण लेखे । नेपाली व्यापक र विस्तृत बन्दै गयो ।

त्रिभुवन युग

युग बदलिदै जान्छ, समय बित्दै । हिजोका दिनहरू आजमा र आज भोलिमा परिणत हुन्छन् । हिजोका प्रवृतिहरू, स्वरूपहरू मान्यता र धारणाहरू आज पुराना हुन्छन् । अब वीर युग, भक्ति युग गयो, श्रृंगार युग आयो । प्राचीनता र माध्यमिकता हरायो, आधुनिकताले छायो, त्यसैले त्रिभुवन युगको अर्को नाम आधुनिक युग हुन सक्छ ।

युवक कवि मोतीराम भट्ट (१९२३–१९५३) देखि यस युगको श्री गणेश हुन्छ । यस युगका नेतानै यिनलाई मान्नु पर्छ । यिनकै नेतृत्वमा नेपाली साहित्यमा आधुनिकता फष्टायो, फक्रियो र नेपालीले–आज अन्तरराष्ट्रिय ख्याति प्राप्त गर्दैछ । मोतीराम जस्ता महान् भाषाभक्त, नवयुवक कवि, नाटककार, सामाजिक कार्यकर्ता, पठित एवं प्रसिद्ध गद्यकार पाएर नेपाली साहित्यनै धनी बनेको छ । भानुभक्तको जीवन चरित्र (१९४८) जस्तो अत्यन्त सफल नेपाली गद्यको निर्माण गरेर आधुनिक गद्यका पिता बनेका छन् मोतीराम । १९४१ मा भानुभक्तको बालकाण्ड बनारसबाट छपाएर "श्री ५ मन्महाराजाधिराज पृथ्वीवीर विक्रम शाहदेव" यसरी सम्बोधन गरी 'भूमिका' को नाममा आफ्नो शिष्टता मात्र देखाएनन् अपितु त्यस समयका शक्तिसम्पन्न प्राइममिनिष्टर रणोद्दीप सिंहलाई समर्पण नगरी यो पहिलो किताप दश वर्षका राजा पृथ्वी वीर विक्रमलाई समर्पण गरेको देख्ता मोतीरामहरूको नैतिक बलको तारीफ गर्नु पर्छ (४३) बाल काण्ड प्रकाश मात्र गरेनन्, बेलाइतको लाइब्रेरीमा समेत पठाएर यसको प्रचार प्रेमले गरे ।(४४) भानुभक्तलाई चिनाउने मात्र होइनन् 'आदिकवि' को महान् उपाधि प्रदान गर्ने पनि यिनै हुन् । नेपाली भाषाको इतिहासमै सर्वप्रथम पत्रिका 'गोरखा भारत जीवन' का प्रकाशक, समीक्षक, पुस्तकालयका व्यवस्थापक मोतीको वरदान, योगदानले गर्दा यस युगलाई नै मोती युग भने पनि अन्याय हुँदैन । बरु २००७ सालदेखि अगाडिलाई यस युगको पूर्वार्द्ध र पछिलाई उत्तरार्द्ध भन्नुपनि समीचीन नै ठहर्छ ।

गोरखापत्रको प्रकाशन (१९५८) यस युगको महान् उपलब्धि हो । अब अनुवादको, भक्तिवादको, बीरगानको परम्परा क्रमशः हट्दै गयो त्यसको ठाउँमा मौलिक सिर्जनाको, आधुनिकवादको, श्रृंगार, साहित्यको, भाषाप्रेमको चर्को आगो दन्किंयो । मोती आफै अत्यन्त श्रृंगारी भएकाले उनको मण्डली नै श्रृंगार प्रिय थियो ।

४३. कमल दीक्षित, 'मोतीरामको बालकाण्ड', कालो अक्षर, जगदम्बा प्रकाशन, ललितपुर, प. स. २०१७, पृ. २५–२६

४४. पं० नरदेव शर्मा पाण्डय, कविवर मोतीराम भट्टको जीवन चरित्र, प्र. सं. १९९५, पृ. १६

सुन्दरी (१९६३), माधवी (१९६५), उपन्यास तरंगिणी (१९५९) गोरखा साथी (१९६९), गोर्खाली (१९७२), चन्द्र (१९७१), चन्द्रिका (१९७२) जस्ता पत्रपत्रिकाहरूको बाढीले नेपाली साहित्यका सम्पूर्ण विधाले फस्टाउने मौका पाए । पद्मनाभ सापकोटा, जय पृथ्वीबहादुर-सिंह जस्ता भाषा भक्तहरूले नेपाली भाषाको सक्दो विकास गरे । राम मणि, चक्रपाणि, सोमनाथ जस्ता विद्वान् लेखकहरूले नेपालीलाई परिष्कृत, शुद्ध रूपमा परिणत गर्न अथक प्रयत्न गरे ।

यस युगले कोल्टे फेर्छ कवि शिरोमणि लेखनाथ पौड्यालले पाएर । त्यस्तै बालकृष्ण समले नेपाली नाटकीय क्षेत्रमा अद्वितीय योगदान दिए । अर्का अत्यन्त प्रतिभाशाली जन्मजात कवि निस्किए महाकवि लक्ष्मीप्रसाद देवकोटा ।

सूर्यविक्रम, धरणीधर र पारसमणिले दार्जलिङ्गमा बसी नेपाली साहित्यको अभिवृद्धिमा यति गुन लगाए त्यो अवर्णनीय छ । भाषाको विकास, साहित्यको उन्नति, जातित्वको सम्मानको लागि यी तीनै जनाले आफ्नो जीवन समर्पण गरे ।

भाषा-विज्ञानको क्षेत्रमा बालकृष्ण पोखरेल, महानन्द सापकोटा, चूडामणि उपाध्याय रेग्मी आदिको सेवा अतुलनीय मान्नु-पर्छ । नेपाली व्याकरणको परम्परामा गोपाल पाँडे, हेमराज पाँडे, सोमनाथ सिग्देल, आदि अत्यन्त उल्लेखनीय छन् । गद्य विधालाई सम्पन्न पार्ने काममा शारदा (१९९१) को योगदान अविस्मरणीय छ, त्यस्तै पद्यमा पनि । नेपाली निबन्धकार, अनुसन्धाता एवं समालोचकहरूमा भेषराज, बदरीनाथ, ईश्वर बराल, बालचन्द्र शर्मा, बालकृष्ण पोखरेल, कमल दीक्षित, रामकृष्ण शर्मा, रूपनारायण सिंह, लैनसिंह बाङ्गदेल, कृष्णचन्द्र सिंह, डा० क्षितीशचन्द्र चक्रवर्ती, चूडानाथ भट्टराय, अम्बिकाप्रसाद अधिकारी, तारानाथ शर्मा, बासुरिमाल 'यात्री', वासुदेव त्रिपाठी, शिवगोपाल रिसाल, रत्नध्वज जोशी, हृदय चन्द्रसिंह, सत्यमोहन जोशी, भैरव अर्याल, केशव पिंडाली, परशू प्रधान, पारिजात, विश्वेश्वर प्रसाद कोइराला आदि आदिको नाम उल्लेखनीय छ ।

यस युगका प्रसिद्ध, संवेदनशील साहित्यिक विभूति हुन् म. वी. वी. शाह । यिनका गीतहरूले नेपाली मुटुलाई छोए, नेपालको गुणगान गाए, नेपालीलाई प्रेरणा र प्रोत्साहन दिए । श्री ५ महेन्द्र आफैं कवि र प्रचण्ड गद्यकार समेत भएकाले तत्कालीन कवि, लेखक, नाटककार आदि सबैको सक्दो कदर यिनले गरे । यिनको छत्रछायामा नेपाली साहित्यले अभूतपूर्व रूपमा विकास गऱ्यो ।

यस युगका अविस्मरणीय उपलब्धिहरू–

(क) पत्र–पत्रिकाहरूको बाढी आउनु ।
(ख) गोरखा भाषा प्रकाशिनी समिति–पछि नेपाली भाषा प्रकाशिनी समितिको संस्थापन ।
(ग) नेपाली साहित्य सम्मेलन, दार्जिलिङ्ग ।
(घ) त्रि-चन्द्र कलेजको संस्थापन (१९७५)
(ङ) नेपाली भाषाको भारतका विभिन्न विश्वविद्यालयमा स्थान ।
(च) साहित्य सम्मेलन, कवि सम्मेलन भइरहनु ।
(छ) रेडियो नेपालको संस्थापन ।
आदि आदि ।

श्री ५ महेन्द्रको नेपाली भाषा एवं साहित्य प्रति अगाध श्रद्धा र भक्ति भएकोले कवि, लेखकहरूको, विद्वान्-हरूको असाधारण रूपमा कदर गरिबक्सियो, प्रसंगमा प्रशस्त सहयोग गरिबक्सियो ।

(क) 'उसैको लागि' 'फेरि उसैको लागि' जस्ता कविता-गीतहरूको प्रकाशन ।
(ख) भाषणको रूपमा प्रकाशित अनगिन्ति गद्यलेखहरू ।
(ग) त्रिभुवन विश्वविद्यालयको संस्थापन ।
(घ) राजकीय प्रज्ञा प्रतिष्ठानको संस्थापन ।
(ङ) मदन पुरस्कार पुस्तकालय र मदन पुरष्कार गुठीको संस्थापनको अत्यन्त ठूलो कदर प्रदान ।

आदिबाट श्री ५ महेन्द्रको छत्रछायामा नेपाली भाषा-साहित्यले असाधारण प्रगति गऱ्यो, अन्तरराष्ट्रिय जगतमा महान् ख्याति प्राप्त गऱ्यो । समुद्र पारका विश्वविद्यालयहरूमा समेत नेपाली भाषाको अध्ययन–अनुसन्धानको परम्परा बस्यो । अनगिन्ति पुस्तकहरू प्रकाशित भए । प्रवासमा समेत नेपाली-भाषाको विशेष सम्मान बढ्यो । आकाशवाणी दिल्ली, रेडियो पेकिङ, बी. बी. सी. आदिबाट नेपालीमा कार्यक्रम प्रस्तुत हुनु, नेपाली भाषामा सिनेमा बन्नु आदिबाट पनि नेपालीले प्रशस्त प्रेरणा पाएको मान्नु-

पर्छ । अन्तरराष्ट्रिय संघ संस्था र संयुक्त राष्ट्र संघमा नेपाली भाषामा सम्बोधन भाषण हुनुमा पनि नेपालीको ठूलो कदर घुसेको छ ।

श्री ५ वीरेन्द्रका बाहुलीमा पूर्ण कलश

श्री ५ बडामहाराजा पृथ्वीनारायणले जग हालिबक्सेको मात्र होइन बलियो गारो लगाएर चारैतिरबाट परखालले नेपाललाई सुरक्षित राखिबक्स्यो भने श्री ५ त्रिभुवनले यस पवित्र मन्दिरलाई विशुद्ध बनाई आफ्नै पाराको छानो लगाइबक्स्यो अनि श्री ५ महेन्द्रले यसमा सुनको गजुर लगाइ बक्स्यो भने अब वर्तमान राष्ट्रनायक श्री ५ वीरेन्द्र बाहुलीमा पूर्ण कलश लिएर यस मन्दिरलाई पुनः प्राण प्रतिष्ठा गर्दै अभिशेक बक्सँदै छ । नयाँ निर्माण, नयाँ विकास, नयाँ जोश र राष्ट्रवादको पुनर्जागरणको शंखनाद गरिबक्सँदै छ ।

यही अनुक्रममा आफ्ना पिता पुरुखाको कीर्तिलाई अरू समुज्ज्वलित बनाउनको लागि रातदिन परिश्रम गरिबक्सँदै छ । अनि नेपाली भाषा–साहित्यले पनि नयाँ कोल्टो फेर्ने छ– अन्तरराष्ट्रिय प्रतिस्पर्धामा पुग्नेछ । कवि पिताका पुत्रमा कवित्व प्रतिभा अवश्य छ भन्ने कुराहरू मौसूफका सम्बोधन र सन्देशहरूबाट देखा पर्न थालिसकेका छन् । मौसूफको कलाकारिता बाहिर प्रकाशमा आइसकेको छ भने अब कवित्व प्रतिभा, साहित्यिक ज्योति पनि निस्कने नै छ ।

शिक्षा जगत्मा नयाँ हलचल आउनु, राजकीय प्रज्ञा-प्रतिष्ठानमा नयाँ व्यवस्था हुनुबाट पनि मौसूफको दूरदर्शिता स्पष्ट छ ।

आशा छ मौसूफको छत्रछायामा नेपाली साहित्यले आफ्नो मर्यादा अझ बढाउने छ । अझ पुस्पित, पल्लवित र फलित बनेर नेपाली साहित्य उद्यान सदासदा हराभरा र उर्वरा हुने छ । भाषासेवी, साहित्यकार, ज्ञानी, गुणी, विद्वान्, पण्डित, वैज्ञानिक, कलाकार, सबै सबैको प्रतिभा, मौलिक सिर्जना, राष्ट्रचिन्तन आदिको कदर गरिबक्सेकोछ, गरिबक्सने छ । नेपाल आमा सँधै हरिली, भरिली, हंसिली र रसिली हुने छन् ।

मौसूफको सुदीर्घ सुशासनको शुभकामना !

– शिवमस्तु –

जुम्लाको अन्त्य

—मोहनबहादुर मल्ल

विक्रम संबत् १०५३ देखि जुम्ला सिजामा पाल राज्य शुरु हुन्छ । पालका पहिला राजा आदिपाल कन्नौजका पाल राजाद्वारा खटाएर पठाएका अंचलाधीश जस्तो बनी आए जस्तो बुझिन्छ । कन्नौजको पाल राज्य रायठोर राजाहरूका हातमा परेपछि सिजा स्वतन्त्र बन्दछ । यसमा ३६४ वर्ष पालले र १३६ वर्ष समालशाहीले स्वतन्त्र राज्य गर्दछन् । आदिपालदेखि पृथ्वीमल्लसंम पालहरूमा २० राजा भए । गजभीमदेखि यशवर्मन्सम्म समालशाहीहरूमा ६ राजा भए । यशवर्मन् शाहीका समयमा सिजाउपर दिल्लीका सुल्तान सिकन्दर लोदीको मार पऱ्यो । भारतमा मुसलमानी रजाई चलेको २९० वर्षपछि मुसलमानदेखि सिजा झुक्दछ । अहिले यो कुरा कम इतिहासकारहरूले मात्र पत्यार गर्लान् तर यो सत्य कुरा छ जसका प्रमाणहरू कर्णाली र गण्डकी प्रदेशमा छन् । काश्मीरलाई अकबरले समेत अधीनमा ल्याउन सकेका थिएनन्, यस्तै सिजालाई पनि सेनराजाहरूले कमजोर गराएपछि मात्र बलिया राजा सिकन्दर लोदीले आफ्नो अधीनमा ल्याउन सकेका हुन् । यसै समयदेखि सिजाको केन्द्रीय शासन टुटेर बाईसे, चौबीसेको शुरू हुन्छ । बाईसे राजामध्ये जुम्ला कल्यालशाहीको हात परेको थियो । त्यस बेला जुम्लाको आकार आजको जस्तो थिएन, सानो थियो । उत्तरमा जाडेहरूका २ राज्य र दक्षिणमा खान्नी औ रास्कोट समालशाहीहरूका हातका राज्य थिए ।

तागाधारीहरूले जांड खाने औ जाडोमा बस्ने जातिलाई जाडे (जाड) भन्दथे । यसै जाडेबाट उनीहरू बस्ने भूभागको नाम जडान भनिन लाग्यो । सिजानगर उत्तर जडान र दक्षिण खसानको बीचमा बसेको थियो । जडानमा तागाधारीहरू फैलिएपछि यस प्रदेशलाई जडान नभनेर "जावेश्वर" भन्न लागे । यही जावेश्वर पछि जुम्लो भनिन लाग्यो । जुन जुम्लोलाई अचेल हामी जुम्ला भन्दछौं, यसका आखिरी राजा सूर्यमान कल्यालशाही थिए । यसै समयको वर्णन यहाँ गरिन्छ ।

जुम्लीहरूका मुखमा आजसम्म यो गीत झुन्डिएको छ— "तेरो लाग्दा सोभान साइय लामो ठाडो भंग", अर्थात् सुभान शाही, तिमीले गर्दानै लामा थाडा या सिजानगर नष्ट हुन गयो । यो अत्यन्त घत लाग्दो गीत छ, यसमा जुम्लीहरूको आंसु छ, पश्चात्ताप छ । सुभान शाहीको कुरो जान्न हामीलाई अलि पछि हट्नुपर्ने हुन्छ । गोरखाका राजा पृथ्वीनारायण शाहले किशोरकालमा नेपाल उपत्यकाको रमणीय स्थल नजर भयो, धनदौलत नजर भयो, साथै विलासले तेजहीन बनेका प्रजाहरूलाई नजर भयो । धनले उन्मत्त बनेका मकवानपुरेले उहांको अनादर गरे औ बनारस जानुपर्दा मौसूफलाई मुगलशासनको अन्त हुन लागेको र नयाँ हातहतियार बन्दूक आदि नजर हुने मौका मिल्यो । यी किम्मती हतियार किन्न चाहियो पैसा ! त्यस बेला पैसा कमाउने सबैभन्दा उत्तम उपाय भोटसंगको बेपार थियो । त्यसमा पनि मोहरमा टक मारेर भोटलाई दिनु र उताबाट सुन लिएर भारततिर निकासी गर्नु, अनि भारतबाट चांदी किनेर मोहर रुपियाँ बनाउनु । यस बेपारबाट राज्यलाई ठूलो लाभ थियो । यो बेपार नेपाल उपत्यकाका राजाहरूको हातमा मात्र थियो । बाईसे, चौबीसे राजाहरूले टक मार्ने काम गरेका थिएनन् । त्रिशूली र नुवाकोट गोरखाको हात परेपछि नेपाल उपत्यकादेखि उत्तर र पूर्वका जमीनहरू हात पार्दै गोरखाले भोटको बेपार एकलौटी पारेको थियो । यसै काण्डमा जयप्रकाश मल्लले तुलाराम

पांडेका सहयोगीहरूलाई मराएका थिए । गोरखामा चांदीको टक मारिन लाग्यो तथा कपट नमिलेको चोखो मोहर निकालियो । यसैको बेपारबाट तोप, बारूद, केप, पत्थर, गोली, असल फलाम (खुंडा, तरबार, खुकुरी र शरको कोथाको लागि) आदि सामरिक सामान र तालिमे सैन्यहरू बडा महाराजाधिराजबाट बढाउँदै लगिबक्सन लाग्यो । बनारसका बन्दूक सध्ने औ पल्टनलाई तालीम दिने २ जवान मुसलमानलाई अजिटनी पद दिएर गोरखामा राखिबक्सेको थियो । युद्धकलामा पनि हिन्दूहरूको कट्टर युद्धका साथै उनीहरूले मुसलमानी कला पनि राम्ररी सिकाएका थिए । त्यस ताका गोरखा आफ्ना आडका अर्थात् लमजुङ, तनहुँ, मकवानपुर, कान्तिपुर र भक्तपुर सबै राज्यभन्दा निर्धन जस्तै थियो । तथापि राजनीतिमा धुरन्धर गोरखा नरेश पृथ्वीनारायणशाहलाई नेपाल उपत्यका छिटैनै विजय गर्न सक्तछु भन्ने भरोसा थियो । गोरखाको चिरकालदेखिको शत्रु लमजुङले गोरखा बढेको देख्न सक्तैनथ्यो, उसले सदा गोरखालाई निल्ने दाउ खेल्दै आएको थियो । सांच्चै भन्ने हो भने लमजुङले जिस्क्याएरनै गोरखालाई लडाका र रणप्रिय बनाएको थियो । लमजुङको पक्षमा पर्वत, पाल्पा, तनहुं, गहौं, भीरकोट जस्ता बलिया राज्यहरू थिए । कास्की र लमजुङका बीचमा बैरभाव चलेको हुंदा गोरखा नरेश पृथ्वीनारायण शाहबाट कास्कीसँग सम्झौता गर्न खोजिबक्सेको थियो । यस्तै पर्वत र जुम्लाका बीचमा मनोमालिन्य बढेकोले जुम्लासँग मित्रता कायम गर्न पनि खोजिबक्सेको थियो । गुल्मी र पिउठानाको पाल्पासंग वैमनस्य भएकोले ती दुवैसंग पनि सम्बन्ध जोर्न गोरखा उत्सुक थियो । जाजरकोटे राजा हरिशाहीसंग बनारसमा बांधिएको बाचा कबूलबमोजिम मित्रता छंदै थियो । यस्तै गोरखा नरेश पृथ्वीनारायण शाहकी छोरी राजकुमारी विलासकुमारीको सल्यानी राजा श्रीकृष्णशाहीका छोरा रणभीम शाहीसंग विवाह भएकोले संबन्ध बलियो थियो । पृथ्वीनारायण शाहले वीरभद्र पन्तको नेतृत्वमा एक शिष्टमण्डल जुम्ली राजाको दरबारमा भोटको बाटो गरी पठाइएवक्सेको थियो । यसैगरी जुम्ला दरबारबाट पनि एक जोडी मानिस गोरखा दरबारमा पठाइएको थियो । पृथ्वीनारायण शाहको आखिरी समयतिर जुम्लासंग उस्तो ठ्याक नमिले जस्तो देखिन्छ, किनभने त्यस बेलाका बाइसे चौबीसेमा एक मात्र जाडेराज्य मुस्ताङका राजालाई उसका राज्यको पश्चिम दिशा जुम्लाले मिची खाइदिएको हुनाले उसलाई त्यो दिलाइदिने लालमोहर बडा महाराजाधिराजबाट बक्सेको थियो । त्यस बेला जुम्लाको सिंहासनमा सुदर्शन शाही थिए ।

महाराजाधिराज पृथ्वीनारायण शाहपछि बहादुर शाहका नायवीको समय आयो । उनले वि. सं. १८४३ ज्येष्ठदेखि पौषसंम ८ महीना भित्रमा कालो पश्चिम, भेरीपूर्वका बाइसे चौबीसेका राज्यहरू जित्दै लगे । यस खुशीयालीमा गोरखाका परम मित्र मानिएका पाल्पालाई गुल्मी, अर्घा र खांची, सल्यानलाई दाङ, जाजरकोटलाई खुम्री तथा भीरकोट औ सतौंलाई जाहारीका राज्यहरू मिलेका थिए । यसै सिलसिलामा जुम्लालाई मित्र सठेर राजउपहार र खलितापत्र नेपाल दरबारबाट पठाइएको थियो । त्यस बेला जुम्लाको तखतमा सुदर्शनका छोरा सूर्यमान शाही थिए । बहादुर शाहले भेरीपार, कर्णालीवारका बाइसे रजौटाउपर पनि धावा गर्न सक्दथे, तर रोकिएर उनले आफ्नो दूरदर्शिता र उदारता देखाए । पूर्व मेचीदेखि पश्चिम भेरी नदीसम्म गोरखाको राज्य फैलिएको जुम्लाले देखिसकेको थियो । गोरखाका मित्र पाल्पा, सल्यान, जाजरकोट, भीरकोट र सतौं पांच राज्यहरूले गोरखाले विजय गरेका भूभाग पाएका देखेको पनि थियो, सुनेको पनि थियो । यदि जुम्लाका राजा र भारदारहरूमा राजनीतिको ज्ञान भएको भए गोरखाले विजय गरेका समयमा यसरी मित्रता कायम राख्न पाइएको सुवर्ण मौका खेर फाल्ने थिएनन् होला । उसले कास्केली राजा सिद्धिनारायण शाहीको चाला देखिसकेको थियो । जुम्लाले समय चिन्न सकेन । यस विषयमा त्यस बेलाका जुम्ली जनताहरूको विचारलाई अगाडि राख्नु राम्रो होला । "तेरो लाग्दा सोभन साइय लामो थाडो भंग" सुभान साही जुम्ली राजा सूर्यमान शाहीका काका थिए । यिनी घमण्डी स्वभावका थिए भन्ने यिनका कामबाट विदित हुन्छ । यिनलेनै गोरखासंग मिलन नदिएर जुम्लालाई लडाएका थिए । गोरखासंग लड्न परेका औ अन्त्यमा हार खान परेका जनताले युद्धबाट भाग्ने सुभान शाहीलाई धिक्कारेका थिए । तेरो लाग्दा=तिमीले गर्दा, सोभान साइय=सुभान शाही, लामो थाडो=लामा वा सिजानगर, भंग=ध्वस्त हुन गयो । सिजाको राजदरवारलाई विजयमन्दिर पनि भन्दथे । झन्डै आठ सय वर्षसंम उज्यालो बनेको औ निभ्नालाई धिपधिप गरिरहेको सिजाको बत्ती

निभ्यो । यसको संपूर्ण दोष जुम्ली जनताले सुभान शाहीलाई दिएका थिए । सुभान शाही त्यस बेलाका प्रभावशाली व्यक्ति थिए । यस बारेमा इ. प्र. सन्धिपत्रसंग्रह पृष्ठ ४०१ मा देखिन्छ– "दांगको कांध चाही सुभान शाही दुधाना आया, दांग जाजरकोट रुगुम भैं सल्यानु हान्नाको मतो बाधियो...संवत् १८४३ बैशाख ।" दाङको कांध अर्थात् दाङको भाले वा नेता भनेर सुभानलाई देखाएको छ । यिनी दुधामा आएपछि गोरखाको पक्षमा लागेको सल्यानउपर दाङ, जाजरकोट र रुकुम मिलेर चढाई गर्ने बन्दोबस्त मिलाएका रहेछन् । यो खबर पाएका सल्यानी राजा श्रीकृष्ण शाहले पिउठाना साथमा लिएर कब्जा गरेको खांचीलाई त्याग्नुपरेको थियो । यसबाट जुम्लाका चौतरिया सुभान शाहीको शक्तिको अनुमान लगाउन सकिन्छ । बैशाखमा सुभान शाहीले सल्यान हान्ने बन्दोबस्त मिलाए । ज्येष्ठ १० गते गोरखाली सैन्य काली पार परेर गुल्मीमा उपस्थित भयो । ४४ र ४५ दुइ वर्ष गोरखालाई भोटसंगको युद्धमा फस्नुपऱ्यो । सुभान शाहीले संझे– गोरखाको शक्ति क्षीण भयो । उनले दुल्लु, दैलेख, अछाम, डोटी आदि बाइसेका बांकी रहेका बलिया राजाहरूको संयुक्त मद्दतबाट गोरखाको हमला रोक्ने योजना मिलाए । आफूले पनि जुम्लाको पूर्व दिशा र दखिन दिशा बलियो बनाए । जुम्लालाई मित्र बनाउन खोज्ने बहादुर शाहका निमित्त जुम्ला उल्टो शत्रु बनेर गोरखालाई युद्धका निमित्त हांक दिन थाल्यो । बुद्धि बिग्रेका सुभान शाही गोरखाको युद्धकला सित परिचित थिएनन् । तेत्तीस महीनासंम चुपचाप लागेर पश्चिमका बांकी बाइसे राज्यहरूलाई नचलाएको गोरखाको पहिलो आक्रमण भयो यसै जुम्लाउपर । १८४६ आश्विन बडादशैंको समय पारेर काजी शिवनारायण खत्री, सर्दार प्रबल राना जिम्माका २ पल्टनले जुम्लाको चिताउँदै नचिताएको उत्तर दिशाबाट तूफानी चालले पहिलो चढाई गऱ्यो जुम्लाको सदरमुकाम तिब्रीकोटउपर । पचासौं युद्ध लडेर खपिस बनेका, तोप बन्दूकहरू चलाउन सिपालु गोरखाली सैन्यका अगाडि जुम्ली फ्ररासी सैन्यको केही लागेन । तिब्रीकोट कब्जा गरेका गोरखाली काजीले छिनासिममा पनि थोरैनै कालमा प्रवेश गरे । चौतरिया सुभान शाही भोटतिर भागे । अघि भने शेखी गरेर हिंड्ने, युद्धका समयमा भने भाग्ने उनीदेखि चिढिएका जुम्ली जनताले गाए–"भातु खाया सुभान शाही ताउली हाल्या कुम्ली, जिती आयो गोरख्य काजी जनी गर जुम्ली"। भात खाएर सुभान शाहीले कुम्लामा ताउली राखे अर्थात् बाटो हिंड्ने बटुवा उसको बाटो लाग्यो । गोरखाली काजीले जित्दै आए, जुम्लाका प्रजाउपर दया राख । यस गीतले सुभानलाई धिक्कारेको छ, गोरखाली काजीसंग याचना गरेको छ । "भोट मऱ्यो सुभान शाही भंगल्टाका टेवा" यस गीतमा सुभान शाही मरेपछि पोल्ने दाउरा नमिल्दा भंगल्टा अर्थात् हिमाली क्षेत्रमा उम्रने भाङ, कांडा जस्ता छन्द नमिलेका दाउराको टेका वा टेवा दिइयोस् भन्ने जनाउंछ । "सुभान शाही भोटे मऱ्यो सुनले पोलनन्" भोटमा आगो बाल्ने दाउरा नपाइने, गुइँठा र बर्कौलाले हिन्दूहरूको लास जलाउने नगरेका हुनाले । पुरानो समय-देखिको उखान छ "भोटमा सुन छ, मेरो कान बुच्चै" भोटमा सुन प्रशस्त मात्रामा हुन्छ भन्ने सबमा भ्रम फैलिएको हुँदा यसै कुरालाई लिएर सुभान शाहीको लासलाई सुनले पोलनन् भनेर गीतकारले ठट्टा गरेको छ । सुन गाल्ने कोइला नभएर धूलो सुन बेच्ने भोटको अवस्था यस गीतले दर्शाएको छ । भोट पसेका सुभान शाहीले पछिसम्म जुम्ला फर्काउने उद्योग गर्दै रहे । उनी भोटसंग मद्दत माग्न पुगेका थिए । मूर्ख र घमण्डी सुभान शाहीले आफ्नो कामको फल पाए ।

नयाँ जितेको प्रदेशलाई कसरी हात लिनुपर्छ औ त्यहांका प्रजासंग कस्तो व्यवहार गर्नुपर्छ भन्ने विजयी गोरखालीहरूलाई राम्रैसंग ज्ञान थियो । नरसिंहखोलाको बाटो छार्कागाउँ भएर तिब्रीकोट निस्कने बाटो देखाउने औ अगुवा बनेर गोरखाली सैन्य लैजाने काम मुस्ताङी राजा ओंग्याल दोर्जेले गरेका थिए । यसबापत रिझिएका गोरखाली काजी सर्दारले मुस्ताङी राजालाई जुम्ला छिनासिमबाट बि. सं. १८४६ कार्तिक शुदि १ मा यस्तो लेखिदिएका थिए "आगे मुस्ताङी राजा ओंग्याल दोर्जेकै तिम्रो पुरानो मुलुक जुम्लाले खायाको बांदरफट्क्यादेखि पूर्व उत्तर भबुखोला छार्कागाउँ श्री ५ बडा महाराजा पृथ्वीनारायण शाहबाट बक्स्याको लालमोहर बमोजिम हामीले पनि बहाली चलाइदियौं ।" यस पत्रले हामीलाई दुइ कुरा बताउँछ– एक, मुसलमान सुल्तानले भारतमा गरे झैं बडा महाराजाधिराजले पनि विरोधी राज्यको जमीन आफ्नो पक्षकालाई अगाडिनै अर्थात् नजित्दै दिने चलन बसालिबक्सेको रहेछ । मोर्चामा लड्न खटाएका भारदारलाई यसरी जमीनसमेत दिन सक्ने नेपाल दरबारबाट विशेष शक्ति दिइंदो रहेछ । नेपाल दरबारबाट कुमाउँका राजालाई लेखेको पत्रमा जुम्लालाई हमला गरेको कारण उसले गोर-

खाको अधीनमा आइसकेको रुकुम बाम्फीउपर चढाइ गरेको दोष दिइएको छ । जुम्ला विजय गरेको महीनादिन नपुग्दै सर्दार कालु पांडेले पांच हजार गोरखाली सैन्यद्वारा दुल्लु विजय गरे । यो ठूलो सैन्य जुम्लाका हरुवा राजा काजी फर्केर उनीहरूको राज्यमा नआऊन् भनेर उसलाई तर्साउन आएको हुन पनि सक्तछ । मुख्य गरेर हिउँद मासमा बाइसे-हरूले ठूलो मात्रामा क्षराली सैन्यहरू जम्मा गर्न सक्तथे । त्यस ताकासम्म पनि ढाल र तरबारको युद्ध मुख्य गनिदै थियो । यता गोरखालीहरू नयां तरीकाले युद्ध गर्न अत्यन्त निपुण भइसकेका थिए । थोरै सैन्यले पनि विस्तृत शत्रुसैन्य विजय गर्न सक्तथें । थोरै सैन्यद्वारा छोटो समयमा विकट क्षेत्रमा रहेको जुम्लालाई विजय गर्नु गोरखाली काजी सर्दारहरूको ठूलो जुक्ति र बुद्धिको काम हो ।

जुम्लाका हरुवा राजा सूर्यमान शाहीका विषयमा बेग्लाबेग्लै विचार चलेको देखिन्छ तापनि उनी गोरखाबाट पराजित भएपछि उनले डोटीतिर शरण लिएको जस्तो बुझिन्छ किनभने गोरखासंग युद्ध खेल्नुपर्छ भन्ने पक्षको मुख्य डोटी थियो । बझाङ, बाजुरा र थलराका राजाहरू भित्रीसंचो गोरखापक्षका थिए । कर्णालीवारका अरू राज्य-हरू जुम्ला र दुल्लु गोरखाले जितेपछि सजिलैसंग गोरखा-को मूठीभित्र पर्न आएका थिए । कुशल राजनीतिज्ञ बहादुर शाहले छिटैनै जुम्ली राजा सूर्यमान शाहीलाई फर्काएर जुम्ला मुसीकोटमा मानाचामल दिएर राखे जस्तो बुझिन्छ । सुभान शाहीले गर्दानै राजा सूर्यमानलाई गोरखासंग लड्नु-परेको थियो । गोरखाले गरेको मर्यादालाई उनले शिरोपर गरेका थिए । सूर्यमान मुसीकोटमा बसोबास गरेको कुरा कल्यालशाही वंशावलिमा राम्ररी खुलेको छैन तापनि उनी राजाको पदबाट छुटेका थिएनन् । इ. प्र. अंक १ पृष्ठ १०९ कल्यालवंशावलिमा लेख छ "श्री गोर्खा १ कल्याल राजा जाई जुम्ला मा–याको संवत् १८४६ सहकाल १७११ कवार शुद्धि बलिदान, पंचदश दिने रवौ १ प्रवेश शुभम्" यसले गोरखाली प्रवेश गरेको १८४६ साल कार्तिक १५ गते रोज १ शुक्ल पक्ष नवमी देखाउँछ । कल्याल राजा जाई अर्थात् कल्याल राजा भागेर गएपछि छिनासिममा गोरखा-को दखल भयो ।

सूर्यमान शाहीका विक्रम संवत् १८३६, १८४५ र १८४६ का तीन तामापत्रहरू देखिएका छन् । तामापत्रहरूले ब्राह्मणले दान लिएको भन्दा बढी कुरा देखाउँदैनन् । कल्यालका पहिला राजा बलिराजले जुम्ला हात पारेको समय वि.सं. १४६१, सिजाबाट स्वतन्त्र बनेको समय १५५३ बाट घटाउँदा ९२ वर्षसम्म कल्याल शाहीहरूको जुम्लामा परतन्त्र राज्य चल्दछ । १८४६–१५५३=२९३ वर्षसम्म प्रायः स्वतन्त्र बनेर जुम्लाले शासन चलाउँछ । सिजामा ३६४ वर्ष पाल, १३६ वर्ष समालशाही र २९३ वर्ष कल्यानशाही राजाहरूको जम्मा ७९३ वर्षसम्म शासन चल्दा सिजानगर सदा उज्यालो बनेर रहेको थियो । यहि उज्यालो नगरको बत्ती निभाईदिंदा चित्त नबुझेका जुम्ली प्रजाहरू मिलेर एक स्वरले गाए– "तेरो लाग्दा सोभन साइय लामो थाडो भंग ।"

रसुवा र धादिङ जिल्लामा गरिएको अनुसन्धान-भ्रमण◈

गणेश र लामटाङ जस्ता प्रसिद्ध हिम-चुचुराहरूको टोपी लाएको रसुवा जिल्ला मध्यमाञ्चल विकास क्षेत्रको वाग्मती अञ्चलमा पर्छ । यस जिल्लालाई हिमालबाट खसेका हिमनदीहरू, सुदृढ पहराहरू र तल्लो भागमा कांधिएका देवदारु व लहराहरूले प्राकृतिक सौन्दर्य प्रदान गरेर आकर्षक-मनोरम तुल्याएका छन् । जिल्लाको साँध-सीमाना छुट्याउनु पर्दा पूर्वमा सिन्धुपाल्चोक, पश्चिमतर्फ धादिङ उत्तरपट्टि चीनको स्वशासित क्षेत्र तिब्बत र दक्षिण-तिर नुवाकोट जिल्लाको नाउँ काट्नु पर्छ । जनसंख्याका हिसाबले नेपालका थोरै जनसंख्या भएका तीन जिल्लाको पंक्तिमा उभिने (वि. सं. २०२८ को ज. ग. अनुसार १७, ५१७) यस जिल्लाको रसुवागढी ऐतिहासिक महत्त्वको छ । १,२६५ वर्ग किलोमिटर क्षेत्रफल भएको रसुवा ऐतिहासिक गरिमाका साथसाथै धार्मिक पक्षमापनि कम महत्त्वपूर्ण छैन । यहाँ हिन्दु र बौद्धका पवित्र धार्मिक तीर्थस्थलहरू छन् । यहाँको जनजीवन सरल छ; स्थानीय वासिन्दा तामाङहरू हृदयका पवित्र र सीधा-साधा छन् । तामाङ्ग जातिहरू स्वयं बौद्ध धर्मका अनुयायी भएकाले बौद्धधर्मको विस्तारकालागि प्रयत्नशील रहेको कुरा यस क्षेत्रमा विद्य-मान गुम्बाहरूबाट अवगत गर्न सकिन्छ । जिल्लाको संपूर्ण जसो जन समूहले अंगालेको धर्म हुंदा यस भेगमा बौद्ध धर्मको विगविगी हुनु कुनै अस्वाभाविक कुरा होइन । यसै सन्दर्भमा रसुवाका बौद्ध गुम्बा र घ्याङहरू, ऐतिहासिक र पुरातात्विक स्थलहरूको अनुसन्धान गर्न पुरातत्त्व विभाग-बाट खटिएको हाम्रो टोलीले निर्दिष्ट जिल्लाहरू (रसुवा र धादिङ) मा गएर गरेको अन्वेषणको यथार्थ विवरण प्रस्तुत गर्दछौं ।

२०३२ साल पुस २२ गतेको कुरा । काठमाडौंको आकाश उघ्रिएको छैन, भुई ढुस्सेले डम्म ढाकेको छ । मिर्मिरे भै हामी सोह्र खुटेको ओराल्नोमा पुग्छौं । यहीं-बाट अनुसन्धान-यात्राको शुभारम्भ गर्नु छ । यात्रीहरूको हूलका साथै हामी पनि त्रिशूलीको वसमा उक्लन्छौं । बेला हुन्छ, वसका पाङ्ग्रा गुड्न थाल्छन् । हुर्रिदै गएको बस रानीपाटीमा टक्क रोकिन्छ । यात्रीवन्धुका साथ हामी पनि चिया चमेना गर्ने सहभागी बन्छौं । भोजन गर्दै रहेका एक-जना माननीयज्यू देखेपछि–" रसुवाकै हुनु होला" भन्ने आफूले काटेको लख परिचय लिएपछि सत्य बन्छ । आफ्नो कामको बेलिविस्तारका साथ सहयोगकालागि अनुरोध गर्छौं । हाम्रो अनुरोध सहर्ष स्वीकार गर्ने माननीयज्यूको नाम हो-छ्वाङसोनाम तामाङ्ग । चिया–चमेनापछि यात्री-हरू आ-आफ्ना सवारीका साधन समात्छन्; हामी पनी माननीयज्यूसंग विदा भएर वसमा चढ्छौं । वस वेतोडसंग दौडेर १२ बज्नै लाग्दा त्रिशूलीको वजारमा पुगेपछि लामो यात्राको सफलता प्रति सन्तोषको सास फेर्छ । हामी पनि वजारमा हात-मुख जोरेर लामो यात्राको लागि वेत्रावतीतिर पाइला लम्काउँछौं ।

ऐतिहासिक स्थल वेत्रावतीबाट उकालो लागेपछि वाहुन, क्षत्री, नेवार आदिको वसोवास भएको मनिगाउँ

◈ श्री ५ को सरकार, शिक्षा, पुरातत्व विभागको कार्यक्रम अन्तर्गत, रसुवा र धादिङको अनुसन्धान भ्रमणमा श्री देवी प्रसाद लंसाल, श्री बलराम चित्रकार र श्री राधेश्याम भट्टराईलाई खटाइएको थियो । प्रस्तुत प्रतिवेदन वहांहरूको संयुक्त प्रयास हो– सं.

पछि पार्दै छहरे खोलामा छहरा, आसपासका पहरा र हिमाली जंगलका लहराहरू हेर्दै हामी राम्चे पुग्छौं । यहाँ देखि उत्तरतिर तामांगमात्रको वसोवास छ । २०–२५ घर तामांग वस्ती भएको राम्चेका वासिन्दा कुल्लीको काम गरेर जीविका चलाउँछन् । तामांगका घरहरूमा काठका फल्याक तेर्स्याई त्यसमाथि ढुंगाले किचिएका छानाहरू छन् । "गौतम बुद्ध प्राथमिक विद्यालय," "लामटाङ राष्ट्रिय निकुञ्ज कार्यालय" "प्रहरी चौकी" भएको यो गाउँ टेकेपछि भाषिक कठिनाइको अनुभव गरी केही शब्द टिप्न थाल्छौं ।–

आमा=आमा, बाबु=आबा, छोरा=चा, छोरी=चामे, दाजु=आच्यौ, भाई=आले, दिदी=नाना, बैनी=आङा, भाउजु=, बुहारी= चाङ, नाति=कोमे, नातिनी=कोइन, साथी=रोजा, हामी–, म=ङा, तं, तिमी=अए, ऊ=होचु, को=खला, दाल=मस्यै, भात=क्यान, तरकारी=खु, अचार=खु, आगो=म्हें, नून=चादा, तेल=छुवु, मसला=मेन्ना, लसुन=नो आदि । यो न शब्द संकलन हो न त भाषा वैज्ञानिक अध्ययन नै, साधारण साइने चाहिने टिपोट मात्र हो । राम्चे नाघेपछि निकै तल कलकलाउने त्रिशूलीको कलकलाउँदो ध्वनि श्रवण गर्दै ढुङ्गयाइलो ढडयान "डाडे" मा पनि दुई चार नाते शब्द थप्न मन लाग्छ ।

"बुढो=खेक्पा, बूढी=खुयू, तरूनी=छामे, तन्नेरी= बेन, ज्वाई=मा, फुपू=आनी, फुपाज्यू=आस्पाङ, भानिज =कुइन, भान्नी = कोम्मे, कता जाने ? = खानानिपा, मान्छे=मी, लोग्ने मान्छे=रेम्पो, स्वास्नी मान्छे=म्रिङ, भोकलाग्यो=फोक्नेन्जी आदि । यसरी वाटामा दाई-भाई, दिदी-बैनी उनीहरूकै भाषामा जान्ने भएपछि ठाडेलाई ठाडै छोडी वोके ढुण्डाको उकाली नाघेर दुई-तीन दिनपछि धुन्चेमा पदार्पण गर्न पुग्छौं ।

६४३५ फीटमा रहेको धुन्चे जिल्लाको सदर मुकाम हो । हामी प्र. जि. अ. ज्यूसंग मिली आवश्यक सहयोगको व्यवस्था भएपछि तोकिएको ठाउँमा वास वस्छौं । ७½ तिर एकाएक एउटा ठूलो आवाजले हामीलाई तान्छ; आंगनको पर्खालबाट हेर्छौं । गाउँलेहरू ग्राँहा थावा गर्न (भूत फाल्न) लागेका रहेछन् । कागतमा कालो, रातो, नीलो, पहेंलो आदि रंगका भूतका चित्र र कोदाका पीठको भूतको मूर्ति वनाई राँका हल्लाउँदै वाजा-गाजाका साथ गाउँ भन्दा पर फाली फर्कंदा रहेछन् । ग्राम र व्यक्ति रक्षाका निम्ति ग्राँहा थावा गरिन्छ ।

तामाङ्गहरू झांक्रीमा वढी विश्वास गर्छन् । झांक्रीले अलौकिक चमत्कार गर्छ भन्ने उनीहरूको धारणा छ । यसै सामाजिक वातावरणमा हुर्किएकाले होला सायद तामाङ्गका वाल-वच्चाहरू हातमा वांसका दुईटा कप्टेरा लिई डम्फू वजाएर नाचेको अभिनय गर्छन् । खेती र कुल्लीवाट जीवन यापन गर्ने स्थानीय वासिन्दाहरू गाई-भैंसी, भेडा-वाख्रा र याक-चौंरी जस्ता पशुपालनद्वारा पनि केही मद्दत पुगेको अनुभव गर्छन् । घाम झुल्किसकेपछि यो सामान्य अध्ययन पछि कामको श्री गणेश गर्न पूजारीहरूका साथ हामी धुन्चे घ्याङमा प्रवेश गर्छौं ।

अगाडि वेताङ (सल्लो) खले (आरू) र भीरूका रूख छन् भने पश्चिमपट्टि च्याङमाको रूख छ । साम्नेमा आठ ओटा दार्पाचे (घोचामा फहराएका ध्वजाहरू) ले सुशोभित धुन्चे घ्याङबाट केरूङ र लामटाङ जस्ता हिम-शृंखलाहरू देखिन्छन् । यो घ्याङ धेरै पुरानो छ । वि. सं. १९९० मा महाभूकम्पले भत्काए पछि जुद्ध शमसेरका पालामा सरकारी केही खर्च पाई गाउँलेले यसको निर्माण गरेका थिए । १९९० साल पछि विस्तारै विस्तार विग्रंदै नाशिदै जान लागेको घ्याङको चोला श्री ५ वीरेन्द्रबाट रू० १०००० । दश हजार अनुदान वक्सेपछि चोला फेरि-एको छ । जीर्णोद्धार, पुनर्निर्माण र संरक्षणका दृष्टिले अहिले यसको अवस्था निकै राम्रो छ । धुन्चे गा. पं. मा पर्ने यस घ्याङका लामा साङबु लामा हुन् । यहाँ विहान वेलुका नित्य पूजा हुन्छ । ग्रामीण जनताहरूले दिएको गुठीको जग्गा (एकहल) वाट दुई मुरीसम्म अन्न उब्जन्छ । पूजाको लागि मंशीरमा एकपाथी कोदो र जेठमा एक पाथी गहूँ घरलौरी दिने प्रथा छ । यस घ्याङमा माटाका मूर्तिहरू ३ थान, ढलौटका दुई थान र एक काँचका कचौराहरू भएको एकतले घ्याङमा मूर्तिहरूको विवरण यस प्रकार छ । –

१– फाप चेरेंसी (आर्य अवलोकितेश्वर)–१४ × २५
२– लोपेन रेम्चोर्छे (आचार्य महारत्न) १२–१८

३– छेपा मे (अपरिमिता) १९½ × २८
४– गुरु रम्बोर्छे (गुरु पद्मसंभव) ४० × ५४

यहाँ मूर्तिहरूको नाउँ पहिले स्थानीय भाषाबाट दिइएको छ भने कोष्ठभित्र त्यसैको रूपान्तर नाम समावेश गरिएको छ। रूपान्तर नामको लगत्तै मूर्तिहरूको लम्बाई–चौडाईको परिमाण से. मी. मा लेखिन्छ र यो क्रम सबै घ्याङमा सर्दै जानेछ। घ्याङको भित्री भागको नापो ९ × ७ मिटर छ भने बाहिरको १३. २३ × ९.२०½ छ। यस घ्याङमा बाह्रथान पुस्तकहरू छन् र तिनीहरूको नाम यस प्रकारको बताइन्छ– कापा, खापा, गापा, ङापा, च्यापा, छचापा, ज्यापा, न्यापा, तापा, थापा, दापा, नापा।

धुन्चे घ्याङको काम सकेर हामी ओह्रालो लाग्छौं। एक माइल तल 'रसुवा कृषि फार्म' को छेवैछेउ ओरेपछि त्रिशूली नदी भेटिन्छ। काठका चार ओटा फल्याक तेछर्याइएको त्रिशूलीको पुल तरी तिमारीको खोंचकाटेर चौतारीमा वस्न पुग्छौं। सल्ला-गुराँस, कटुस आदिका रूखले ओगमिएको-वाकिलएको यस जंगललाई चन्दनवारीको लेक भन्दछन्। यहींबाट गोसाईकुण्ड जाने बाटो छुट्टिन्छ। ८ माईलको दूरीमा रहेको गोसाईंकुण्ड हिन्दुहरूको पवित्र तीर्थस्थल मानिन्छ। चन्दनवारीको अटव्य जंगलको बाटो छाडेर भार्खुको बाटो समाल्छौं। तेर्पिलो र सुगम ओह्रालो बाटो हुन्दै हामी रोकिन्छौं–ठुलो भार्खु घ्याङमा पुगेपछि।

स्वयं माननीयज्यू र जिल्ला पञ्चायतका कार्यवाहक सभापतिज्यूका साथ घ्याङमा कुनाकाप्चा चहार्न थाल्छौं। अँध्याराको साम्राज्य लगार्न दियालोका राँकाको सहायता नलिई धरै पाइदैन। हामी गुम्बाका प्रतिष्ठावर्धक मूर्तिहरूको फोटो र नाप-जाँच गर्न शुरु गर्छौं–सर्व प्रथम। यहाँ काठ (कतिपय श्रृखण्डका पनि छन्) का मूर्तिहरू साथै एउटा सुनको पालिस भएको मूर्ति पनि फेला पर्छ। ती मूर्तिहरूको उच्चारण हामी यसरी गर्न सक्छौं।

१– गुरु वाङ्जु (एक लामाको नाउँ) ३४ × २८
२– गुरु रेम्बोर्छे (गुरु पद्मसंभव) ४३ × २६
३– ल्याचा मिन्तर्वा (पद्मसंभवको वामशक्ति) २६ × १३
४– खाण्डु हिसे छोक्र्याल (ज्ञान सागर डाकिनी पद्मसंभवको दक्षिणशक्ति) २७ × १३
५– चुम्बेन्दे (भगवान् बुद्ध) २५ × १७
६– स्थागुरु छेवाङ (लामा) ३३ × २४
७– खोलो डोम्पा (चक्र समूह) २४ × १३
८– साक्या थुवा (शाक्यमुनि) २० × १२
९– फाप चेरेंसी (आर्यअवलोकितेश्वर) ४५ × ३०
१० – गुरु रेम्बोर्छे (गुरु पद्मसंभव) १३२ × ८०
११– छेपा मे (अपरिमिता) ११० × २५
१२– खाण्डु हिसे छोक्र्याल (ज्ञानसागर डाकिनी) ९० × २५
१३– रेन्जी मे वे रेवा( ) ९६ × २३
१४– गुरु रेम्बोर्छे (गुरु पद्मसंभव) ९२ × ४२
१५– गुरु रेम्बोर्छे (") २३ × १८
१६– स्वयम्भू (स्तूप) ५९ × ३१

माथिका मूर्तिहरूमा नं १ देखि नं १३ सम्मको बनोट काठबाट भएको छ। नं ७ को मूर्ति राणा प्रधान मन्त्री जंगबहादुरले गोसाईकुण्डको तीर्थ गर्न जान्दा लौरी विनामा चढाएका थिए रे। गोसाईकुण्ड जाने यात्रीहरूले टेकेका लट्ठी गोसाईकुण्ड पुग्नु अघि "लौरी-विना" मा चढाउने चलन हालसम्म पनि छँदैछ। जंगबहादुर जस्ता शासकले लौरो चढाउने कुरा आएन। "लौरो-विनायक" मा उनले चढाएको खोलो डोम्पाको मूर्ति सुरक्षाका खातिर यस घ्याङमा ल्याइएछ। नं १४ र १५ का मूर्तिहरू सुनको पालिस लगाइएका छन्। नं १४ को स्वर्गमूर्ति पाटनका राजा योगनरेन्द्र मल्लले "धुन्जे घ्याङ" निमित्त समर्पित गरेका थिए। कालान्तरमा त्यो घ्याङ भूमिसात् हुँदा ठूलो भार्खु घ्याङमा ल्याइएको हो भने १५ नं को मूर्तिमा घ्याङको अधिकार छैन। यो नीजी संपत्तिका रूपमा रहेछ तर दुवै स्वर्ण-पालिस मूर्तिहरू कुनै व्यक्तिको घरमा सुरक्षित छन्। नं १६ को स्वयम्भूको प्रतिकृति पनि पाटनमा निर्मित भएको हो। स्थानीय विश्वास अनुसार यसमा गेम्बिन छोयाल तेन्जिङलामा समाधिस्थ छन्। ऐतिहासिक दृष्टिले यसको निकै महत्व छ।

ठूलो भार्खु घ्याङमा पनि कचौरा-करुवा-घण्ट आदि छन्। १७ थान पुस्तक भएको घ्याङको अवस्था नाजुक भएपनि पूजाआजाको व्यवस्था राम्रो छ। गुठका हकमा केही जगा छ भने ६२ धुरी यसका अनुयायी भएको देखिन्छ। हरेक धुरीले धुन्चे कै ऊँ पूजाको लागि अन्न

दिन्छन् । यथाशीघ्र मरमतको अपेक्षा राख्ने घ्याङको भित्री भाग ११.१२ × ६ मिटर र बाहिरी भाग ११.९४ × ६.५६ मिटर छ । माननीयज्यूको भनाईमा यो घ्याङ जिल्लामा सबभन्दा पुरानो घ्याङ हो । लामा हुन्-निमासोय नाम ।

काम सकिन्छ, हामी पनि सुई कुच्चा ठोक्छौं । ठूलो भार्खु स्याउखेतीका लागि उपयुक्त हुंदा २००० जति स्याउका बोट लगाएर स्याउले गाउँ भर्ने प्रयासमा लागेका छन् गाउँले जनताहरू । कालो माटो र उन्ज्याइलो ठाउँ छोडे-पछि सानो भार्खु पुगिन्छ, अनि हामी खुत्रुकखुत्रुक स्याफ्रु-बेंसी ओर्ल्छन्छौ । लामताङ र थाक्से (भोटेकोशी) खोलाको दोभानमा पुग्दा घामले गुण्टी खेल्दै लागेका हुन्छन् । अत्ता-लिदै जुन गुम्बातिर हानिन्छौ त्यस गुम्बाको नाउँ हो स्याफ्रुबेंसी घ्याङ ।

रू २०००० (बीस हजार) को सरकारी अनुदानमा जिर्णोद्धार कार्य भैरहेको यस घ्याङको अवस्था राम्रो हुने कुरामा सन्देह छैन । पूजाको लागि कुनै किसिमको गूठ र गाउँले-सहयोग छैन तापनि पुजारी दामाईलामा स्वेच्छाले पूजा गर्दै आएका छन् । ६.३८ × ६.३४ मिटर भित्रीभाग भएको गुम्बाभित्रका कालिमा टिनमा सूर्यको प्रतिछाया पारी पन्छाएर हामी तलका मूर्तिहरूको तस्वीर खिच्न थाल्छौ, हिसाब-किताब टिप्न थाल्छौ–

१– स्या गुरु छेवाङ (लामा)–९४.५ × ४२ (स्वर्ण पालिस)
२– जिजिन रूमा ( )–३० × १८
३– धुर्छे छेवा (लामा)–३० × २१
४– " " (")–२२ × १८
५– " " (") २६ × १७
६– " " (") २२ × १६
७– डुक्पा लामा (") ७४ × ५४
८– गुरु रेम्बोर्छे (गुरु पद्मसंभव) १२२ × ७०
९– खाण्डु हिसे छोक्र्याल (ज्ञानसागर डाकिनी) ७२ × २२
१०– खेमा मिन्तर्वा (वाम शक्ति) ७२ × २२
११– खसर्पानी (अवलोकितेश्वर) ४७ × २१

यहां पनि माननीयज्यूको सहयोग प्राप्त हुन्छ । यस बेंसीमा तामांगका अतिरिक्त तिब्बती शरणार्थीहरू पनि बस्तारहेछन् । भोटे कोशी नाघेर कोभेनको डाँडो काटेर हामी गोल्जुङ गाउँमा रिसिङ घ्याङ घच्चघ्याउन पुग्छौं ।

रिसिङ घ्याङ जहाँ प्र. पं. ज्यूले पनि साथ दिनु भएको छः हामी थुप्रै तामांगसाथ लिएर यो घ्याङको ढोका खोल्छौं । यहाँ–

१– खोर्वा धुङगोल (माने-घुमाउने चक्र) ५२ × २६
२– धाङ धुङ ग्याल (लामा) ३३ × २४
३– स्या गुरु छेवाङ (") ६६ × ३०
४– फाप चेरेंसी (आर्यअवलोकितेश्वर) १३७ × ७५
५– ह्वोपा मे (अमिताभ) १३७ × ८४
६– ल्याचा मिन्तर्वा (वाम शक्ति) ९४ × ८
७– गुरू रेम्बोर्छे (गुरु पद्मसंभव) १३२ × ७८
८– खाण्डु हिसे छोक्र्याल (ज्ञानसागर डाकिनी) ९४ × ८

गुरुका दुईटा मूर्त्ति काठका छन् त अरु माटाका । घ्याङको भित्री भाग ९.६६ × ६.५५ मिटर छ । पुस्तकहरू १६ थान छन् । गुम्बा मर्मत गर्नु पर्ने अवस्थामा छ भने गूठ र पूजाको व्यवस्थाले धुन्चे घ्याङकै अनुसरण गर्छ । यहांको कार्य समाप्त भएपछि प्र.पं. ज्यूले साथ लगाईदिएको एक तामांगका साथ हामी गोल्जुङको शिरमा (डाँडाको लेकमा) रहेको त्यो घ्याङ उघार्न पुग्छौं–जसलाई यहाँका बासिन्दाहरू "बल्कु घ्याङ" भन्छन् ।

बल्कुघ्याङलाई सजाउने मूर्तिहरूको विवरण यस प्रकार छ ।–

१– फाप चेरेंसी (आर्य अवलोकितेश्वर)–११६ × ७२
२– ह्वोपामे (अमिताभ) १२० × ७९
३– सेरे बु (सारिपुत्र) ६८ × २५
४– चुम्बेन्दे (भगवान् बुद्ध) ११८ × ७७
५– म्हे हंगोल ( ) ६८ × २५
६– गुरु रेम्बोर्छे (गुरु पद्मसंभव) १३५ × ७८
७– महाङगुरु (महागुरु) १३३ × ७०

यस घ्याङमा पुस्तक छैनन् र गूठको व्यवस्था पनि छैन । घ्याङको अवस्था जीर्णोद्धारको अपेक्षा गर्छ । यसको भित्री भागको फैलावट ७.९४ × ६.४४ मिटर छ । मूर्तिहरू सबै माटाका छन् ।

यस घ्याङको अनुसन्धान गर्दागर्दै चार बजिहाल्छ । यहाँबाट सोझै गत्लाङ जाने हाम्रो विचार गोल्जुङबाट भरिया आई नपुगेकाले पुरा हुन सक्तैन । प्रतिक्षाका केही मिनेट भुक्तान गरेपछि गोल्जुन फर्कन ओह्रालो लाग्छौ । ओह्रालो हुरिएका तीस मिनेट वितेपछि उक्लंदै गरेको भरिया फेलापर्छ । एक छिनसंम किङ्कर्त्तव्य मूढ बन्छौ हामी । गाउँ झरौं झमक्क सांझ परिसकेको छ । उभैं जाऔं भएर कहाँ बस्ने ? भरिया भन्छ– यस लेकमा बँदेल र भालु जस्ता हिंस्रक जन्तुहरूको खूब डर हुन्छ । हामी हस्याङ र फस्याङ गर्दै घ्याङमै बस्ने सूरले फेरी त्यही उकाली उक्लन्छौ, जुन पहिले धेरै मुस्किलसंग उक्लेका थियौं ।

सुन्सान र एकलासको यो जंगल जहाँ हामीले एक रात काट्नु छ । हिमाली लेक, अग्लो डाँडो, कठ्याङग्रिलो जाडो, घुसको रात, तिनतिरबाट गणेश र लामटाङ आदि हिम श्रृंङ्खलाहरूले हेरिएको र सबैतिरबाट हिमाली जंगलले घेरिएको यस घ्याङमा हिंस्रक जन्तुहरूबाट कसरी बच्ने ? मनले हरेस खाए पनि तनले सुख पाउने भएन । शान्तिका प्रतीक भगवान बुद्ध विराजमान भएको त्यस घ्याङमा "बुद्धं शरणं गच्छामि" भनेर डम्फ्रंग पल्टियौं । फल्याकमा कुकुल्युक परेपनि रात सुत्तजान पाएन । आधा राततिर निन्द्रादेवी आएर काखमा लिइछन् । बिहान झलमल्ल घाम लागुनजेल निदाएछौं । भरिया हामीलाई उठाउँछ । सकुशल उठन पाएको मा बुद्धको तारिफ गर्छौं । चुम्बेन्देको गाढा चुम्बन नपाएका भए रात भर मै हाम्रो जीवन लीला सिद्धिने थियो ।

प्रभाती किरण छरिएर आकर्षक बनेका सुन्दर दृश्यहरूको अवलोकन गर्दै "बाटो न घाटो दगुर्छ लाटो" भने झैं सल्लाधारीको भीरै-भीर, पाखै-पाखा र खोल्सै-खोल्सा हिड्दा कति बल्ढ्याङ खाँदै, शरीर क्षत विक्षत पार्दै गत्लाङ पुगेपछि पञ्चायतका एक सदस्यका साथ जाँदा एक कोश डांडामा रहेको छोदिङ गुम्बा अथवा पार्वती घ्याङ हाम्रो अन्वेषणको क्रममा अघि सर्छ ।

पार्वती घ्याङ पूरै असुरक्षित र उपेक्षित अवस्थामा छ । ग्रामीण जनताहरू पुजारीलाई धेर-थोर अन्न दिने गर्छन् । गुम्बाको जीर्णोद्धारका लागि गाउँलेहरू रू ५। का दरले धूरी-चन्दा संकलन गर्ने थालेका छन् । यसले नपुगे सरकारी सहयोग लिने उनीहरूको विचार छ । हाल मर्मत गर्नु पर्ने एकतले घ्याङका अनुयायीहरूको संख्या २०० धुरी छ । यस गुम्बा नजीकै एउटा पोखरी छ जसलाई छोदिङ अथवा पार्वतीकुण्ड भनिन्छ । यहाँ भाद्रशुक्ल पूर्णिमाका दिन ठूलो मेला लाग्छ । उपी लामा भएको घ्याङको गुठी जग्गा पनि छ– अनुयायीहरूले समर्पित गरेको । तामाको गाग्री, तामा र पित्तलका माने, ढलोटका झयाम्टा, कटोराहरू र फूलदानीले सजिसजाउ यस घ्याङमा १९ थान पुस्तकहरू छन्, जसमा एउटा पुस्तक सुनौला अक्षरको छ । अब हामीहरू यस घ्याङमा शोभा बढाउने मूर्तिहरूको परिचय प्रस्तुत गर्छौं ।–

१–	६४ × २०
२–	६४ × २०
३–	३२ × १६
४–	३२ × १६
५– गुरु रेम्बोर्छे (गुरु पद्मसंभव)	१०३ × ६५
६– चुम्बेन्दे (भवगान् बुद्ध)	१०७ × ८५
७–	९२ × ६६
८– चुचिकस्पाल (एकादश शीर्ष लोकेश्वर)	१४८ × ५७

नं. १. २ का मूर्त्ति ढुंगाका र अरू माटाका हुन् । ६.२० × ९.८० मिटर भित्री भाग भएको यस पार्वती घ्याङमा एउटा विशेष मूर्त्ति छ जो अरू घ्याङमा पाइदैन । त्यस विशेष मूर्त्तिलाई यहांका वासिन्दाहरू चुचिकस्पाल भन्दछन् भने हामी एकादश शीर्ष लोकेश्वर भन्छौं ।

काम सकेर गत्लाङ झर्छौं । थोरै जनतामात्र नेपाली बोल्न र बुझ्न जान्दा रहेछन् । जन जीवन अन्तका तामांगहरूको जस्तै छ । गाउँ छोडेर केही बेर हिंडे पछि गत्लाङ खोला पुगिन्छ । यो खोलाको वगरै वगर हिंड्दा डाँडा हिंडेर पाएको हण्डर र मलिनता (ग्लानिपन) हामीमा केही घटेको अनुभव हुन्छ । वगरमा हिंडदै हामी श्री ५ वीरेन्द्र सरकारका महावाणी हृदयङ्गम गर्न पाउँछौं । यहाँ वगरका वडेमा ढुंगाका एक ठाउँ–"जसरी मलाई मेरो देश र जनताको ममता छ उसैगरि भोक र रोगले पीडित मेरो जनताप्रति मेरो जिम्मेवारी छ ।–श्री वीरेन्द्र" पढ्न पाइन्छ भने अर्को ठाउँ यस्तै विशाल ढुंगाको टाउको आफनो निधारमा टल्क्क टल्काइरहेछ–"हाम्रो देशमा ओखती मूलोको अभावमा कसैले पनि दुःख झेल्न नपरोस्–श्री ५ वीरेन्द्र" भन्ने

पदावलीहरू । अनि हामी गर्वले फुल्छौ– भोक र रोगले पिल्सिएका नेपाली जनताको जीवनस्तर उठाउन क्रम्मर कसिवक्सने राजा श्री ५ वीरेन्द्र पाएकोमा, शिक्षा, दीक्षा, औषधी उपचार प्रदान गरेर आफ्ना प्यारा प्रजाहरू रिष्ट-पुष्ट, हंसिला-खुसिला, निर्भीक र लगनशील, इमान्दार र कर्तव्यपरायण तुल्याई देशको प्रतिष्ठा बढाउन अहर्निश चिन्ता गरिवक्सने राष्ट्रनायकको छायाँ भेट्टाएकोमा । युगपुरुष, विकास प्रेमी श्री ५ महाराजाधिराज सरकारका दिव्य सन्देशहरू यस खोलाका वगरमा पनि प्राचीनतम आर्यमर्यादा र कर्तव्य शीलनाका शाश्वत अभिव्यक्तिको प्रमाण दिईरहेका छन् । यसरी स्वाभिमानकासाथ अघि बढ्दै जाँदा अर्को ठुलो ढुंगामा देख्छौ– "हाम्रा राजा श्री ५ वीरेन्द्र" र "हाम्री रानी श्री ५ ऐश्वर्य ।"

यसरी एकातिर प्राकृतिक सोन्दर्य र अर्कातिर चिरन्तन उद्धारहरू अवलोकन मनन गर्दै गल्लाङ खोलैखोला जान्दा गल्लाङ र चिलिमे खोलाको तीरमा रहेका थाम्बुचेत भेटिन्छ । यहाँ स्टलविमानघाट र रेडक्रसको डिस्पेन्सरी छ । तामाङ्गका अतिरिक्त केही तिब्बतियन शरणार्थीहरू पनि यस गाउँमा बस्तारहेछन् । एक बूढो तिब्बतियन शरणार्थी हामीलाई सोध्छ-तपाई कहाँबाट आउनु भयो ? "काठमाडौं" यो शब्द निस्कनासाथ उसको अनुहार हर्ष र खुसीको फोटो तेर्स्याउँछ । शब्दमा उसको अभिव्यक्ति यस्तो वन्छ =राजा कहिले सवारी हुन्छ ? फेरी सवारी हुन्छ' को उत्तरमा भन्छ– "हामी राजासंग फेरी कुरा गर्न पाउँछौ ? सरकार सवारी भएको वेला पाइहालिन्छ नि" शायद हाम्रो यश भनाईले उ आश्वस्त भएर होला हाँस्दै आफ्नो वाटो तताउँछ । सरकार क्षेत्रीय भ्रमणमा सवारी होईवक्सेको वेला थाम्बुचेतका धेरै जनता र शरणार्थीहरूले दर्शनभेट पाएका थिए । यसैले यस भेगका जनताहरू नौंलो मान्छे भेट्नासाथ सरकारको दर्शन गर्ने जिज्ञासा व्यक्त गरिहाल्छन् ।"

"नेपाल र नेपालीको भाग्यनिर्माता अरू कोही होइन हामी नेपाली नै हौं– श्री ५ वीरेन्द्र ।" यो महावाणी थाम्बुचेत लगिएको कुलाको ढुंगामा लिपिवद्ध भएको पढेपछि हामी चिलिमे पुग्छौं । चिलिमे पुगेपछि हालसाल मर्मत गरिहाल्नु नपर्ने एकतले चिलिमे घ्याङ हाम्रो कार्यक्षेत्र वन्छ–

१– फाप चेरेंसी (आर्य अवलोकितेश्वर)–८१ X ६४
२– छेपा मे (अपरिमिता) ७९ X ३८
३– खाण्डु हिसे छोर्ग्याल (ज्ञान सागर डाकिनी ५० X २८
४– गुरु रेम्वोर्छे (गुरु पद्मसंभव) ९१ X ४६
५– खेन्जा मिन्तर्वा (वाम शक्ति) ५० X २८
६– चुम्वेन्दे (भगवान् बुद्ध) ७९ X ४३
७– स्या गुरु छेवाङ (लामा) १०० X ३१
८– महाङगुरु (महागुरु) ८० X ६१

गुम्वाको भित्री भाग ९ X ६.१० मिटर भएको गुम्वाका मूर्त्तिहरू माटाका छन् । पूजाको राम्रो व्यवस्था छ । सेाठी धुरी अनुयायीहरू पूजारीलाई गहूँ र कोदो दिन्छन् । धुन्चे घ्याङकै ठूँ लामाको नाउँ हो–ङावाङ ।

जिल्लाका तामांगहरू गहूं, कोदो, मकै, करू आदि अन्न, गाई, गोरु (मरेकाको मात्र) रांगा र भैंसी, भेडा–च्याङ्रा आदिको मासु खान्छन् तापनि उनीहरूको जीवन दुःखपूर्ण छ । यस क्षेत्रका जनताहरू धेरैजसो सिस्नु र खोलेले जीवन धामी रहेकाछन् । चिलिमे खोलाको नाउँबाट गाउँकै नाउँ स्थित चिलिमेघ्याङका पूजारी साथ लिएर हामी प्यामालिङ गुम्वातिर लाग्छौं । यो गुम्वा अग्लो डांडामा छ । यहाँबाट हिमालका मनोरम दृश्यहरू देख्न पाइन्छन् । सारा डाँडा काँडा हामी भन्दा होचा वनेको अनुभव हुन्छ–यहाँबाट चारैतिर हेर्दा नैसर्गिक सुन्दरतालाई आँखाको अतिथि वनाउँदै प्रवेश गर्छौं–प्यामलिङ गुम्वामा । यस गुम्वामा निम्नलिखित मूर्त्तिहरू हाम्रा अगाडि देखापर्छन्–

१ फाप चेरेंसी (आर्य अवलोकितेश्वर) १३०×७५
२ खाण्डु हिसे छोर्ग्याल (ज्ञानसागर डाकिनी) ७५×४६
३ गुरु रेम्वोर्छे (गुरु पद्मसंभव) १२०×७०
४ खेन्जा मिन्तर्वा (वाम शक्ति) ६७×४४
५ महाङगुरु (महागुरु) १३६×९६

५.५८X४.२६ मिटर भित्री भागले ओगटेको यस घ्याङमा मूर्त्तिहरू भव्य छन्– माटोका । सुरक्षाको कदम चाल्नु आवश्यक छ । गूठ छैन । ६० घर प्यामालिङ घ्याङमार्नीहरू छन् ।

राष्ट्रनायक श्री ५ महाराजाधिराज सरकार देश दर्शनको प्रसंगमा रसुवा जिल्ला सवारी भैबक्सेको अवसरमा प्यामालिङ गुम्वा भन्दा केही माथिको लेकमा ३.४ दिन राज भएको थियो । त्यस वेला सवारी-शिविरबाट चिलिमे गाउँसम्म सरकारहरू पैदल सवारी भएको प्रेरणादायी प्रसंग प्रधानपञ्चज्यू यसरी व्यक्त गर्नु हुन्छ– "हाम्रो दुःख हेर्न पोहोर साल सरकारको सवारी भएको थियो । धेरै माथिको डांडाको लेकमा भएको वेला कुन्नै तीन कोशको वाटो यस गाउँसम्म सरकारहरू पैदल सवारी भयो । ओह्रालोमा सरकार यति चांडो सवारी भयो हामीले त भेट्नै सकेनौं । पैदल सवारी भएर सरकारबाट यहांका धेरै जनतासंग सुखदुःख बुझिवक्सेको रहेछ । यी जनताहरू दर्शनका पिपासु छन् । सरकारको दर्शन गर्ने पिपासा संपूर्ण नेपालीलाई छ । यो गौरवको कुरा हो । तर यहांका शरणार्थीहरू पनि हाम्रै पंक्तिमा वसेर गरिमामय राजमुकुटप्रति यति आस्थावान् छन् र भक्तिभाव झल्काउछन्, उनीहरूकै शब्दमा–" अव हामी नेपाली भैसक्यौं । हाम्रो राजा श्री ५ वीरेन्द्र होइवक्सिन्छ । हामी पनि नेपाली भएर वस्छौं । हामीखे सरकारसंग कुरा गरचौं– सरकारबाट हामीलाई पनि दर्शनभेट वक्स्यो ।" शरणार्थिहरूका मुखबाट यी कुरा निस्कनु महान् गौरव हुन आउँछ । हामी उनीहरू प्रति प्रसन्नता ज्ञापन गर्दै विदावारी भएर चिलिमे खोला तर्छौं । वृन्ताङको नाके उकालीमा निकै सकस परेपनि हिम्मतले हार खाएको छैन । वल्ल–तल्ल १२ वज्दा डांडाको टापू हाम्रो गोडा ढोग्न थाल्छ । यहाँ कुनै घरमा पुरुषहरू देखिदैनन् । सवै लोग्ने मान्छेहरू चिलिमे झरेका रहेछन् विहेको निम्तो मान्न । महिलाहरू नेपाली बोल्न ठ्याम्मै नजान्ने । उनीहरू मात्रै नजान्ने होइनन्–हामी पनि नजान्ने, तामांग कुरावोल्न र बुझ्न । हामीले सिकेको "आच्यौ, आले, नाना–आङा" शब्दहरू यहाँ आएर निष्क्रिय वने । वृन्ताङ गाउँको टाउकोमा घ्याङ देखे । लन्ठा छिनिहाल्ने सुरले पाइला चाल्न थाल्यौं । काम सकुन्जेलमा हाम्रो भरिया आइपुग्ला । अनि त भाषिक कठिनाइ पर्ने छैन । यसै निर्णयले भुंडी कुई...कुई... गरिरहेको भएपनि हामी घ्याङको विवरण टिप्न थाल्छौं ।

१	फाप चेरेंसे (आर्य अवलोकितेश्वर)	९०×६७
२	चुम्वेन्दे (भगवान् बुद्ध)	११५×७७
३	खाण्डु हिसे छोर्याल (ज्ञान सागर डाकिनी)	६३×४२
४	गुरु रेम्वोर्छे (गुरु पद्मसंभव)	१०९×९७
५	खेन्जा मिन्तर्वा (वाम शक्ति)	६३×४२
६	महाङगुरु (महागुरु)	८५×९६
७	लामा	७९×४७

गुम्वाको भित्री भाग– ९×६.१५ मिटर । यस घ्याङको नाउँ वृत्ताङ घ्याङ हो । यहाँ पुस्तक छैनन् । मूर्ति सबै माटाका भएको यो घ्याङमा पूजाको राम्रो व्यवस्था छ । अनुयायीहरूको संख्या सात धुरी छ । अरू जस्तै यो पनि एक तले घ्याङ हो । यसको मर्तत चाँडै हुनु वाञ्छनीय देखिन्छ । वृन्ताङ घ्याङबाट उत्तरपट्टि तातोपानि आसपासमा फाटफुट घर छन् । गाउँ भन्दा माथिल्लो भागमा सल्ला आदिको घना जंगल छ, जंगल भन्दा उँभो फुंगे–भीर, पहरो छ, यस भन्दा मास्तिर कहीं ढुङ्गयाईले चुचुरा छन् त कहीं हिमश्रृंखलाहरू । यो भेग विकट र अतिदुर्गम छ । लहरा छहरा र पहरा मात्रै भएको हुनाले आवादी शून्यप्राय छ, जनजीवन गए–गुज्रेको छ । गुम्वाको काम सम्पन्न भए पछि हामी भैरम–पातीले सुगन्धित तुल्याएको लेक छिचोल्दै थुमन गाउँमा अवस्थित 'यसि घ्याङ" पस्छौं ।

एकतले टचासी घ्याङको अवस्था राम्रो र पूजाको व्यवस्था उत्तम छ । ग्रामीण जनताहरूले वार्षिक १२ वाह्र मुरी अन्न पुजारीलाई दिन्छन् । असी घर यस घ्याङका अनुयायीहरू छन् । ३२ थान पुस्तकहरू भएको यो घ्याङमा ढलोटका वत्ती वाल्ने देवा १०० थान, तामाको घुमाउने माने एक लगायत चांदीले मोरेको एक जेत् वाजा पनि छ । दावासिंगे लामा भएको यस टचासी घ्याङका मूर्तिहरू हुन्:

१	गुरु रेम्वोर्छे (गुरु पद्मसंभव)	१३० × ७३
२	थाम स्पाङ मेन्लो	८४ × २२
३	" "	८४ × २२
४	तेम्वा चुम्वेन्दे (शासन भगवान्)	१३२ × ८४
५	फाप चेरेसी (आर्य अवलोकितेश्वर)	१२० × ७०
६	ताम्र मूर्ति ( )	५९ × १८

घ्याङको भित्री भाग– ७.७७ × ५.४० मिटर
" बाहिरी भाग ९.२२ × ९ मिटर ।

माथिका मूर्तिहरू सुन पालिस एक, तामा, ढलौट, काठ,

माटाका छन् । यहाँका मूर्तिहरू पनि अरू घ्याङका जस्तै सुन्दर र कलात्मक छन् । स्थानीय प्रधानपञ्चज्यूका अनुसार यस घ्याङको निर्माण श्री ५ वडा महाराजाधिराज पृथ्वी-नारायण शाहले भोगगर्नु वीस वर्ष अगाडि भएको हो । अहिले सम्म यसमा पूजा आजाको परम्परा यथावत् चलि-आएको छ ।

माथि उल्लेख गरिएका घ्याङहरूका मूर्तिहरू सुन्दर छन्, भव्य छन् र औधि कलात्मक छन् । यस्तै गुम्वाका भित्ते चित्रहरू यस्तो चित्रकारिताको प्रमाण प्रस्तुत गर्छन् जहाँ बुद्ध र बौद्धधर्मको उदात्त आदर्श प्रतिविम्वित भएकोछ । त्यहाँको मूर्तिकला, चित्रकलाको व्याख्या गर्न सक्ने कलाविदले बुद्धको सिगो जीवनका साथ बौद्ध धर्म, कला संस्कृति र सभ्यताको वारेमा महान् आलोक चित्रित भएको पाउने छ । भव्य र विशाल मूर्तिहरूले मूर्तिकलाको सौंदर्य प्रदान गरेर भक्तजनहरूलाई आह्लादित गराउँछन् भने भित्तामा लेखि-एका सुन्दर आकर्षक चित्रहरूले दिदृक्षुहरूलाई मुग्ध पार्छन् । घ्याङका दर्शनाभिलाषी जनहरू कलात्मक मूर्तिहरूको अव-लोकनले आह्लादित मात्र हुँदैनन्, प्रत्येक रेखामा सीप अभिव्यक्त भएका चित्रहरू हेरेर मख्ख मात्र पर्दैनन् तर उनी-हरू मुग्धकण्ठले प्रशंसा गर्छन्– ती मूर्तिकार कालिगढहरू-को छाती फुकाएर लाखौं–लाख स्यावासी दिन्छन् । सफल तुलिका लिने महान् चित्रकारहरूको एउटा कला मर्मज्ञ कलाकारले मात्र कलाको पारख हृदयंगम गर्न सक्ने हुनाले स्थापत्यकला, वास्तुकला, मूर्तिकला, चित्रकला आदिको महत्त्वका विषयमा हामी वढी केही लेख्न सक्तैनौं ।

थुमनको टासी घ्याङको सर्वेक्षणपछि रसुवागढीको वाटो समाल्छौं । गढी पुग्नु केही अघि टिमूरेमा भताभुङ घ्याङ फेलापर्छ । यहाँबाट उत्तरापन्थ लिएपछि हामी त्यो ऐतिहासिक स्थल टेक्न पुग्छौं जहाँ विशाल किल्ला वाँधेर स्वाभिमानी वीर नेपाली सेनाहरूले देशको सार्वभौमिक अखण्डता प्रति आएको हाँक चकनाचूर पारेका थिए, वीरताको जवाफ दिएर शत्रुहरूलाई संग्रामस्थलबाट फर्कन विवश तुल्याएका थिए, विजयको अखण्डपताका फहराएर आफ्नो अस्तित्व वचाएका थिए । पुर्खाका वीरगाथा गाउँदै, कसैसंग नडग्ने महत्त्वाकांक्षा संग मीत लाउँदै यस अविस्म-रणीय ठाउँको संस्मरण गर्छौं–रसुवागढी ।

प्रधानमन्त्री जंगवहादुर राणाका पालामा नेपाल र भोटको युद्ध हुँदा रसुवागढीको निर्माण १९१२ वि. सं. मा भएको हो । यहाँ अहिलेसम्म पनि त्यो ऐतिहासिक गढी भग्न प्रायः रूपमा छँदैछ । केरूङ र लिन्डेखोलाको तीरमा वसेको रसुवा गढी दुईटा खोलाको घाँटी भए जस्तै प्राचीन-अर्वाचीन कालमा नेपाल उपत्यकाको निम्ति एउटा ठूलो व्यापारिक घाँटी थियो । नेपालबाट भोट र भोटबाट नेपालमा हुने व्यापारका निम्ति रसुवा गढी निकै महत्त्वपूर्ण थियो पहिले । हालसाल पनि केरूङ र नेपालका वीच व्या-पारिक आयात-निर्यात भैरहेको छ ।

रसुवागढी उत्तर–पूर्वबाट आएको लिन्डे र पश्चिम–उत्तरबाट आएको केरूङ खोलाको किनारामा रहेको छ । यहाँनेर केरूङ र लिन्डेखोला राजनैतिक सीमानाका रूपमा वनेका छन्– नेपाल र चीनको स्वशासित तिब्वती क्षेत्रका । दुवैको दोभान भने तिब्वती क्षेत्रमा पर्छ । यहाँ लिन्डे खोला-को पुल खतराजनक छ । हजारौं जनताको आवागमन र व्यापारिक आयात–निर्यातलाई ध्यानमा राख्ता काठका सामान्य फल्याकमात्र तेछर्याई वनाएको यो सांघु मजवूत साँघु तयार गर्नुपर्ने आवश्यकतामा हस्ताक्षर नगरिछाड्दैन । तीनतिर भयंकर पहराहरूले प्राकृतिक चम्का जोरेको भान-पर्ने रसुवा गढीमा एउटा प्रहरी र चेक पोष्ट र भन्सार कार्यालय छ । तामांगहरूका हुई चार ओटा घर छन् । नेपालको इतिहासमा महत्त्वपूर्ण ठाउँ ओगटने रसुवा गढी-को वर्तमान अवस्था यस्तो छः–

रसुवा गढीको किल्ला उत्तरबाट दक्षिणतर्फ फैलिएको छ । हामी यसको क्षेत्र जाँच पनि बसाईको आधारमा गर्छौं । उत्तरबाट दक्षिण गएको गढीको उत्तरी भाग ३.२४ मिटर भत्किएको छ । उत्तर तर्फ ९ मिटर भित्र तीन प्वाल छन् । उत्तरपट्टि रहेको दोस्रो ढोकादेखि अन्तिम ढोकासम्म ९.७७ मिटरको क्षेत्र लिन्डे खोलाले निलेको छ । यहाँबाट दक्षिणतर्फ वढ्दा ४२.१० मिटरको घेरामा २३ प्वाल छन् (एक-एक-वसेर-उठेर गोली हान्ने) जसको अन्तिम प्वाल भत्किसकेको छ । त्यसको क्षेत्र ७.३३ मिटर हो । भीरको ढोकाको उत्तरे पूर्वी भागको भीरतर्फको सम्पूर्ण किल्ला खतम भएको छ । यहाँ एक ठाउँ मात्र किल्लाको अस्तित्व जनाउने गाह्राको अवशेष वाँकी छ । भत्किसकेको भागबाट दक्षिण पट्टिरहेको ठुलो ढुंगा सम्म ७.३१ मिटरको गाह्रो छ । यहाँ माथिल्लो प्वालको क्षेत्रफल ६८ × ४५ से.मि. छ भने

तल्लो प्वालको ७७–५८ से.मी छ। ढुंगा दक्षिणको ५७ मिटर फैलिएको क्षेत्रमा२७-२७ प्वाल छन् । यो गाह्रो आएर प्रहरी चेक पोष्टमा ठचाम्मै ठोकिएको छ। 'प्रहरी चेक पोष्ट रसुवा' (रसुवा गढी चेक पोष्ट) को भवनमा ऐतिहासिक किल्लाको ९.१० मिटरको गाह्रो समावेश भएको छ । यसै किल्लाको गाह्रोलाई उत्तरी पाटी बनाएर प्रहरी चेक पोष्टको निर्माण गरिएको छ र दुईटा प्बाल प्रहरी चेकपोष्ट भवन भित्रै पर्छन् । प्रहरी चेकबाट लिन्डे खोला झर्ने याने तिब्बततिर जाने बाटाको चौडाई २.९३ मिटर र यहाँबाट दक्षिणको किल्ला १५.३४ मिटर फैलिएको छ । हामी १५.३४ मिटर-को ढुंगाद्वारा निर्मित विशाल गाह्रो भर्खरै देख्छौ भने लगत्तै ९ मिटर लिन्डे खोलाले स्वात्तै खाएको हेर्नु पर्दा रून मन लाग्छ । जुन ९ मिटरको भाग लिन्डेको भुंडीमा पसेको छ त्यहीं जगदम्वा भगवतीको राज भएको छ । यहाँको भगवती स्थान धरापमा छ र खोलामा खस्ने लागेको छ । भगवतीस्थानदेखि दक्षिण ६ मिटरको दुइटा प्वाल छन् । प्रहरी चेक पोष्टको दक्षिण र भगवती स्थानको पूर्वी भागमा चारैतिर ढुंगाको पर्खाल लगाई निर्माण गरिएको किल्ला छ जसको क्षेत्रफल हो– २७ × ५.५३ मिटर । यो किल्ला प्रथम किल्ला भन्दा केही अग्लोछ, माथिल्लो खण्ड-मा छ । यस किल्लाको पश्चिमी गाह्रोमा आकाशतर्फ उदांग परेका दुइटा निश्चित डोब छन् जहाँ तोपका नाल राखी हानिन्थ्यो होला । यसैको उत्तरी कुनाबाट भगवती स्थान झर्ने बाटो छ ।

यस किल्ला संगै जोरिएको पूर्वपट्टिको अलिक होचो भागमा ३५.८ × ९ मिटर लम्बाई–चौडाई भएको अर्को किल्ला छ जसको पश्चिमतर्फ १५ मिटर लिन्डे खोलाले खसालेको छ । यस किल्लामा पस्ने ढोका उत्तर दक्षिणमा एक एक छन् । लिन्डे खोलाले खाएको भाग भन्दा उत्तर पट्टिको पर्खालमा तोपका नाल राख्ने दुइटा स्थल छन् । सबभन्दा वढी चौडाई भएको ठाउँमा नाप्ता १२. २५ मिटरको हिसाव निस्कन्छ ।" यो त भयो रसुवा गढीको वर्तमान अवस्थाको विस्तृत विवरण । अव हामी यस गढीका अरू कुराहरूमा दृष्टिपात गरौं –

यहाँ हिन्दुहरूका पवित्र र आराध्य देवदेवीहरू पनि छन् । किल्लाको पूर्वपट्टि (वाहिरी भागमा) एउटा गणेश-स्थान छ भने पश्चिमी भागमा भगवती स्थान । यी दुवै स्थानमा शिलामय मूर्ति छन् । यसैगरि प्रहरी चेकपोष्ट भवनम टासिएको भीमसेनस्थान छ, जहाँ दुशासनलाई मार्दैरहेको मुद्राका महावली भीमसेनको पित्तले मूर्ति विराजमान छ । यी देवदेवीहरूका अतिरिक्त यहाँ भत्केर सखाप भएका, चार गाह्रो मात्र भएका समेत घरहरूको तथ्यांक लिने हो भने १५।१६ पुग्छ । यी घरहरूमा पनि पुराना र नयांको विभाजन गर्नु पर्ने स्थिति देखिन्छ । पुरा-नामा एउटा "घ्याङ घर" छ जहाँ लडाईका भेला अस्त्र, शस्त्र, खर-खजाना र हात हहियार राखिन्थे भने "क्वाटर-घर" मा सैनिक–अफिसरहरू वस्ने गर्थे । यो घर भत्कनै लागेको छ । पुराना घरहरू किल्लाका साथसाथै वनेका हुन् । "क्वाटर–घर" मा सिमेण्ट जमेका पुराना पुराना टिन-हरू थुप्रिएका छन् । यी ऐतिहासिक महत्त्वका घर भएकाले दुईचार अक्षर कोरिएको हो । अरू धेरै धराशायी भै सकेका छन् र हुँदै गएका छन् । जनताका घर भन्ने हो भने ३।४ मात्र देखिन्छन् यी पनि अस्थायी घर जस्ता प्रतीत हुन्छन् ।

यसै प्रसंगमा रसुवा गढीको ऐतिहासिकतालाई उज्ज्वल पार्ने शिलालेखहरू पनि हामीले विर्सनु हुँदैन । यहाँ संख्यामा दुइटै शिलालेख छन् तर महत्त्व र महिमाका दृष्टिले तिनी-हरू सूर्य–चन्द्रको रूप धारण गर्छन् । त्यस्मा पनि प्रथम शिलालेखलाई हामी सम्मान र स्वाभिमानकासाथ यसरी उतार्न थाल्छौं ।–

१ श्री नत्रा सेरषरी सिंहनाथ
२ श्री प्राईम मिनिष्टर
३ श्री साके १७७७ सम्वत् १९१२ साल
४ मा भोटसित लडाजि हुँदा १ साहेव
५ वाट रसुवा दो साँधमा आइ किल्ला वनाउनु
६ भनि मर्जिभै २ पल्टन र जेमदल कंप
७ नि लि लेफटेन्ट कर्णेल सव (न्ती?) राम षत्रिका
तज
८ विजले मैना २ दिन १३ मा रसुवाको कि
९ ल्ला सिध्यायाको हो यस्कील्लामा ज
१० स्ले येउटा ढुंगो झिकला झाडा पिसाप
११ गर्ला तेस्लाई पञ्चमहापातक लाग्ला
१२ चैत्र वदि ९ रोज १ शुभम्

माथिल्लो भागमा सूर्य–चन्द अंकित, किल्लामा ठडि-एको नेपालीको स्वाभिमान र अखण्डताको प्रतीक यस

शिलालेखको लम्बाई ८७ से.मि. र चौडाई ५८ से.मि. छ ।

यस्तै ६४ से.मि. लम्बाई र ४७ से.मि. चौडाई भएको सं १९१२ को शिलालेख संगै उभिएको अर्को शिलालेख पुरातात्विक दृष्टिले नगण्य भए पनि ऐतिहासिक महत्त्वलाई ख्याल गरी यहाँ समावेश गर्ने धृष्टता गरेका छौं –

१ श्री ५ महेन्द्र प्रभुको प्रतापमा नेपाल
२ चीन सीमा कमिटिको निर्णयबाट
३ श्री ले.क. पशुपति शमशेरको नेतृत्त्वमा
४ श्री ले. सचित समसेर से. अ. अर्जुन, व
५ हादुर से. अ. गुणनिधी न. अ. महेन्द्र प्र
६ साद अ. प्रेमविक्रम र सहयोगी मेजर
७ सोम बहादुरहरूबाट छुसुन्दो दे
८ खि याङरासम्म सर्भेगरी सी
९ माना कायम भयो वि. सं.
१० २०१७ साल पौष १९ गते

नेपालको इतिहासमा महत्त्वपूर्ण भूमिका निर्वाह गर्ने यस रसुवा गढीको जीर्णोद्धार-संरक्षण हुनु आवश्यक छ । यसपछि पालो आउँछ सानो किन्ताङको ।

सानो किन्ताङमा घ्याङ घरायसी भै सकेको छ । यस घ्याङका लामा पेमालामाले घ्याङमा सम्पूर्ण मूर्तिहरू भग्नावशेष घ्याङ नजीकैको आफ्नो घरमा राखी संरक्षण गरेकाछन् । यसका अनुयायीहरूको संख्या झण्डै ३००० होला । पूजाको लागी घरै पिच्छे ज्येष्ठ २ मंसीर महिनामा एक एक पाथी अन्न दिइन्छ । घ्याङ नभएका र लामाका घरमा सुरक्षित रहेका ढलोटका मूर्तिहरूको विवरण यस्तो छ:

१	फाप चेरेंसी (आर्य अवलोकितेश्वर)	११ × ५½
२	साक्या थुवा (शाक्यमुनि)	१३ × ५
३	" " "	८ × ४
४	फाप चेरेंसी (आर्य्य अवलोकितेश्वर	१९ × १२
५	गुरु रेम्बोर्छे (गुरु पद्मसंभव)	२३ × १३
६	फाप चेरेंसी (आर्य अवलोकितेश्वर)	१९ × ११
७	" " (")	१६ × १२

हाम्रो अनुसन्धानको प्रसंगमा सानो किन्ताङ घ्याङ घ्याङहरूमा काम्छो हुन पुग्छ । यताबाट हामी सती देवी गाउँ पञ्चायत पर्छौं ।

सतीदेवी गाउँमा एउटा सती देवीको काठको मूर्ति छ भने अर्को क्यामरा मोर्छे भन्ने काष्ठ मूर्ति पनि छ । पछिल्लो मूर्ति केही प्राचीन जस्तो लाग्छ । यहाँको जनश्रुति अनुसार यो मूर्ति घले राजा याङ्वो घलेका पालाको हो । याङ्वो घले भन्नासाथ हामीलाई उनको दरबारको भग्नावशेष हेर्ने रहर लाग्छ । हामी खनायावासबाट सानो आर्चेत पार गर्दै ठुलो आर्चेत गाउँ पुग्छौं ।

ठुलो आर्चेत गाउँ पञ्चायतको माथिल्लो भागमा गुम्बोजुङ भन्ने ठाउँ छ । यो स्थल जंगलमय भैसकेको छ । यहां धेरै पहिले ठूलो घर अथवा कुनै राजाको दरबार भव्य सुहाउने खालको एउटा भग्नावशेष छ जसलाई यस क्षेत्रका वासिन्दाहरू "घले राजाको दरबार" भन्ने गर्छन् । स्थानीय बूढापाकाहरूको किम्वदन्ती अनुसार यहाँ घलेराजा याङ्वो घले राज्य गर्दथे । श्री ५ बडा महाराजाधिराज पृथ्वीनारायण शाहको राज्य एकीकरणको महान् अभियानको समयमा टिक्न नसकेर घले राजवंशका अन्तिम राजा याङ्वो घले यहाँबाट भागे । तर यो अनुश्रुति कुनै ऐतिहासिक प्रमाणबाट पुष्टि हुन सकेको छैन । सतीदेवी गाउँका हुङदोर्जे लामासंग घलेराजाहरूको वंशावली छ भन्ने सुनेर उनी कहाँ खोजी गर्दा वंशावली फेला पार्न सकिएन । घले राजवंशको वंशावली नपाउँदा प्रादुर्भूत भएको नैराश्यलाई उनी लामाका घरमा सुरक्षित रहेको छिच्छवीकालिन केही दुर्लभ मुद्राहरूको दर्शनले परास्त गर्छ । हामीले फेला पारेका मुद्राहरू नेपालको इतिहासमा "स्वर्ण युग" को सम्मान लुट्ने लिच्छवी कालका राजा अंशुवर्माको राज्यकालका छन् । यी लिच्छवी समयका दुर्लभ मुद्राहरूमा "अंशुवर्मा" र "भोगिनी" भन्ने अक्षर अंकित छन् । हुङदोर्जे लामाले राजा अशुवर्माका चार-पांच थान मुद्राहरू दिएर महान् उदारता देखाएका छन् । यसको निम्ति हामी हुङदोर्जे प्रति आभारी छौं नभनेर कञ्जूस बन्न चाहँदैनौं । दाताका अनुसार यी दुर्लभ मुद्राहरू घले राजाको भग्नावशेष दरबार नजिकै गएको पैरोमा पाइएका हुन् । त्यस पैरोमा यदाकदा यस किसिमका सिक्काहरू भेट्टाइदैं छन् । गुम्बोजुङ जस्तो विकट र दुर्गम स्थलमा एकै ठाउँमा थुप्रै लिच्छवीकालीन मुद्राहरू भेट्टाइनुबाट हामी के अडकल काट्छौं भने त्यति टाढा र दुर्गम्य स्थलमा पनि राजा अंशुवर्माको आधिपत्य

राज्य संग जमेको रहेछ । घले राजाको दरबारको भग्नावशेषको अवलोकन र अंशुवर्माका मुद्राहरूको संकलन गरेपछि रसुवा जिल्लाले हाम्रो विदाई गर्छ एकातिर भने अर्कातिर धादिङ उत्सुकताकासाथ नयाँ सम्बन्ध जोर्न थाल्छ ।

धादिङका उपलब्धिहरू

धादिङ जिल्ला पसेपछि सर्वप्रथम हामी निगालपानी ज्वालामुखीमाईको दर्शन गर्न जान्छौ । यहाँका मठ-मन्दिरतल लेखिएका अनुसार छन् ।

निगालपानीकोट:– ३.३८ × ३.३८ मिटरको क्षेत्रफलभित्र मन्दिर छ । चैते दशैं र वडा दशैंको अष्टमी र नवमीमा जात्रा लाग्ने यो कोटमा दशैंमा रांगा, बोका, सुंगुर, कुखुराहरू भोग दिइन्छ-देवीलाई । देवीको मूर्ति शिलामय छ र पूजाआजाको लागि सरकारी गूठको व्यवस्था छ ।

ज्वालामुखी माई:– ज्वालामुखी माईको पुरानो मूर्ति चोरिएपछि अर्को स्थापना गरिएको छ । शिलरूप माईको मूर्तिका वरिपरि उनका गण छन् । ती कुनै अंगप्रत्यंग अर्थात् मूर्ति नै छन् त कुनै शिला । अग्लो थुम्कोमा अवस्थित यस मन्दिरको भित्री भाग १.९५ × १.८४ मिटर छ भने बाहिरी घेरा ३.४७ × ३.४७ मिटरको ।

पूजा र गूठ:– माईका पुजारीवंश परंपरागत रूपमा बाँडाहरू हुन्छन् । पूजा विहान-बेलुका अटूट हुन्छ । पूजारी र दमाई (बाजे) हरूका निम्ति सरकारी गूठको राम्रो प्रबन्ध छ । वर्सेनी धान्य पूर्णिमाका दिन विशेष पूजा गर्ने प्रथा हालसम्म छँदैछ ।

ज्वालामुखी माई सम्बन्धी लालमोहर घण्टाभिलेख र ताम्रपत्रहरू तल सारिए बमोजिम छन् –

ज्वालामुखी माईको नित्यपूजाको व्यवस्थाकालागि भएको लालमोहर–

१८४९ साल वैशाष सुदी १५ रोज

"आगे नीगालपानीका श्री ज्वालामुखी देवीलाई अघीका उभ्राउले पानी मुणी माथिका बेहोरोनु समेत मुरी । २० गुठी खेत वहाको रहेछ । तसमाथि आसी खोला पारी साङकोसेले वीरायेको वेहोरौटको मुरी । २० समेत जम्मा मुरी । ४० खेत हठी आफ्नी खोलो सावारी भित्रमा पुरूवेसी ३ जन्याको उनारी समेत मुरी गरी चढाएको तस्को पुजाहारी वैद देवधरज वाडालाई बकस नीत्यैनैनीले पूजा गर्नु तसको सेखि वाहीरह पाको गुठी भोगगरे"

यो लालमोहर वैद्य धनराज वाँडालाई श्री ५ महाराजाधिराज रणवहादुर शाहबाट वक्सेको हो । वि. सं. १८५७ मा दैवज्ञ केशरीले चढाएको घण्टको घण्टाभिषेक–

श्री मुनिबाणाष्ट विधुभिर्म्मिते विक्रमबत्सरे ।
ज्वालामुखी प्रीतिहेतो पुण्ये दशहरा तिथौ ।। १
स्तम्भद्वयाद्वारशोभां शृंखलां कुटलम्बिनीम् ।
समर्पयेदिमां घण्टां द्विजो दैवज्ञ केशरी ।। २
शुभमस्तु ।। धानि ३२ सेर १ ।। तोला ।। ४ ।।

चीफ कर्नेल गंगा वहादुरले सिंह चढाई समर्पण गर्दाको ताम्रपत्र यो भाकाको छ–

ज्वालामायिको

श्री मद्गंगा वहादुर इति सुकृतिना चीफ कर्णेल नाम्ना
मासेस्मिन्विक्रमाऽब्दे रसवसुनव भू (१९८६) सम्मिते
ह्याश्विनेद्धा
भक्त्यासिहोन्यवेदि त्रिभुवन नमिते ज्वालिके प्रीतयेते
भक्तं दीनं वरेप्सुं चरण शरणगं पाहिमातर्नमस्ते ।।१।,
चीफ कर्णेल भनी वडा भगत श्री गङ्गावहादुरले ।
उण्डैस्सौं र छयासि सम्वत् महां अर्पण गरें प्रीतिले
हे ज्वालामुखी मायि यो हजुरका सिहै चरणमा रहोस्
वर इच्छा गरी भक्त छू चरणमा रक्षा सदा गर्नु होस् ।।२।,

ज्वालादेवी:– मन्दिरको परिधि ३.१५ × २.३४ मिटरको भएको यस ठाउँमा पूजा गर्दा खडेरी पन्यो भने पनि पानी पर्छरे । पूजा र गुठीको हकमा ज्वालामुखीको र यहाँको एउटै छ ।

गोलादेवी:– भञ्ज्याङमै रहेको गोलढुंगालाई गोलादेवी भनी पूजा गरिछ ।

यसरी निगालपानीमा रहेका देवालयहरूको अन्वेषण

सम्पन्न भएपछि हाम्रा पाईला त्यस महान् स्थलमा गएर रोकिन्छन् जुन स्थलमा राष्ट्रनिर्माता श्री ५ वडा महाराजाधिराज पृथ्वीनारायण शाहको शुभ ब्रतवन्ध भएको थियो। ऐतिहासिक दृष्टिले गरिमामय र पुरातात्त्विक दृष्टिले महत्त्वपूर्ण त्यस ठाउँको नाउँ हो–मैधी। मैधीका प्राप्तहरू यस प्रकार छन्:

(१) मैधी भीमसेन स्थानस्थित सं. १८५४ को शिलालेख

१– श्री गणेशायनमः ।। सिंदुरारूणकांति वि
२– न्दु वदनं केयूर वृदादिभिर्दिव्यैरा भरणैर्वि भू
३– षिततनुं स्वर्गस्य सौख्यप्रदम् अंभोजा म
४– यं शक्ति कुक्कुटधरं रक्तांगरागांशुकं सु
५– ब्रह्मण्यमुपत्स्महे प्रणमतां भीति प्र
६– णाशोधतम् ।।१।। यातेंकैक धनेशके मधुमिते
७– मिते मेषे गतेर्के तिथौ द्वादश्यां सुरसेवितं सुवरदं
८– श्री भीमसेन सुरम् ।। सेवे कौसिकलारणे रणव
९– हादुरा धिषे सूर धीः सन्यासं कृत वान्विधाय
१०– च गृहं श्री रूद्रसिंह सुधी ।।२।। अठ्ठार सय चौव
११– न्न गयौ श्री विक्रम नृप सहकाल।। चैत्र शुक्ल द्वाद
१२– शी रह्यो भीमसेन स्थान ।।१।। रणवहादुर म
१३– हाराज मनीजहर सिंको द्वारपाल ।। कौशिक गोत्र मौं उत्प
१४– न्न शुकदेव जहेरसिंह अवतार ।।२।। श्री शाके १७१९ संत् १८
१५– ५४ साल गये महाचक्र सिङ बस्न्यात जेठा बुढा थिया शुभम् ।।

(२) कोट, भैरवी

मैधी कोटमा भैरवीको मन्दिर छ। यस मन्दिरमा अष्ट भुजा भैरवीको सुन्दर मूर्ति छ–ढुंगामा कुंदिएको। ३० × २१ से.मी. उक्त मूर्तिको पाद पृष्ठ र वरिपरि अरू देवीहरूका मूर्ति छन्। दुई तले छत्र शैलीको मन्दिरको जीर्णोद्धार र केही वर्ष अघि गरिएको भएपनि तल्लो छाना छाउन बाँकी-नै छ, ढुंगा राख्न बाँकी नै छ।

पूजा र गूठः– कोट भैरवीको विहान-बेलुका नित्य पूजा गरिन्छ। यहाँ वडा दशैं र चैतेदशैंमा सरकारी तवरबाट विशेष पूजा हुन्छ। यी दुवै दशैंमा काटिने रांगा, बोका, भेंडा, कुखुरा आदि भोग्य जन्तु र पूजाआजाको सरसामान लिएर बाजा–गाजा सहित दमाईहरू अधिलाई पुरोहित–चौतरियाहरू पछि लागि गोरखा चलाएको अभिनय गर्दै केही पर पुगी घुमाउरो बाटोबाट फर्काई कोट–भैरवी लगी कोटकै मौलोमा भोगदिने चलन छ। यसका अतिरिक्त यहां पञ्चवलि पनि हुन्छ। पूजा संक्षिप्त रूपमा गोरखाको जस्तै गरिन्छ। कोट भैरवीका पुजारी मगर छन्। पुरोहितहरू भने अर्ज्याल ब्राह्मण।

श्री ५ महाराजाधिराज सरकारबाट पूजाको सुप्रवन्धका लागि गूठको उचित व्यवस्था गरिवक्सेको छ। गूठको जग्गा कमोत गर्ने मोहीले हरसाल ८४ चौरासी मुरी धान दिने व्यवस्था गरिएको छ। यहाँका सम्पूर्ण गूठको तैनाथ चौतरीया श्री प्रेमजङ्ग शाहबाट हुन्छ। पुजारी, पुरोहित र दमाईहरूलाई दिएर बचेको आयस्ताले मन्दिरको संरक्षण जीर्णोद्धार गरिन्छ भन्ने चौतरियाको भनाई छ।

फूलवारीः– भैरवीको पूजाका निमित्त मन्दिरको पूर्व-पश्चिम दुवैपट्टि फूलवारीको राम्रो प्रवन्ध गरिएको थियो तर १५–२० वर्ष यता त्यहाँ आवाद गरि निजी जग्गा वनाइएको छ, बगैंचाको अस्तित्व समाप्त गरिएको छ।

शिवालयः– पहिले फूलवारी रहेको र अहिले व्यक्तिगत जग्गाका रूपमा परिणत भएको मन्दिर पूर्वपट्टिको वारीमा एक प्राचीन शिवालय छ। उदांग आकाश देखिने ढुंगे गाह्राको लम्वाई एक मिटर र चोडाई ७७ से. मिटर छ।

यसका अतिरिक्त यस मैधी गाउँमा अरू तीन महत्त्वपूर्ण कुरा पनि भएका छन् जसले गर्दा मैधीलाई महिमाशाली तुल्याएको छ। हामी जुन तीनवटा गौरवयुक्त प्राप्तिको चर्चा गर्ने थालेका छौं तिनीहरूको स्थान निर्णय चौ. प्रेमजङ्ग र डोरजङ्ग शाहहरूको अनुभव र अनुमानमा आधारित छ। उहाँहरूको अनुसार मैधीकोटमा दलुशाहको दरवार थियो, यसै दरवारमा श्री ५ वडा महाराजाधिराजको ब्रतवन्ध भएको थियो र कोट भैरवीमा रहेको पुरानो तामाको सुरो श्री ५ वडा महाराजाधिराजको ब्रतबन्धमा प्रयोग गरिएको थियो। यी ऐतिहासिक महत्त्वका तीनै चीजहरूको केही उल्लेख गर्नु प्रासंगिक नै हुनेछ।

(१) दलुशाहको दरवार

गोरखामा युवराज वीरभद्र शाहको स्वर्ग भएपछि राज्यको उत्तराधिकारीमा खिचोला मच्चिएको थियो। राजा पृथ्वीपति शाहका छोराहरू दलुशाह र उद्योतशाह गोरखाको राजा हुने प्रयत्न हुने गर्दथे तर युवराज वीरभद्र शाहका छोरा नरभूपाल शाहको घोषणा भएपछि दलु र उद्योत शाह गोरखावाट निकालिएका हुँदा मैधीमा आएर (वस्न थाले) यिनै दलुशाहको दरवार हाल मैधी कोटमा थियो भनिन्छ। अहिले कायम रहेको कोट भैरवीको मन्दिर दलुशाहको दरवारभित्रै पर्छ।

स्थानीय चौतरीयाहरूका अनुसार अहिलेको मैधी कोटमै दलुशाहको दरवार थियो। ठुलो भुईंघर थियो, गोलाकार थियो ढुंगाको गाह्रो खरको छाना भएको त्यो दरवार जन्मवृक्षको एउटा खाँवो कायम गरि निर्माण गरिएको थियो। अर्थात् एउटा सालको रूख नढालिकनै त्यसलाई मूल थाम तुल्याइएको त्यो दरबारको पूर्व, पश्चिम र उत्तरपट्टि एकएक प्रवेशद्वार थिए। प्रत्यक्ष दर्शीहरूका अनुसार दरबार ठुलो थियो, थुप्रै कोठा थिए। भगवती भैरवीको स्थान एउटा कोठामैं थियो। भैरवी रहेको कोठामा एउटा ऊयाल पनि देखेको कुरा स्थानीय बूढा-पाका बताउँछन्। तर भुईंतले दरवारमा अरू कुनै मालसामान वा चीजबीज भने कसैले देखेका छैनन्। गाउँलेहरू यसको संरक्षण गर्दै थिए, छाउने काम गर्दै थिए तर दरबार विस्तारै भत्कन थाल्यो। दरवारको घुमाउरो छाना मन्दिराकार, गजूराकार थियो। सुरक्षाकै अभावमा सं २००६ सालतिर त्यो दरबार भताभुंग भयो। अनि सरकारी सहयोगले कौट भैरवीको मन्दिर वनाइयो। त्यो पनि नाशिएपछि गाउँलेहरूले जीर्णोद्धार गरेर वर्तमान मन्दिरको रुप दिएका छन्।

यो दरबार दलुशाहको दरवार हो भने यहांको कोट भैरवी दलुशाहको इष्टदेवी हुनु धेरै संभाव्य हुन जान्छ। दलुशाहको दरबारको डायमिटर २५ मिटर छ। कोटमा एउटा ढुंगाको डुँड छ जसको आकार १६१×५२ से. मिटर छ।

कोटबाट निकै तल पर्ने वैष्णवीस्थानको आसपासमा देखिने ईटहरूको प्राचीनताले त्यस क्षेत्रमा पनि प्राचीन दरबार हुन सक्ने भग्नावशेषको संकेत नदिने होइनन्।

(२) श्री ५ वडा महाराजाधिराजको व्रतवन्ध

चौतरीयाद्वयका अनुसार विशाल नेपाल राज्यका एकीकर्ता श्री ५ वडा महाराजाधिराज पृथ्वीनारायण शाहको शुभ व्रतवन्ध मैधीकोटस्थित दलुशाहकै दरवारमा सम्पन्न भएको थियो। पृथ्वी नारायण शाहको व्रतवन्ध दरवारमै हुनु औचित्यको कुरा हो।

तर यहाँका कुनै कुनै वासिन्दा भने वतासे र सात दोवाटोको बीचमा पर्ने मजकोट चैनपुर भन्ने ठाउँको एक चौतारीमा राष्ट्रनिर्माताको व्रतवन्ध भएको कुरा वताउँछन्। यस चौतारीको समीपमै वैष्णवीको स्थान छ र मन्दिरको वरिपरि पुराना ईंटहरू पाइन्छन्। यही दलुशाहको दरवार भएको भए यस चौतारोमा हुन पनि असंभव छैन।

(३) ऐतिहासिक सुरोः—

मैधीकोटमा तामाको एउटा ऐतिहासिक सुरो पाइएको छ। यो एउटा तामाको सुरोमात्रै नभएर नेपाली इतिहासको ओजस्वी प्रतापी पुरुषसंग सम्बन्ध जोर्न पुग्छ। लम्वाई ३२ से.मी. मोटाई १.८ से.मि. र चार पाटे सुरोको पुरै मोटाइको घेरा ६ से. मि. छ। भनिन्छ यो सुरो श्री ५ वडा महाराजाधिराज सरकारको व्रतवन्धमा प्रयोग गरिएको थियो। राष्ट्रनिर्माता श्री ५ वडा महाराजाधिराज पृथ्वीनारायणशाहको व्रतवन्धमा प्रयुक्त तामाको सुरो परापूर्वकालदेखिनै मूल पूरोहित (मैधीकोट भैरवीका) कहाँ सुरक्षित हुँदै आएको छ। मैधीकोट भैरवीमा सम्पन्न हुने चैते र वडा दसैंमा मात्र प्रयोगमा ल्याइने यो सुरोको अरू गाउँलेहरूका यज्ञ यागादिमा प्रयोग हुन सक्तैन। यस ऐतिहासिक सुरोको काम वर्षको दुइपल्ट मात्र पर्छ। यो चलन कहिले देखि चलेको हो एकीन गर्न सकिदैन। तापनि विशाल नेपाल राष्ट्रको निर्माताको जीवनको महत्त्वपूर्ण कर्मसंग सम्वन्धित हुनाले यसको महत्ता र गरिमाको उँचाई कति छ भनेर नापी रहनु भन्दा नेपालको इतिहासका लागि यसको उपलब्धि औधि हर्षको सिद्ध हुन्छ भन्नु नै वीर

पुरुषको गाथा र वीरताको प्रशंसा गरेको ठहरिने छ। आयन्दा लेखिने नेपाली इतिहासका पानाको निम्ति यो ऐतिहासिक सुरो एउटा नवीनतम सामग्री हुनेछ भन्ने कुरामा हामी विश्वस्त छौं।

मैधीमा प्राप्त ऐतिहासिक पत्रहरू तल लेखिए बमोजिम छन्:

१– सं. १८६६ को ताम्रपत्र
२– सं. १९३० जंगबहादुरको रुक्का
३– सं १९३१ को " "
४– सं. १९३१ को पत्र
५– सं. १९५५ को पत्या विषयक पत्र

यस क्षेत्रको काम सकिएपछि हामी धादिङकोट पुग्छौं।

कोट भैरवी:– धादिङ कोटमा रहेको कोट भैरवीमा सरकारी गुठी पनि छ जसको आमदानीबाट कोट भैरवीको नित्य पूजा हुन्छ सांझ–बिहान। भरखरै जीर्णोद्धार भएको मन्दिरको भित्री भाग १८० × १८० से. मिटर छ भने बाहिरी २८५ × २८० से. मि.।

गणेशस्थान:– कोट भैरवी देखि अलि तल गणेशस्थान विद्यमान छ। यहाँ शिलामय गणेश छन्।

भीमसेन स्थान:– गणेशस्थान भन्दा केही तलको मन्दिरमा भीमसेनको मूर्ति छ। यी सबै ठाउँ वा मन्दिरमा नित्य पूजा गरिन्छ सरकारी गूठबाट।

कर्णेश्वर महादेव (सुनौला बजार):– ठूलो पीपलको फेदमा अवस्थित कर्णेश्वर महादेवको लिंग निकै प्राचीन छ भन्ने कुरा गर्छन् स्थानीय वासिन्दाहरू। सरकारी गूठमा पूजा हुन्छ। यस शिवालयका वरिपरि पुरातात्त्विक भग्नावशेषका केही आधारभूत सामग्रीहरू फेलापर्छन्। भनिन्छ यहाँ मल्लकालमा कुनै सैन्य शिविर (सेनाभवन) थियो। स्थानीय बूढापाकाको किम्वन्दन्ती अनुसार यहाँ काजी भीममल्लले एउटा गढी बनाएका थिए।

यहाँका गल्ली र बारिभरि छचास्छचास्ती पाइने ईंटाहरू प्राचीन अवशेषको इशारा दिन्छन्। गाउँलेहरूको मद्दतमा हामीले खन्दा माटामुनि भासिएको ईंटाको एउटा गाह्रो फेला पऱ्यो जसको ८१ मी.मी. छ। त्यहाँ लगाइएका ईंटाको लम्बाई २४ मी. मी. र मोटाई ६ मी. मी छ। प्राप्त भग्नावशेष गाह्राको स्वरूप हेर्दा पहिले निर्मित यो गढी हुनुपर्छ र गढी गोलाकार हुनुपर्छ भन्ने अडकल काट्न सकिन्छ। साथै के पनि हुन संभव छ भने यस गढी भित्रै गोकर्णेश्वर महादेवको स्थापना गरिएको थियो।

यस्तै भैरबीस्थानको आसपासमा पनि पुराना पुराना ईंटाहरू पाइन्छन्। छाँटले यो माथिल्लो गढी र कर्णेश्वरको तल्लो अथवा भित्री गढी हुँदो हो।

फेरी नेवारपानीमै "मल्लको पोखरी" भन्छन् तर पानी छैन। कर्णेश्वर नेवारपानी भन्ने ठाउँमा पर्छ–सुनौला बजार आदर्श गा. पं. को। यस गा. प. को एउटा वडाको नाउँ भीमस्वाँरा (नेवारी भाषाको "भीम सोल" को अपभ्रंश हो र अर्कोको रानीस्वांरा ("रानी सोल" को अपभ्रंश हो) छ। यसरी काजी भीममल्ल र उनकी रानीले हेरेको हुंदा यिनीहरू कै हेराईवाट यी नाम रहेका हुन् भन्ने यहाँका वृद्ध जनहरूको भनाई छ। अरू कुरा जे सुकै भए पनि यस क्षेत्रको पुरातात्विक उत्खनन हुन सके यहाँ पुरातात्विक र ऐतिहासिक वस्तुहरू फेला पर्ने थिए कि भन्ने बलियो धारणाले हामीलाई कुत्कुत्याएको छ। यस जिज्ञासाको पिपासा पुरातात्विक उन्खननपछि नै भेटिएला।

धादिङ जिल्लाका प्रसिद्ध देवदेवीहरूमा सल्यानकोटका देवी साक्षात् मानिएको छ। धार्मिक र ऐतिहासिक दृष्टिले प्रसिद्धिको चुचुरोमा पुगिसकेकी सल्यानकोटकी देवीका सम्बन्धमा हामीले विशेष केही लेखिरहनु पर्दैन। जुन देवीको दिव्य वरदान श्री ५ वडा महाराजाधिराज पृथ्वीनारायण शाहलाई मिलेको थियो। यस्तै प्राकृतिक र चमत्कारिक दृष्टिले अति महत्त्वपूर्ण गुफा सुनौला बजारबाट करीव आधा घण्टा समयको दूरीको मूलावारी नेर रहेको छ। यस रहस्यमय गुफाको दर्शन हामी यस प्रकार गर्छौं।

मूलावारीको शिरानको पाखोमा एउटा बाह्यरूपमा नपत्याईंदो औंडार छ तर भित्र गएपछि अपत्यारका

भावनाहरू चकनाचूर भएर जान्छन् । यहाँ गुप्तेश्वर महादेव छन् । स्थानीय जनताहरू गुप्तेश्वरी पनि भन्ने गर्छन् ।

प्राकृतिक सौन्दर्य युक्त यो गुफा एउटै ढुंगाले बनेको भान हुन्छ । यहाँ पहरामै विभिन्न किसिमका ढुंगाका चिप्ला चिप्ला फाल्साहरू नैसर्गिक चमत्कारको जादूगरी छरिरहेका छन् । संपूर्ण ओढारको दृश्यावलोकन गर्दा प्राकृतिक वनावटले मुग्ध तुल्याइ हाल्छ ।

गुफा सामान्यतः दुई भागमा विभाजित छ । प्रथम भाग ठुलो, सुन्दर र कलात्मक छ भने द्वितीय भाग सानो अंध्यारो र विचरणका हिसावले कष्ट-साध्य छ । मूलद्वारबाट प्रवेश गरेपछि शिवजीको मूर्तिरहेको ठाउँ पुगिन्छ । महादेव प्रथम भागमै छन् । द्वितीय भागको द्वार सानो छ । सुतेर लम्पसार परेर मात्र निस्कन सकिन्छ । वर्णन सुगमताका दृष्टिले भागद्वयको कल्पना गरिए पनि मूलद्वारलाई प्रवेशद्वार र अर्कोलाई निर्यातद्वारका रूपमा लिन नसकिने होइन । तर यो वाध्यता छैन एउटाबाट पसी अर्को-बाट निक्लनै परोस् । केही जिज्ञासु र अनुसन्धित्सुहरू मात्र यसो गर्दा हुन् । सर्वसाधारण जनताहरू मूलद्वारलाई दुवैको काममा ल्याउँछन् । हामी प्रकृति-को कलाकारितामा रंगमंगिदै गुफा र मूर्तिको नाप-जाँच गर्न तम्सछौं ।

गुफा (प्रथम कक्षको) डायमिटर १६.७५ छ भने द्वितीय कक्षको १२ डायमिटर छ । मूलद्वारदेखि मूर्तिसंमको ११.१० डायमिटर छ त गुफाको उचाई सबभन्दा अग्लो ठाउँको अन्दाजी ३० फुट जति छ । यसैगरी मूर्तिको उचाई ५० से. मि, टुप्पाको गोलाई ३२ से. मि. र फेदको गोलाई ८७ से. मि को रूपमा फैलिएको छ । शिवको लिंगदेखि माथिबाट पहराको एउटा फाल्सो खसेको छ जसलाई स्थानीय धारणा अनुसार गाईको थून भनिन्छ । यस वीचको दूरी (मूर्तिको टुप्पादेखि थुनसम्मको) ७. ५. मि. मी. छ ।

यहाँ पहरामा पहरैबाट वनेका गह्रा गह्रा छन् जसलाई शिवजीको खेत भन्ने चलन छ । पहरैमा झुण्डिएको पहराकै कोट जस्तो चीजलाई शिवजीको कोट भनिन्छ । शिवलिङ्ग भएको ठाउँको पहरो रसाएको छ र गाइको थूनबाट कमेरे पानीका थोपा तप्पतप्प शिवलिङ्ग माथि खसिरहन्छन्–यसलाई गाईको दूध धारा खसेको भन्दछन् स्थानीय वासिन्दा-हरू । सहायक द्वारदेखि मूलद्वार सम्मको वाहिरी भागको दूरी १८.२६ मिटर छ । यो गुफा हामीले देखेका आश्चर्यजनक गुफाहरूमा दोस्रो हो । खोटाङ्ग जिल्लाको हलेंसी भन्ने ठाउँमा अवस्थित हलेश्वर महादेव विराजमान भएको गुफा प्राकृतिक कलात्मक चमत्कारका दृष्टिले पहिलो हुन सक्छ ।

प्राकृतिक सौन्दर्यका हिसावले असाध्य राम्रो र आश्चर्यकारक भएपनि यस गुफामा विराजमान शिवलिंगको दैनिक पूजा आजा चलेको देखिदैन । न धूजाका लागि कुनै किसिमको गुठको व्यवस्था न त कसैले सेवाको भावले नित्य पूजा गर्ने गरेको नै छ । शिवरात्री र तीजमा निकै ठुला मेला लाग्छ । यस वेला शिवजीको पूजा पनि भक्तिभावले निकै धूमधामसंग सम्पन्न हुन्छ ।

धादिङमा उपलब्ध ऐतिहासिक कागजातहरू यस प्रकार छन्:–

१ सं. १८६३ को श्री मन्महाराजाधिराजको रूक्का

२ सं. १८७९ को भीमसेन थापाको पत्र

३ सं. १८८१ श्री मन्महाराजाधिराजको रूक्का

४ सं. १८९९ को श्री मन्महाराजाधिराजको रूक्का

यस प्रतिवेदनमा उल्लेख गरिएका ऐतिहासिक कागजातहरू चित्रप्रतिलिपिका रूपमा संग्रहित भएका छन् । तीस दिने अनुसन्धान भ्रमणमा उपलब्ध भएका धार्मिक, ऐतिहासिक, र पुरातात्त्विक सामग्रीहरूको इतिवृत्त प्रतिवेदनमा समावेश गरिएको छ ।

देवी प्रसाद लम्साल
वलराम चित्रकार
राधेश्याम भट्टराई

प्राचीन डोटी राज्यको राजनैतिक तथा सांस्कृतिक इतिहास

लेखक—विश्वनाथ भट्टराई
पुरातत्त्व विभाग

सुदूर पश्चिमाञ्चल विकास क्षेत्र

नेपाल अधिराज्यका चार विकास क्षेत्र मध्ये एक महत्त्वपूर्ण विकास क्षेत्र सुदूर पश्चिमाञ्चल विकास क्षेत्र हो । सुदूर पश्चिमाञ्चल विकास क्षेत्र– यस समस्त शब्दबाटै यस विकास क्षेत्रको वास्तविक स्वरूप र स्थितिको अनुमान गर्न सकिन्छ ता पनि भौगोलिक विविधता, सामाजिक विषमता, आर्थिक विषमता, जाति एवं भाषागत असन्तुलनता आदि अनेकौं वैविध्यताबाट परिभाषित गर्न सकिने यस विकास क्षेत्रलाई सामान्यतया उच्च हिमाली प्रदेश, पर्वतीय भूमि, भित्री मध्येश र तराइ प्रदेश गरी चार भागमा बाँड्न सकिन्छ । नदी, नाला, खोला, पाखा, पखेरा, छहरा, पहरा, नागबेली गोरेटा, वस्ती बगर, खाल्डा, खोंच, वन, उपवन, ताल, पोखरी आदि अनेकन प्राकृतिक संपदाले सुशोभित एवं खनिज संपदाले परिपोषित यस विकास क्षेत्रको केन्द्रविन्दु सुर्खेत हो ।

यस विकास क्षेत्रभित्र रापती, कर्णाली, भेरी, सेती र महाकाली अञ्चलहरू पर्दछन् । यस विकास क्षेत्रको क्षेत्रफल नेपाल अधिराज्यको क्षेत्रफलको २६.२ प्रतिशत छ (१) । यस विकास क्षेत्रको पूर्वमा पश्चिमाञ्चल विकास क्षेत्र, पश्चिम र दक्षिणमा भारतको उत्तर प्रदेश र उत्तरमा जनवादी गणतन्त्र चीनको तिब्बत क्षेत्र पर्दछन् । भौगोलिक दृष्टिबाट यस विकास क्षेत्रको अवस्थिति २७°४०' देखि ३०°२६' उत्तरी अक्षांशमा र ८०°३' देखि ८७°३' पूर्वी देशान्तरको बीचमा पर्दछ (२) ।

अधिराज्यका अन्य विकास क्षेत्रहरू भन्दा यो क्षेत्र आर्थिक, सामाजिक एवं राजनैतिक दृष्टिबाट पिछडिएको भए पनि पुरातात्विक तथा सांस्कृतिक महिमामय गरिमाहरूले भरपूर छ ।

प्राचीन डोटी राज्य

यस राज्यको प्राचीन ऐतिहासिक रूपरेखाबारे पुरातात्विक, सांस्कृतिक एवं राजनैतिक स्थितिको सम्यक् अध्ययन अनुसन्धान नभएसम्म ठोस रूपमा केही भन्न सकिन्न । तर पनि आज सम्म प्रकाशित केही ऐतिहासिक पानाहरूले प्राचीन कालमा यो राज्य पाल एवं मल्लहरूको अधीनस्थ क्षेत्र भएको कुराको संकेत गरेका छन् । यी खसिया मल्ल राजाहरूले ईशाको दशौं शतीदेखि ईसाको चौधौं शतीको उत्तरार्धसम्म पश्चिम नेपालको एक वृहत् क्षेत्र भित्र शासन गरेका थिए । यिनीहरूको राज्य क्षेत्र पूर्वमा त्रिशूली गण्डकीदेखि, पश्चिममा गढवाल संम र उत्तरमा ताक्लाकोटदेखि दक्षिणमा तराइ सम्म फैलिएको थियो । यी मल्लराजाहरूको राजधानी सिजा

१ मेची—महाकाली — भाग ४ पृष्ठ १ । २ ऐजन — भाग ४ पृष्ठ २ ।

थियो (३)। पछि राजा क्राचल्लको पालादेखि दुल्लूले पनि राजधानीको रूप लियो। खसिया मल्ल राजाहरूलाई ह्यामिल्टनले असन्ती र बसन्ती (अस्कोट र वस्कोट) वंशका भनी बताएका छन् (४)। राजा क्राचल्लदेवको पालादेखि दुल्लूले पनि राजधानीको रूप लिएको कुरा क्राचल्लको कुमाउँ बालेश्वरको मन्दिरमा रहेको शक संवत् ११४५ (वि. सं १२८०) को अभिलेखबाट प्रष्ट हुन्छ। उक्त अभिलेखलाई आधार मानी धनवज्र वज्राचार्यज्यूले पनि "कर्णाली प्रदेशको एक ऋलक" लेखमा राजधानी सिजा र दुल्लूको विषयमा चर्चा गरेका छन् (५)।

दुर्लङ्घ्यनगर कोटि स्तम्भको (कीर्तिस्तम्भ) अभिलेखमा पुण्यमल्लका छोरा पृथ्वीमल्लले आफ्नो र नागराजको वंशावली दिएका छन्। नागराजको वंशावली अनुसार खसिया मल्लवंशका संस्थापक प्रथम राजा नागराजनै देखिन्छन। यिनै नागराजले खारिप्रदेशबाट जावेश्वर (जुम्ला) मा आई सिजा सहरमा स्थिति बसालेको उल्लेख पनि उक्त स्तम्भाभिलेखमा गरिएको छ (६)। नागराजले स्थापित गरेको यस प्रसिद्ध राजवंशका राजाहरूमध्ये राजा क्राचल्ल एक प्रख्यात तथा विजयी राजा थिए। यिनले वि. सं. १२८० मा कुमाउँमा प्रवेश गरी कार्तिकेयपुरका राजाहरूलाई पराजित गरी कार्तिकेयपुरमा अधिकार स्थापित गरेका थिए (७)। यसरी राज्य गरेको महान् उपलक्षमा राजा क्राचल्लदेवले बंगज ब्राह्मण भई नारायणलाई शक संवत ११४५ (वि. सं. १२८०) मा पूर्वमा स्वहारगाडी, दक्षिणमा कुहुडकोट, पश्चिममा तलकोट र उत्तरमा लाधौल सम्मको जमिन पनि दान गरेका थिए (८)। राजा क्राचल्लदेव ई. १२२३ (वि.सं. १२८०) मा अनेकमल्लको बत्तिस वर्षपछि एक नयाँ विजेताको रूपमा कुमाउँमा आएको र क्राचल्लदेव नेपाली नै भएको कुराको उल्लेख पनि राहुलले गरेका छन् (९)। बस्तुतः राजा क्राचल्लदेव सिजास्थित नाग राजवंशका एक महान् विजयी राजा भएको तथा नेपाली भएको कुरा माथि

३ करदीकृत-कोंकण-कर्णाट-लाट-मुरल- केरलऽहालांग -वंग-कलिङ्ग—मिथिल-मालव—नेपाल—गुर्जर-जालंधरांध्र-प्रमुख— मेदिनीनाथ संसेव्यमाना— स्थानी— निकेतनाजिरे श्रीमती सेंजापुरे सम्राट अपाडराज पुण्यमल्ल देवको शाके १२५९ को कनक पत्रबाट-यो कनकपत्र ईतिहास प्रकाश सन्धिपत्र संग्रह भाग १ पृष्ठ ७६२ मा योगी नरहरिनाथले प्रकाशित गरेका छन्।

4. I think it probable, that the Rajas of Yumila (Jumla) are the descendants and representative of Asanti and Basanti. An Account of the Kingdom of Nepal–Page 287

५ त्यसबाट क्राचल्लको समयमा दुल्लू बसिसकेको र संपन्न भइसकेको देखिन्छ। यसरी सिजा र दुल्लु दुबै सहरले राजधानीको रूप लिन थालेको देखिन्छ। यसै हुँदा यिनका उत्तराधिकारीहरूले कहिले सिजामा र कहिले दुल्लूमा बस्ने गर्न लागेको उल्लेख पाइन्छ" पूर्णिमा वर्ष २ अङ्क २ पृष्ठ २०।

६ अथ् खारि प्रदेशस्थो यो जावेश्वरवामगात्
तेन श्री नागराजेन सेंजापुर्यां स्थितिः कृता—'कर्णाली प्रदेशको एक ऋलक, धनवज्र वज्राचार्य, पूर्णिमा वर्ष अङ्क २, पृष्ठ १५।

७ परम भट्टारक महाराजाधिराज परमेश्वर श्रीमान क्राचल्लदेव नरपतिने १६ वें विजय राज्य (संवत्सर) में अधिकृत क्षेत्रों में हथियारों से अपना सारे शत्रु चक्रको परास्त किया, और विध्वस्त कीर्तिपुर (कार्तिकेयपुर) के राजाओंको नष्टकर वहाँ अपना अधिकार स्थापित किया। राहुल सांकृत्यायन, कुमाउँ, पृष्ठ ६४।

१० उक्त दानभूमिका सीमान्त यस प्रकार है-पूर्व में स्वहारगाडी, दक्षिणमें कहुड कोट पर्यन्त, पश्चिममें तलकोटा तक और उत्तरमें लधौल तक। इस प्रकार चतुः सीमावद्ध कोनदेव में अवस्थित आकर नदी तट जंगल, तथा उनकी उपजको इस दानपत्र द्वारा(हमने) यावत चन्द्र दिवाकर सदा प्रवर्तित रहने के लिए दे दिया—राहुलको अनुवाद, गढवाल, पृष्ठ ११४—१६। कुमाउँ पृष्ठ ६४, ६५।

९ क्राचल्लदेव (१२२३ ई.) अनेकमल्ल के बत्तिस वर्षों-वाद एक नये विजेताके कुमाउमें आनेका पता लगता है। क्राचल्लके नेपाली होनेका पता नेपालके इतिहाससे लगताहै–कुमाउँ. पृष्ठ ६३

चर्चित पृथ्वीमल्लदेवको कीर्ति स्तम्भाभिलेखबाट स्वतः सिद्ध हुन्छ । यसै गरी वि.सं. १२८० मा कार्तिकेयपुर वैजनाथका राजाहरूलाई ध्वस्त पारी अपने राज्यकै सोलहवें वर्षमें सं. १२८० वि. में क्राचल्लदेव ने उत्तराखण्ड पर आक्रमण करके कीर्तिपुर (कार्तिकेयपुर वैजनाथ) के राजाओं को नष्ट करके वहाँ अपना राज्य स्थापित किया । उत्तराखण्डका राजनैतिक तथा सांस्कृतिक इतिहास भाग ३ पृष्ठ–५२० । क्राचल्लदेवले राज्य स्थापित गरेको कुरा उल्लेख गर्नुको साथै अशोक चल्लको मृत्युको आसपासमा राजा क्राचल्लदेवलाई डोटीराज्यको अधिकार प्राप्त भएको उल्लेख पनि शिव प्रसाद डवरालले गरेका छन् (१०) । डवरालजीको उल्लेख बमोजिम डोटी राज्य खसिया मल्लहरूको अधीनस्थ क्षेत्र भएको तथ्य प्रकाशमा आउँछ । तर स्मरणीय के छ भने शाके १२७९ को पृथ्वीमल्लदेवको कीर्तिस्तम्भाभिलेखबाट क्राचल्लका छोरा अशोकचल्ल भएको हुँदा अशोक चल्लको मृत्युको आसपास राजा क्राचल्ललाई डोटीको राज्याधिकार प्राप्त हुनु सन्देहास्पद देखिन्छ । राजा क्राचल्लदेवले समयमानै छोरा अशोक चल्ललाई राज्य भार सुम्पी आफू अलग्गै मौन भई बसेको वा सन्यास लिई बसेको तथा अशोक चल्लको मृत्यु राज्य गर्दागर्दा आकस्मिक रूपबाट भएको र पुनः राजा क्राचल्लले राज्याधिकार सम्हालेको प्रामाणिक ऐतिहासिक तथ्य प्राप्त नभए सम्म डवरालजीको भनाइमा सत्यताको मात्रा आउँछ भन्न सकिदैन । क्राचल्लका छोरा अशोक चल्लले डोटीदेखि लिएर पश्चिम यमुना उपत्यकासम्म आफ्नो अधिकार जमाएका थिए (११) । यस प्रकार विशाल भूभागमा शासन गर्ने दुल्लू र जुम्लाका खसिया मल्लराजाहरूको ईशाको चौधौं शतीको अन्त्यतिर भएको अवनतिको परिणाम स्वरूप पश्चिम नेपालमा बाइसे चौविसे जस्ता विभिन्न सानातिना राज्यहरूको आकस्मिक समुदय भयो ।

बाइसे राज्यहरू

समाल साहीको राज्य

१ जाजरकोट २ रुकुम ३ सल्यान १४ वीमकोट

४ विलासपुर १५ दर्ना

५ दैलेख १६ रोल्पा

६ दुल्लू कल्याल साहीको राज्य

७ रासकोट १७ जुम्ला

८ सान्नी सिंह ठकुरीको राज्य

९ छिल्ली १८ बझाङ

१० दाङ १९ थलहरा

११ जहारी २० बाजुरा

१२ अछाम मल्ल साहीको राज्य

१३ डोटी २१ बोगटा

सिंह ठकुरीको राज्य

२२ खुम्री

चौविसे राज्यहरू

राणा भूपालको राज्य

१ गहुँकोट २ भिरकोट ३ ठोर ४ स्याङजा नुवाकोट ५ सतहूँ ६ कास्की ७ लमजुङ ८ गोर्खा

सेनहरूको राज्य

९ रिसिङ

१० तनहूँ

११ पाल्पा

सिंह ठकुरीको राज्य

१५ गुल्मी

१६ मुसीकोट

१७ हुस्मा

मल्ल साहीको राज्य

१८ खांची

१९ धुरकोट

समालसाहीको राज्य

१२ पर्वत

१३ गलकोट

१४ प्यूठाना

कार्की बाहुनको राज्य

२१ उदयपुर

जाडको राज्य

२२ मुस्ताङ

सिंह सेनको राज्य

२३ पञ्यूँ

१० अशोकचल्लकी मृत्यु तिथिके आसपास क्राचल्लको उसकी मूलभूमि डोटी पर अधिकार प्राप्त होनेसे अनुमान लगता है कि संभवतः उन दोनोंका पारिवारिक सम्बन्ध भी था– उत्तरा खण्डका राजनैतिक तथा सांस्कृतिक इतिहास, भाग ३ पत्र ५२१

११ अशोक चल्लने कत्यूरी नरेशोंके सारे शासित प्रदेश पर जो संभवतः नेपालमें डोटी से लेकर पश्चिममें यमुना उपत्यकातक फैला था, अधिकार कर लिया था–उत्तरा खण्डका इतिहास, भाग ३ पृष्ठ ४९५

२० अर्घा कान्तिपुरे मल्लको राज्य
२४ नुवाकोट

यद्यपि उक्त बाइसी तथा चौविसी राज्यहरूको गठन बारेमा विभिन्न विद्वानहरूका विभिन्न मत मतान्तरहरू पाइन्छन् र कसैले बाइसेका कतिपय राज्यलाई चौबिसेमा र चौबिसेका कतिपय राज्यलाई बाइसेमा पारेका प्रमाणहरू पनि पाइन्छन् ता पनि जुम्ला, डोटी र दुल्लू जस्ता प्रभावशाली राज्यहरूलाई भने इतिहासकारहरूले चौबिसी राज्यमा गणना गरेका छैनन् । यसरी जुम्ला, दुल्लू र डोटीलाई चौविसेमा परिगणना नगर्नुबाट उक्त तीन राज्यहरू बाइसे राज्य अन्तर्गत परेको कुरा स्वतः सिद्ध हुन्छ । इतिहासकार सूर्य विक्रम ज्ञवालीज्यूले वाइसी चौबिसी राज्यहरूलाई जुम्लाको अधीनस्थ भएको कुरा बताएका छन् (१३) पछि नेपाल अधिराज्यको एकीकरणको सिलसिलामा यी चौबिसी र बाइसी राज्यहरूमात्र नभएर पूर्वतिरको सप्त कौशिकी, (किरात) नेपाल, सप्त गण्डकी र काली कर्णाली तकका साना ठूला सबै राज्यहरूसंग पनि संघर्ष गर्नु परेको थियो ।

डोटी राज्यको ऐतिहासिक चर्चाको सिलसिलामा रामनिवास पाण्डे लेख्छन्– ईसाको चौधौं शतीमा जुम्ला र दुल्लूका शक्तिशाली मल्ल राजाहरूको अवनति भएपछि पश्चिम नेपाल बाइसे राज्यहरूमा बिभाजित भयो । नाम मात्रको आधिपत्य लिएका राजाहरूद्वारा प्रत्येक राज्य शासित थिए । यी राजाहरूमध्ये डोटी र डंडेल्धुराका रैका राजाहरू विशेष प्रभावशाली थिए । पश्चिम काली कुमाउँदेखि पूर्वमा कर्णाली सम्म र उत्तरमा ठाकुरजीदेखि दक्षिणमा तराइ संमको भूभाग यिनीहरूको स्वशासित क्षेत्र थियो । अल्मोडा र गढवालका चन्दराजाहरू बाहेक अन्य सबै छिमेकी राज्यहरू डोटी राजाको अधीनस्थ थिए । प्रत्येक वर्ष ती राज्यहरू डोटीको रैका राजालाई उपहारस्वरुप केही तिरो तिर्ने गर्दथे । हिमाली राज्य डोटी संपन्न तथा सीमाविहीन थियो । मध्यकालमा इण्डियाका मुस्लिम सुल्तानहरूले डोटी राज्यको धन सम्पत्ति र खजाना लुट्नको लागि दुई पटक सम्म आक्रमण गरेका थिए(१४) । उपन्यासकार मोहन बहादुर मल्लज्यूले– "कर्णाली प्रदेशका वर्मन" लेखमा बाइसे राज्यहरूको सम्बन्धमा चर्चा गर्दै आदित्य मल्लले वि.सं १३८६ मा देव चन्द्र वर्मनलाई अछामको रजाइँ दिएको, वि. सं. १४१७ तिर पृथ्वीमल्लले भीम वर्मनलाई कर्णाली प्रदेशको राज्य दिएको तथा कर्णाली प्रदेशलाई वि. सं. १४६१ मा मेदनिले जाजरकोट, रुकुम्, सल्यान्, विलासपुर र जुम्ला गरी पांच भागमा विभाजित गरेको र त्यसपछि मेदनिका नातिका पालामा पनि कर्णाली प्रदेश टुक्रिदै गएको कुराको उल्लेख गर्दै विशाल नेपालमा बाइसे राज्य विलीन हुनु भन्दा पहिले सम्म दुल्लू, वझाङ, जाजरकोट, डोटी, सल्यान तथा जुम्ला

---

१२ यो बाइसे तथा चौविसे राज्य र राजाहरूको नाम मैले उपन्यासकार मोहनबहादुर मल्लज्यूको सौजन्यबाट पाएको हुँ । उहाँको भनाइ अनुसार वहाँले वाइसे चौबिसे राज्य र राजाहरूको विषयमा लेखेको कृति प्रकाशमा आउँदैछ ।

१३ राम शाहको जीवन चरित्र– पृष्ठ ६—७

14. After the ebb of the mightly Mallas of Dullu and Jumla in fourteenth century, Western Nepal sandered twenty two small principalities, each to be ruled by a small king of nominal suzerainty. Among them, the Rainkajyus of Doti and Dadeldhura were the most important and they had ruled over a vast territory extending between Kali and Karnali rivers and the Thakurjee and Siwalika mountains. Except the Chandas of Almora and Garwhal, the other neighbouring states of the area were the vassals of the Doti kings. Each year they had to pay a genteel visit to the Rainkajyus Court including a sumptuous tribute of wealth and jewellery. The riches of this mid Himalayan Kingdom was unbounded, known even to the Muslim Sultans of this country in later medieval period for looting its treasury and property. Nepal Review, April 1969 Vol I No. 6 Page 247— Ram Niwas Pandey.

ठूला राज्य भएको तथा बाजुरा, छान्ना र खुम्री ससाना राज्य भएको कुराको अड्कल काटेका छन् (१५)।

डोटीका राज्यहरूलाई रैका राजा, महाराजा तथा राजाधिराज भनिन्थ्यो। एट्किन्सन एवं राहुल सांस्कृत्यायन आदि र अन्य कतिपय इतिहासकारहरूले टोटीका राजाको संवन्धमा "रैनका राजा" को उल्लेख गरेका छन् तापनि डोटचाल राजाहरूले जनता जनार्दनलाई गरिदिएका ताम्रपत्र एवं ऐतिहासिक पत्रहरूमा रैका राजा, राजाधिराज, महाराजा, शब्दको प्रयोग भएको हुँदा उक्त इतिहासकारहरूले प्रयोगमा ल्याएको 'रैनका राजा' शब्द ऐतिहासिक परिप्रेक्ष्यमा नसुहाउने तथा अनुचित प्रयोग जस्तो देखा पर्छ। यी डोट्याल राजाहरूको ग्रीष्मकालिन राजधानी डडेलधुराको अजयमेरकोट र शीतकालिन राजधानी डोटीको दिपायल थियो (१६)। ग्रीष्मकालिन राजधानी अजयमेरकोटको विषयमा स्थापित समाजमा परम्परागत रूपमा चलेर आएको लोकगीत यस प्रकारको छ–

मदेस जाई दिल्ली गडाया पर्भत जाई सिजो विलोस्या
सिजाका बुरुकाटी अजयमेरू जाई थाप्या।
हो, हेमन्तपाल राजा भया...।

यस परम्परागत लोकगीतले अजयमेरकोट पाल राजाले बनाएको र त्यहाँ हेमन्तपाल राजा भएको तथ्यलाई हाम्रो अगाडि सार्दछ। यद्यपि हेमन्तपालको उल्लेख डोटचाल वंशावलिमा कतै पाइँदैन तापनि राहुल सांस्कृत्यायनले ई० ८४१ तिर देवपालले नेपाललाई (१७) आफ्नो प्रभावमा ल्याएका थिए भनी 'कुमाउँ' कृतिमा गरेको उल्लेख पनि यस लोकगीतबाट संगतिपूर्ण देखिन आउँछ। यस पुछार माथिको लोकगीत र राहुलको भनाइ मुताविक डोटीको विशाल क्षेत्र पाल राजाहरूकै शासनाधीन भएको तथ्य प्रकाशमा आउँछ। साथै योगी नरहरी नाथज्यूले पनि डोटीको श्रीकोट (सिरकोट) लाई पाल राजाहरूको राजधानी बताएको(१८) बाट पनि डोटी राज्य पालहरूको अधीनस्थ क्षेत्र भएको प्रष्ट हुन्छ। यसैले यसबारे विशेष अनुसन्धान गर्नु अनिवार्य भइसकेको छ। डोटी राज्य तथा राजधानी दिपायलको संवन्धमा चर्चा गर्दै ह्यमिल्टनले डोटी राज्य काली नदी तक विस्तृत छ र यसलाई कालीले कुमाउँबाट छुट्याउँछ। यस राज्यको विच भागबाट सेती

---

१५ गण्डकी प्रदेश र कर्णाली प्रदेशको सीमानामा आजतक भूगोलवेत्ताहरूको एकमत भइसकेको छैन ता पनि स्वर्गद्वारीलेकको पश्चिम सखीको लेकलाई नै धेरैले सीमाना मानेका छन्। रापती नदीका आसपासको जमीन कुनै कर्णालीमा र कुनै गण्डकीमा पर्ने जान्छ। किनभने यसका किनारका ठकुराइन यस नदीका वारपार सम्म फैलिएका थिए। प्यूठान र उदयपुर चौविसेमा तथा रोल्पा खुम्री र छिल्ली बाइसेमा गणना गर्न मिल्दछन्। वि. सं. १३८६ तिर आदित्यमल्लले देवचन्द्र वर्मनलाई अछामका रजाइँ दिए वि. सं. १४१७ तिर पृथ्वी मल्लले भीम वर्मनलाई संपूर्ण कर्णाली प्रदेशको रजाइँ दिए। डोलिएको यस प्रदेशलाई वि. सं १४६१ मा मेदनिले ५ टुक्रा पारे। जाजरकोट, रुकुम, सल्यान, विलासपुर र जुम्ला। मेदनिके पालामा ठैं गरेर उनका छोरा नातिका पालामा पनि कर्णाली प्रदेश टुक्रिदै जान लाग्यो। जाजरकोटबाट जहारी, रुकुमबाट रोल्पा, सल्यानबाट छिल्ली, विलासपुरबाट दुल्लू, दैलेख, रामकोट र सान्नी तथा अछामबाट दर्ना, बोगटा, डोटो, बाजुरा र छान्ना बनी वर्मन राज्यहरू बढेका या फैलिएका जस्तो बुझिन्छ। यो बाहेक जुम्लामा कल्याल शाही, दाङमा थारु र बझाङ, थलरा तथा खुम्रीमा सिंह औ अन्य ठकुरी वंशको रजाइँ चलेको थियो। विशाल नेपालमा बाइसे राज्य विलीन हुने समयमा डोटी, दुल्लू बझाङ, जाजरकोट सल्यान र जुम्ला यी ठूला राज्य र बाजुरा छान्ना र खुम्री साह्रै साना राज्य थिए'– प्राचीन नेपाल, संख्या २७, वैशाख ०३१ पृष्ठ ६२।

16. The title Rainka Raja is that of Doti at this time and we may identify the name Wajrail with either Jurail or Dipail, the cold-weather residence of the Doti Raja on the Seti river at the foot of the hills. His principal fort was Ajmergarh near Dadeldhura, where the Chauntara or governor now resides· E.T. Atkinson, Kumaun, Hills 1974– Page 544-451

१७ राहुल सांस्कृत्यायन, कुमाउँ पृष्ठ– ३६–३७।

१८ योगी नरहरिनाथ, इतिहास प्रकाश सन्धिपत्र संग्रह, भाग १ पृष्ठ–

नदी बहेको छ । सेतीको किनारामा एक सुन्दर उपत्यका छ, जसको लम्वाइ २ कोष र १ कोष छ। यहाँ नै दिपायल राजधानी छ । यस दिपायललाई सेती नदीले तीनतिरबाट घेरेको छ । यहाँ ढुङ्गाले बनाएका एवं ढुङ्गाकै छानो भएका ४०० जति घरहरूपनि छन्" भनी उल्लेख गरेका छन् (१९) । योगी नरहरिनाथले डोटचाल राजाहरूको वंशावलि प्रकाशित गरेकाछन् (२०) । यस वंशावलिमा १८२ राजाहरूको नामोल्लेख गरिएको छ । जसमध्ये कतिपय राजाहरूका नाम पौराणिक ढाँचाका देखिन्छन् ता पनि संवन्ध जोड्न उल्लेख गरिएका यी प्राचीन राजाहरूमा पनि सत्यताको अंश छैन भन्न सकिन्न । यसैगरी एट्किन्सनले (२१) र राहुल सांस्कृत्यायनले (२२) पनि डोटचाल राजाहरूको ऐतिहासिकताको चर्चा गर्नुको साथै उनीहरूको वंशावलि पनि प्रकाशित गरेकाछन् । साथै पालराजाहरूको पनि । यी प्रकाशित वंशावलिहरूबाट डोटचाल राजाहरूको संवन्धमा केही मात्रामा जानकारी प्राप्त भएतापनि यी राजाहरूको संवन्ध विशेष गरेर कत्पुरवंशी राजाहरूसंग भएकोले डोटी र डोटचाल राजाहरूको इतिहासको अनुसन्धानतिर दौडिदा सर्व प्रथम कत्पुरहरूको चर्चा गर्नु उपयुक्त देखिन्छ ।

कार्तिकेयपुर वर्तमान जोशीमठको राजवंशलाई नै कत्पुर राजवंश भनिन्छ । यो कत्पुर राजवंश हिमालयको प्रथम ऐतिहासिक राजवंश हो । यस वंशका प्रथम राजाहरूको काल तथा वंश परम्परावारेमा अझै पनि इतिहासकारहरूलाई एक प्रमुख समस्या बनेको छ ता पनि कत्पुरी अभिलेख र पालहरूको अभिलेखको अत्यधिक समानताबाट प्राचीन कत्पुर राजाहरूबारे केही मात्रामा जानकारी पाउन चाहि सजिलो भएको छ । राहुल सांस्कृत्यायनले कत्पुरीहरूको विषयमा विशेष जानकारी दिनै खालका पाँच ताम्रपत्र र एक शिलाभिलेखको उल्लेख गरेका छन् (२३) । उल्लिखित ताम्रपत्र मध्ये एक ताम्रपत्र अनुसार कत्पुरी राजा सुभिक्ष राजको समय १०४५ ई० देखि १०६० इस्वी तक भएको अनुमान हुन्छ । यिनै सुभिक्षराजले आफ्ना पिता पद्मटदेवको राजधानी कार्तिकेयपुरलाई आफ्नो नामबाट सुभिक्षपुर राखेको अडकल पनि राहुलले गरेका छन् (२४) । यस प्राप्त ऐतिहासिक सामग्रीको आधारमा पाल तथा कत्पुरी राजाहरूको वंशपरम्पराको उल्लेख गर्नुको साथै राहुलले कतिपय ऐतिहासिक सामग्रीहरू पनि प्रकाशित गरेका छन् । यी प्रकाशित ऐतिहासिक सामग्रीहरूबाट प्राचीन कत्पुरी राजाहरूका समसामयिक महेन्द्र पाल, महीपाल, देवपाल, विनायकपाल, विजयपाल, राज्यपाल, त्रिलोचनपाल, यशपाल अदि पालहरू भएको तथ्य प्रकाशमा आउँछ (२५) । यसको साथै ई. संवत् ८४१ मा गलऊदरमाको समयमा तिब्बती राज्यको स्थिति छिन्नभिन्न हुंदा देवपाल र भोज प्रथम (कन्नोज) ले हिमालयतिर आफ्नो शक्ति फैलाउन कुनै वाला नभएकोले ठीक यसैवेला देवपालले नेपाललाई आफ्नो प्रभावमा पारेका थिए भने कत्पुरी राजा वसन्तदेवले पनि केदार खण्डमा आफ्नो राज्य बलियो बनाएका थिए ।

उक्त घटनाहरूको आधारमा ई. सं. ८५० तिरनै कत्पुरी राजवंशले हिमालयमा आफ्नो राज्य स्थापना गरेको र कत्पुरीहरूको शासनकाल ई. ८५० देखि १०५० ई. सम्म भएको कुराको चर्चा पनि राहुल सांस्कृत्यापनले गरेका

19. The country extended to the Kalinadi or black river, which separated it from Kumau, and through its center passes the Seti Gangga, or White river, on the banks of this is a sine valley, two coses long and one broad, in which stands Dipayal, the capital, surrounded on three sides by the river, it contains about 400 houses built of stone and roofed with the same material. An Account of the Kingdom, Page 282

२० इतिहासप्रकाश सन्धि पत्र संग्रह भाग १ पृष्ठ ७४६–४७ ।

21. Kumaun Hills 1974 Page No. 530-532.

२२ कुमाउँ पृष्ठ–७० ।

२३ कुमाउँ— पृष्ठ ३७ ।

२४ सुभिक्ष राजने अपने पिता पद्मटदेवको राजधानी कार्तिकेयपुरको ही, जान पडताहै, अपने नाम पर सुभिक्षपुर कहा । कुमाउँ पत्र ३८ ।

२५ कुमाउँ पृष्ठ ३७–३८–३९.

छन् (२६)। प्रकाशित वंश परम्परा अनुसार कत्युरी वंशका अन्तिम राजा सुभिक्षराज देखिन्छन्। सुभिक्षराज पछिको अवस्था संभवतः विनाससूचक थियो। त्यसैले तेह्रौं शतीको अन्त्यतिर यस प्रसिद्ध राशवंशको अवनति भएको थियो र फलस्वरूप डोटी, अस्कोट र पाली (द्वारहाट) मा स्वतंत्र कत्युरी शासकहरूको समुदय भएको तथ्य इतिहासले दर्शाउछ।

परम्परानुसार कत्युरी वंशका संस्थापक बासुदेव र विनाशक वीर देव मानिन्छ (२७)। यद्यपि वीरदेवको नाउँ न कुनै अभिलेखमा पाइन्छ, न त कत्युरहरूको प्रचलित वंशावलिमा नै भेटिन्छ। तैपनि प्रचलित परम्परा वीरदेवलाई नै कत्युरवंशको अन्तिम राजा बताउँछ (२८)। कत्युर वंशका अन्तिम राजा वीरदेव पछि विशाल कत्युरी राज्य छिन्न भिन्न हुन्छ। गढवाल अलग हुन्छ। फलस्वरूप विशाल कत्युरी राज्य यसरी छ भागमा विभाजित हुन्छः-(२९)

१. काली उपत्यका
२. डोटी डडेल्धुरा (नेपाल)
३. अस्कोट
४. वासमण्डल (अल्मोडा)
५. कत्युर (वैजनाथ वागेश्वर) दानपुर
६. छाराहाट, लखनपुर

कत्युर वंशका अन्तिम राजा वीरदेवको विषयमा चर्चा गर्दै शिवप्रसाद डबरालले वीरदेवलाई जागरमा कत्युरी नरेश भनी गरेको उल्लेखबाट मात्रै कार्तिकेयपुरका (कुमाउँ-गढवाल) राजाहरूलाई कत्युरी (३०) भन्न नसकिने कुरामा जोड दिदै कत्युरी वंशका संस्थापक वा प्रथम कत्युरी राजा अनुश्रुति प्रसिद्ध वासुदेव नभएर त्रिभुवनराजको प्राप्त शिलाभिलेखको आधारमा प्रथम कत्युरी राजा वा कत्युर वंशका प्रथम संस्थापक "राजा वसन्तनदेव भएको कुरा बताएका छन् (३१)। वीरदेवको

---

२६ सं. ८४१ में ग्लङ दर्मा के समग तिब्बती राज्यकी स्थिति के डांवाडोल होते ही देवपाल (८१५-५४) भोज प्रथम (कन्नोज) को हिमालयकी ओर हाथ बढाने में कोई बाधा नहीं थी। हो सकता है, इस समय देवपालने नेपालको अपने प्रभावमें कर लिया हो। और उसकी या भोजकी शहसे कत्युरी वसन्तदेव ने केदार खण्डमें अपना पैर मजबूत किया हो। इस प्रकार हम इतना तो अनुमान कर सकते हैं कि ८५० ईस्वी के आस पास के कत्युरी राजवंश ने अपना राज्य हिमालय में स्थापित किया। इन तेरह पिढियों को यदि एक दूसरेका उत्तराधिकारी और एक शताब्दी में छ राजाओंका होना मान लें, तो तेरह कत्युरी राजाओं का शासनकाल ८५०—१०५० ई० तक मानना होगा... ऐजन पृष्ठ ३६-३७

२७ परम्पराके अनुसार इस वंशका संस्थापक वासुदेव और समापक वीरदेव था... ऐजन पृष्ठ-५४

२८ यद्यपि वीरदेवका नाम न किसी अभिलेखोंमें मिलता है न कत्युरी वंशकी किसी प्रचलित वंशावलि में हो, तो भी परम्परा इसे ही महान् कत्युरी वंशका अन्तिम राजा बतलाती है— ऐजन पृष्ठ-६०

२९ वीरदेव के बाद कत्युरी राज्य छिन्नभिन्न होकर अपने खानदान और बाइखालों में बंट गया। गढवाल अलग होगया। (१) कत्युरी ब्रह्मदेव ने काली कुमाउँ (काली उपत्यका) का शासन संभाला। इसका दुर्ग सुई में था। (२) दूसरी शायद जेठी शाखा डोटी में शासन करने लगी। (३) तीसरी अस्कोट चली गयी। (४) चौथी वारामण्डल (अल्मोडा इलाके में) राज करने लगी। (५) पांचवी शाखा कत्युर (वैजनाथ वागेश्वर) और दानपुर पर्गनो की शासक हुई। (६) छठी शाखाका राज्य छाराहाट और लखनपुर में था-कुमाउँ पृष्ठ ६१

३० इस वीरदेवको जागरों में कत्युरी नरेश कहा गया है किन्तु केवल इसी आधार पर कार्तिकेयपुरके नरेशोंको भी कत्युरी नहीं कहा जा सक्ता। क्योंकि वीरदेव कुमाउँ में कत्युर उपत्यकाका राजा था। उत्तराखण्डका राजनैतिक तथा सांस्कृतिक इतिहास, पृष्ठ ४४०

३१ अनुश्रुति के अनुसार कत्युरी वंशका संस्थापक वासुदेव था। काबुलके कटोरमान वंशका अन्तिम नरेश भी वासुदेव था। एटकिन्सन दोनोंको एक माननेके पक्ष में हैं, किन्तु वागेश्वर में प्राप्त त्रिभुवन राजके शिलालेखसे विदित होता है कि प्रथम कत्युरी नरेशका नाम वसन्तनदव था, वासुदव नहीं—ऐजन पृष्ठ ४४३

शासनको अन्त्यपछि कत्युरी राज्य छ भागमा बाडिएको कुराको परिचर्चा गर्दै राहुलले कत्युरीहरूको जेठो (पहिलो) शाखाले डोटीमा राज्य गरेको उल्लेख समेत गर्दै वीरदेव पछिको कत्युरी वंशको अन्तिम राजा त्रिलोकपाल भएको र त्रिलोकपालका छोरा जेठा निरञ्जनदेव डोटी क्षेत्रमा आई शासन गरी बसेको र त्रिलोकपाल कै अर्को छोरो अभयपाल ई० १२७९ मा अस्कोट गई शासन गरी बसेको समेत उल्लेख गरेका छन् (३२)। यस प्रकार वि० सं० १३३६ तिर डोटीमा कत्युर राजाहरूले शासन गरेको कुरा एकातिर प्रमाणित हुन्छ भने अर्कातिर डोटी क्षेत्रमा सर्व प्रथम पाल राजाकै शासन भएको कुरामा थप बल पनि मिल्न जान्छ। यसको साथै डोटीका सर्व प्रथम राजा निरञ्जनदेव हुन पुग्छन् भने अस्कोटका संस्थापक अभयपाल देखा पर्छन्। यसबाट हामीलाई के अनुमान गर्न सजिलो हुन्छ भने योगी नरहरि नाथको भनाइ नै ठीक हो। अर्थात डोटी क्षेत्रमा राज्य गर्ने सर्वप्रथम राजा पाल नै थिए। यसको साथै उक्त अजयमेर कोट संबन्धी लोक गीत पनि सत्यताको छेउछाउतिर आइपुग्दछ भने अस्कोटका राजालाई रजवार र डोटीका राजालाई महाराज भनिनुबाट डोटीको शाखा नै जेठो शाखा थियो भन्ने कुरामा निकै ठूलो बल मिल्छ।

इतिहासकारहरूले प्रकाशित गरेको डोटी, अस्कोट र पालीको वंशावली हेर्दा डोटी, पाली र अस्कोटका राजाहरूका पूर्खा शालिवाहनदेव थिए। योगी नरहरिनाथले प्रकाशित गरेको वंशावली (डोटयाल) मा ११८ औं पुस्तामा राजा शालिबाहनको नाम आउँछ। यद्यपि अद्यावधि प्रकाशित वंशावलीहरूमा केही भिन्नता पाइन्छ। यसरी भिन्नता हुंदा हुंदै पनि समानताको प्राप्तिबाट के अनुमान गर्न सकिन्छ भने डोटी, आस्कोट, पाली र सीरा प्रदेशका राजाहरू को वंश परम्परा एउटै भएपनि पछिबाट विभिन्न शाखा–प्रशाखामा विभाजित भएको थियो।

कुमाउँका राजा उद्यानचन्दको समयमा ई० १४२०, १४२१ तिर डोटी राज्यको स्वशासित क्षेत्र सिरा, सोर, अस्कोट, दार्मा उपत्यका र जहारका भोटिया उपत्यकाहरू थिए। उत्तरमा सरयूदेखि दक्षिण तराइ सम्म र पश्चिम कालीदेखि कोशी र सुवाल सम्म उद्यानचन्दको राज्य विस्तार थियो। सरयूको उत्तरमा गह्रतेजीका मानकोटी राजाको राज्य थियो। जुम्लाको स्वशासित क्षत्र व्यान र चौधन थियो भने कत्युरीहरूको क्षेत्र कत्युर, स्यूनारा र पालीको लखनपुर थियो। काँथी राजपूतहरू चाहिं फालदकोटमा नै राज गरिरहेका थिए। खसिया परिवारको राज्य रामगढ र कोता थियो।

वस्तुतः तेह्रौं शतीमा कत्युरी राज्यको विभाजन भएपछि डोटी राज्य कुमाउँमा स्थापित भइसकेको थियो। त्यसवेला चन्द वंशको प्रथम ऐतिहासिक राजा थोहर चन्द डोटीको एक सामन्त राजा थियो। यद्यपि चम्पावतका चन्द राजाहरूले थोहर चन्दको पाला सम्म मात्र डोटी राज्यको स्वाधीनतालाई स्वीकारेको कुराको चर्चा राम निवास पाण्डेज्यूले गरेका छन् (३४)। तर पनि ऐतिहासिक पानाहरूले हामीलाई तेह्रौं शतीदेखि पन्ध्रौं शतीको मध्यसम्म चन्दराजाहरूले डोटी राज्यको स्वामित्वलाई स्वीकारेको कुराको संकेत दिन्छन्। कुमाउँको चन्द खानदानमा उद्यान चन्द, कल्याण चन्द, विक्रम चन्द जस्ता कतिपय शक्तिशाली

३२ **शायद वीरदेवके भी बाद त्रिलोकपाल अन्तिम कत्युरी राजा था जिसका एक जेष्ठ पुत्र निरंजनदेव डोटी में रहा और दूसरा अभयपाल १२७९ ई० में अस्कोट चला गया– कुमाउँ पृष्ठ ६१।**

23 His (Udyanchand 1420 A D.) possessions therefore extended from the Sarju on the north to the Tarai on the south and from the Kali westwards to the Kosi and Suwal. To the north of the Sarju lay the estates of the Mankoti Raja of Gangoli, and the Maharaja of the Doti held Sira, Sor, Askot and the Bhotiya valleys of Juhar and Darma. The Raja of Jumla ruled over Byans and Chandans and Katyuri Rajas were established in Katyur, Syunara and Lakhanpur of Pali. A Kathi Rajput still help Phaldakot and a Khasiya family ruled in Ramgar and Kota. E. T. Atkinson, Kumaun Hills, Page 527

34 Till Thokarchand, the Chands of Champawati were the vassals of Doti, Nepal Review 1969, Vol I No 6, Page 250

राजाहरू भए र विक्रम चन्दको पालासम पनि डोटीको अधीनतालाई चन्दराजाहरूले शिरोपर गरेका थिए। विक्रमचन्दको राज्यशासनको अन्त्यमा कुमाउँको राजगद्दीमा ईश्वी १४३७ (वि. सं. १४९४) मा भारतीचन्दको प्रवेश भएपछि भारतीचन्दले डोटीका रैका राजालाई तिरो तिर्न बन्द गरे। फलस्वरूप डोटी र कुमाउँ बीच झगडा हुन थाल्यो। आफ्नो राजधानी चम्पावतबाट सेना लगी भारती चन्दले डोटीका आसपासमा रहेका प्रदेशहरूमा लूटपीट गर्न सुरु गरेपछि डोटी र कुमाउँको परस्परमा लडाइँ प्रारम्भ भयो र यो लडाइँ बाह्र वर्ष सम्म समय-समयमा भई नै रह्यो। यस दीर्घकालिन युद्धमा डोटीको विजय हुने देखि भारतीचन्दका छोरा रतन चन्द कटेहर (रूहेलखण्ड) को सेना लिएर आफ्ना पिता भारतीचन्दको सहायता गर्न युद्ध भूमिमा खडा भए। अन्त्यमा डोटीको हार भयो। फल स्वरूप ई० १४५० तिर चन्दराजाहरूले स्वतन्त्रताको स्वास फेर्ने मौका पाएका थिए (३५)। ई० १४६१ (वि० सं० १५१८) मा रतन चन्दका पिता भारतीचन्दको स्वर्गवास भएपछि डोटीका राजाले काली कुमाउँमाथि आफ्नो प्रभुत्व जमाउन खोजेकोले फेरि डोटी र कुमाउँको परस्परमा युद्ध भयो। यसबेला डोटीका राजा नागमल्ल थिए। युद्ध हुनु भन्दा अगाडि शाही खानदानका डोटचाल शासकहरूलाई हटाई नागमल्ल राजा भएका थिए। नागमल्ल राजा भएपछि डोटीका शाही भारदारहरू चम्पावत गई बसेका थिए। पछि नाग मल्ल संग रतनचन्दको युद्ध हुँदा रतनचन्दलाई नागमल्ल संग बदला लिन डोटीका भारदारहरूले प्रशस्त मदत गरेका हुँदा युद्धमा नागमल्लको मृत्यु भयो। त्यसपछि रतनचन्दले आफूलाई सहायता गरे वापत चम्पावतमा आसीन डोटीका शाही परिवारलाई नै डोटीको राजा बनाएको उल्लेख एट्किन्सनले गरेका छन् (३६)। त्यतिमात्र होइन, डोटीले कुमाउँलाई वार्षिक नजराना बुझाउनुको साथै पछि राजा रतन चन्दका छोरा किराती चन्दको समय ई० (१४८८) तिर डोटीले फेरि कुमाउँ माथि हमला गरेको (३७) तर डोटी कै हार भएको कुराको चर्चा परिचर्चा समेत गरेका छन् (३८)। ईस्वी संवत १६८० तिर डोटी र गढवाल मिली पूर्व र पश्चिम दुबैतिरबाट कुमाउँ माथि हमला गरे। त्यसबेला कुमाउँका राजा उद्योतचन्द

35 When the war had lasted for twelve years, Ratan Chand, the son of Bharti Chand, who had been left in charge of Kali Kumaun, having received aid from the Raja of Katehir, collected a large reinforcement and joined his father in time to take part in a general action in which the Rainka Raja was defeated—E. T. Atkinson, Kumaun Hill, Page 529

36 His (Ratna Chanda) father died in 1461 A. D. and about this time the Rainka Raja again made an effort to reassert his supremacy over Kali Kumaun. Ratan Chand, however, was prepared for the emergency and assembling an overwhelming force invaded Doti. The reigning Raja was Naga Malla, who had overthrown the Sahi dynasty, and the followers of the old family, who had fled for protection to Champawat, now assisted the invaders. Ratanchand defected and slew Naga Malla in battle and restored the country to the Sahi Raja. Taking advantage of its position, he penetrated as far as Jumla, Bujan and that, then held by Jagarnath Bhat, Kharku Singh Muhara and Shor Singh Muhara respectively and compelled each of them to tender his submission and agree to pay an annual tribute of one pod of musk, a bow, a quiver full of arrows, a hawk and a horse to the Raja of Kali Kumaun—Kumaun Hills, Page 530

37 The Doti Raja again threw off his allegiance, and while Kirati Chand was calling in his men from the detached posts which the insecure state of his frontier obliged him to maintain, the Dautiyals invaded Kumaun in force— Kumaun Hills, Page 533

38 The result was that the Doti army was almost annihilated and for a long time dared not appear again in force in Kali Kumaun—Kumaun Hills, Page 534

थिए । दुई वर्ष सम्म भएको यस लडाइँमा कुमाउँले डोटी र गढवाल दुबैमाथि विजय प्राप्त गऱ्यो (३९) । यसको केही वर्ष ढछि अर्थात १६८५ ईस्वी तिर उद्योतचन्दको अनुपस्थितिमा फेरि काली कुमाउँको झगडा डोटीसंग भएको थियो । यसवेला डोटीमा राजा देवपाल थिए । यस लडाइँमा डंडेल्धुराको ग्रीष्मकालिन राजधानी अजयमेरकोट समेत कुमाउँले आफ्नो अधीनमा लिएको हुँदा डोटीका राजा अजयमेरकोटबाट भागी शीतकालिन राजधानी दिपायलमा गई बसेको कुरा पनि एट्किन्सनले बताएका छन् (४०) । यसको दुई वर्षपछि शीतकालिन राजधानी दिपायलबाट भागेर रैका देवपाल राजधानी खैरागढमा गई शरण लिई बसेका थिए । बहादुर उद्योतचन्दले १६८० ईस्वीमा खैरागढमाथि पनि अधिकार जमाएकोले रैका देवपालले त्यस वेला चन्दहरूको अधीनता स्वीकार गर्न वाध्य हुनु परेको थियो । त्यसैले विजयको उपलक्ष्यमा अल्मोडामा महान उत्सव पनि मनाइएको थियो जहाँ आजभोलि मिसन स्कूल छ । विजयको संस्मरणमा त्रिपुरसुन्दरी, उद्योत चन्देश्वर र पर्वतेश्वरको मन्दिर पनि अल्मोडामा बनाइएका थिए (४१) । वस्तुतः ईस्वी १६८०–१६८५ तिर देवपाल राजा भएको कुरा एट्किन्सनले उल्लेख गरेको भएता पनि यस लेखका लेखकले शाके १६१२ देखि शाके १६४१ सम्म (वि. सं. १७४७ देखि १७७६ सम्म राजा मान्धाता शाहीले जनता जनार्दनलाई जग्गादान सम्बन्धमा गरिदिएका ताम्रपत्रहरू प्राप्त गरेकोले ती प्राप्त ताम्रपत्रहरूबाट ईस्वी १६८०–८५ (वि. सं. १७५८–१७६३) मा देवपाल डोटीको रैका राजा नभएको र त्यसबेला मान्धाता शाही रैका राजा भएको तथ्य छर्लङ्गिन्छ । त्यसैले हालको अनुसन्धान मुताविक डोटीमा राजा देवपालले राज्य नगरेको वा त्यसवेला देवपाल राजा नै नभएको सत्य पनि प्रष्ट हुन्छ (४२) ।

पछि (१७२०–२२ ई.) तिर देवीचन्दले पनि डोटी र गढवालमाथि आक्रमण गर्दा डोटीले चाहिं सन्धि गरेको तथा देवीपुर गाउँमा फर्की गएको उल्लेख पनि एट्किन्सनले गरेको पाइन्छ । संभवतः एट्किन्सनको विचार अनुसार डोटी र कुमाउँको अन्तिम लडाई यही थियो (४३) ।

39 The Garhwal Raja now sought aid elsewhere and entered into an offensive and defensive alliance with the Rainka Raja of Doti, under which (in 1680 A. D.) Kumaun was attacked on the east by the Doti Raja, who occupied Champawat and on the west by the Garhwal Raja, who again took possession of Danagiri and Dwara. The war raged for two whole years, but in the end the Kumaonis were victorious against both the enemies—Kumaun Hills, Page 570

40 ...that war had again broken out with Doti. Deopala was then Rainka and, taking advantage of the absence of Udyot Chand, had invaded Kali Kumaun, but his success was very short lived, for the Kumaonis drove the Dautiyals across the Kali and in 1685 A. D. captured Ajmergarh near Dundeldhura, the summer residence of the Raja and the place where the Chautara now resides. The Rainka fled from Ajmer to Dipail on the Seti river at the foot of the hills, where was his usual winter residence— Kumaun Hills, Page 570

41 But the years afterwards he was driven thence and compelled to take refuge in Khairagarh, the capital of the plains of the same name in the province of Oudh. Udyot Chand captured Khairagarh in 1688 and the Rainka yielded and agreed to pay in future a tribute to the Kumaun Raja. These victories were celebrated with great pomp at Almora and were commemorated by the building at the new place on the site now occupied by the mission school at Almora and the erection of temples to Tripuri Sundari, Udyot Chandeswar and Parbateswar close by, as well as the tank in the Rajas' compound. Atkinson, Kumaun Hills, Page 570

४२ मान्धाता शाहीका ताम्रपत्रहरू–राष्ट्रिय अभिलेखालयमा हेर्नुहोस् ।

43 Debi Chand next found himself attacked on the east by Doti and on the west by Garhwal. He made peace with Doti and entrusting the conduct of the war with Garhwal to his generals returned to the village of Debipur in Doti. Kumaun Hills, Page 582

ईस्वी संवत् १६९६ तिर डोटीका राजाले सम्झौता भङ्ग गरेकोले उद्योतचन्द तथा डोटीका रैका राजाको ज्वरायलमा भएको महान् संघर्षमा उद्योतचन्दको सेनापति मनोरथ मारिएको र बांकी सबै सैनिकहरूको स्थिति पनि नाजुक भएकोले उद्योतचन्दले हार स्वीकार गर्नु परेको तथा उद्योतचन्दको मृत्यु १६९८ ई. मा भएको हुंदा उद्योतचन्दका उत्तराधिकारी ज्ञानचन्द (१६९८–१७०८ ई.) ले डोटीको रैका राजासंग बदला लिन डोटीको तराई क्षेत्रमा पुनः लुटपीट गरेको चर्चा पनि राहुल सांस्कृत्यायनले गरेका छन् (४४)। संभवतः यो संघर्ष नै डोटीका रैका राजा र चन्द राजाहरूको अन्तिम संघर्ष हुनु धेरै हद सम्म इतिहास सम्मत कुरा हुन आउँछ।

सोह्रौं शताब्दी तिर नै डोटीमा चाँदी, सुन, रेशम एवं कस्तूरी आदिको–हल्ला सुनी मुसलमानहरूले लखनउका गभर्नर हुसेन खांको नेतृत्वमा लुटपाट गर्न डोटी राज्य माथि हमला गरेका थिए। लुटको सिलसिलामा मुसलमानहरू डोटीको ग्रीष्मकालिन राजधानी अजयमेरकोट सम्म पनि पुगेका थिए (४५)। तर डोटचाली नेपालीहरूले बहादुरीका साथ त्यसबेला मुसलमानहरूलाई परास्त गरेका थिए। यसरी डोटीको राजनैतिक इतिहासलाई अनुगमात्मक दृष्टिबाट हेरेको खण्डमा डोटी तथा कुमाउँको बिचमा कत्युरी राज्यको विभाजनपछि कयौं वर्ष सम्म पनि संबन्ध सामान्य भएको देखिंदैन। ता पनि डोटयाल राजाहरू कत्युरी वंशकै शाखा सन्तान थिए। कत्युरी वंशका अन्तिम राजा वीरदेव पछिका त्रिलोकपालका जेठा छोरा निरंजन देवले वा निरञ्जन देव पालले ईस्वी १२७९ तिर नै संभवतः डोटी राज्यको जग बसालेका थिए (४६)। राजा निरञ्जन देव पाल नै राजा तिरैपाल वा निरयदेवपाल थिए। यहाँनिर स्मरणीय के छ भने यौटा राजपूत वंश, जसले आफूलाई चन्द्र वंशीको संज्ञा दिन्थ्यो, प्यूठान डोटीबाट मानकोट गंगोलिमा गएर बसेको थियो। गंगोलिया चन्दहरूको विजयपछि उक्त चन्द्र वंशी राजपूत वंश आफ्नै वंश भएको ठाउँ डोटीमा नै फेरि गएर बसेको थियो, जहाँ अहिले सम्म पनि उक्त राज वंशका सन्ततिहरू अद्यावधि छंदैछन् भन्ने कुराको संकेत पनि एटकिन्सनले गरेका छन् (४७)। वस्तुतः प्यूठान डोटीमा आई बसेको यो वंश राजपूतहरूको कत्युरी वंश संगै संबन्धित थियो वा अर्कै कुनै वंश थियो निश्चित किटेर भन्न सकिन्न एटकिन्सनले भने झैं। फ्रान्सिस हचामिल्टनले पनि डोटचाल राजाहरूको संबन्धमा यस्तो उल्लेख गरेका छन्– डोटीका राजाहरू सूर्यवंशी थिए तथा शालिवाहन

---

४४ लेकिन १६९६ में फिर रैनका ने संधि भंग कर दी। राजा उद्योतचन्द ने स्वयं सेना ले काली पार हो डोटी पर आक्रमण किया। हुन्दोलधुरा और कुमाउं सीमाके बिच जुरायल में युद्ध हुआ, जिसका कोई निर्णय नहीं हो सका। उद्योतचन्द झिझाड़ के जोशियों मनोरथ और शिरोमणिको सेना संचालनका भार दे और भी सेना जमा करने अलमोडा चला आया। कुछ ही समय बाद मनोरथ युद्ध क्षेत्र में मारा गया और बांकी सेनाको पूरी तौर फंसी देख राजाको लौटा भगाना पडा। उद्योतचन्द डोटीके रैनका के पास युद्ध में असफल हो १६९८ मे मर गया। × × × × × × × × × × × × इसी समय पश्चिममें गढवालके अभियान में सफलता प्राप्त करनेके बाद ज्ञानचन्द ने डोटी के भवर ओर तराइको लुटपाट कर ध्वस्त किया... राहुल सांस्कृत्यायन, कुमाउं पृष्ठ ७२

45 He then ravaged the whole country as far as the Kusbah of Wajrail in the country of Raja Rainka, a powerful Zamindar, and from that town to Ajmer, which is his capital. In that place are to be found mines of gold and silver, silks, musks and all the productions of Tibet, from which country he was only distant two day's journey. E.T. Atkinson, Kumaun Hills, Page 544

46 Niranjandeva, son of Trilokipala, established the state of Doti about 1280 AD.– Nepal Review, April 1969, P. 250 by Ram Nivas Pandey

47 A family calling themselves Chandrabansi Rajputs came from Pyuthana in Doti and established themselves at Mankot in Gangoli. After the conquest of Gangoli by the Chands, this family returned to Doti, where their descendants still exist– E. T. Atkinson, Kumaun Hills, Page 496

परिवार शाखाका थिए । शालिवाहन परिवार शाखाका यी सूर्यवंशी डोटचाल राजाहरूले डोटीमा ४० पुस्ता सम्म शासन गरे । प्रदीप शाहका छोरा विष्णु शाहलाई वहादुर शाहको हुकुम मुताविक डोटीको राजगद्दीबाट हटाए । त्यसपछि डोटीका राजालाई काठमाडौं लगियो । हरिवल्लभको भनाइ अनुसार डोटीबाट धपाइएका दीपशाह थिए । दीप शाह पीलभीतमा गई केही वर्ष बसेपछि यिनको त्यहीं मृत्यु भयो । यिनका तीन छोराहरू महमूदीमा गई बसे । यिनीहरूको अवस्था अत्यन्त नाजुक थियो ।... तर मैले पछिबाट सुनें कि डोटीका युवराजलाई नेपाल सरकारले आफ्नो पक्षमा लिएर केही तिर्नु पर्ने गरेर डोटीको राज्य फिर्ता गरिदिए (४८) ।

इस्वी (१५६०–६५) तिर चन्दहरूका प्रतापी राजा कल्याण चन्दसंग डोटीका राजकुमारीको विवाह भएको, कल्याण चन्दसंग विवाह भएपछि राजकुमारीले आफ्ना भाइ रैका राजासंग दहेजमा सीराको उर्वर प्रदेश मागेको तर रैकाले सीराको प्रदेश नदिएर सोरको केही भाग दहेजमा दिएकोबाट राजकुमारी असन्तुष्ट भए पछि आफ्नो छोरा रुद्रचन्दलाई सीरामाथि आक्रमण गर्न पठाएको र त्यसवेला डोटीको रैका राजा हरिमल्लले (संभवतः हरिशाही थिए) रुद्रचन्दलाई हराएको चर्चा (४९) एकातिर राहुलले गरेका छन् भने अर्कोतिर एट्किन्सनले रुद्रचन्दले डोटीको सीरामाथि विजय गरेको चर्चा गर्दै रुद्रचन्दको विजयबाट कल्याण चन्दको रानी खुसी भई आफ्ना पति कल्याणचन्दको सती गएको कुराको उल्लेख गरेका छन् (५०) । यसैले यसबारे विशेष शोध कार्य अनिवार्य भइसकेको देखिन्छ । यसको साथै हरिमल्लको सन्तान डोटीमा अझै मौजुद छ भन्ने राहुलको माथिको भनाइबाट पनि हरिमल्ल हरिशाही नै भएको कुरामा थप बल मिल्छ । यसबाट डोटचाल वंशावलीमा पनि सामञ्जस्य हुन आउँछ । कत्युरी राजा-

48 West from Dalu Basandra was rather considerable chief, called the Doti Raja, who, according to Prati Nidhi, pretended to be of the family of the sun, but, according to Hariballava. the chiefs of this state were of a collateral branch of the Shalivahan family. According to Prati Nidhi, they had governed for about 40 generations, when Vishnu Sa, the son of Pradipa Sa, was dethroned by order of Bahadur Sahi. He was carried to Nepal, but Prati does not know what has been his fate. According, however, to Hariballava, the chief who was expelled was Dip Sa, the son of Krishna Sa, the son of Mahendra Sa. He resided some years at Philibhit, where he died, leaving three sons who have retired to Mahmudi, in the Nawab's country, in great distress, the army of Gorkha having seized in the while their lands on the plains, as well as on the mountains. I have, however, heard it stated, that very lately the heir has been taken into favour, and restored to his estates, on condition of paying an annual tribute An Account of the Kingdom of Nepal, 1971 Page 281-282

४९ कल्याण चन्द (१५६०-६२ ई०) चन्दोंका एक प्रतापी राजा था । उसकी रानी डोटी की राजकुमारी थी । सीरा की जनाकीर्ण उर्वर भूमिपर उसकी दृष्टि थी । उसने अपने भाइ रैनका राजा से सीरा दहेज में मांगा । भाइने शोरका पर्गना दे दिया । बहिन उससे सन्तुष्ट नहीं हुई । कल्याणचन्द सीराको विना लिए ही मर गया, इस पर रानीने तबतक सती होने से इनकार कर दिया, जब तक कि उसका पुत्र सीरा विजय नही कर लेगा । माताके उकसाने पर रुद्र चन्द ने सीरापर चढाइ की, किन्तु रैनका राजा हरिमल्लने उसे बुरी तरह हराया । × × × × हरिमल्ल की सन्तान डोटी (नेपाल) में अब भी मौजुद हैं– कुमाउँ पृष्ठ ७२–७३

50 The Rani of Kalyan Chand was satisfied with the result of her son's victories and taking her husband's weapons in her arms cheerfully ascended the funeral pyre and became a Sati– Kumaun Hills, Page 553

हरूको समयदेखि नै चन्दहरूको (५१) कत्युरी संग, डोटी तथा जुम्लाका वैश्य ठकुरी राजाहरूसंग, अस्कोटका रजवारहरूको नेपालीहरूसँग, पाली खान्दानका राजाहरूको खसियाराजाहरूसंग वैवाहिक संवन्ध हुंदै आएको थियो। यस भन्दा अगाडि जुम्लाका खसिया मल्लराजाहरूको समयदेखि नै कुमाउँ र गढवालका राजाहरूसंग वैवाहिक संवन्ध परस्परमा हुने गर्दथ्यो भनी ह्यामिल्टनले एक ठाउँमा बताएका छन् (५२)।

यस प्रकार डोटी राज्यक्षेत्रको राजनैतिक र सांस्कृतिक इतिहासलाई अनुगमात्मक दृष्टिकोणबाट हेरेको पक्षमा डोटीको इतिहासले विभिन्न किसिमका विकट स्थितिहरू पार गर्दै आएको देखिन्छ। विशेषतः हामीलाई कुनै पनि देश वा राष्ट्रको ऐतिहासिक एवं सांस्कृतिक अध्ययनले के बताउँछ भने कुनै पनि राज्य वा राष्ट्रको राजनैतिक तथा सांस्कृतिक कारणवश महान् उथलपुथल हुने गर्दछ। यस परिप्रेक्ष्यमा पश्चिम नेपालको इतिहासलाई हेर्ने हो भने गुप्त साम्राज्यको समयमा पूर्वमा आसामदेखि लिएर पश्चिम कुमाउँ गढवालको विचमा नेपाल पर्दथ्यो। यसवेला कुमाउँ गढवाललाई कर्तृपुर भनिन्थ्यो र यहाँ कत्युरवंशका राजाहरूको राज्य थियो। विक्रमको ११ रौं शतीतिर गढवालमा चन्द्रवंशी क्षत्रियहरूको सर्व प्रथम प्रवेश भएको थियो। विक्रमको चौधौं शताब्दीको मध्यकालतिर चन्द्रवंशी पाल राजाहरूले गढवाल माथि कब्जा गरेका थिए। यिनका बंशहरू मध्ये कोही कुमाउँमा गई आश्रित बनेर बसेका थिए।

लिच्छवी कालमा राजा मानदेवको पालामा पश्चिम नेपालको कर्णाली प्रदेशमा खसिया मल्ल राजाहरूको महान् अभ्युदयको समय थियो। यसवेला यी खसिया मल्ल राजाहरूसंग राजा मानदेव पनि लडेको कुरा हामीलाई इतिहासले बताउँछ। वि. सं. १३४४ मा नेपाल उपत्यका (काठमाडौ उपत्यका) मा सर्व प्रथम आक्रमण गर्ने मल्ल राजामा जितारिमल्ल थिए। जितारिमल्ल क्राचल्लका नाति तथा अशोक चल्लका सुपुत्र थिए भन्ने कुरा पृथ्वी मल्ल देवको शाके १२७९ (वि. सं. १४१४) को कीर्तिस्तम्भाभिलेखबाट प्रष्ट हुन्छ। चौधौं शतीतिर खसिया मल्लराजाहरूको अवनतिको परिणाम स्वरुप कुमाउँ स्वतन्त्र भएको थियो र विक्रमको पन्ध्रौं शताब्दीदेखि चन्द्रवंशी क्षत्रियहरूले कुमाउँमा आफ्नो अधिकार फैलाएका थिए। त्यसवेलासम्म पनि महाकाली पारि कुमाउँको केही प्रान्तमा डोटचालहरूको र जुम्लीहरूको अधिकार रहेकै थियो। विक्रमको सोह्रौं शताब्दीमा रतनचन्द डोटीको वन्धनबाट मुक्त भएता पनि सत्रौं शताब्दीको मध्यभागसम्म पनि महाकाली पारि केही प्रान्तमा डोटीको नै अधिकार रहेको कुरा पनि इतिहासले बताउँछ। त्यसवेला सम्म कुमाउँको राजधानी चम्पावत थियो। वि. सं. १६१५ रतन चन्दका नातिले आफ्नो राजधानी अल्मोडामा सारेका थिए। वि. सं. १७०० तिर महीपत शाह स्वतन्त्र भए। यिनले आफ्नो राजधानी श्रीनगरमा कायम गरेका थिए। यिनैका वंशज ललित शाहका छोरा प्रद्युम्न शाहले एक पटक कुमाउँ तथा गढवाल दुवैमा आ-आफ्नो अधिकार जमाएका थिए। पछि कुमाउँबाट यिनको अधिकार हटे पनि गढवाल यिनकै हातमा थियो। तर पछि नेपाल एकीकरणको सिलसिलामा नेपाली सेनाका सेनापति देशभक्त अमरसिंह थापाले ई. १८०४ (वि. सं. १८६१)

51 The Chands often married Katyuri wives, but never gave their own daughter to the Katyuri. They now intermarry with the families of the petty Vaisya Thakuri Rajas to the east of Doti and Jumla in Nepal. The Askot family also intermarry with the Nepalese, but of late years the poorer descendants of the Pali families have begun to intermarry with the more wealthy Khasiyas. Kumaun Hills, Page 496

52 According to Hariballabha, the Raja of Yumila (Jumla) were of the Suryabangsi. and were admitted to be pure, so as to intermarry with the chiefs of Kumaun and Garhwal- An Account of the Kingdom of Nepal, Page 287

५३ प्रद्युम्न शाह (१७९७–१८०४) अन्तिम स्वतन्त्र गढवाली राजा था। साथ ही वह एक समय जमुनासे काली तक सारे कुमाउँ गढवाल का भी राजा रहा– गढवाल, पृष्ठ १७९, राहुल सांस्कृत्यायन।

तिर प्रद्युम्न शाहलाई प्रारास्त गरेका थिए ।

हाल महाकाली अञ्चलमा पर्ने दार्चुलामा राजा अजयपालदेखि निकै पुस्ता सम्म राज्य चलेको कुरा उकु पञ्चायत अन्तर्गत उकु महलको भग्नावशेषस्थलमा रहेको नागपाल-राजाको शिलाभिलेख तथा राजदरबारका भग्नावशेषहरूबाट प्रष्ट हुन्छ । राजा नागपाल निरैपालका छोरा थिए । राजा निरैपाल पछि राजा नागमल्लले डोटी डडेल्धुराको अजयमेरकोटमा बसी राज्य गरेका थिए । हाल प्राप्त नागमल्लको शाके १३०० (वि. सं. १४४४) को ताम्रपत्र तथा अजयमेरकोट हाट गाउँ वा हाट देवलमा रहेका देवलहरूबाट प्राप्त शाके १३०६ शाके १३१५ का शिलाभिलेख तथा अन्य अभिलेखहरूबाट उक्त कुराको बलियो पुष्टि मिल्छ । डोटीमा राजा नागमल्ल पछि रिपुमल्ल र त्यसपछि कल्याणमल्लले राज्य गरेका थिए । राजा कल्याणमल्लको शाके १३७२ (वि. सं १५०७) को ताम्रपत्र र (५५) राजा निरैपालको शाके १२८४ (वि. सं. १४१९) को ताम्रपत्र पनि संपादक देवकान्त पन्थजीले प्रकाशित गरेका छन् (५६) । यसको साथै देवकान्तजीले नागपाल र नागमल्ललाई एकै व्यक्ति भएको कुरा शाके १३०९ को नागमल्लको ताम्रपत्रको आधारमा सिद्ध गरेका छन् (५७) । यस प्रकार देवकान्त पन्थजीले भने झैं नागमल्ल र नागपाल एकै व्यक्ति प्रमाणित हुन सकेको खण्डमा उकु पञ्चायत (दार्चुला) उकुमहलमा रहेको नागपालको शिलाभिलेखको समय शाके १२८४– १३०६ भित्रका हुनु धेरै संभव छ । तर उकुमहलको उक्त अभिलेखको समय शाके ११६० भएको कुरा योगी नरहरिनाथले खुलस्त रूपमा भनिसकेका छन् (५८) । योगी नरहरिनाथले पढेको उक्त शिलाभिलेखको पाठ चाहिं प्रकाशमा आएको मैले देखेको छैन ।

डोटचाल राजाहरूको वंशावली संबन्धमा चर्चा गर्दै देवकान्त पन्थजीले जनश्रुति, लोक साहित्य, शिलाभिलेख तथा ताम्रपत्रहरूलाई आधारमान्ने हो भने मैले डोटी राजाको वंशावलीलाई यस प्रकार कायम गरेको छु भन्ने दावी र निर्णय गर्दै डोटचाल राजाहरूको वंशावलीको क्रममा कल्याणमल्लदेव पछि संसारमल्लदेवलाई राखेका छन् (५९) । तर पन्थजीले नै प्रकाशित गरेको शाके १३७२ को ताम्रपत्रमा कीर्तिमल्ल तथा संग्राममल्लको उल्लेख भएको र हाल कीर्तिमल्लको शाके १४०३ को ताम्रपत्र समेत यस लेखका लेखकले प्राप्त गरेकोले कल्याणमल्ल पछि संसारमल्ल राजा नभएर कीर्तिमल्ल नै राजा भएको प्रमाणित हुन्छ । राजा कीर्तिमल्ल पछि डोटीमा क्रमशः प्रतापमल्ल, अर्जुन मल्ल एवं भूपतिमल्ल राजा भएका थिए । भूपतिमल्ल पछि डोटीको राजवंशावलीमा शाही राजाहरू देखा पर्छन् । शाही राजाहरूमा सर्वप्रथम शाही उपाधि धारणा गर्ने अर्जुन मल्ल देखिन्छन् (इतिहास प्रकाश सन्धिपत्र संग्रह–पृष्ठ ७४७) र त्यसपछि क्रमशः राम साही, रुद्र-साही, पहाडीसाही, विक्रम शाही, मानधाता साही, रघुनाथ साही, कृष्ण शाही एवं दीपशाही राजा भएको कुरा कतिपय प्रकाशित ताम्रपत्र र हाल यस लेखका लेखकले प्राप्त गरेका कतिपय प्रकाशनाधीन ताम्रपत्रहरूले स्पष्ट रूपमा व्यक्त्याएका छन् । त्यसैले देवकान्त पन्थजीले झैं ऐतिहासिक तथ्यमा दावी र निर्णय दिन नमिले पनि यस लेखकले

५४ नेपाल से चलकर अमरसिंह थापा सीधे अल्मोडा इलाके में आए । अलमोडा से नेपाली सेनाने उत्तर तिब्बतकी राह गढवाल में प्रवेश किया तथा शीघ्र ही गढवालकी राजधानी श्रीनगर में नेपालियोंका आधिपत्य स्थापित होगया । जहाँ तहाँ दो चार लडाईंया हुईं । अन्त में वे देहरादून की लडाई में गढवाल के राजा प्रद्युम्न शाहको पराजित कर देहरादून में सुदृढ होकर रहने लगे । यह घटना सन १८०४ ई के अन्तिम भाग की है– अमर सिंह थापा, पृष्ठ ३४ मूल लेखक सूर्य विक्रम ज्ञवाली, अनुवादक श्री लालजी सहाय ।

५५ डोटेली लोक साहित्य: एक अध्ययन, पृष्ठ ८८

५६ ऐजन— पृष्ठ ८७

५७ "अब यी नागपाल नै नागमल्ल हुन भनी प्रमाणित गर्ने तथा फेला परेपछि मात्र विश्वास गर्ने हो भने शाके १३०९ को ताम्रपत्र अघि सार्न सकिन्छ । यसको साथसाथै शाक १३७२ को कल्याणमल्ल पालको ताम्रपत्र पनि प्रमाण स्वरुप लिन सकिन्छ । ऐजन पृष्ठ ८३

५८ हाम्रो देश दर्शन— पृष्ठ ७८

५९ डोटेली लोक साहित्य: एक अध्ययन— पृष्ठ ७९

गरेको आजसम्मको अनुसन्धान मुताविक (भोलिको अनुसन्धानबाट यसमा संशोधन पनि हुन सक्तछ) डोटचाल राजाहरूको वंश परम्परा यस प्रकारको देखिन्छ। यो परम्परा कत्युर वंश संम्वन्धित भएको कुरा माथिनै चर्चित भइसकेको छ।

डोटचाल राजवंशको परम्पराः–

१ निरञ्जन देवपाल (निरैपाल)
२ नागमल्ल
३ रिपु मल्ल
४ कल्याणमल्ल
५ कीर्तिमल्ल
६ प्रतापमल्ल
७ अर्जुनमल्ल
८ भूपतिमल्ल
९ हरिशाही (प्रथम)
१० राम शाही
११ रूद्रशाही
१२ पहाडी साही (प्रथम)
१३ विक्रम शाही
१४ मानधाता साही
१५ रघुनाथ साही
१६ कृष्ण साही
१७ दीप साही
१८ विष्णु साही



यस प्रकार डोटचाल शाहीराजाहरूले डोटीमा राज्य गर्दै आएका थिए भने कुमाउँका चन्द्रवंशी क्षत्रियको एक शाखाले प्यूठानमा पनि राज्य गर्दै आएको थियो। विक्रमको अठारौं शतीको अन्त्यतिर प्यूठानका राजा मानिक चन्द थिए। मानिक चन्दका छोरा मोती चन्दको समयमा वि. सं. १८४३ कार्तिक १९ गते नेपाल अधिराज्यको एकीकरणको विशाल अभियानमा सरिक भई गएको नेपाली फोजले प्यूठान दखल गऱ्यो। यस भन्दा अगाडि लमजुङ, पर्वत, तनहुँ, पश्चिम नुवाकोट, पैयुँ, सतहुँ आदि कतिपय राज्यहरूमा नेपाली सेनाले पूरा आधिपत्य गरिसकेको थियो (६०)। प्यूठान पछि दाङ राज्यमा विजय पताका फहराई मुसिकोट समेत पराजित गरी भेरी नदीको किनारा सम्मको विशाल राज्यलाई अधीनस्थ बनाई अमरसिंह थापाको नेतृत्वमा गएको नेपाली फौजले सुर्खेतको लडाईमा विजय प्राप्त गरी दुल्लु तथा दैलेखलाई समेत गाभी पश्चिम कर्णाली नदी सम्मको विशाल क्षेत्रलाई नेपाल अधिराज्य भित्र मिलाई कर्नाली पारिको डोटी तथा अछाम राज्य लाई पनि डुम्राकोट तथा तारिमघाटको लडाँई पछि पराजित गऱ्यो (६१)। यो विजय वि. सं. १८४६–४७ तिर भएको थियो। यसवेला नेपालको सीमाना महाकाली सम्म पुगेको थियो। डोटीको विजय पश्चात नेपाली फौजले अलमोडा र त्यसपछि गढवाल माथि आक्रमण गरेको थियो।

तर स्टीलरले पश्चिम नेपाल विजयको चर्चा गर्दै मुस्ताङ पार गरेपछि नेपाली फौजले जुम्लामाथि आक्रमण गरेको (६२) र जुम्लाको विजय पछि क्रमशः अछाम, बझाङ र डोटी राज्य माथि विजय प्राप्त गरेको कुराको उल्लेख गरेका छन् (६३)। यस प्रकार नेपाल अधिराज्यको एकीकरणको विशाल अभियानमा नेपाली फौजले पश्चिम नेपालका बाईसे चौविसे जस्ता साना ठूला राज्यहरूमाथि विजय प्राप्त गर्दै जादा कुन चाहीं राज्यमा प्रथम विजय कुनमा दोस्रो र कुनमा तेस्रो भनी ठोकुवा गर्न चाहिं कठिन छ। यद्यपि यस सम्बन्धमा इतिहासकारहरूले विभिन्न किसिमका अड्कल चाहिं काटेका छन्। तर पनि पश्चिमका सबैजसो राज्यहरू माथि विजय प्राप्त गरिसकेपछि अन्तिम समयमा डोटी राज्य माथि आक्रमण गरेको कुरा चाहिं प्रायः निश्चित छ। डोटीमा आक्रमण गरेको वेला अर्थात वि. सं. १८४६–४७ तिर डोटीका राजा दीपशाही थिए। उनको राजधानी दिपायल थियो। नेपाली सेनाका प्रख्यात सेनापति अमरसिंह थापाको सेनाले वि. सं. १८४७ भाद्रमा डोटी माथि विजय गरेपछि राजा दिपशाही दिपायलबाट भागी पीलभीत बसेका थिए। यस कुराको विशेष चर्चा माथि नै गरिएको छ। दीपशाही भागेपछि नेपाल अधिराज्यको एक रजौटा राजाको रूपमा राजा दीपशाहीका भाई विष्णुशाहीलाई राखिएको थियो। विष्णुशाहीका पालादेखि डोटीका राजाहरू नेपाल अधिराज्यको रजौटाको रूपमा काम गर्न थाले। पछि राजा विष्णुशाहीका छोरा पहाडीशाही (द्वितीय) लाई श्री ५ रणबहादुर शाहले वि. सं. १८५० मा रजाई थामी लाल मोहर गरिदिएका थिए। पछि श्री ५ महेन्द्रको पालामा वि. सं. २०१८ जेष्ठ १० गते

६० राहुल सांस्कृत्यायन, गढवाल, पृष्ठ २०३।

६१ इसके बाद अमरसिंह थापा ने (भेरी) नदी पारकर दैलेख राज्य पर आक्रमण किया। दैलेख के पश्चिम सुर्खेत में लडाइ हुई। लडाइ में नेपालियोंकी विजय होने के कारण दैलेख पर नेपालका अधिकार स्थापित हुआ। करनाली नदी तक नेपालका झंडा फहराने लगा। करनाली पारकर अमर सिंह थापाने अछाम तथा डोटी के राज्यों पर आक्रमण किया। डुम्राकोट तथा तारिमघाटकी लडाइ के बाद अछाम तथा डोटी पराजित किये गये। अब नेपालकी सीमा महाकाली नदी तक विस्तृत होगई। यह विजय सन १७८९ ई० अथवा १७९० ई० में हुई। अमरसिंह थापा, पृष्ठ १६ मूल लेखक सूर्य विक्रम ज्ञवाली, अनुवादक श्री लालजी सहाय।

62 The Gorkhalis chose to attack Jumla by the northern route, passing from the lands of the Mustang Raja along the mountain tracks and into Jumla from the north east. The Rise of the House of Gorkha, L. F. Stiller S. J. Page 185

63 After the conquest of Jumla, the Gorkhalis moved farther west to Achham, Bajhang and Doti. The Rise of the House of Gorkha L. F. Stiller S. J. Page 187

"राज्य रजौटा उन्मूलन ऐन" जारी भएपछि डोटीको रजौटा प्रथा समेत समाप्त भयो ।

स्थानीय जन भनाईलाई प्रमाण मानी डोटीको प्राचीन ऐतिहासिकताको लेखाजोखा गर्ने हो भने डोटी राज्य सत्ता सिंहपुर कञ्चनपुर हुदै अजमेरूमा प्रवेश गरेको र त्यस पछि ज्वरायल दीपायल आएको सिद्ध हुन्छ । आज-भोलि बोलिने कञ्चनपुर नै संभवतः पहिले सिंहपुर थियो । कञ्चनपुर सिंहपुर नभएता पनि हाल कञ्चनपुरबाट करिब २५ किलोमिटर टाढा शाही संरक्षित वनभित्रको विशाल ताल रानीतालको छेउमा रहेको सिंहपुरका प्राचीन भग्नावशेषहरूले पनि प्राचीन राजधानी भएको तथ्यलाई अगाडि सार्दछन् । साथै स्थानीय जनश्रुतिबाट पनि सिंहपुर सिंहपाल राजाको राजधानी भएको कुरा प्रष्ट हुन्छ । यसरी सिंहपुर पालको राजधानी भएको तथ्य हाम्रो सामु आउँछ भने माथि उल्लिखित लोकगीतबाट अजयमेरकोट पनि पालले बनाएको सिद्ध हुन्छ । यस्तै नरहरिनाथज्यूको भनाईबाट डोटीको श्रीकोट पनि पाल राजाहरूको राजधानी भएको प्रमाणित हुन्छ । हाल डोटीको सदरमुकाम सिलगढी बजारको पूर्वोत्तर दिशामा रहेका डोट्याल राजाहरूका प्राचीन कोटका भग्नावशेषहरूले पनि संभवतः पालहरूकै अस्तित्वलाई औंल्याउंलान् । यस प्रकार हेर्दा सिंहपुर कञ्चनपुर डंडेलधुराको अजमेरकोट श्रीकोट हुँदै हिमालय सम्म डोटीको राज्यमा पालहरू प्रवेश गरेको कुरा हाम्रो अगाडी उपस्थित हुन्छ भने हालकै लाली (डोटी) मा प्राप्त श्रीपुर, वारचन्डा वा वाह्रवनजंगलका भग्नावशेषहरूले अर्को अन्योल पनि खडा गर्न सक्तछन् । साथै हाल सालै प्राप्त अरबिक लिपिका मुद्राहरूले मुगलकालिन सभ्यतालाई पनि अगाडि सारेका छन् । यसै गरी उकुमहलका प्राचीन भग्नावशेषहरूले पनि पालकै अस्तित्वलाई कायम गर्छन् भने अन्य ठाउँठाउँमा प्राप्त भग्नावशेषहरूले पाल र मल्लको अस्तित्वलाई जोगाएर राखेका छन् । यस प्रकार अनुसन्धान गर्दै जांदा पालहरूको अस्तित्वमा प्राचीनता आएपनि सर्व प्रथम पाल राजाहरूको प्रवेश अजयमेरूमा भएको थियो अथवा डोटीको श्रीकोटमा भएको थियो, अथवा ज्वरायलमा भएको थियो, अथवा सिंहपुरमानै भएको थियो अथवा श्रीपुर, र वाह्रवन जंगलमानै भएको थियो ? यसको निर्णयको लागि अनुसन्धान गर्न आवश्यक भईसकेको छ । सामान्यतया हेर्दा डोटी राज्यमा पालहरूकै अस्तित्वका आधारहरू प्रायशः देखा पर्न थालेका छन् । यसबाट प्राचीन डोटी राज्य पालहरूको अधीनस्थ क्षेत्रभएको कुरामा थप बल मिल्छ ।

पूर्व प्राचीन कालिन डोटी राज्य

प्रचलित कथा र जन–श्रुतिको आधारमा राजा नागी-मल्लले अजमेरु वा अजयमिहिरकोटको स्थापना गरेको कुरा थाहा पाइन्छ भने केही इतिहासकारहरूको खोजले निरञ्जन देव पालले डोटी राज्यको शिलान्यास गरेको कुरालाई अगाडि ल्याएको छ । लोककथाहरूलाई प्रमाण मान्दा राजा नागीमल्लको अभ्युदय आठवौं शती तिर भएको सिद्ध हुन्छ । यस वेला अजयमेरुलाई खसान र सिजा राज्यलाई जडान भनिन्थ्यो । यी दुवै शक्तिशाली राज्य थिए । राजा नागी-मल्लले डोटी राज्यको राजधानी अजयमेरुमा बसी शासन गरेको वेला पूर्व पश्चिम उत्तर दक्षिण चारैतिर ससाना भुरे राज्यहरू थिए, जहाँ कल्याल विष्ट सिंह र पाल खान्दानी राजाहरू राज्य गर्दथे । त्यसैले राजा नागीमल्ल देखि एकी-कृत गर्न थालिएको डोटी राज्यलाई नागीमल्ल पछिका कैयौं पुस्ता सम्मका राजाहरूले गरेको एकीकरणको फल नै महान शक्तिशाली डोटी राज्यको समुदय थियो । अथवा भनौं पश्चिममा वाइसे चौविसे जस्ता ससाना राज्यहरूको उदय भन्दा अगाडि महान शक्तिशाली राज्यहरूमा डोटी साम्रा-ज्य र सिजा साम्राज्य थिए जसको नाम नेपाली इति-हासमा जडान र खसानको नामले प्रख्यात छ । त्यसैले तत्कालिन डोटी राज्यको वास्तविक ऐतिहासिक तथ्य पत्ता लगाउन सिंहपुर, कञ्चनपुर, अजयमेरु, कुल्लेककोट, सगौड-कोट, धौलीकोट, रोलेश्वरकोट मकरीकोट, उकुमहल, व्यास गुफा, बझाङकोट, डुम्राकोट सुनिकोट गोलारकोट, थलहराकोट, ज्वरायल, सिलगढीबजार पूर्वोत्तर दिशाका प्राचीन कोट, श्रीकोट, विनायकस्थान; श्रीपुर र वाह्रवन जङ्गलका प्राचीन भग्नावशेषहरू, अन्य विभिन्न स्थानमा रहेका पुरातात्विक अवशेषहरू, शिलाभिलेख, ताम्रलेखादि र अन्य प्राचीन ऐतिहासिक कागजातहरूको अध्ययन, अनुसन्धान निरीक्षण क्रमवद्ध रूपमा नभए वा नगरेसम्म प्राचीन डोटी राज्य र राजवंशको इतिहासको जानकारी पाउन मुश्किल पर्छ । दुई चार ताम्रपत्र र दुइ चार शिलाभिलेख तथा दुई चार ऐतिहासिक कागजातहरू

पाउँदैमा र लोक कथा र लोक गाथा भेट्टाउँदैमा मात्र डोटी राज्य र राजवंशको इतिहास खोतल्ने काम अधुरो नै रहन्छ । चाहे केही प्रामाणिक कुरा उपस्थित गरी अनुमानै अनुमानको भरमा इतिहासकारहरूले जति सुकै अड्कल काटुन् त्यसमा केही सत्य भएपनि धेरै चाहिं असत्य नै रहिरहने छ ।

डोटीराज्य विषयमा आजसम्म लेखिएका ऐतिहासिक ग्रन्थ र अनुसन्धानात्मक लेखादिबाट के सत्य हुन्छ भने कत्युरी साम्राज्यको पतन पछि कत्युर नरेशका उत्तराधिकारीहरू बसाई सर्ने क्रममा पश्चिम नेपालको क्षेत्र तिर प्रवेश गरे । यसरी बसाई सर्ने क्रममा कत्युरी पालहरूले केवल पश्चिम नेपालको एक क्षेत्रबाट मात्र प्रवेश नगरेर विभिन्न क्षेत्रबाट प्रवेश गरे । यसरी प्रवेश गर्दै जाँदा उनीहरूले जहाँ आफ्नो अस्तित्व कायम हुने देखे त्यहीं त्यहीं आफ्नो राज्यसत्ता कायम गर्न थाले । फलस्वरूप प्राचीन शक्तिशाली डोटी राज्य स्थापना हुनु भन्दा पहिले पालहरूले बसाईको दौरानमा नै अनेकौ ससाना राज्यहरू कायम गरी राजनैतिक स्थिरता ल्याइसकेका थिए । समय परिवर्तनको काममा पालमध्येका कुनै शक्तिशाली पाल राजाले डोटी अजयमेरू जस्तो शक्तिशाली साम्राज्यको स्थापना गरे । चाहे ती लोककथाका नायक नागीमल्ल हुन्, चाहे इतिहास प्रसिद्ध ती निरञ्जन देव पाल हुन्, चाहे लोकगीतका नायक हेमन्तपाल नै किन नहुन्, चाहे अरू कुनै पाल हुन, कत्युरीवंशी पालराजाहरूले नै प्राचीन डोटी राज्यको स्थापना गरेको कुरा इतिहास सम्मत हुन आउँछ ।

राजा नागीमल्ललाई अजयमेरूकोटको (६४) स्थापक तथा निर्माता मान्दै एक अनुसन्धाताले नागीमल्ल यदि उनका छोरा जीवितमल्ल–निरयमल्ल, शंकुमल्ल (शाके ८४१) उदयमल्ल–शिवमल्ल–पृथ्वी मल्ल (शाके १२२८-१२७९सुतनिमल्ल(शाके १२८०-१३३८)जितारीमल्ल (शाके १३३९–१३८६) कीर्तिमल्ल (कीर्तिवम्म) (शाके १३८६-१४२६) जितारीमल्ल(दोस्रा) शाके १४२७-१४६९ अर्जुनमल्ल (शाके १४७८–१५१८) हरिशाही–रामशाही रुद्रशाही–पहाडी–शाही – बहादुरशाही – विक्रमशाही आदि राजा भएको चर्चा गर्दै पालवंशका आदि पुरूष आदिकालदेखि डोटचाल राजाहरूको पुस्तावधि जोड्ने तर्खर देखाएका छन् । त्यतिमात्र होइन उनले आफूले लेखेका कुरामा र आफूले दिएको बंशावलीमा कतै कतै भिन्नता पनि पाइन्छ । अनुसन्धाताको उक्त खोजलाई हेर्दा निरयमल्लका छोरा शंकुमल्ल देखिन्छन् भने अर्कातिर ताम्रपत्रमा निरयमल्लका छोरा नागमल्ल देखिन्छन् । फेरि अनुसन्धाताको उक्त खोजबाट एकातिर उनले दिएको वंशावलीमा जितानमल्लका छोरा नागमल्ल देखिन्छन् भने रहुमल्लका छोरा पुलीमल्ल देखिन्छन् । उनकै फुटनोटबाटचाहिं शिवमल्लका छोरा पुलीमल्ल देखा पर्छन् ।

यसै गरी जीवितमल्लका छोरा निरयमल्ल देखिन्छन् भने वंशावलीबाट चाहिं निरयमल्ल । निरयमल्ल अपभ्रंस भएको हुन सक्तछ । जेहोस् यस्ता कतिपय अन्योलहरू उनले दिएका डोटचाल वंशावलीमा जताततै छन् । यसबाट यौटा अर्को अन्योल पैदा हुन्छ । त्यो के भने अनुसन्धाताले दिएको डोटचाल वंशावलीमा भाइ भारादारहरूका नाम त परेका छैनन् ? । यस प्रकार विभिन्न इतिहासकारहरूले डोटचाल राजवंश र प्राचीन डोटी राज्य सम्बन्धमा गरेका ऐतिहासिक खोजहरूले अनेकौं अन्योलहरूको सिर्जना गरेको छ । जुन अन्योलहरूलाई यसरी व्यक्त गर्न सकिन्छ– योगी नरहरिनाथले दिएको डोटीको अध्ययन सत्य हो ? राहुल सांस्कृत्यायनले दिएको सत्य हो ? एट्किन्सनले दिएको सत्य हो ? देवकान्त पन्थले दिएको सत्य हो ? पूर्ण प्रकाश नेपालले दिएको सत्य हो ? यस पंक्तिका लेखकले दिएको सत्य हो ? अथवा अनुसन्धानको सिलसिलामा जे पायो त्यही सत्य हो ? अथवा पाठकहरूलाई सोच्न वाध्य गराउनु नै सत्य हो ? के चाहिं सत्य हो यसबारे इतिहासका अनुसन्धाता विद्वानहरूले ठोस निर्णय दिन बांकी नै देखिन्छ ।

जे होस, यस प्रकारका कैयौं ऐतिहासिक भूल वा अन्योलहरू बांकी रहेता पनि पश्चिम नेपालमा एकै किसिमको नाम भएका पाँच ऐतिहासिक राजाहरू देखिन्छन् । ती हुन्– नागी मल्ल, नागमल्ल, नागपाल, नागदेव, नागराज । यी राजाहरूमध्ये लोककथाका नायक राजा नागी-

६४ महाकाली अञ्चल दिग्दर्शन, पृष्ठ ५४–८०

मल्लको विषयमा स्थानीय समाजमा प्रचलित लोककथा य स प्रकारको छ–

सिजा राज्यमा जुन वेला विष्ट सिजापति राज्य गर्दथे ठीक त्यसै समयमा डडेलधुराको अजमेरुकोटमा राजा नागीमल्ल राज्य गर्दथे । राजा नागीमल्ल अविवाहित थिए । विजयाकांक्षी र स्वेच्छाचारी पनि थिए । उनका कोही सन्तान थिएन । कुनै कार्यविशेषले राजा नागीमल्ल एक दिन आफ्नो राजधानी अजमेरूबाट आफ्नो राज्यको सीमाना (आधुनिक अछामको छेउमा) स्थित कुनै एक प्रदेशमा गएमा थिए । त्यसवेला उनको त्यहीं नै मृत्यु भयो । राजा नागीमल्लको मृत्युपछि राज्यमा उत्तराधिकारीको अभावमा हाहाकार भयो । मन्त्री तथा भारदारहरूले राज्यको शासन चलाए । केही वर्ष बितेपछि स्थानीय जनताले एक सपना देखे । सपना सबै प्रजाको एकै किसिमको थियो । त्यो सपना यस प्रकारको थियो– "राजा नागीमल्ल आफ्नै राज्यको एक विधवा बाहुनी संग फसेर एक राजकुमार जन्मेको छ । अहिले त्यो बालक सिजाको राजाको संरक्षणमा छ । जनताले यस कुराको पत्तो लगाइ छाडयो । त्यस पछि राजकुमारको खोजीमा अजयमेरूको एक प्रतिनिधिमण्डल सिजा पुग्यो । राजकुमारको पत्तो लागेपछि प्रतिनिधिमण्डलले सिजाको राजालाई सत्य कुरा विन्ति गऱ्यो । त्यस समय राजकुमार ठूला भई सकेका थिए । प्रतिनिधिमण्डलको कुरा सुनेर सिजा राजाले एक शर्त राखे । शर्त यस्तो थियो:– "राजकुमार बराबरको सुन दिए पछि मात्र राजकुमारलाई फिर्ता दिने", प्रतिनिधि मण्डलले त्यो कुरा स्वीकाऱ्यो र अजयमेरूमा फर्कियो । अजयमेरू आए पछि सबै कुरा बतायो । ३६ धार्नी सुन दिनु कम कुरा थिएन । सिजालीहरूले राजकुमारको तौल त्यति नै बताएका थिए । अत्यमा सुन दिएर राजकुमार ल्याउने निर्णय भयो । त्यस पछि प्रतिनिधिमण्डल सुन लिएर सिजातिर लाग्यो । आफ्नो राज्यको अर्कै ठाउँमा पुगे पछि सुन लैजाने व्यक्तिहरूको मनमा कलुषित भावना पैदा भयो । फलस्वरूप तामामा बाहिरी सुनको जलप लगाएर सुन दाखिल गरी राजकुमार ल्याउने फैसला भयो । त्यसै मुताविक उनीहरूले कार्य सम्पन्न गरे । त्यो सिजा राजाले थाहा पाए । सुन लिएर जाने मध्ये प्रमुख तीन व्यक्ति थिए । ती तिनै जनालाई राजाले भने– तिमिहरूले चोर ढाँट र ठगको काम गऱ्यौ । त्यसैले तिमिहरू त्यही पदवी लिन मञ्जुर छौ भने राजकुमार फर्काउँछु नत्र हुदैन । राजाको कुरालाई तिनीहरूले स्वीकारे । त्यस पछि राजकुमार लिएर तिनीहरू अजमेरू फर्किए । अजमेरूमा आएपछि राजकुमारलाई गद्दीमा राखे । ती राजकुमारको नाम जीवितमल्ल थियो । जीवितमल्ल राजा भएपछि पहिले जस्तै राज्य शासन चल्न थाल्यो ।

यस प्रकार डोटी राज्यको पूर्व प्राचीन कथात्मक इतिहास तिर लम्किदा पूर्व प्राचीन कालमा डोटी राज्य सिजा भन्दा सानो भए पनि पछि पाल र मल्ल राजाहरूले पुस्तौं पुस्ता सम्म गरेका आसपासका कयौं टुकुटे राज्यहरूको एकीकरणको फलस्वरूप विशाल डोटी साम्राज्यको रूपमा परिणत हुन्छ र महान शक्तिशाली राज्य बन्छ । त्यस पछि शदियौं सम्म विशाल साम्राज्यको रूपमा रहेको डोटीले भाषा, कला, सँस्कृति र सभ्यता आदिको विकासमा अभूत पूर्व उन्नति गर्छ, जसको नमुनाको रूपमा डोटी साम्राज्यका ठाउँ ठाउँमा पुरातात्विक भग्नावशेषहरू अद्यावधि मौजुद छन् । कयौं शती पछि भाई भारदारहरूको फूट र पारस्परिक कलहले गर्दा साम्राज्यको रूपमा रहेको डोटी राज्य बाइसे राज्यहरूमा परिणत हुन्छ । यस बारे विशेष चर्चा माथिनै भएको छ तापनि बाइसे राज्य हुदाका बखतका केही ऐतिहासिक कुराहरूको चर्चा गर्नु त्यति अप्रासङ्गिक देखिदैन ।

साम्राज्य डोटीको पतन पछि सानो डोटी (तत्कालिन बाइसेराज्यका बखतको शक्तिशाली डोटी राज्य) अछाम, बाजुरा, थलहरा, बझाङ आदि बाइसे राज्य र बैतडी, दार्चुला, कैलाली, कञ्चनपुर आदि राज्यको अलगै राजनैतिक तथा साँस्कृतिक इतिहास कायम हुंदै जान्छ र अलगै पृष्ठभूमि बन्छ । यी प्रत्येक राज्यले आफ्नै किसिमको स्वतन्त्र राज्यसत्तात्मक व्यक्तित्वलाई अगाडि ल्याउँछन् । तर पनि एक अर्को राज्यले एक अर्को राज्यमाथि हमला गर्ने प्राचीन परिपाटीलाई भने विर्सेको हुँदैन । एक अर्काको हमलाबाट बच्नको लागि अग्लो पर्वतीय डाँडामा गई कोट वा दरबार बनाउने परिपाटीको जन्म पनि यसैवेला देखि सुरू हुन्छ । त्यसैले यस वेलाका राजाहरूले आफ्नो रक्षा खातिर बनाएका कोट दरबारहरूको संरचना पनि भग्नावशेषको रूपमा अद्यावधि अनगिन्ति फेला पर्छन् ।

जुन ठाउँमा जुन राजाले कोट बनाउथ्यो, त्यहाँ पछिबाट शान्ति सुरक्षामा खलल पर्ने वा पार्ने किसिमको

कुनै पनि संभावना भएमा त्यही राजाले अर्को कुनै सुरक्षित हुने स्थान वा पर्वतीय दुर्ग खोजी पुनः अर्को दरबार बनाई बस्दथ्यो र आफ्नो शान्ति सुरक्षा सकेसम्म गर्दथ्यो । यसरी आफू बलियो भएर बसे पछि फेरि त्यही राजा आफ्नो सैनिक दलको संगठन गरी अर्को राज्यका राजामाथि हमला गर्दथ्यो । यसरी हमला गर्दा हार्ने राजाले फेरि अर्को पर्वतीय दुर्ग खोजी दरबार बनाई बस्थ्यो । यस प्रकार एउटै राजाले २, ४ दुर्ग, कोट वा दरबार बनाउन थाले । यही रीति बाइसे तथा चौबिसे राज्यका सबैजसो राजाहरूको थियो । फलस्वरूप बाइसे तथा चौबिसे राज्यहरूमा अनेकौ कोट र दरबारहरूको सिर्जना भयो । त्यतिमात्र होईन राजाका भाईभारदारहरूले पनि आत्म सुरक्षाका लागि बनाएका कोटहरूले पनि दरबारको संख्यामा संख्या थप्यो । यसप्रकार डोटी राज्यभित्र पाईने भग्नावशिष्ट कोट दरबारहरूमा प्रसिद्ध श्रीकोट, अजमेरूकोट, दिपायलकोट, ज्वरायलकोट, विनायककोट, बीमकोट, श्रीपुरकोट, बाह्र-बनजङ्गलकोट, टीकाकोट, नुवाकोट, सुनीकोट, डूम्राकोट गोलाइकोट, आठकोट, सिउँकोट, वधोङ्गकोट, मकरीकोट, दंदाकोट, पत्थरकोट, जारकोट, बाराकोट, पिपलकोट, कुल्लेककोट, सिंहपुरकोट, आदि कयौं कोटहरू छन् ।

बझाङ्गी वंशावली अनुसार बाजुरा बाइसे राज्यको विभाजनपछि एक स्वतन्त्र राज्य भएको बुझिन्छ । बाजुराको राजनैतिक स्थितिबारे चर्चा गर्दै वंशावलीले बझाङ्गी राजाका ३९ सौं पुस्ताका राजा भिउसिंहका भाई डुगरसिंह डुग्राकोट गई बसेका थिए । उक्त कोटबाट एक दिन डुगरसिंहलाई बाजुराका बुढ्थापा राट्ले चोरी आफ्नो दरबारमा लगे (६५) । दरबारमा ९ वर्ष सम्म लुकाई राखेपछि डुगरसिंहलाई नै बाजुराको राजा बनाएको कुराको उल्लेख गरेको छ । यस उल्लेखबाट बाजुराका बुढ्थापा राट्का कुनै सन्तान नभएको सत्य प्रकाशमा आउँछ । अर्को कुरा, उक्त उल्लेखबाट डुगरसिंह बुढ्थापा राट्का संबन्धित व्यक्ति हुन सक्छन् भन्ने तर्कपनि उपस्थित हुन्छ । कसैले (६६) डुगरसिंहको उक्त घटनालाई आधार मानी बाजुरालाई बझाङ्ग राज्य अन्तर्गत भएको आशंका व्यक्त गरेका छन् । तर बाजुरा बझाङको अन्तर्गत नभएर एक स्वतन्त्र राज्यको रूपमा पहिले देखि नै थियो । यसको साथै "वलाङग्या नाम दुर्गस्य" भन्ने शाके १३४३ को सुमतिवर्माको ताम्रपत्रको उल्लेख र बाजुरा र बझाङको विचमा सिमानाका अर्को बाइसे राज्य थलहरा भएकोले बाजुरा र बझाङ दुवै स्वतन्त्र राज्य भएको कुरालिर इतिहास ढल्कन्छ । यो बाइसे राज्य बाजुरा संभवतः डोटी साम्राज्यको वेलामा वार्जु प्रदेशको नामबाट संबोधित हुन्थ्यो । किनभने अभयमल्लले (६७) बार्जुका अधिकारी कार्कीलाई र सुमतिब्रह्मले (६८) कुँदी बाजुका अधिकारी कार्की बुढ्थापा रोकायालाई गरिदिएको ताम्रपत्रमा बाज्रु र बाजु शब्दको प्रष्टै उल्लेख भएको पाइन्छ । यही वार्जु प्रदेशनै बाइसे राज्य हुंदा बाजुरा राज्यको नामले प्रख्यात भयो र यसै राज्यको छोटकरी जीवनी आधुनिक बाजुरा जिल्ला बनेको छ।

बाजुरा जस्तै बाइसे राज्यमा पर्ने अछाम राज्यको मध्यकालीन इतिहासबारे जानकारी दिने खालका अछामे राजाहरूका तीन प्रकारका वंशावलीहरू प्रकाशित भएका

६५ राजा भिउसि ३१–१५१६ इन्का भाइ डुगरसिंहको अंश डुग्राकोट भै नीजलाई डुग्राकोटबाट बाजुराका बुढथापा राटले चोरी फा (आ) एनु घरको मलेजामा ९ वर्ष सम्म दवाइ राखी पाली बाजुराकोटमा निज डुग्रा सि राजा बनाएका हुँ पालेका हुनाले पाल बो याकाहुं–इतिहास प्रकाश सन्धिपत्र संग्रह भाग १ पत्र सं ५८५

६६ मेचो–महाकाली– पृष्ठ ७९५

६७ अभयमल्लको ताम्रपत्र सं० १२९८, राष्ट्रिय अभिलेखालय

६८ सुमतिब्रह्मको ताम्रपत्र १३४८, राष्ट्रिय अभिलेखालय

छन् (६९)। यी वंशावलीहरूको विषयवस्तु शैली र प्रस्तुतिकरणमा समानता पाइएता पनि राजाहरूको पुस्तावलिमा कतै कतै भिन्नता पनि पाइन्छ। अछामेराजाहरूको विशेष परिचय दिदै ती तिनौटै वंशावलीहरूले अछामे राजाहरूलाई सोमवंशी र अत्रिगोत्री भएको कुरा प्रष्ट पार्नको साथै कुनै समयमा अत्रिऋषिका सन्तानमध्येका चार दाजुभाई गढकन्नौजबाट नेपाल भित्र पसेका थिए। नेपालमा आउँदा यिनीहरू सर्वप्रथम पर्वतराज डोटी राज्यमा आए। जेठा भास्कर भट्ट खत्याडामा बसे। माहिला प्रभाकर भट्ट लेक दार्चुलामा गई बसे। साईला लल्ल भास्कर गोताममा गई बसे। कान्छा विलल्ल भास्कर चाहिं श्री समुद्रवंशी महाराजा सिजापतिका हाजिरमा गई उनकै चाकरी गरी बसेका थिए। रहंदा बस्दा सिजापतीकी छोरी हारमतालै विलल्ल भट्टलाई स्वयंबर गरेको थाहा पाई राजा सिजापतिले ती दुईको विवाह गरिदिएको, विवाह पछि मैजा हारमतालाई पछि नाति जन्म्यो भने राज्य काटी रजाई दिने बाचा गरेको र त्यसबेला बसोबास गर्न जुमला सामाचौरको ४०० गाउँ दिएको थियो। केहि कालपछि मैया हारमताबाट पुत्र जन्मेपछि पुत्रको नाम देवचन्द (देवचन्द्र) राखियो। यस्तैमा हारमतालै आफ्ना पिता सिजापति महाराजसंग पहिलेको बाचा बन्धन सकाउँदा सिजापतिले आफ्ना नाति देवचन्दलाई राज्य काटी रजाइ दिने प्रतिज्ञाबचन अनुसार आफ्नो राज्य मध्येको अछामको जग्गा चार किल्ला साँध लगाई दिएको उल्लेख पाइन्छ। यसरी नै सोमवंशीको वंशावली अनुसार (७०) नाती देवचन्द लाई "गगनगिरिराज चन्द्र चूडामणि... ... ...आदि प्रशस्ति समेत दिएको कुराको उल्लेख पाइन्छ भने अछामे राजाको वंशावली (७१) मुताविक शक संवत १३९२ बि. सं. १५२७ मा अछामको सेरा नगरीमा राजधानी बनाई देवचन्दले राज्य गरेको चर्चा पनि प्राप्त हुन्छ। यस्ता कतिपय चर्चा र उल्लेखबाट अछाम राज्य कुनै समय सिजा साम्राज्यको अधीन भएको देखिन्छ भने अर्कातिर अछाम श्रीकोट (सिरकोट) का प्राचीनकालिन भग्नावशेषहरूले

---

६९ हिम्बुषर भइ ७ ज्मा पुस्ता १४ इनिका चार भाई मड (गढ) कनौजबाट प्रभव राज्ये धन्ने डोटि आया जेठा भाई भास्कर भट्ट षत्याडा बस्या षत्याडा भया माजिला प्रभास्कर भट्ट लेषय वस्य मिश्र वजा भया साजिला लल्ल भास्कर पुर्व गोतामम्मा गया गोताम्मा भया कान्छा विलल्ल भास्कर आपना मामा जाजा भइ संग जुमला गया श्री ५ समुन्द्र वंसि शिजापतिका हजुर्मा पुग्दा उनिका निसेपले गरि श्री ५ समुन्द्र वंसि महाराजा कि बेटि हारमता मैजाले विलल्ल रिषि भट्टलाई स्वयंवर गऱ्या श्री ५ माहाराजाबाट विवाहा गरि दिया तिनिवाट पुत्र जन्म्यो भन्या रजाइ गरि दिउला भनि वक्स्यौ भनि हुकुम दिया छोरिजुवाईलाई जुमलाका अमलमध्ये चार हजार ४०० सामाचवर गाउ दिया ताहि वस्ता मैजालाइ पुत्र जन्म्या तेस पुत्रका नाम देव चन्द भनि नाम राष्या श्री ५ समुन्द्रवसि माहाराजाले आपना नाति देव चन्दलाई स (ह) माल भैं दाहिना बाहुलिमा सूर्यचन्द्र देषाइ अव उप्रान्त तिमि सोमवंसि भयौ भनि किताव दिया मैजाले अधिका कुरा आपना बुवाज्यु संग सयल विति गर्दा श्री समुन्द्रवंसिले अछामको साद पूर्व रुप्षादेखि लालु लोषाडा लगायत दुल्लु मध्देस्यूँ वागदेषि समेत दक्षिण मलवार ५२ गाउँदेखि पश्चिम निगालिषोट सेतिगंगा उत्र (उत्तर) हिमाँनेको भगौति ढुंगो हुन चार किल्ला भित्र सिरान पुछाड गरि अछाम बुडि थर्पु मध्ये रजा ठिका बक्स्यौ–इतिहास प्रकाश, भाग ३ अङ्क २, पृष्ठ ३८७

७० ...स्वस्ती श्री: गगण गिरिराज चक्र चुडामनि नर नारायन त्यादि बिविध विरूदावलि विराजमान मानोनत श्री मनह महाराजाधिराज श्री श्री श्री महाराज प्रथम देव चन्द वाहादुर सम्सेर जङ्ग देवानाम्: सदा समर विजयी नाम... इतिहास प्रकाश, भाग ३, अङ्क २ पृष्ठ ३९१

७० श्री अछामि राजाका पुस्ता वाज्या प्रथम श्री राजा देव चन्दको अछाममा राज रजाया को ०३९२ सालमा अछाम सेरा नगरी हो –ऐजन, भाग ३, अङ्क २ पृष्ठ ३९५

अछाम राज्य पाल (७२) तथा सेन (७३) राजाहरू-को अधीनस्थ क्षेत्र भएको सत्यतालाई उपस्थित गर्छन्। साथै वंशावलीको चार किल्ला हेर्दा अछामको साथै अन्य वाइसे राज्यमध्येका केही राज्य पनि सिजा साम्राज्य भित्रै परेको देखिन्छ। यसबाट इतिहासका मूर्धन्य विद्वान श्री सूर्यविक्रम ज्ञवालीज्यूको मत बढी फलदायक सिद्ध हुन्छ, जसको केही चर्चा माथिनै भएको छ। त्यसैले यसबारे पुनः खोज अनिवार्य भईसकेको छ।

यसको साथै उक्त प्रकाशित वंशावलीहरूबाट चन्दहरू नै कालक्रमानुसार राय वा राइ, मल्ल, वर्म, वर्मन, शाहीको रूपमा आएको प्रष्ट देखिन्छ। त्यति मात्र होईन, अछाम राज्य अन्तर्गत दर्ना, विनायक, वन्नीगढी, तडिगैरा, बिमकोट, मङ्गलसेन, सेरा आदि विभिन्न ठाउँमा सामन्त रजौटाहरू भएको र अछाम राज्यमा देवचन्द कै शाखा प्रशाखाहरूले प्राचीनकाल देखिनै राज्य गरिरहेको कुरा प्रमाणित हुन्छ। यद्यपि इतिहासको पानामा केही थपघट गर्ने सामानहरूमध्ये वंशावली पनि एक मानिन्छ तापनि वंशाबलीलाई मात्र महत्वपूर्ण आधार चाहिं मान्न सकिन्न। त्यसैले यस संवन्धमा विशेष गरेर पुरातात्विक सामग्री-हरूको अध्ययन एवं अनुसन्धानलाई नै प्रमाणित मान्न सकिन्छ।

यसै गरी एकातिर "अछाम विनायकको येष वृत्तान्त" बाट (७४) बिनायकमा राज्यगरी बस्ने येष राजालाई मारी राजाराम सगुनमले शाके १३४५ मा (वि. सं. १४८०) सुजौलिकोटबाट विनायक पंचदेवलमा मुकाम सारी राज्य गरेको उल्लेख पाइन्छ भने अर्कातिर विनायक पञ्चदेवलबाट प्राप्त शिलाभिलेख (७५) बाट शाके १२०२ (वि. सं. १३३७) मा मल्लराजा आछेजमल्ल (अक्षयमल्ल ?) ले राज्य गरेको प्रमाणित हुन्छ र यस शिलाभिलेखबाट येष राजा र मल्लराजामा ४३ वर्षको अन्तर देखिन्छ। यसबाट उक्त ठाउँमा राजा येषको राज्य भन्दा अगाडि मल्ल राजाको राज्य भएको कुरा प्रमाणित

---

७२ ... तदन्तिके श्रीकोट सिरकोट भग्न दुर्गदेवल शिव-लिङ्ग लेखस्तम्भः नवहाटको माई जानपदार्चा प्राचीन विशाल देवल भग्नशिला विशीर्णः सर्वत्र राजधानी पुराणा पालिनाम १ चिरसन्तति विशालबरः– ईतिहास प्रकाश सन्धि पत्र संग्रह, भाग १, पृष्ठ–७६०

७३ लग्नाकालवशेनैव मूर्तिखम्भ मनोरमा
श्रीमग्मदनसेनेन उद्धृता पुण्यकारिणा
× × × × × × × ×
× × × × × × × ×
श्रीकोट महिषासुर मर्दिनी भगवतीको पादपीठबाट उद्धृत अंश।
यो इतिहास प्रकाश सन्धिपत्र संग्रह भाग १ मा पनि प्रकाशित छ।

७४ श्री शाके १३४५ माघ मासे दिनगत १७ पुर्णमास्यां तिथौ १५ गुरुवासरे ५ पुष्यनक्षत्रे ८ प्रथम राजा-राम सगुमले सुजौलिकोट छोडी विनायक पञ्चदेवल मुकाम भयो विनायक पञ्चदेवलमा येषको रजाइ थियो जुन्याघाट भानाकोट बुलालुको चिउरो वयालिसलो गाजुकाट्या अपार जेउला गौखोलो गामासको आस्या भै बस्याको थियो राजाराम सगुन्मले कुइका ब्रह्मस्थान बसी बामन बुढेउलि माट्या गौरवा भिलाई मतो गरि येष मारि षष्यालि लिन्छौ भन्दा कुईकाका सिउराज बुढाउलि बसिमतो जमाई हितु विष्ट मैद भंडारी बजुडि सहदेउ बुढा रिमाल कैलु साउन्द छोटु धामि परिमल धामि आसु बडाल पैमा बडाल दुमा रावल राजूमिक स्या रावल वागवरया चलाउन्या देउकोटो संपति जैसी राम आदी कार्पि राम कार्दिपाटा दन्यो हुसु अधिकारी रिकस्याल भानुजैसी कौछवा सुतारि ४ थानि ९ थरि वसी मतो गरि येषलाई मारि राज राम सगुनमले जुयाघाट भानाकोट षुलालुको चिउरो वयालीसलो गाजुकाटया अयार जेड लाग्यो षोला गाम्रिको आस्या भया राज थल्याइ बस्या राजाराम सगुनमेको अंसवंडा हुँदा विष्ट र भण्डारी मानाकोटि माट्या कामि साईमल्या साकाल दमाई ब्रह्मस्थान कुईको नाई काथड बहाल सगुनमले लिया––
ईतिहास प्रकाश भाग ३ अङ्क २ पृष्ठ–४०२–३

७५ ओं स्वस्ति श्रीमत आछेजमल्ल (अक्षयमल्ल ?) देवस्य सपरिवारा चिर जयतु आत्मन्निमितार्थे एकोतार सत्पु-रुषनिमित्तान् जैराद प्रसाद कारायो साके १२०२ सुत्र-धार नागदेव नाम कमायो– अछाम विनायक पंच-देवल शिलाभिलेख–विश्वनाथ भट्टराई...।

हुन्छ। राजा येष मल्ल खानदानी थिए वा अरू कुनै ?। जेहोस्, राजा येषलाई मारी राजा सगुनमले अछामको विनायक राज्य हत्याएको कुरा चाहि उक्त येष वृत्तान्तबाट स्पष्ट हुन्छ। वस्तुतः राजा सगुनम देवचन्द्रका शाखाका थिए। अथवा मल्ल खानदानी नै थिए ? यसबारे इतिहास मौन छ। यसको साथै वंशावली (अछामे) हरूमा पनि यी राजा सगुनमको कतै उल्लेख छैन। एक छिन मात्रै राजा सगुनमलाई मल्ल राजा स्वीकार्ने हो भने– १४८० वि. सं. सम्म अछाममा मल्लराजाहरूकै शासन भएको कुरा झल्कन्छ। यसबाट ईसाको १४ धौं शतीको अन्त्यसम्म मल्लहरूले पश्चिमी नेपालको वृहत क्षेत्रमा शासन गरेको कुरामा शङ्का गर्ने ठाउँ रहंदैन। यस प्रकार एकातिर ईसाको चौधौंशतीको अन्त्यसम्म पश्चिमी नेपालमा मल्लहरूले गरेको शासनको ऐतिहासिकतालाई प्रामाणिकता दिन सजिलो पर्छ भने अर्कोतिर प्रकाशित अछामे राजवंशावलीलाई मान्यता दिन नसक्ने आधार पनि खडा हुन्छ। यसको साथै श्रीकोट अछामका भग्नावशिष्ट प्राचीन स्मारकहरूले १२ रौं १३ रौं शती तिरनै श्रीकोट पाल राजाको राजधानी भएको तथ्य बढी प्रामाणिक हुन गएमा वा योगी नरहरिनाथज्यूको ऐतिहासिक अध्ययन प्रामाणिक भएमा अछाम राज्यको इतिहासको पानामा नयां अध्यायको सूत्रपात हुन्छ। यसबाट एकातिर अछाम राज्य डोटी राज्यको संस्थापक पालहरूको अधीनस्थ क्षेत्र प्रमाणित हुन्छ भने अर्कोतिर वंशावलीमा उल्लेखित समुन्द्रवंशी राजा सिंजापति, मैजा हारमता, ज्वाई देवचन्दको ऐतिहासिक कुरा र भट्टहरूको पर्वतराज डोटीको प्रवेशमा पनि शंका उत्पन्न हुन्छ। त्यतिमात्र होइन, अछाम राज्य सिंजा राज्यको अधीनस्थक्षेत्र नभएको सत्य सावित हुन्छ। स्मरणीय के छ भने वंशावलीमा राजा देवचन्दलाई प्रथमराजा भनी समुन्द्रवंशी सिंजापतिले घोषणा गरेको तथ्य र अछामको येष वृत्तान्तमा राज्य राम सगुनलाई प्रथम राजा घोषित गरेको सत्यबाट वंशावली र येष वृत्तान्त बाझेको देखिन्छ।

अछाम र बाजुरा जस्तै बझाङ राज्य पनि बाइसे राज्यहरूमा एक शक्तिशाली तथा प्रभुत्वसम्पन्न राज्य थियो। बाइसे राज्य बझाङ र बझाङ्गी राजाहरूको राजनैतिक स्थितिको जानकारी दिने केही एतिहासिक कागजात र वंशावली प्रकाशमा आएका छन्। (७६)। वंशावलीमा विभिन्न बझाङ्गी राजाहरूको नाम र केही महत्वपूर्ण ऐतिहासिक घटनाहरूको उल्लेख पनि गरिएको छ। साथै बझाङ्गी राजाका सन्तान दरसन्तान नै थलहरा, तलकोट, डुग्राकोट, सुनीकोट, गोलाईकोट, आठाकोट नुवाकोट (बझाङ) छान्ना टीकाकोट आदि विभिन्न ठाउँमा गई बसेको उल्लेख पनि पाइन्छ। प्रकाशित बझाङ्गी वंशाबलीमा सर्वप्रथम जसै बम्मको नाम आउँछ, त्यस पछि शिव बम्मको। शिव बम्म ३० सौं पुस्ताका राजा देखिएकोले २९ सौं पुस्तामा जसै बम्मकै नाम आउन सक्तछ। तर २९ सौं पुस्ताभन्दा अगाडि अर्थात १–२८ सौं पुस्ता सम्मका राजाहरूको नाम बारे वंशावली मौनछ। जे भए पनि ३६ सौं पुस्ताका बझाङ्गी राजा शक्ति सिंहले वि. सं. १३६५ मा बझाङ्गमा राज्य गरेको उल्लेख पाइन्छ तर वि. सं. १३६५ ताका पश्चिमी नेपाली भूमिमा खसिया मल्लहरूकै शासन भइरहेको ऐतिहासिकताले बझाङ्गी राजाहरू पनि सिंजाली नै थिए कि ? तिर पट्टि सोच्न बाध्य गर्छ। यस भन्दा बढी दार्चुला उकुमा राज्य गर्ने पाल राजा, डडेलधुरा अजमेरकोटमा राज्य गर्ने पालराजा र श्रीकोटमा राज्य गर्ने पालराजाहरूको सम्झनाले अर्कै निष्कर्षतिर पनि लैजान्छ। किनभने दुइटा शक्तिशाली राज्य सिंजा र डोटी (जडान र खसान) को विच एकासी कुनै अर्को राजवंश आएर शासन गर्नु सम्भव देखिदैन। तर पनि बझाङमा सिंहबम्म पछि सिंहराजाहरूले शासन गरेको कुरा चाहि वंशावलीले प्रमाणित गर्छ। हालै यस पंक्तिका लेखकले प्राप्त गरेको बझाङ्गी वंशावलीबाट चाहि बझाङमा राणा, देउ, देव, बम्म र सिंहराजाहरूले राज्य गरेको देखिन्छ। सर्वप्रथम बझाङमा आई शासन गर्ने यी राणाहरू चितौनबाट आएको संकेत पनि वंशावलीले गरेको छ।

पृथ्वी सिंहको समय वि. सं. १७१४ मा डोटीले बझाङमाथि हमला गर्दा डोटी अशक्त भई फर्किएको र र पछि वि.सं. १७३८ मा राजा रतन सिंहको समयमा डोटीका रैका राजा मानधाता शाहीले बझाङमाथि पुनः हमला गरी रतन सिंहलाई मारी संपूर्ण कागजातहरू लुटेर लगेकोले बझाङ राज्यमाथि एक पटक धमिलो राजनैतिक वातावरण आइसकेको थियो तर पनि राजा कल्यालसिंहको पालामा वि. सं. १७४४ देखि पुनः बझाङमा राम्ररी राज्य

७६ इतिहास प्रकाश सन्धि पत्र संग्रह भाग १

संचालन भएको हुंदा धमिलो स्थिति धेरै समय सम्म रहन सकेन (७७)। यसैगरी थलहरा राज्यको प्राचीन इतिहासितिर लम्किंदा थलहरामा खड्का राजाहरूले राज्य गरेको कुरो अगाडि आउँछ। खड्का खानदानको राज्य भएपनि पछि बाट बझाङ्गी राजा शक्ति सिंहका भाई जक्ति सिंहले थलहराको मोटो खड्कालाई मारी (७८) आफू त्यहाँको राजा भएको कुराको उल्लेख पनि प्रकाशित वंशावलीले गरेको छ। यसबाट थलहरामा खड्का पछि सिंहराजाहरूको शासन भएको सत्य प्रकट हुन्छ। तर यी खड्का राजाबारे परिचय दिने इतिहास मौन छ। यस प्रकार बझाङ राज्य र राज्यस्थितिबारे त्यति प्रशस्त ऐतिहासिक सामग्रीहरू प्रकाशमा न आएता पनि यस पंक्तिका लेखकले प्राप्त गरेको बझाङ्गी राजाहरूको वंशावली यस प्रकारको छः—

चितौडी गढवाट आयाका बझाङका राजाको वंसवाली

राजा सूर्यचन्द राणा	—१
राजा रतिचन्द राणा	—२
राज तरूचन्द राणा	—३
राजा देउचन्द राणा	—४
राजा षड्गचन्द राणा	—५
राजा कटक देउ	—६
राजा वागदेउ	—७
राजा विषमदेव	—८
राजा नागदेउ	—९
राजा जसदेव	—१०

जसदेवको आधा वम भया

राजा नरिवम्म	—११
राजा एजवम्म	—१२
राजा मलैवम्म	—१३
राजा रतनी वम्म	—१४
राजा जैति वम्म	—१५
राजा शक्ति सिंह	—१६
राजा सुजान सिंह	—१७
राजा भाउ सिंह	—१८
राजा भीम सिंह	—१९
राजा पूर्णसिंह	—२०
राजा महेन्द्र सिंह	—२१
राजा दिल्पी सिंह	—२२
राजा पृथ्वी सिंह	—२३
राजा जितासिंह	—२४
राजा इन्द्र सिंह	—२५
राजा भैरव सिंह	—२६
राजा पृथिवी सिंह	—२७
राजा रतन सिंह	—२८

७७ ... राजा पृथ्वीसिंह ४६–१७१४ कान्छा मधन् सिंहलाई षतेडामा अंस दियेको हो इनिका पाला रैका आइ भागी गएको हो राजा रतनसिंह ४७–१७३५ इनि राजा रतनसिंहलाई १७३८ सालमा डोटी राजा मान्धाता शाहीले कट्क लि आइ कोटबाट पक्री चौड् षायेमा मारी चौधान पाटामा माथो लगी माथाको भकुण्डो गरी केही राज्यका रैति मान्धाता साइ तर्फ मिलि का ११ वर्ष मनिका राजा कल्यान सिंह र लछुसिंह २ भाइलाई लगि धरालाको स्वास्नी धाइ डुग्री हर्कदेव जोसीका बाज्ये र गजु जोसी जगत नाथ जोसी २ भाइले पल्त लेकमा लुगाइ बचायेका हुँ घरको मालताल कागजपत्र स्मेत मान्धाता साइले लगेको हुंदा नैजा स्थिति भयेको हो राज रतनसिंहको माथो गज जोसीले गया कासी लगेको हो। श्री राजा कल्यानसिंह ४८–१७४४ इनिका भाइ ,राजा लछु सिंह चम्मल्यामा वसेका फेरी चम्मलेमा मान्धाता साइको भाइ रघुनाथ साइ आइ भाडो गरी लछु सिंहलाई मार्न सकेन जगन्नाथ जोसीले बचाइ चिति गरेका हुन् इनि राजा कल्यान सिंह बडा प्रतापी हुँ दैवगेका कुरा जान्न सक्ने भयेका इनिका ७ पुत्र हुन्। इनिका पालादेखि बझाङको राज्ये राम्रो संग चलेको हो इतिहास प्रकाश सन्धि पत्र संग्रह, भाग १, पृष्ठ ५८५–८६

७८ ...श्री राजा शक्ति सिंह ३६–१३६५ इनिका भाइ जक्तिसिंह सेतीगङ्गा पारी थलारामा गै मोटो षड्का मारी थलाराका राजा भएका हुँ —ऐजन पृष्ठ ५८५

७९ वेसी चौधन पाटा पञ्चायतको बझाङ्गी राजा खानदानका श्री जगत बहादुर सिंहज्यूको सौजन्यबाट प्राप्त

राजा कल्याण सिंह	–२९
राजा अमरसिंह	–३०
राजा समुद्रसिंह	–३१
राजा रघुनाथ सिंह	–३२
राजा इन्द्र सिंह	–३३
राजा गजराज सिंह	–३४
राजा भूपेन्द्र सिंह	–३५
राजा विक्रम बहादुर सिंह	–३६
राजा जय पृथ्वी बहादुर सिंह	–३७
राजा देवी जङ्ग बहादुर सिंह	–३८
राजा रामजङ्ग बहादुर सिंह	–३९

हाल राष्ट्रिय अभिलेखालयमा प्राप्त ताम्रपत्रहरू शाके १६२१, १६४४ र १६५१ अनुसार बझाङमा नारायण सिंह १६२१–१६५१ सम्म राजा भएको देखिन्छ । तर वंशावलीमा भने नारायण सिंहको उल्लेख पाइंदैन । त्यसैले बझाङ्गी राजाहरू बारेको इतिहास अझै स्पष्ट भएको देखिंदैन ।

१ बझाङ राज्यका रजवारहरू

तलकोटी रजवार	–१
सुन्याल रजवार	–१
कुड्याल रजवार	–१
पोतुवाल रजवार	–१
कज्याल रजवार	–१
पाटागाईं रजवार	–१
दुगली रजवार	–१
सिवाल रजवार	–१

बझाङ राज्यका रजवारहरू जस्तै डोटी र अछाम राज्यमा पनि रजवारहरू भएको पाइन्छ । वस्तुतः ती रजवारहरू को को हुन् भन्ने यकिन अझै गर्न सकिएको छैन तापनि यस पंक्तिका लेखकले प्राप्त गरेको बझाङ्गी वंशावलीमा उल्लिखित डोटी र अछामका रजवारहरूलाई यहाँ प्रस्तुत गरिएको छ । कति सत्यता छ त्यो चाहिं अनुसन्धेय छ ।

२ अछाम राज्यका रजवारहरू

तोली रजवार	–१
तडिगैरा रजवार	–२
कालीमाटी रजवार	–३
धुधुकोटे रजवार	–४
बीमकोटे रजवार	–५

डोटी राज्यका रजवारहरू

सोराडी राजा	–१
पुर्जुडा रजवार	–१
बैतडी रजवार	–१
उकु पाल रजवार	–१
कफे सोराडी रजवार	–१
मर्माका रजवार	–१
डुङका रजवार	–१
लेगंका रजवार	–१
चीरका रजवार	–१

बझाङ्गी राजा इन्द्रसिंहका छोरा राजा गजराजसिंह को पालामा श्री ५ राजेन्द्र विक्रम शाह देव र राजा गजराज सिंहका विचमा आदान प्रदान गरिएका कतिपय ऐतिहासिक पत्रहरूबाट बझाङ सरकार (८०) र नेपाल सरकार बिच निकै राम्रो सम्बन्ध भएको कुरा प्रष्ट हुन्छ । यस भन्दा पहिले समुद्रसिंहको पाला वि. सं. १८५० तिर नै बाइसे राज्य बझाङ र नेपालको पारपरिक सम्बन्ध सामान्य गर्नेतिर भएका प्रयासहरूलाई पनि केही ऐतिहासिक पत्रहरूले संकेत गरेका छन् ।

योगी नरहरिनाथले (८१) प्रकाशित गरेको 'सोवंसि अछामि राजाको पुस्थवालि, स्वमवंसिको वंशवाली, अछामि राजाको बंशावली" अनुसार गढ कनोजबाट आएका अत्रि ऋषिका सन्तान भट्टहरू ४ भाइ मध्ये माहिला प्रभास्कर भट्ट लेक दार्चुलामा गई बसेको र मिश्रवजा भएको उल्लेख पाइन्छ । यसैगरी एकातिर लेकम दार्चुलामा भएको हरिहरको मन्दिर नागपाल राजाले ईशाको तेह्रौं शतीतिर

८० इतिहास प्रकाश सन्धि पत्र संगह– भाग १ पृष्ठ ५७५–८२

८१ इतिहास प्रकाश, भाग ६ अङ्क २ पृष्ठ ३८७–३९०–३९३

बनाएको उल्लेख (८२) कुनै इतिहासले गरेको छ भने अर्कोतिर अपाड राज पुण्यमल्ल देवको कनक पत्रमा दार्चुला उकुको ५–५०० मुरी खेत (८३) सूर्यग्रहण लागेको देलामा पुण्यमल्लले विद्याकर विद्वानलाई दिएको उल्लेख गरिएको छ। यसवाट दार्चुलाको क्षेत्रमा वाइसे राज्यताका जुम्लाको अधीनस्थ क्षेत्र भएको सत्य सामु आउँछ। हचामिल्टनले पनि यस कुराको समर्थन गरेका छन्। तर उकुमहल स्थित नागपाल राजाको शिलाभिलेखले र उक्त हरिहर मन्दिरको निर्माणले पालहरूकै अस्तित्व दार्चुलामा रहेको प्रमाणित हुन्छ (८४) त्यतिमात्र होइन, वैतडीको केही क्षेत्रमा पनि जुम्लाको अधीनस्थ भएको सत्यपनि उक्त कनक पत्रबाट प्रकट हुन्छ। यस प्रकार पुण्य मल्ल देवको उक्त कनकपत्र र र उकु महलको नागपालको शिलाभिलेखले दार्चुलाको द्वन्दात्मक स्थितिलाई उभ्याएका छन्। संभवतः सार्वभौमिकता संपन्न प्राचीन साम्राज्य डोटीको अन्तर्गत पहिले दार्चुलाको क्षेत्र रहेको थियो। यस प्रकारको तर्क तिर जांदा पुरातात्विक सामग्रीहरूको खोज अवश्यनै सर्वोपरि हुन आउँछ। यस्तै वैतडीको बाइसे राज्यताकाको राजनैतिक स्थिति पनि डाँवाडोल नै रहेको पाइन्छ। एकातिर बैतडीको कुल्लेककोट वा कोटदेवल सगौंडकोटमा चन्दवंशी ठकुरीहरूको अस्तित्वको संकेत पाइन्छ भने अर्कातिर बैतडीकै अन्तर्गत पर्ने धौलीकोट र पनेरुकोटमा पनेरु खान्दानी राजाहरूले राज्य गरेको कुराको प्राचीन कथा अद्यापि सुरक्षित छ। उक्त कुरालाई प्रचलित स्थानीय लोक गीतहरूले पनि व्यक्ताउँछन्। यसबाट त्यसबेलाको वाइसे राज्य बैतडीको राजनैतिक स्थितिको बोध गर्न ऐतिहासिक पानाहरू पल्टाउन बांकी नै छ भने वैतडी कै मकरी वा मकारीकोट मार्मा नजिकको जंगलका भग्नावशेषहरूले अर्को सिसाधयिषा थपिदिन्छन्। त्यतिमात्रै होइन, स्थानीय लोकनृत्यमा गाइने प्राचीन गीतहरू र लोककथाहरूबाट पनि बैतडीको त्यसबेलाको वस्तुस्थितिको सामान्य वोध हुन्छ नै। यस्तै प्राचीन राज्य कैलाली कञ्चनपुरतिर दृष्टिपात गर्दा कन्चनपुरमा पालहरूको अस्तित्वको संकेत गर्ने प्राचीन भग्न खण्डहरहरू र कैलालीका स्थानीय प्राचीन उल्लिखित स्मारकहरूका अनुसन्धानात्मक खोजले पनि कैलाली र कञ्चनपुरको तत्कालिन राजनैतिक इतिहास अगाडि आउँदैन भन्न सकिन्न। तर योगी नरहरिनाथले प्रकाशित गरेको वंशावलीबाट कैलाली कञ्चनपुरको केही क्षेत्र जुम्ला र केही क्षेत्र साम्राज्य डोटी अन्तर्गत रहेको स्पष्ट हुन्छ।

यस प्रकार बाइसे राज्यहरूमध्ये उक्त दुई चार बाइसे राज्यहरूको वारेमा पनि विश्लेषणात्मक एवं विवेचनात्मक अन्तर्दृष्टि दिंदा कयौं प्रामाणिक ऐतिहासिक मूल्यहरूको कमी भएको महसूस हुन्छ। यस्तै अन्य कतिपय बाइसे र चौविसे राज्यहरूको विषयमा पनि विस्तृत एवं विश्लेषणात्मक दृष्टि नदिएसम्म निश्चय नै वाइसे र चौविसे राज्यहरूको राजनैतिक एवं सांस्कृतिक इतिहासबारे ठोस रूप दिन इतिहासकारहरूलाई केही समय रोकिनु पर्ने हुन्छ। तर पनि पछिबाट गोरखाली सेनाले गरेको विशाल नेपाल एकिकरणको सिलसिलामा प्राचीन साम्राज्य डोटी बाइसे राज्यको रूपमा रहंदा रहंदै नेपाल अधिराज्य भित्र गाभिन्छ र आधुनिक नेपालको सिर्जना हुन्छ। यसको विशेष चर्चा माथिनै भएको छ। पछिबाट गोरखालीहरूले अंग्रेजहरूसंग गरेको सुगौली सन्धि देखि नेपालले विजय गरेको नेपाली भूमिलाई अनायासै भारतलाई सुम्पिदिन्छ। थोरै भूमिमा मात्र नेपाल खुम्चिएर बस्छ, जसलाई आधुनिक नेपाल भनिन्छ। यस्तै खुम्चिएर बस्ने क्रममा प्राचीन डोटी राज्यका केही भूभागहरू कैलाली र कञ्चनपुरले पनि नयां मुलुकको संज्ञा पाउँछन्। सुगौली सन्धि पछिको नेपाल प्रशासनिक दृष्टिबाट

८२ मेची-महाकाली, भाग ४, पृष्ठ ९८९

८३ ठिक्यां जुमला सान्नीदराका र उकुं वइतडी धार चूला का ।। आला २ दुईसय मुरी खेत साँखा राँछुको दार्चुलाको २ एक सय मुरी खेत। लुसाँ सान्निका लुसाँ गाउँका वीरको एकसय मुरी खेत। कोट–कनक कोट? काली काट? का मनदेवको एकसय मुरी खेत। सवै एकत्र खेत ५–५०० मुरी खेत, राहुले सूर्यलाई ग्रास गरेको वेलामा सूर्यग्रहणमा राजा पुण्यमल्ल देवले श्री विद्याकर विद्वानलाई सवै वाधाहरूबाट मुक्त सर्वाङ्गमाफ सर्वकर अकर गरि अलर आलिकाञ्चक पाँच खेत प्रतिपादितम प्रदान गर्नु भयो– इतिहास प्रकाश सन्धिपत्रसंग्रह, भाग १ पृष्ठ ७६३

८४ दार्चुला उकुमहल स्थित नागपालको शिलाभिलेख

जम्मा ३५ विशाल इलाकामा बांडिन्छ । यी ३५ इलाका मध्ये प्राचीन डोटी राज्य भित्र तीन इलाका पर्न आउँछन् । यी हुन्–

१ डोटी डंडेल्धुरा इलाका
२ बैतडी दार्चुला इलाका
३ कैलाली कञ्चनपुर इलाका

विक्रम संवत २०१८ को आञ्चलिक विभाजनको क्रममा उक्त ३५ इलाका भित्र खुम्चिएको नेपाल १४ अञ्चल र ७५ जिल्लामा विभाजित हुन्छ । यी १४ अञ्चलहरू मध्ये प्राचीन विशाल डोटी राज्य दुई महत्वपूर्ण सेती र महाकाली अञ्चलको समष्टि रूप बन्छ । त्यसपछि प्रशासनिक सुविधाको लागि सेती ५ जिल्लामा र महाकाली ४ चार जिल्लाहरूमा विभाजित हुन पुग्छ । फलस्वरुप आज आएर ९ जिल्लाको समष्टि नै प्राचीन डोटी राज्यको एक आंकडा जस्तो बन्न पुगेको देखिन्छ । तर वास्तविकता के हो भन्ने चर्चा माथिनै उल्लेख भएको छ । सेती र महाकाली अञ्चलका ९ जिल्लाहरू यस प्रकार छन्–

सेती अञ्चल:–

१ कैलाली जिल्ला
२ डोटी जिल्ला
३ अछाम जिल्ला
४ बाजुरा जिल्ला
५ बझाङ जिल्ला

महाकाली अञ्चल:–

१ दार्चुला जिल्ला
२ बैतडी जिल्ला
३ डंडेलधुरा जिल्ला
४ कञ्चनपुर जिल्ला

पुन: २०२९ सालको विकास क्षेत्रको विभाजन क्रममा नेपाल अधिराज्य चार विकास क्षेत्रमा वर्गीकृत हुन्छ ।

१ पूर्वाञ्चल विकास क्षेत्र
२. मध्यमाञ्चल विकास क्षेत्र
३. पश्चिमाञ्चल विकास क्षेत्र
४. सुदूर पश्चिमाञ्चल विकास क्षेत्र

उक्त चार विकास क्षेत्र मध्ये सुदूर पश्चिमाञ्चल विकास क्षेत्र अन्तर्गत सेती र महाकाली अञ्चलका उक्त नौ जिल्लाहरू पनि पर्दछन् । यस प्रकार प्राचीन शक्ति संपन्न डोटी राज्यको इतिहासका पानाहरूले डोटी राज्यको पूर्ण्यौली गाउन सजिलो पारेका छन् । यसको साथै प्राचीन डोटी राज्यमा प्राप्त पुरातात्विक एवं सांस्कृतिक सामग्रीहरूले डोटी राज्यको प्राचीनतालाई बढी उजिल्याउँछन् भने स्थानीय समाजमा परम्परागत रूपमा प्रचलित रुढीग्रस्त धार्मिकता, भाषागत तथा बोलीगत विविधता, वेषभूषा चाल चलन, रीतिरिवाज आदिले पनि भानुभक्त कालिन समाजको संस्मरणतिर डोऱ्याउँछन् । जेहोस्, विशाल एवं शक्ति सम्पन्न प्राचीन डोटी राज्यको पुरातात्विक उपलब्धिलाई आधुनिक–जिल्ला विभाजन अनुसार परिशिष्ट भागमा राख्ने प्रयास गरिएको छ । यसको साथै आधुनिक जिल्लाहरूको सामान्य परिचय पनि यसमा समावेश गरिएको छ । जिल्ला परिचय र जिल्ला परिचयको अन्त्यमा क्रमश: परिशिष्ट भाग दिनाले सर्वसाधारणलाई पनि अध्ययनमा सजिलो हुन सक्छ भन्ने मेरो ठनाइ छ । त्यसैले मैले मेरो ठनाइलाई नै यहाँ प्राथमिकता दिएको छु ।

१ कैलाली जिल्ला

सेती अञ्चलको दक्षिण दिशामा रहेको यस जिल्लाको सदर मुकाम धनगढी हो । यस जिल्लाको पूर्वमा कर्णाली नदी, पश्चिममा मोहना नदी, उत्तरमा चुरे पहाडी श्रृङ्खलाहरू र दक्षिणमा मोहना नदी पर्दछन् । भौगोलिक दृष्टिकोणबाट यो जिल्ला २८° २२' देखि २९° सम्म उत्तर अक्षांशमा र ८०° देखि ८१° १५' सम पूर्वी देशान्तरमा पर्दछ" १ । तीनै तिर नदी र अर्कोतिर ससाना पर्वतीय श्रृङ्खलाहरूले सजेको यस जिल्लाको नाम "कैलाली" बारे प्रामाणिक तथ्य प्राप्त हुन सकेको छैन तापनि उत्तर जनकपुर हंसुलिया क्षेत्र अन्तर्गत रहेको कैलाली गाउँको नामबाट यस जिल्लाको नाम "कैलाली" रहेको कुरा स्थानीय जनसमाजमा परम्परागत रुपमा प्रचलित छ । यस जिल्लामा विभिन्न जातिका मानिसहरू बसोबास

१ मेचो महाकाली—भाग ४ पृष्ठ ९२१

गर्दछन् । विशेष गरेर यहाँ थारु जातिका मानिसहरूको प्राधान्यता रहेको छ । यी थारु जातिका मानिसहरू जुद्ध समसेरको पालामा दाङ बाट आएका हुन् । सर्वप्रथम यहाँ आउने थारुहरूमा क्षेमानन्द महतोका जीवा जग्गू महतो थिए । यिनैका सन्ततिहरू आजभोलि पनि यस जिल्लाको चारैतिर छरिएर बसेका छन् ।

यस विकास जिल्लाको सदर मुकाम धनगढीले बाहिर बाट जाने यात्री वा पर्यटकहलाई निकै प्रभाव पार्छ । धनगढी बजारको मुख्य बजार 'त्रिनगर बजार' हो । संभवतः यो नाम वर्गीय राष्ट्रपिता श्री ५ त्रिभुवनको नामबाट रहेको हुन सक्तछ । यो बजार आधुनिक ढंगमा रंगिएको छ । नयाँ नयाँ भवनहरूले सजेको यो बजार त्यति विशाल छैन ता पनि यसले जन मानसमा विशाल ठाउँ ओगट्छ नै । भारतको सीमाना छेउमा रहेको यो बजार सेतीअञ्चलको एक प्रमुख ब्यापारिक साँठ गाँठ गर्ने एक प्रमुख स्थान पनि यस नगरले लिएको छ ।

परिशिष्ट भाग

१ चांदीको मुद्रा– यसमा "बादशाह आदिल महम्मद जलालुद्दीन अकबर बादशाह ८२" भन्ने अक्षरहरू अङ्कित छन् । यसको लिपि अरबी हो ।

२ तामाको मुद्रा– यसमा सन् ८८० लेखिएको छ । यो इस्लामी सन हो । हाल इस्लामी सन १३९७ भएबाट यो मुद्रा ५०० सौं वर्ष भन्दा प्राचीन ठहरिन आउँछ । यसको लिपि अरबी हो ।

३ प्राचीन इँटाहरू–उत्तर जनकपुर हंसुलिया क्षेत्र भित्र खेतीको विशाल फांटमा माटामुनि भासिएर रहेका यी इंटाहरू निकै प्राचीन मानिन्छन् ।

यस प्रकारका प्राचीन भग्नावशिस्ट इंटाहरू, मुद्राहरू एवं श्रीपुर तथा बाह्र वन जंगलका प्राचीन अवशेषहरूले प्राचीन बसोबासलाई एकातिर औंल्याउँछन् भने अर्कोतिर उक्त भग्नावशेषहरूको समीचीन परीक्षणबाट 'कैलाली' जिल्लाको तात्विक इतिहास बन्ने कुरामा शंका रहंदैन । यसको साथै ज्वरायलका प्राचीन अवशेषहरूले पनि यस जिल्लाको इतिहासमा अर्को पाना थपिन सक्तछ ।

माथि थारु जातिको चर्चा सामान्यतया भइसकेको छ । थारु जातिको आफ्नै किसिमको संस्कृति सभ्यता र परम्परा छ जुन अन्य जातिसंग मिल्दैन । आधुनिक विकासको द्रुततर गतिले गर्दा थारु जातिका मानिसहरूमा रुढिग्रस्तताले क्रमशः छोड्दै ल्याएको छ ता पनि कतिपय यस्ता विषयहरू छन् जसलाई विकासले पनि अंगालो हालेको हुन्छ । फलस्वरुप कुनै पनि मानव समाज त्यसलाई पटक्कै छोड्न सक्तैन । ती हुन्:– सभ्यता र संस्कृति । त्यसैले थारु जातिमा पनि आफ्नो जातित्वलाई अगाडि ल्याउने आफ्नै संस्कृति र सभ्यताहरू छन् जसलाई थारु जातिका मानिसहरू प्राणभन्दा प्यारो ठान्दछन् । अन्य जातिका मानिसहरू जस्तै थारुहरू पनि आफ्ना सांस्कृतिक तथा धार्मिक चाड पर्वहरू धूमधाम संग मनाउने गर्दछन् । यसरी सांस्कृतिक पर्व मनाउदा नृत्य गर्ने, भोज भत्यार गर्ने जस्ता कार्यहरू पनि हुन्छन् । थारु जातिमा त्यौहार विशेष धूमधाम संग मनाइन्छ। परम्परागतरूपमा थारु समाजमा चलि आएका सांस्कृतिक नृत्यहरूमा विशेष महत्वपूर्ण नृत्यहरूमध्ये केही नृत्यहरूको सामान्य परिचय यहाँ प्रस्तुत छ ।

१ सखिया नृत्यः– यस नृत्यमा स्त्रीहरूमात्र नाच्ने गर्दछन् । मादल चाहिं पुरुषले मात्र बजाउँछ । यो नाच विभिन्न तालमा नाचिन्छ ।

२ कठघोरी नृत्यः– यसमा पुरुषहरू मात्र नृत्य गर्दछन् । मादल पनि पुरुषहरू नै बजाउँछन् । नृत्य गर्दा पुरुषहरू काठको घोडामा चढेर नाच्तछन् ।

३ ठुमरा नृत्यः– यसमा पुरुषहरू स्त्रीजातिको भेष लगाएर नाच्तछन् । पुरुषहरू नै मादल बजाउँछन् ।

४ बडामुडा नृत्यः– यो नृत्य पर्व पर्वमा गरिन्छ ।

५ खोन पुरुवा नृत्यः– यो पनि विशेष पर्व पर्वमा मात्र गरिन्छ ।

थारु जातिका नारीहरूले लाउने परम्परागत गहनाहरू:

१ पैरी
२ कारा
चुरुवा (खुट्टामा लाउने)
३ सूतिया
४ कन्सेरी
५ टौक
६ टीक (गलामा लाउने)
७ मगिया (शिरमा लाउने)
८ टर्की झुम्का
९ वीर
१० झिम्मिलियो (कानमा लाउने)
११ नथिया
१२ बुलाका (नाकमा लाउने)
१३ टुटुई (गलामा लाउने)
१४ विजाइत
१५ जोसम
१६ बांका
१७ टांडिया
१८ बाजू (पाखुरामा लाउने)
१९ लगुरही
२० पाला (नारीमा लाउने)

अन्य स्मारकहरू

१ शिव मन्दिर

उत्तर जनकपुर हंसुलिया पञ्चायतबाट वीचैपुर पञ्चायततिर जांदा बीच बाटामा बसौती पञ्चायत पर्दछ । यस पञ्चायतको उत्तर पूर्व पैनी (कुलो) को छेउमा खेतीको विशालफांटलाई चारैतिर राखेर रहेको यो शिवमन्दिर भव्य तथा आकर्षक देखिन्छ । जग्गू महतोले संवत १९७८ तिर स्थापित गरेको यस मन्दिरमा शिलामय शिवलिङ्गको स्थापना गरिएको छ । शिलामय शिवमूर्तिमाथि एक घण्टा फलामे साङ्लोमा झुन्डाएको छ । मन्दिरको शिरोभागमा तामाको गजूर छ । यो मन्दिर पश्चिम दिशाभिमुख छ। मन्दिरको अगाडि शिवको बाहन नन्दी (सांढे) बनेको छ । यो मन्दिर शिखर शैलीको ढांचामा बनाइएको छ ।

२ शिवालय

बसौती पञ्चायत अगाडि बीचैपुर पञ्चायतको क्षेत्रभित्र कटैनी नदीको किनारामा रहेको यो शिवालय बाहिरबाट हेर्दा निकै सुन्दर देखिन्छ । यो मन्दिर वा शिवालय स्थानीय समाजमा "लक्कड बाबा" को मन्दिरको नामले प्रसिद्ध छ । यस मन्दिर भित्र दुई शिलामय शिवलिङ्ग स्थापित गरिएको छ । यस मन्दिरको ढोका तीनतिर भए पनि यस मन्दिरलाई पूर्वदिशाभिमुख भएको मान्नु पर्दछ । मन्दिरको शिरोभागमा तामाको गजुर छ । मन्दिरको ठीक अगाडि एउटा सिक्के रूखको फेदमा माटाको व्यासासन बनाई त्यसमाथि चनौटे ढुङ्गो राखी त्यसमा शिवस्वरूप मानी राखिएको शिला चन्दन र फूलपातीले विभूषित छ । केही त्रिशूलहरू पनि त्यहाँ थूपारिएका छन् । मन्दिर छेउमा एउटा सानो पाटी जस्तो घर पनि छ । उक्त मन्दिरको निर्माण केही वर्ष अगाडि भएको हो ।

२ डोटी जिल्ला

नेपाल अधिराज्यको सुदूर पश्चिमाञ्चल विकासक्षेत्र अन्तर्गत रहेको सेती अञ्चलका दुर्गम पहाडी जिल्लाहरू मध्ये यो एक विकट तथा दुर्गम जिल्लाहो । यस जिल्लाको नाम डोटीबारे कुनै ऐतिहासिक तथ्य अद्यावधि प्राप्त भएको छैन । तर पनि 'डो' अक्षर र 'टी' अक्षरको प्रयोग स्थानीय समाजमा कुन वस्तुलाई बुझाउन गरिन्थ्यो त्यसको ज्ञान नभएमम्म 'डोटी' शब्दको ऐतिहासिक ज्ञान अपूर्ण हुन्छ । यस जिल्लाको पूर्वमा बुढी गंङ्गा र हकडो गाड (खोलो) पश्चिममा सेती नदी, उत्तरमा ताम्वेश्वरलेक र खप्तडको लेक दक्षिणमा कर्णाली नदी र चुरे पहाडी श्रृंखलाहरू पर्दछन्। भौगोलिक दृष्टिबाट यस जिल्लाको अवस्थिति २८° ५२' उत्तरदेखि २९° २८' उत्तरी अक्षाँशमा र ८०° ३०' पूर्व देखि ८१° १४' पूर्वी देशान्तरमा पर्दछ । (१)

१ मेची महाकाली— भाग ४ पृष्ठ

लेकाली धरातल, पहाडी भूमि, वेसी प्रदेश र कति-पय चुरे पर्वत श्रृंखलाहरूले बनेको यस जिल्लाको सदर मुकाम सिलगढी हो। सिलगढी बारे जनश्रुति यस्तो छः— शिलाले शिलाको गढी भएकोले यसको नाम सिलगढी रहेको हो। शिलादेवी (शिलेश्वरी) को स्थान यहाँ भएको ले यसको नाम सिलगढी भएको हो। वस्तुतः जनश्रुति जस्तो भए पनि सिलगढी बजारको पूर्व उत्तर दिशातिर प्राचीन डोटचौल राजाहरूका गढीका भग्नविशेषहरू पाइएकोले र ती गढीहरूको निर्माण पनि शिला (ढुङ्गा) बाट भएको हुंदा संभवतः उक्त प्राचीन गढीहरूकै नामबाट यस सदरमुकामको नाम सिलगढी रहेको कुरा इतिहासको धेरै नजिक आउँछ। प्राकृतिक संपदाले भरपूर यस जिल्ला मा विभिन्न जातिका मानिसहरू बसोबास गर्दछन्। बजार क्षेत्रमा विशेष गरेर नेवारजातिको प्राधान्यता रहेको छ।

स्थानीय समाजमा धार्मिक परम्परा प्रति जतिमात्रा-मा विश्वास पाइन्छ त्यस भन्दा बढी अन्धविश्वास रूढि-वादले जरो गाडेको छ। स्थानीय व्यक्तिहरू विशेष गरेर दुर्गा भवानी, भगवती, मालिका, ज्वालपा, कालिका, सुर्या-देवी, मष्टा, शिव, विष्णु, गणेश, हनुमान आदि अनेकौं देवी देवताको पूजा गर्छन् भने भूत, प्रेत पिशाच आदिमा पनि पर्याप्त मात्रामा विश्वास गर्दछन्। पर्व पर्वमा स्थानीय देवी तथा देवताका मन्दिरमा गई पूजा आजा गर्ने, हवन गर्ने साथै पशुबलि दिने परम्परा पनि परम्परागतरूपमा श्रद्धालु भक्तजनहरूको समुदायमा रहि आएको छ।

स्थानीय प्रचलित पर्वहरूमध्ये महत्वपूर्ण पर्व जाँत (जात्रा) पर्वहो। स्थानीय समाजमा जात्रालाई 'जाँत' भनिन्छ। यस प्रकारको पर्व विशेष गरेर विशिष्ट देवी तथा देवताको मन्दिरमा हुने गर्दछ। प्रतिवर्ष गरिने यस महान पर्वमा श्रद्धालु भक्तजनहरू धोडा गीत जस्ता प्रसिद्ध पारम्परिक गीतहरू गाउने, उपवास बस्ने, नृत्य गर्ने, पाठपू-जा गर्ने र त्यसपछि विशेष प्रकारको भोज भत्यार गर्ने पनि गर्दछन्। यसको साथै स्थानीय समाजमा फाग, चाचरी, भैमी, धमारी, एवं चैतगीत जस्ता अनेकौं प्रचलित पारम्प-रिक गीतहरू पनि अद्यावधि प्रचलित छन्। हुड्केली गीतले पनि महत्वपूर्ण स्थान ओगटेको छ।

शैक्षिक एवं आर्थिक दृष्टिबाट पिछडिएको यो क्षेत्र भाषा बोली, वेषभूषा, एवं रहन सहनबाट पनि पछाडि परेको छ। यहाँको भाषालाई मोटामोटी रूपमा भाषाशास्त्री बालकृष्ण पोखरेलले ओर पच्छियामा राखेको छ। ओर पच्छियामा बझांगी, बाजुराली र आछामी भाषाहरू पनि समावेश गरिएका छन्। (२)

परिशिष्ट भाग

१ शैलेश्वरी मन्दिर

सिलगढी बजारको बिच भागमा रहेको यो मन्दिर भव्य, विशाल एवं आकर्षक छ। यस मन्दिरभित्र चिल्लो कालो गोलाकार शिला राखिएको छ, जसलाई भक्तजनहरू शैलेश्वरी भगवतीको रूपमा पूजा आजा गर्छन्। चाँदीको सर्पको छत्रछायामा रहेको भगवती शैलेश्वरीको शिलामय मूर्तिमाथि सम्वत १८११को चाँदीको झलझलाकार छाता र सम्वत १९८१ मा बहादुर शम्सेर जङ्गबहादुर राणाले चढाएको चंदुवा छ। शैलेश्वरीकै अगलबगलमा चाँदी को गणेश र चण्डेश्वर भैरवका मूर्तिहरू राखिएका छन्। संगसंगै पितलको प्राचीन दियो पनि छ। शैलेश्वरीको ठीक अगाडि भित्ताको खोपामा शिवपार्वतीको प्राचीन कला-त्मक प्रस्तर मूर्ति विराजमान छ। अगलबगलमा ठाउँ भए सम्म घण्टहरू टाँगिएका छन्। यस मन्दिरका दुई भाग छन्। भित्री भागमा शैलेश्वरीको पूजा र दर्शन हुन्छ भने बाहिरी भागमा पर्व पर्वमा होमादि कार्य हुन्छ। यसको लागि एक स्थायी यज्ञकुण्ड पनि निर्माण गरिएको छ। शैलेश्वरीको मूलद्वारको दक्षिणमा नागिनी र चतुर्भुजा महाकालीको कलात्मक काष्ठमूर्तिहरू दर्शकहरूलाई टाढैबाट देख्तछन्। मन्दिरको शिरोभागमा पितलका दुइटा गजुर राखिएको छ। मन्दिर उत्तराभिमुख छ। मन्दिरकी परिधि-नै प्राचीन तथा नवीन कतिपय घण्टहरूले बनेको छ। हाल उक्त प्राचीन मन्दिरको जीर्णोद्धार पनि भइसकेको छ।

"शैलेश्वरी जाँत" खण्डकाव्यमा शैलेश्वरीलाई भर्खरै स्थापित गरिएको कुराको वर्णन गरिएको छ। हुन सक्तछ यस काव्यका लेखन्तेलाई प्राचीन स्फटिकमयी चमकदार

२ राष्ट्र भाषा– पृष्ठ ५४, द्वि. सं. बालकृष्ण पोखरेल

शिलादेवी वा शैलेश्वरीको दर्शनै नमिलेको होस् । यस मन्दिरमा प्राचीनकालदेखिनै नित्य पूजा गर्ने परम्परा छ । पूजाकार्यको लागि स्थानीय भट्ट बाजेहरू दर्तिएका छन् । चैत्रदशैं, बडादशैं र अन्य विशेष पर्व पर्वमा विशेष गरेर यहाँ पूजा र होमादि कार्य गरिन्छ । स्थानीय भक्तजनहरू रामेश्वर महादेव, गणेश, बेताल, हनुमान र चन्डेश्वर भैरवको दर्शन गरेपछि मात्र शैलेश्वरीको दर्शन गर्ने परम्परालाई अगाडि ल्याउँछन् । यस मन्दिरमा पूजा गर्नको लागि गुठी पनि राखिएको छ ।

प्रतिवर्ष कार्तिक पूर्णिमाका दिन यहां जात्रा (जाँत) हुन्छ । यो जात्रा ऐतिहासिक दृष्टिबाट निकै महत्वपूर्ण मानिन्छ । यस दिन टाढा टाढाबाट भक्तजनहरूका ओइरो लाग्छ । यसै दिन शैलेश्वरीको भण्डार घरबाट (यो घर शैलेश्वरी मन्दिरको उत्तर तर्फ केही तल गाउँमा पर्दछ) धामी तथा पूजारीहरूले श्रद्धाका साथ पूजा आजा गरी बाजा बजाई गाज (जसमा चमर र देव प्रतिमाको आधिक्य हुन्छ र चमरको डाँठ पनि चाँदीकै बनाएको हुन्छ) उठाई नचाउँदै शैलेश्वरीको मन्दिरमा ल्याई मन्दिरको अग्रभागमा सो गाजलाई सजाएर राख्तछन् । त्यसपछि त्यो गाजलाई श्रद्धालुहरू फूलमाला र पैसा चढाई दर्शन गर्दछन् । केही समय पछि सो गाजलाई त्यहाँबाट निकाली नचाउँदै बाजागाजा सहित पूजारी र धामीहरूले सिलगढी बजारको सिरान सम्म पुऱ्याएर फेरि मन्दिरमानै ल्याएर राख्तछन् । त्यसको भोलिपल्ट बिहानै सो गाजलाई शैलेश्वरीको भण्डारघरमा नै लगेर पूर्वरूपमा नै राखिन्छ । त्यस पछि यस महान जात्राभय पर्वको अन्त्य हुन्छ । यस प्रकारको जात्रा प्रतिबर्ष धूमधाम संग मनाइने गर्दछ । यस्तो जात्रा पश्चिमी नेपालमा प्रायशः धेरै ठाउँमा हुने गर्दछ । यस प्रकारको जात्राका हकदार विशेष गरेर धामी पूजारी र आसे गांसेमात्र हुन्छन् । यस महान पर्वमा स्थानीय जनताहरू रातभर उपवास बस्ने, धौडागीत जस्ता प्रसिद्ध गीतहरू गाउने, नाच्ने र भोज भत्यार खाने पनि गर्दछन् । यस प्रसिद्ध शैलेश्वरी मन्दिरको ठीक अगाडि मुक्ति पौवा र दक्षिण तिर रानीपोखरी पनि छ ।

२ गणेश मन्दिर

यो मन्दिर शैलेश्वरी मन्दिरको पूर्व दिशामा केही गज पर रहेको छ । यस भित्र चतुर्भुज गणेशको शिलाको भव्य कलात्मक मूर्ति राखिएको छ । यो मन्दिर उत्तराभिमुख छ । मन्दिरको भित्तामा एक घण्ट टाँगिएको छ । मन्दिरको शिरोभागमा एक गजूर पनि शोभायमान छ ।

३ हनुमान मन्दिर

यो मन्दिर शैलेश्वरी मन्दिरको पूर्व दिशामा गणेश मन्दिरको उत्तर तिर छेवैमा रहेको छ । यहाँ हनुमानको एक भव्य प्रस्तर मूर्ति छ ।

४ मष्टाको मन्दिर

हनुमान स्थान र गणेश मन्दिरको पूर्वोत्तर दिशामा रहेको यो मन्दिर विशाल सिमलको रूखमनि पर्दछ । यस भित्र मष्टा देवताको प्रतिक स्वरूप शिला राखिएको छ । मन्दिरको मूलद्वार पश्चिमाभिमुख छ । मन्दिर अगाडि ध्वजा पताका र धण्टहरू टाँगिएका छन् । यो छाने शैलीमा निर्मित छ । प्रतिवर्ष भाद्र कृष्णाष्टमी र नवमीमा मष्टा देवताको जाँत पर्वलाई श्रद्धालुहरू धूमधाम संग मनाउँछन् । अष्टमीका दिन कृष्णको रथयात्रा पनि हुन्छ । श्री ५ को सरकारको तर्फबाट एक रथयात्रा र जनताको तर्फबाट तीन रथयात्रा गर्ने चलन छ । यो विशाल रथयात्रा बुलुका ५ बजे देखि सुरू भई रात्रिको ११ बजे समाप्त हुने गर्दछ ।

५ भैरव मन्दिर

यो शैलेश्वरी मन्दिरको परिधि भित्रै शैलेश्वरी कै ठीक पछाडि पर्दछ । यस मन्दिरभित्र ध्वजा पताका र त्रिशूलहरू मात्र राखिएका छन् । केही वर्ष अगाडि निर्मित यस मन्दिरको शिरोभागमा पितलको गजूर राखिएको छ । यो मन्दिर पश्चिम दिशाभिमुख छ ।

६ शिव मन्दिर

शैलेश्वरी मन्दिरको ठीक उत्तर दिशामा रहेको यस मन्दिर भित्र शिलामय शिवलिङ्गको स्थापना गरिएको छ । केही घण्टहरू पनि मूर्तिको छेवैमा थुपारिएका छन् । मन्दिरको शिरोभागमा तामाको गजुर र त्रिशूल छ । मन्दिरको द्वार पूर्वदिशाभिमुख छ । यस मन्दिरको चारै

तिर पर्खाल लगाएको छ । यो मन्दिर भव्य तथा आकर्षक देखिन्छ ।

७ राधाकृष्ण मन्दिर

सिलगढी बजारको पुछारमा बजार भित्र रहेको यस मन्दिरको जिर्णोद्धार २०१७ साल तिर भएको हो भन्ने स्थानीय जनताको भनाई छ । जीर्णोद्धार पछि यस मन्दिरमा राधा र कृष्णको कलात्मक संगमर्मरको दिव्य मूर्ति राखिएको छ । पितल ढलोटको प्राचीन कलात्मक मूर्ति पनि उक्त मूर्तिको साथमा राखिएको छ । मन्दिरको द्वार पूर्वदिशाभिमुख छ । शिरोभाग गजुरले शोभित छ । यस मन्दिरमा राधा र कृष्णको मूर्ति २०१७ साल वैशाख मसान्तको दिन स्थापना गरेकोले ०१७ साल देखि नै प्रतिवर्ष वैशाख मसान्तका दिन वैदिक रीतिले पूजा गरी धूमधाम संग उत्सव मनाइन्छ । यो मन्दिर प्राचीन मानिन्छ । यसको पूजाको व्यवस्थाको लागि स्थानीय जनताबाट गुठीको व्यवस्था गरिएको छ ।

८ इन्द्रचोक शिव मन्दिर

यस भव्य मन्दिर भित्र शिवलिङ्गको स्थापना गरिएको छ । शिवलिङ्गको अगल बगलमा शङ्ख, घण्ट, त्रिकुटी जलहरी तथा दियो आदि पूजाको सामग्री राखिएको छ । यस मन्दिरको मूलद्वार पश्चिम दिशाभिमुख छ । मन्दिरको दायाँ वायाँ दुवैतिर घन्टहरू टाँगिएका छन् । यसको परिधि पर्खालको छ । यहाँ विशेष गरेर शिवरात्रिमा पूजा गरिन्छ ।

९ इन्द्रचोक बटुक भैरव मन्दिर

भैरव देवताको त्रिशुलमात्र प्रसिद्ध भएकोले यहाँ पनि त्रिशूलहरूको थुप्रो लगाएको छ । साथमा ध्वजा पताकाहरू पनि टांगिएका छन् । चारैतिरबाट पर्खालले घेरिएको यस मन्दिरमा सम्वत १९७९ को एउटा घण्ट पनि टांगिएको छ । भैरवको पूजाको लागि श्री ५ को सरकार माल अड्डाबाट पर्व पर्वमा खर्च प्राप्त भएको थाहा भएको छ । बटुक भैरवको लालमोहर प्राप्त हुन सकेन । यो मन्दिर प्राचीन मानिन्छ । यो पूर्वदिशाभिमुख छ ।

१० सरस्वती मन्दिर

सिलगढी बजारको सिरानमा बजारको उत्तर दिशातिर रहेको पाखाबारी डांडामा सुशोभित यो मन्दिर आकर्षक छ । यस मन्दिरमा सरस्वतीको नित्य पूजाको लागि राखिएको तामाको सरस्वतीयन्त्र छ । भित्तामा एउटा दियो टाँसिएको छ । मन्दिरको शिरोभागमा गजूर छ र यो मन्दिर पूर्वदिशाभिमुख छ । मन्दिरको पश्चिम दिशामा गणेशको मूर्ति राखिएको छ । यसको साथमा एउटा घण्ट पनि छ । मन्दिरको दक्षिण दिशामा पनि एक घण्ट टांगिएको छ । यस मन्दिरको व्यवस्थाको लागि गुठीबाट वार्षिक खर्च प्राप्त भएको छ । यस मन्दिरको चारैतिर पर्खाल लगाएको छ । वरपर केही रूखहरू पनि छन् ।

११ दिपायल भैरवकोट (गनै गौंडाकोट)

दिपायलकोट सिलगढी बजार १½ कोष जति उत्तरतिर रहेको छ । यो डोटी जिल्लाको एक प्रसिद्ध ऐतिहासिक स्थल हो । यहाँ डोटचाल राजाहरूका भन्दा वशिष्ट गढी छ । यसलाई स्थानीय जनताहरू दिपायल गढी, भैरवकोट वा गनैगौंडाकोट पनि भन्दछन् । डोटचाल राज खान्दानका एक वयोवृद्ध हरिविक्रम शाहको भनाई अनुसार यो भैरवकोट राजा विष्णुशाहीले बनाएका थिए । यसबारे प्रामाणिक तथ्य भने प्राप्त हुन सकेको छैन । यस कोटमा जम्मा १२ खण्ड भएको अनुमान हुन्छ । यो कोट दिपायल गाउँको पूर्व दिशातिर पर्दछ । यस कोटमा भैरव तथा भगवतीको प्रस्तर मूर्ति भएबाट डोटचाल राजाहरू भैरव तथा भगवतीका महान उपासक भएको प्रमाणित हुन्छ । स्मरणीय के छ भने उक्त कोटबाट छारि गाड (खोलो) सम्म भित्रभित्रै राजारानी वा राजपरिवार हरूको स्नान गर्न जाने बाटो थियो भन्ने जनश्रुति पनि अद्यावधि स्थानीय जनजिब्रोमा बसिरहेको छ ।

भैरवकोटका प्राचीन स्मारकहरू

(क) भैरव मूर्ति–

यो मूर्ति चतुर्भुज छ । देब्रेतिरको एक हातले डमरू अर्कोले मान्छेको टाउको, दाहिनेतिरको एक हातले गदा र अर्कोले मान्छेकै टाउको समाती ठिङ्ग उभिएको डरलाग्दो कलात्मक प्राचीन यो प्रस्तर मूर्ति भव्य विशाल तथा आकर्षक छ । भैरव देवताको बाहन कुकुर छ । कानमा कुण्डल, शिरमा मुकुट, घाँटीमा रूद्राक्ष, काँधमा पछ्यौरा

भएको यो मूर्ति पुरातात्विक दृष्टिबाट महत्वपूर्ण मानिन्छ। यस मूर्तिको लम्वाइ ११४ सेन्टीमिटर र चौडाइ ६९ सेन्टीमिटर छ।

(ख) भगवतीको मूर्ति

यो मूर्ति पनि चतुर्भज छ। दाहिनेतिरको एक हातले त्रिशूल, अर्कोले चक्र, देब्रेतिरको एक हातले शङ्ख र अर्कोले पास समातेको, कानमा ढुङ्ग्री र मुन्द्री, हातमा चुरी र बाला, शिरमा मुकुट, पाउमा पाउजेव लगाएको, बाघमाथि उभिएको यो कलात्मक प्राचीन प्रस्तर मूर्ति अत्यन्तै रमणीय देखिन्छ। यस मूर्तिको साथमा शानवान, तीन चक्र एवं कयौं त्रिशूलहरू पनि छन्। ध्वजा तथा पताका आदिले सुशोभित उक्त दुबै मूर्तिको वरिपरि पर्खाल लगाएको छ।

१२ दिलीपेश्वर

यो शिवजीको प्राचीन मन्दिर हो जसलाई दिलीपेश्वरको नामले संवोधित गरिन्छ। यस मन्दिर भित्र शिवलिङ्गको स्थापना गरिएको छ। साथमा शिव र पार्वतीको प्रस्तरको ४२×२७ सेन्टिमिटरको मूर्ति, चतुर्भुज नारायणको १८×२६ सेन्टिमिटरको कलात्मक मूर्ति एवं पितलको ढलौटको प्राचीन कलात्मक मूर्ति पनि (१३×२०) राखिएको छ। यस मूर्तिको पृष्ठ भागमा अभिलेख पनि अङ्कित छ। उक्त शिवलिङ्गको माथि फलामको साङ्लोमा एक घण्ट झुन्डाएको छ। साथै शिवलाई जल चढाउनको लागि अन्दाजी २ पाथी पानि जाने जलहरी र त्रिकुटी पनि यहीं राखिएका छन्। यस मन्दिरको शिरोभागमा गजूर र छानो ढुङ्गाको छ। मन्दिरको द्वार पूर्वदिशाभिमुख छ।

यस मन्दिरमा शिवलाई चढाएको चाँदीको ड्व्वा, चांदीको छत्र र चांदीको नागको मूर्ति चाहिं मन्दिरका पूजारी योगी चन्द्रनाथ संग छ। साथै प्राचीनकालमा मन्दिरको व्यवस्था पूजा आजाका लागि अन्न उठाउने गरेको तांवे पाथी पनि चन्द्रनाथजी संगै रहेको छ। उहाँको भनाइ अनुसार "यो तांवाको पाथी राजाले बनाएको हो। यसमा रैतिहरूले मन्दिरको व्यवस्थाको लागि त्यसवेला पाथी भर अन्न दिने गरेको थियो। डोटचाल राजाहरूले चलाएको यो प्रचलन केही वर्ष अगाडि देखि टुटेर गयो"। स्थानीय जनताहरू परापूर्वकालमा यो मन्दिर दिलीप राजाले बनाएको भनी कथा पनि सुनाउने गर्दछन् साथै सिलगढीलाई चन्दनाद्रिको संज्ञा दिई राजा दिलीपले गाई चराएको स्थान यही हो भनी दावी गर्दै उक्त दिलीपेश्वर मठलाई राजा दिलीपले नै बनाएको कुरातिर पनि बढी विश्वास राख्ने गर्दछन्। सिलगढीलाई 'चन्दनाद्रि' भनी(३) उल्लेख गरेको चाहिं पाइएको छ। यस मन्दिरमा नित्य पूजा हुन्छ र विशेष गरेर शिवरात्रि एवं वडा दशैंमा धूमधाम संग पूजापाठ आदि गर्ने प्रचलन छ।

१३ दुर्गा मन्दिर

दिपायल दुर्गामाणु सेती नदीको किनारामा अवस्थित ढुंगाको छानु भएको रातोमाटोले पोतेको यो मन्दिर पूर्वोत्तराभिमुखछ। यस मन्दिर भित्र लक्ष्मी, महिषासुरमर्धिनी भगवती र बिष्णुका मूर्तिहरू राखिएका छन्। यस मन्दिरको शिरोभागमा ३ वटा गजुरहरू छन्। स्थानीय जनता यसलाई प्राचीनताको संज्ञा दिन्छन्। यस मन्दिर अगाडि ३ वटा भग्नावशिष्ट मन्दिरहरू छम्। यस दुर्गा मन्दिरमा प्रतिवर्ष मंसिर शुक्लपक्षको चतुर्दशी तिथिमा दुर्गादेवीको विशेष पूजा गरिन्छ। यसलाई स्थानीय जनता 'जांत पर्व' को संज्ञा दिन्छन्। यस पर्वमा विभिन्न स्थानबाट श्रद्धालु भक्तजनहरू भेला हुन्छन् र धूमधाम संग दुर्गादेवीको पूजा आजा र दर्शन पनि गर्दछन्। यसको साथै भक्तजनहरू यस प्रकारको विशेष पर्वमा तामा तथा चांदी र सुनका निर्मित सामग्रीहरू चढाउने गर्छन्। स्मरणीय के छ भने यस्तो विशेष पर्वमा दुर्गाको पूजाको लागि चाहिने संपूर्ण सामग्रीहरू धामीको वा पूजारीको घरमा वा कुनै अलग्गै घरमा जतन साथ राखिएको हुन्छ। यस प्रकारको जाँत वा जात्रा पर्व सुदूर पश्चिमाञ्चलका प्रत्येक जिल्लाका प्रत्येक गाउँ पञ्चायतका विभिन्न विशिष्ट देवी तथा देवताका मन्दिरहरूमा विशेष धूमधामका साथ प्रतिवर्ष मनाइने गर्दछ। यो प्राचीन परम्परा हो।

३ १९७५ वि. सं. को शैलेश्वरी घन्टाभिलेख।

१४ शिव मन्दिर

दिपायल रानी पौवा सेतीको तहमा रहेको बुट्टे तथा सादा इंटाहरूले बनाएको वाहिरबाट प्लस्तर गरिएको यस मन्दिर भित्र शिवलिङ्गको स्थापना गरिएको छ। साथमा भगवतीको नयाँ मूर्ति पनि छ। मन्दिरको शिरोभागमा गजुर र त्रिशूल राखिएको छ। मन्दिरको अगाडि शिलाको खम्वामा घन्ट टांगिएको छ। घन्टकै छेउमा शिवको सांढे नन्दी बसेको छ। यस मन्दिरको निर्माण बहादुर जङ्ग शाहले आफ्नी रानीको मृत्युको संस्मरणमा गरेका थिए भन्ने स्थानीय जनश्रुति छ। यसबारे प्रामाणिक तथ्य प्राप्त भएको छैन। मन्दिर पूर्वदिशाभिमुख छ।

१५ केदारनाथ मन्दिर

दिपायल सेती नदीको पारि पाखामा राजपुर गाउँ भनि 'कवल्या' मा रहेको यो मन्दिर ध्वजा पताका र अनेकौं घन्टहरूले सिंगारिएको छ। यो त्यति उल्लेखनीय नभएतापनि स्थानीय जनताहरू प्राचीनकाल देखिनै यसको उपासक भइ आएका छन्। यसको प्राचीनता बारे कुनै प्रमाण फेला परेको छैन।

१६ शिवपार्वतिको मूर्ति

सेती नदी पारि राना गाउँ पञ्चायत अन्तर्गत राजपुर गाउँको वरको गाछी मनि रहेको शिव पार्वतीको सङ्गमर्मरको मूर्ति भव्य तथा आकर्षक देखिन्छ। शिवको देब्रे काखमा कर्णकुण्डला ब्याघ्रवाहना पार्वती छन् भने दाहिने काखमा मूसो बाहन गणेश छन्। जटाजुटी कर्णकुण्डली वृष वाहन शिवको दाहिनेतिरको एक हातले त्रिशूल र अर्कोले जपमाला, देब्रेतिरको एक हातले सर्प र अर्कोले डमरु समाएको यस मूर्तिको लम्वाइ ५२½ से.मि. र चौडाइ ३१ से. मि. छ।

१७ भगवतीको मूर्ति

यो चतुर्भुजा भगवतीको कलात्मक प्रस्तर मूर्ति हो। दाहिने तिरको एक हातले खड्ग र अर्कोले गदा, देब्रेतिरको एक हातले चक्र र अर्कोले मणि समाएको शिरमा मुकुट, कानमा कुन्डल, हातमा चुरी, गलामा माला, पाउमा कल्ली लगाएको पछ्यौरा ओढेको यस मूर्तिको लम्वाइ २९ सें.मि. र चौडाइ १७½ से.मि. छ। भगवतीको वाहन बाघ छ।

१८ दुर्गादेवीको मूर्ति

तीखा गाउँ अजरे भण्डारीको घरमा रहेको द्विमुखी चतुर्भुजा, व्याघ्रवाहना मुकुटधारिणी दुर्गादेवीको पितलको ढलोटको मूर्तिको लम्वाई १३½ से. मि. र चौडाई १० से. मि. छ।

१९ मालिका मन्दिर

डोटी मालिका स्थान गाउँ पञ्चायत अन्तर्गत कांडा गाउँमा रहेको यो मन्दिर ऐतिहासिक दृष्टिवाट प्रसिद्ध र महत्वपूर्ण मानिन्छ। यस मन्दिरमा मालिका कालिका र भगवतीका सुन्दर कलात्मक प्राचीन मूर्तिहरू स्थापित गरिएका छन्। वीचमा भगवतीको कलात्मक स्फटिकमय मूर्ति विराजमान छ भने दाहिने तिर मालिका र देब्रे तिर कालिकाको प्रस्तर मूर्ति सुशोभित छ। यी मूर्तिहरू मध्ये भगवतीको लम्वाइ ९२ से.मि. छ भने चौडाई ८० से.मि. छ। यस्तै मालिकाको ८८ × ५६ छ भने कालिकाको ७३ × ५९ से. मि छ।

यस मन्दिरको द्वार पूर्वोत्तर दिशाभिमुख छ। मन्दिरको शिरोभागमा गजूर र मन्दिर अगाडि गणेशको प्रस्तर मूर्ति छ। यसको छेउमा भैरवको स्थान पनि छ। मन्दिर अगाडि केही घन्टहरू टांगिएका छन्। यस मन्दिरको चारैतिर पर्खाल र सल्लो धूपि र राय सल्लाका वृक्षहरू छन्। यस मन्दिरको उत्तरतिर भण्डार घर र पञ्चायत घर छन् भने केही पर खेतीको विशाल फांट पनि कम मनमोहक छैन। यस मन्दिरको वार्षिक पूजाका निमित्त खर्च ६ मुरी १० पाथी चामल, घिउ १ मुरी ४ पाथी, ४ माना, तोरीको तेल २ मुरी ९ पाथी ५ माना र नगदी रु १४३।७९ पैसा ३ दाम राखिएको छ। यस प्रकारको संपूर्ण खर्चको लागि श्री ५ को सरकारबाट जग्गाको व्यवस्था गरिएको छ। यहाँ नित्य पूजा हुन्छ र चैत्र दशैं बडा दशैं र अन्य विशेष पर्व पर्वमा विशेष रुपले पूजा गर्ने चलन छ। यहाँ अखण्ड वत्ती बलिरहन्छ। यो मन्दिर बिशेष गरी मालिका स्थानको नामले प्रख्यात छ। यस मन्दिरको निर्माण र मूर्त्तिहरूको स्थापना अमर सिंह थापाले गरेका हुन्। नेपाल अधिराज्यको एकीकरणको सिलसिलामा सेनापति अमरसिंह

थापाले आफ्नो विजयको सफलताको लागि शक्ति प्राप्त गर्न यस प्रकारको व्यवस्था गरेको भन्ने स्थानीय भनाइ छ। अमर सिंह थापाका सुपुत्र नरसिंह थापाले मालिका देवीको प्रसन्नताको लागि समर्पण गरेको एक विशाल घन्ट पनि अद्यावधि त्यहाँ मौजुद छ।

२० ज्वालपादेवीको मन्दिर

कीर्तिखाम गाउँ पञ्चायत अन्तर्गत सिरकोट (श्रीकोट) गाउँमा रहेको यो प्राचीन मन्दिर अद्यावधि भग्नावशेषको रुपमा विद्यमान छ र यसका अवशिष्ट भागहरू जताततै छरिएर रहेका छन्। यस मन्दिरको निर्माण कहिले कसले गऱ्यो ? यस विषयमा अद्यावधि प्रामाणिक तथ्य फेला परेको छैन ता पनि यो मन्दिर सेन राजाहरूको समयमा जीर्णोद्धार भएको भन्ने कुरा चाहिं भग्नावशिष्ट महिषासुर मर्दिनी भगवतीको पादपीठाभिलेखबाट (४) स्पष्ट हुन्छ। साथै उक्त पादपीठाभिलेखबाट कीर्तिस्तम्भ भएको तथ्य पनि प्रकाशमा आउँछ। मन्दिर भित्र रहेको महिषासुर मर्दिनी भगवतीको यस प्राचीन कलात्मक भग्नावशिष्ट प्रस्तर मूर्तिलाई स्थानीय जनताहरू ज्वालपादेवीको नामबाट संबोधित गर्छन्। भग्नावशिष्ट ज्वालपादेवीको प्राप्तिबाट सेनकालिन मूर्तिकला अत्यन्त उन्नत अवस्थामा रहेको स्पष्ट हुन्छ। यस प्रस्तर मूर्तिको नाप २७×२६ छ। कालीमाटी गाउँ पञ्चायतका प्रधान पञ्च हस्तबहादुर शाहको घरमा रहेको प्राचीन कलात्मक प्रस्तर मूर्ति पनि उक्त भग्नावशिष्ट मन्दिरकै हुनु धेरै संभव छ। पञ्चज्यूले पनि यो मूर्ति उक्त ज्वालपादेवीको मन्दिर मन्तिर रहेको जंगल-बाट भेट्टाएको कुरा बताएका छन्। योगी नरहरिनाथले भग्नावशिष्ट प्राचीन स्मारकहरूको आधारमा श्रीकोटलाई पालहरूको राजधानी भएको कुराको उल्लेख गरेका छन्। उक्त पादपीठाभिलेखबाट सेन राजाहरूको राजधानी भएको तथ्य पनि प्रकाशमा आउँछ।

२१ वैजनाथ मन्दिर

लुङग्रेली गाड (सरस्वती गङ्गा) को बगर छेउमा बूढी गङ्गा (वृद्ध गङ्गा) को किनारामा अवस्थित यो मन्दिर नेपाली मात्रको धार्मिक आस्थाको प्रबल उदाहरणको रुपमा रहेको छ। यस मन्दिरको परिधि भित्र शिवमन्दिर, सिद्ध मण्डपनाथ मन्दिर र गोरखनाथ मन्दिर जम्मा ३ मन्दिरहरू छन्। यी सबै मन्दिरहरूको समष्टिलाई वैजनाथ मन्दिर भनिन्छ। हाल रहेको यो मन्दिर नवनिर्मित हो। यस भन्दा पहिलेको प्राचीन मन्दिर सरस्वती गङ्गा र बुढी गङ्गाको प्रबल प्रवाहले केही वर्ष अगाडि नै क्षत विक्षत भएको कुरा स्थानीय पूजारीले बताएका छन्। केही वर्ष अगाडि निर्माण गरिएको यो मन्दिर रिकै रमणीय देखिन्छ। यी तीनै मन्दिरहरू (वैजनाथ मन्दिरको परिधि भित्रका) विभिन्न दिशाभिमुख छन्। मन्दिरको शिरोभागमा गजुर र मन्दिर बाहिर केही घन्टहरू पनि टांगिएका छन्। मन्दिरको चारैतिर पर्खाल लगाएको छ। नजिकै एक मठ पनि छ, जसमा पुजारी बस्ने गर्दछन्। साथै वैजनाथको भन्डार घर पनि छ।

स्मरणीय के छ भने, ऋषि तर्पणी पूर्णिमाका दिन बडी मालिकाको पूजाको लागि वैजनाथ मन्दिरबाट नयाँ धानको अक्षता, दिपायलबाट जमरा र श्री ५ को सरकार डोटीबाट पल्टन (फौज) र पूजा सामग्री समेत जाने गर्दछ।

(क) शिव मन्दिर

यस मन्दिर भित्र शिवलिङ्गको स्थापना गरिएको छ। शिवलिङ्गको साथमा कृष्ण, गणेश, नारायण, राम सीता, महाकालो, लक्ष्मी आदि देव र देवीका प्राचीन कलात्मक प्रस्तर मूर्तिहरू राखिएका छन्। यी उल्लिखित प्रस्तर मूर्तिहरू र अन्य कतिपय मूर्तिहरू पनि पुरातात्विक दृष्टि-बाट अति नै मूल्यवान छन्।

(ख) सिद्ध मण्डपनाथ मन्दिर

यस मन्दिरमा सिद्ध मण्डपनाथको कलात्मक प्रस्तर मूर्ति राखिएको छ। यो मूर्ति २६×८ से. मि. को छ। साथमा शिवलिङ्ग पनि स्थापित गरिएको छ।

(ग) गोरखनाथ मन्दिर

यस मन्दिर भित्र गोरखनाथको कलात्मक प्रस्तरको

---

४ लग्ना कालवशेनैव मूर्ति खम्भ मनोरमा
श्री मन्मदन सेनेन उद्धृता पुण्य कारिणा
ध वि.....सूत्रधार रामेण–महिषासुर मर्दिनी पादपी-ठाभिलेख श्रीकोट

मूर्ति राखिएको छ । यो मूर्ति हाल साल योगिनरहरिनाथज्यूले राखेका हुन् । यसको साथ साथै वैजनाथ मन्दिरको भण्डार घरमा दूर्गा नारायण आदि देवी र देवताका कतिपय प्राचीन कलात्मक प्रस्तर तथा धातुका मूर्तिहरू र आशा गुर्जाहरू पनि सुरक्षित साथ राखिएका छन् ।

२२ त्रिपुरासुन्दरी मन्दिर

प्रभा गाउँ पञ्चायत प्रभा गाउँभित्र रहेको यस मन्दिरमा देवी त्रिपुराको प्रतीक स्वरूप शिलाहरूको स्थापना गरिएको छ । यो मन्दिर स्थानीय समाजमा निकै प्राचीन मानिन्छ । स्थानीय जनताहरू चैत्र दशैं बडा दशैं र अन्य विशेष पर्व पर्वमा त्रिपुरा भगवतीको विशेषरूपमा पूजा गर्ने गर्दछन् । चारैतिर पर्खाल लगाएको शिरोभागमा गजूरले शोभित यो मन्दिर नवनिर्मित हो ।

२३ अमरसिंहथापा गढी

मङ्गलेश्वर पञ्चायत अन्तर्गत तीखा गाउँको पूर्व डाँडामा अवस्थित यो गढी दर्शनीय मात्र नभएर यसको आफ्नै विशेष ऐतिहासिक महत्व पनि छ । यो गढी हाल भग्नावशेषको रूपमा विद्यमान छ । यस ऐतिहासिक गढीको निर्माण सेनापति अमर सिंहथापाले गरेका हुन् । यसै गढीमा बसी अमरसिंह थापाले डोट्याल राजाहरूसग भिडन्त गरेका थिए । डोटयाल राजाहरूको गढी दिपायल र यो गढी निकै टाढा रहेता पनि आमनेसामने पर्दछन् । यस गढीको चारैतिर खाबा काटेको छ । यसको परिधि व्यापक छ । यस गढीमा ५ हात जति लामा भग्नावशेषको रूपमा रहेका शिलाहरू छन् । यसको भित्री चोकमा मालिका (देवी) को स्थान छ । यहाँ केही ध्वजा पताकाहरू र केही बत्ति बाल्नका लागि जनताले समर्पित गरेका दियाहरू छन् । मालिका स्थान कै छेउमा प्राचीन इंटाहरूले बनाएको एक इनार पनि छ । गढीको चारैतिर सल्लाका रूखहरू गढीको स्वागत गरिरहेका छन् । स्थानीय जनताहरू पर्व पर्वमा मालिका स्थानमा गई पूजा आजा गर्ने पनि गर्दछन् ।

२४ बीमकोट

खिरसेन पञ्चायत फुलोट गाउँको खोलो तरी डुम्राकोटको उकालो पार गरेर केही तेर्सो बाटो हिंडेपछि चैकोट गाउँ आउँछ । यस चैकोट गाउँको माथि डाँडामा बीमकोटे राजाको भग्नावशेष्ट गढीछ । यस प्राचीन गढीको निर्माण कसले गऱ्यो यसबारे कुनै प्रामाणिक तथ्य प्राप्त भएको छैन । तर पनि सोमवंशी अछामे राजाको वंशावली अनुसार २९ सौं पुस्ताका सुजानीब्रह्मका जेठा भाइ जगिन ब्रह्म बीमकोट आई बसेका थिए (५) । यस कोटका भग्नावशेषहरू यत्रतत्र छरिएका छन् ।

यस्तै साँफे बगरको बुढी गङ्गा किनारामा रहेको कण्ठेश्वर महादेवको स्थान, भैरव स्थान, खीरसेन पञ्चायत अन्तर्गत काली भैरवी, मष्टा, साजेन्द्रेश्वर, किमडेश्वर आदि देवी देवताका मन्दिरहरू विशेष उल्लेखनीय छन् भने निरोली र ज्वरायलका पुरातात्विक अवशेषहरू एवं सिलगढीबजारको पूर्व उत्तरतिर रहेका शिलाकोट, पैरीकोट, ब्रह्माणीकोट आदि प्राचीन कोटहरूले डोटी जिल्लाको पुरातात्विकतालाई सुरक्षित गरेर राखेका छन् । यी प्राचीन कोटहरूको उत्खनन भएको खण्डमा डोटी (प्राचीन डोटी राज्य) को इतिहासमा सुनौला पाना थपिने कुरा निश्चित छ ।

३. अछाम जिल्ला

सुदूर पश्चिमाञ्चल विकास क्षेत्र अन्तर्गत रहेती अञ्चलका पहाडी दुर्गम जिल्ला मध्ये अछाम जिल्ला पनि एक हो । आठशय दरा, छविस दरा आदि विभिन्न दराहरू र हिमप्रदेश बेसी प्रदेश एवं पहाडी प्रदेशको समष्टिबाट बनेको यस जिल्लाको पूर्वमा जुम्ला र दैलेख, पश्चिममा डोटी जिल्ला, उत्तरमा बाजुरा जिल्ला र दक्षिणमा सुर्खेत विकास क्षेत्र पर्दछन् । शिक्षा स्वास्थ्य, यातायात एवं आर्थिक, सामाजिक र राजनैतिक गतिविधिबाट निकै पिछडिएको यस जिल्लाको भौगोलिक अवस्थिति ८१° ७' देखि ८१° ३५ पूर्वी देशान्तरमा र २८° ४५' देखि २९° २२' उत्तरी अक्षांशको बिचमा पर्दछ । (१)

---

५ श्री सुजानि ब्रह्म २९ ईनैका ज्येष्ठ भ्राता जगिनब्रह्मको बीमकोटे— हो— इतिहास प्रकाश भाग ३ अङ्क २ २ पन्न ३९१

१ मेची— महाकाली— भाग ४ पृष्ठ— ८३३

यस पहाडी जिल्लाको सदर मुकाम बयलपाटा हो । यस भन्दा पहिले यस जिल्लाको सदरमुकाम मङ्गलसेन थियो । सदर मुकाम बयलपाटाको नामकरणबारे कुनै प्रमाण प्राप्त हुन सकेको छैन ।

यस जिल्लामा विभिन्न जातिका मानिसहरू बसोबास गर्दछन् । डोटीको स्थानीय समाज जस्तै यहाँ पनि अन्ध-विश्वास, जातिय भावना एवं रूढिग्रस्ततातले प्रशस्त स्थान ओगटेको छ । साथै यस जिल्लाका जनतामा धर्म प्रति आस्था र विश्वास एकातिर छ भने अर्कोतिर भूत, प्रेत एवं पिशाच प्रतिको अन्धविश्वास पनि प्रशस्त मात्रामा पाइन्छ । यहाँका मानिसहरू भगवती दुर्गा, मङ्गलासेनी वरदा आदि देवीहरू र शिव, विष्णु आदि देवताहरूको पूजा आजा पनि गर्ने गर्दछन् । यहाँको जनभाषा छुट्टै बुझ्न र बोल्न कठिन छ । यस भन्दा बढी स्मरणीय के छ भने यहाँका जिल्लाहरूमा प्रचलित लोकभाषालाई एक अर्को छिमेकी जिल्लाका मानिसहरूलाई पनि ठम्याउन कठिनै पर्छ । यसको साथै विशेष पर्वहरूमा विशिष्ट देवी तथा देवताका मन्दिरहरूमा प्रति वर्ष जात्रा मनाउने प्रचलन पनि परम्परागत रूपमा यहाँको जनसमाजमा चलिआएको छ । यस जिल्लाको प्राचीन नाम अच्छाम्भ थियो । पछिबाट अच्छाम्भको अपभ्रंस भएर यसको नाम अछाम आधुनिक शब्द बनेको हो । यस जिल्लाको अन्य विशेषताबारे माथि नै उल्लेख भइसकेकोछ ।

परिशिष्ट भाग

१ षोडशा भगवतीको मन्दिर

मङ्गलसेन पञ्चायत अन्तर्गत मङ्गलसेन बजार भित्र रहेको यस मन्दिर भित्र सातमुखे नाग भएको काठको सिंहासनमाथि रहेको चाँदीको आसनमा भगवतीका धातुका दुई मूर्तिहरू स्थापित गरिएका छन् । भगवतीहरू द्विभुजा र चतुर्भुजा भए पनि षोडशा भगवतीको नामले प्रख्यात छन् । त्यसैले यस मन्दिरलाई पनि 'षोडशा भगवती मन्दिर' को नामले पुकारिन्छ । भगवतीकै मूर्तिको आसपासमा केही आशा मुर्जाहरू पनि राखिएका छन् । यो मन्दिर उत्तर दिशाभिमुख छ । यसको शिरोभागमा पित्तलको गजुर छ । मन्दिरको पूर्व पश्चिम र उत्तर दिशामा केही घण्टहरू पनि टाँगिएका छन् । वरिपरि पर्खाल लगाएको छ । यो मन्दिर प्राचीन तथा पुरा-तात्विक दृष्टिबाट महत्वपूर्ण रहेको छ । यसको जीर्णोद्धार "नन्दकुमारी शाहबाट भएको" भन्ने तथ्यलाई जनताहरू अझै सार्दछन् । यहाँ नित्य पूजा हुन्छ र यसको पूजा तथा व्यवस्थाका लागि श्री ५ को सरकार गुठी संस्थानबाट केही अनुदान प्राप्त भएको थाहा भएको छ ।

२ शिव मन्दिर

मङ्गलसेन बजारको करिब आधामाइल जति पर 'विसेकोट' भन्ने स्थानमा रहेको यो मन्दिर निकै रमणीय छ । यस मन्दिर भित्र शिवलिङ्गको स्थापना गरिएको छ । शिवलिङ्गको अगलबगलमा पञ्चपाला, शङ्ख, त्रिशूल, त्रिकुटी आदि पूजा सामग्रीहरू थचारिएको छ । यो मन्दिर पूर्व दिशाभिमुख छ र यसको शिरोभागमा तामाको गजुर सुशोभित छ । स्थानीय जनताको भनाई अनुसार यसको निर्माण "राजा दलबहादुर शाहबाट भएको हो ।"

३ विनायक पञ्चदेवल

विनायक पञ्चायत अन्तर्गत विनायक डाँडामा रहेको पञ्चदेवलहरूको निर्माण शाके १२०२ (वि.सं. १३३७) मा भएको हो ।

यी पञ्चदेवलहरूमा एक देवल धाराशायी भैसकेको छ । र अन्य चार देवलहरू पनि जीर्ण भैसकेका छन् । उक्त देवलहरूमा दुई देवल पूर्वाभिमुख, एक पश्चिमाभिमुख र अर्को पश्चिमोत्तराभिमुख छ । कुनै पनि देवलको शिरोभाग गजुर विहीन छ । यी देवलहरू भित्र कुनै किसिमको एकमात्र मूर्ति पनि छैन तापनि पूर्वाभिमुख भएको देवलबाट एक शिलाभिलेख प्राप्त भएको छ । (२) यसबाट उक्त देवलहरूको निर्माण राजा अक्षयमल्लले गरेको कुरा प्रष्ट हुन्छ ।

---

२ ओं स्वस्ति श्रीमत अछेजमल्ल (अक्षयमल्ल ?) देवस्य सपरिवारस चिरं जयतु आत्मनिमित्तार्थे एकोतार सा-पुरुष निमित्तान् जैराज प्रसाद करायो साके १२०२ सूत्रधार नागदेव नाम कमायो ।

यस विनायक पञ्चदेवल नजिकै एक सानो बजार छ । यस बजारको पूर्वदिशामा पर्ने एक सानो गाउँमा अरू दुई प्राचीन देवलहरू छन् । यी देवलहरू पनि जीर्णावस्थामा छन् । यहाँ कुनै किसिमको मूर्ति छैन । यी दक्षिण दिशाभिमुख छन् । तुलनात्मक अध्ययनबाट यी दुई देवलको निर्माण पनि राजा अक्षयमल्लबाट भएको भन्ने कुरामा बढी विश्वास लिन सकिन्छ । उक्त सातैवटा देवलहरू पुरातात्विक दृष्टिबाट अति नै मूल्यवान छन् ।

४ कालासिल्ला मष्टा देवताको मन्दिर

विनायक पञ्चदेवलको पश्चिमतिर आधामाइल जति परका गाउँमा रहेको मष्टा देवताको मन्दिरले स्थानीय जनमानसमा निकै राम्रो प्रभाव जमाएको छ । यस मन्दिर भित्र अनेकौं घण्टहरू तामाका भाँडा तथा पूजा सामग्रीहरू थुपारिएका छन् । मन्दिरको बाहिर पट्टि अगल बगलमा पनि केही घण्टहरू टाँगिएका छन् । यस मन्दिरको द्वार दक्षिण दिशाभिमुख छ । मन्दिरको उत्तरतिर मन्दिरकै छेउमा 'जाडखम्वा' गाडिएको छ । यस खम्बामा स्थानीय भक्तजनहरूले बलिको निमित्त ल्याएका पशुहरू बांधिन्छन् । यहाँ प्रतिवर्ष ऋषिपूर्णिमाका दिन मष्टा देवताको पूजा विशेष श्रद्धा साथ गरिन्छ । मन्दिरका घण्टाभिलेखहरूले यस मन्दिरको प्राचीनतालाई औंल्याउँछन् ।

५ जयगढ

जयगढको 'गढ' शब्दबाटै यस शब्दको ऐतिहासिकताको परिचय पाइन्छ । यसको पूर्वमा सर्पुकोट र पश्चिममा बान्ने गढी पर्दछ । सर्पु भन्ने मानिसको हत्या गरिएकोले यसको नाम 'सर्पुकोट' रहेको भन्ने जनश्रुति प्रचलित छ । विक्रम सम्बत् १८४७ मा गोरखाली फौजले अछाम माथि विजय गरी सर्वप्रथम यस गढमा विजय पताका फहराएकोले यसको नाम 'जयगढ' रहेको भन्ने जननिरूक्ति परम्परागत रूपमा चलेर आएको छ । हाल यस गढमा रहेको बजारको बिचमा नवनिर्मित गणेश र सरस्वतीको मन्दिर पनि छन् । यसको निर्माणबारे कुनै तथ्य प्राप्त भएको छैन ।

६ बान्ने गढी

जयगढ बजारको पश्चिम डाँडामाथिरहेको यो गढी पुरातात्विक दृष्टिबाट अति नै महत्वपूर्ण मानिन्छ । यस प्राचीन गढीका भग्नावशेषहरू अद्यावधि मौजुद छन । यस गढीको निर्माण कसले गऱ्यो, यसबारे कुनै तथ्य प्राप्त भएको छैन । तर पनि यस बारे विशेष अनुसन्धान गरेको खण्डमा अवश्यनै अछामको इतिहासमा नयाँ पाना थपिने निश्चित छ । यस गढीमा जम्मा ७ खण्ड भएको अनुमान हुन्छ ।

७ वरदादेवीको मन्दिर

बान्ने गढीको भित्री चोकमा वरदा भगवतीको मन्दिर छ । यो प्राचीन मन्दिर हो । यसमा त्रिमुखी एवं चतुर्मुखी वरदा भगवतीको मूर्ति स्थापित गरिएको छ । भगवती वरदाका यी प्राचीन कलात्मक प्रस्तर मूर्तिहरूले तत्कालिन शक्तिसंपन्न डोटी राज्यको प्राचीनतालाई सुरक्षित गरेको छ भने पुरातात्विकताको सुरक्षा पनि गरेको छ । यस मन्दिरको द्वार पूर्वदिशाभिमुख छ । गजूरले शोभित यस मन्दिरको अगाडि तामाको निर्मित बाघ र मन्दिरको दक्षिणतिर गणेशको चतुर्भुज प्राचीन प्रस्तरमूर्ति र साथमा देविको अर्को प्रस्तर मूर्ति पनि राखिएको छ । वि. सं. १७९९ मा टांगिएको घण्टबाट पनि यसको प्राचीनताको परिचय पाइन्छ ।

८ शिव मन्दिर

जयगढ मनि गाजरा गउँमा निर्मित यस नयाँ मन्दिरमा शिवलिङ्गको स्थापना गरिएको छ । यसलाई स्थानीय जनताहरू वरदेश्वर महादेवको नामबाट पुकार्छन् । यसको द्वार पश्चिमाभिमुख छ । मन्दिरको अगाडि प्रस्तरको नन्दी र शिरोभागमा एउटा गजूर पनि राखिएको छ ।

४ बाजुरा जिल्ला

सेती अञ्चल अन्तर्गतका पांच जिल्लाहरू मध्येको एक दुर्गम जिल्ला बाजुरा हो । बेसी प्रदेश, लेकाली प्रदेश, हिमाली प्रदेश र पहाडी प्रदेशको समष्टिबाट बनेको यस दुर्गम जिल्लाको पूर्वमा मुगु, जुम्ला र हुम्ला जिल्ला, पश्चिममा बझाङ जिल्ला, उत्तरमा हुम्ला जिल्ला र दक्षिणमा डोटी र अछाम जिल्लाहरू पर्दछन् । भौगोलिक दृष्टिबाट यस जिल्लाको अवस्थिति २९° १८' उत्तरदेखि २९°५७' उत्तर सम्म र ८१° ९' पूर्व देखि ८१° ४९' पूर्वी देशान्तर भित्र

पर्दछ । (१)

यस जिल्लामा विभिन्न जातिका मानिसहरू बसोबास गर्दछन् ता पनि यहाँ विशेष गरेर छेत्री बाहुन र ठकुरीहरू-कै प्राधान्यता पाइन्छ । स्थानीय जनता मध्ये कुनै हिन्दू धर्मावलम्वी छन् त कुनै बौद्ध धर्मावलम्बी छन् । तर पनि हिन्दू धर्मानुयायीहरूको संख्या बढी मात्रामा पाइन्छ । यहाँ-का मानिसहरू प्रायशः देव तथा देवीका सदुपासक भएको-ले र धर्मप्रति बढी आस्था र विश्वास भएकोले प्रतिवर्ष पर्व पर्वमा देव देवीका मन्दिरमा गई पशुवलि दिने प्रचलन पनि यहाँ पुरातन समयदेखि नै चलिआएको छ । यसरी पूजामा पशुवलि दिएको वेला आफ्नो इष्ट देवता संग "मेरो यस्तो कुरा पुगोस् वा मेरो शत्रुको विनास होस् फेरि म पशुवलि दिनेछु" भनी भाकल गर्ने पुरानो चलन पनि यहाँबाट हटेको छैन । यस जिल्लाका प्रख्यात देवीहरूमध्ये बडी मालिका र नाट्येश्वरी भगवतीको महत्वपूर्ण स्थान छ । अन्यत्र झैं प्रतिवर्ष विशिष्ट देव तथा देवीका मन्दिरमा जात्रापर्व (जीत) मनाउन यहाँका भक्तजनहरू पनि सरिक हुन्छन् । देवलजात्रा, लिङ्गे जात्रा आदि कतिपय जात्राहरू पनि स्थानीय समाजमा मनाइने गर्दछ । यस्ता जात्रामा धामी र पूजारीको विशेष कदर गर्ने र उनीहरूले भनेको कुरालाई अकाट्यरुपले ईश्वरीय वाणीको रुपमा लिने चलन पनि स्थानीय जनजीवनमा पाइन्छ । विशेष गरेर यहाँ देवी, भगवती, कालिका, मालिका, दूर्गा, मष्टा, लाकुंडा, राम, विष्णु, बुद्ध आदि देवी र देवताका भक्तहरूको आधिक्य रहेको छ । पर्व पर्वमा गाउँका सबै जनताहरू कुनै देवताको मन्दिरमा एकत्रित भई पूजा आजा गरी धूमधाम संग रमाइलो गर्ने र भोज भतेर खाने तथा विभिन्न किसिमका गीत गाउने र नृत्य गर्ने पनि गर्दछन् । साथै यस्तो वेला भुवा नाच द्यौडा नाच जस्ता नृत्यहरूले जन मानसलाई आन्दोलित बनाइ दिन्छ ।

यहाँको मुख्य पेशा कृषि हो । तर कृषिबाट मात्र जैविक समस्या समाधान नहुने हुंदा स्थानीय व्यक्तिहरू जीविको पार्जनका लागि भारततिर जाने आउने गर्दछन् । यस प्रकार भारतमा जानु आउनु पनि स्थानीय समाजमा एक विशिष्ट पेशा भइसकेको छ । अन्य छिमेकी जिल्ला जस्तै डोटी, अछाम, बझाङ आदिका जनताको लागि पनि भारत तिर पाइलो बढाउनु सामान्य भइसकेको छ । शिक्षाको दृष्टिबाट यो जिल्ला अन्य छिमेकी जिल्ला भन्दा निक पछाडि छ । त्यसैले यहांको जनभाषा डोटी र अछामको भन्दा केही अस्पष्ठ छ । उदाहरणको लागि हाम्रो (माथि) दुंसिली (तेर्छो) आदि शब्दहरूलाई लिन सकिन्छ ।

यस जिल्लाको सदर मुकाम टांटे हो । पहाडी तथा हिम श्रृङ्खलाले सुशोभित यस जिल्लाको नाम बाजुराबारे जनश्रुति यस प्रकारको छ–"सदर मुकाम टाँटेको पश्चिम दिशातिर बगेको वार्जुगाडको नामबाट बाजुरा रहेको हो ।" वस्तुतः खसिया मल्लवंशका अन्तिम शासक अभयमल्लले बाज्रु का अधिकारी कार्कीलाई गरिदिएको शाके १२९८ को ताम्रपत्रमा र सुमतिब्रह्मले बाज्रुका अधिकारी बुढाथापा रोकायालाई गरिदिएको शाके १३४८ को ताम्रपत्रमा बाज्रु शब्दको उल्लेख भएको र बाज्रु शब्द स्थानवाचक भएकोले बाज्रु शब्दकै अपभ्रंसित रूप बाजुरा शब्दलाई स्वीकार्नु इतिहास सम्मत ठहरिन्छ । साथै वार्जुगाडको वार्जु शब्दको अपभ्रंसित रूपनै वाजुरा भएको जनश्रुतिलाई पनि अनै-तिहासिक मान्न सकिन्न ।

परिशिष्ट भाग

१ बाजुराकोट

सदर मुकाम टांटेबाट अन्दाजि १ माईल जति माथि डाँडामा रहेको यो कोट बाजुराली राजाको दरबार हो । यस कोट भित्र रहेका प्राचीन दरबारका भग्नावशेषहरूले अद्यावधि बाजुराली राजाको पूर्ख्यौली र बाजुराको इतिहा-सलाई औंल्याइ रहेका छन् । प्राचीन भग्नावशिष्ट दरबार-को अगलबगलमा अन्य नयाँ घरहरू बनेका छन्, जहां बाजुराली राजाका सन्तानहरू बसोबास गर्दछन् । बाजुराली राजाका सन्तान मध्येका गजेन्द्रबहादुर शाहका छोरा राजेन्द्रशाहको भनाइ अनुसार भग्नावशेषको रूपमा रहेको प्राचीन दरबार राजा मन्धीरशाहले पाल्पाबाट डकर्मी र सिकर्मी झिकाई बनाएका थिए । पहाडी टाकुरामाथि रहेको यो कोट दरबार चारैतिरका प्राकृतिक चट्टानहरूले गर्दा दुर्गम तथा अविजेय छ । यस कोट भित्र मालिका स्थान पनि छ । यहाँबाट जेठी बहुरानी पहाड र अम्लेख हिमालको प्राकृतिक शोभा अति नै रमणीय देखिन्छ । यसै

१ मेची–महाकाली– भाग ४, पृष्ठ ७८५

कोटको पश्चिम दिशामा पर्ने बार्जुगाड माथिको डाँडोमा चुल्ठेकी माइको स्थान, उत्तरको डांडोमा बडालेककी माइको स्थान पूर्वतिरको डाँडोमा बडीमालिका स्थान पर्दछन् ।

२ वडीमालिका स्थान

यो स्थान बाजुरा जिल्लाबासीको मात्र धार्मिक स्थल नभएर बझाङ, डोटी, अछाम, कैलाली, कञ्चनपुर, दार्चुला बैतडी आदि जिल्लामा रहेका जनता तथा भारतीय जनताको पनि धार्मिक तीर्थस्थल रहि आएको छ । १४००० जति अग्लो पर्वतीय टाकुरामा अवस्थित यस स्थानमा भगवतीका प्रस्तर र स्फटिकमय तीन कलात्मक मूर्तिहरू स्थापित गरिएका छन् । यी मूर्तिहरू मध्ये एकलाई कालिकाको रूपमा दोस्रोलाई मालिकाको रूपमा र तेश्रोलाई ज्वालपादेवीको रूपमा प्राचीन समय देखिनै स्थानीय जनताहरू पुज्दै आइरहेका छन् । यो स्थान निकै रमणीय छ तापनि जाडोको समयमा यहाँ जान सकिदैन । त्यसैले वडीमालिकाका उपासक भक्त जनहरू वर्षाको याममा मात्र यस ठाउँमा जाने आउने गर्दछन् । वडी मालिकाको पूजा प्रतिवर्ष श्रावण शुक्ल त्रयोदशी र चतुर्दशी तिथिमा मात्र हुने गर्दछ । यसबेला विभिन्न ठाउँबाट आएका श्रद्धालु भक्तजनहरूको घुइचो लाग्दछ र यसैबेला बडो धूमधामका साथ मालिकाको पूजा र होमादिकार्य पनि गरिन्छ ।

स्मरणीय छ – बडीमालिकाको पूजाका लागि डोटी दिपायलबाट नयां जमरा, श्री ५ को सरकार डोटीबाट पूजा सामग्री र वैजनाथ मन्दिरबाट नयाँ अक्षता प्रति वर्ष नियमित रूपमा लाने पम्परागत चलन छ । यहाँ पूजाको व्यवस्थाको लागि श्री ५ को सरकार गुठी संस्थानबाट केही अनुदान पनि प्राप्त भएको छ । वडीमालिकादेवीको भण्डार घर कैलासमाणु गा· पं. अन्तर्गत पैमा गाउँमा पर्दछ । पुरातात्विक दृष्टिबाट यसको आफ्नै महत्व रहेको छ ।

३ नाट्येश्वरी मन्दिर

यस जिल्लाको अर्को महत्वपूर्ण धार्मिक स्थल नाट्येश्वरी भगवतीको मन्दिर हो । यस मन्दिरमा नाट्येश्वरी भगवतीको मूर्ति स्थापित गरिएको छ । भक्तजनहरू पर्व पर्वमा नाट्येश्वरीको दर्शनार्थ जाने आउने गर्दछन् । यो मन्दिर कैलासमाणु गा. पं. अन्तर्गत पर्दछ । यहाँ प्रतिवर्ष जनै पूर्णेका दिनमा, चैत्र दशैंमा र वडा दशैंमा विशेष धूमधामका साथ नाट्येश्वरी भगवतीको पूजा र होमादि कार्य गरिन्छ । यस वेला भक्तजनहरूको ठूलो भीड लाग्दछ । भगवती नाट्येश्वरीको भण्डार घर टाँटेको नजिकै वेलकोट गाउँमा पर्दछ । पर्वका दिनहरूमा यस भण्डार घरबाट पूजा सामग्रीहरू लागि भगवती नाट्येश्वरीको पूजा गरिन्छ ।

४ काङचे गुम्वा

बाजुरा जिल्लाको रूगिन गाउँ पञ्चायत अन्तर्गत रहेको यस गुम्बाको निर्माण केही वर्ष अगाडि भएको हो ता पनि यसको ख्याति सर्वत्र भइ सकेको छ । यस गुम्बाका पूजारी लामा थुक्तिन फुञ्जो हुन् ।

५ बझाङ जिल्ला

सुदूर पश्चिमाञ्चल विकास क्षेत्र अन्तर्गत पर्ने दुर्गम पहाडी जिल्ला मध्ये पनि दुर्गम मानिएको यस जिल्लाको सदर मुकाम चैनपुर हो । चैनपुरको नाम पहिले कुमालतडो वा कुमालतडा थियो (१) । पछि बझाङ्गी राजा गजराज सिंहको पाला देखि यसले चैनपुरको रुप लियो । सेती नदीको सुन्दर किनारामा तथा धामीलेकको फेदीमा अवस्थित यस सदरमुकाम चैनपुरको आफ्नै पुख्यौंली छ । जसले राजनैतिक इतिहासका पानाहरू रंगाएको छ । हिमाली प्रदेश, बेसी प्रदेश र लेकाली धरातलको समन्वित-रुपबाट बनेको यस जिल्लाको पूर्वमा दार्चुला, बैतडी पश्चिममा अछाम, उत्तरमा तिब्बत र दक्षिणमा डोटी जिल्लाहरू पर्दछन् । भौगौलिक दृष्टिबाट यस जिल्लाको अवस्थिति २९·२२' उत्तरदेखि ३०· ९' उत्तरी अक्षांशमा र ८०· ४६' पूर्वदेखि ४१· ३४' पूर्वी देशान्तर भित्र पर्ने आउँछ । (२)

स्थानीय जनताको भनाइ अनुसार "यस जिल्लाको नाम बज्राङ्ग देवता वा वज्रेश्वर महादेवको नामबाट रहेको हो" अर्थात् वज्राङ्ग वा वज्रेश्वरको विकृत रुप नै

१ अघि कुंमाल तडो भन्ने ठाउलाइ चैनपुर भन्ने नाम राखी घर लगाइ वसि..."— इतिहास प्रकाश सन्धिपत्र संग्रह, भाग १ पृष्ठ–५८६

२ मेर्चा–महाकाली भाग ४, पृष्ठ ७४५

बझाङ हो भन्ने स्थानीय जन धारणामा पनि सत्यताको अंश छैन भन्न सकिन्न । तर पनि शाके १३४३ को सुमतिवर्माको ताम्रपत्रको छैटौं पंक्तिमा "बलाङ्गया नाम दुर्गस्य" भन्ने उल्लेख भएको र तत्कालिन बाजुरा राज्यको सांध पनि बझाङ भएकोले 'वलाङ' शब्दबाटै अपभ्रंसित भएर बझाङ शब्द बनेको हुन सक्तछ ।

यस जिल्लामा विभिन्न जातिका मानिसहरू बसोबास गर्दछन् ता पनि यहाँ ठकुरीहरूको प्राधान्यता रहेको छ । यहाँका जनताको मुख्य पेशा खेती हो । छिमेकी जिल्लाका जनताहरू जस्तै यहाँका मानिसहरू पनि भारततिर जीविकोपार्जनको लागि जाने गरेको पाइन्छ । यसरी जानुमा मुख्य कारण खेतीपातीबाट जीवन निर्वाह गर्न नसक्नु नै हो । यहाँको जनमानसमा धार्मिकताले एकातिर प्रशस्त प्रभाव पारेको छ भने अर्कातिर रुढीवादिता र अन्ध विश्वासको स्थान पनि उत्तिकै महत्वपूर्ण रहेको छ । पर्व पर्वमा देवी तथा देवताका मन्दिरमा गई पूजा आजा गर्ने पशुवलि दिने तथा जात्रा पर्व गर्ने जस्ता कृत्यहरू पनि स्थानीय समाजमा परापूर्वकाल देखि नै चलिआएका छन् । स्थानीय जनताहरू विशेष गरेर मष्टा, नानन्, लांगो, लाँकुडो, लाटोहित, कालसैन, लबासैन, वाँढपालो, लवाचुर, खापर, डांडा वाग, पनालदेव, निलगटी, घलदेव, घलबेव, घलपुरा, सुर्मादेवी, ज्वालपादेवी, दुर्गा, भवानी, कालिका, खंदारी, ततारी, मालिका, सिउरा आदि कयौं देवी र देवताका उपासक छन् । यहाँको जनबोली छिमेकी जिल्लाका मानिसहरूको जस्तै छ ता पनि कतै कतै शब्द प्रयोगमा केही मात्रामा पृथकता पाइन्छ नै ।

परिशिष्ट भाग

१ वझाङ कोट

उत्तरमा वेसी गाउँ, पूर्वमा टीका डांडो, दक्षिणमा तारुगाड र पश्चिममा पात्ले गाडको विचमा अग्लो टापूमाथि बसेको यो कोट वझाङ जिल्लाका सवै कोटहरू मध्ये प्राचीनतम मानिन्छ । प्राचीन राजदरवारका भग्नावशिष्ट प्राचीन अवशेषहरूले यसको प्राचीनतालाई अझ वढी मात्रामा औंल्याउँछन् । यसरी प्राचीन मानिए यस कोटको निर्माण कहिले कसले गऱ्यो यसबारे प्रामाणिक तथ्य प्राप्त हुन सकेको छैन । तर पनि उत्खनन भएको खण्डमा अवश्य नै यसको वास्तविकताको परिचय पाइन्छ । यस प्राचीनकोटबाट नै बझाङ्गी राजाका सन्तानहरू अन्यत्र गई बसेका हुन् ।

यस कोटमा भैरवको स्थान र वज्रेश्वर महादेवको स्थान छ । भैरव स्थानमा भैरव देवताको प्रस्तरको प्राचीन मूर्ति र ढलौटका धातुका अन्य मूर्तिहरू, तामाका छाताहरू, त्रिशूल, धुपौरो, पंचवर्ती आदि पूजा सामग्रीहरू पनि छन् । पुरातात्विक दृष्टिबाट भैरव मूर्तिको विशेष महत्व छ । भैरव मूर्तिको साथमा एक शिवलिङ्गको स्थापना गरिएको छ । भग्नावशिष्ट प्राचीन भैरव मन्दिरको परिचायकको रुपमा रहेको तामाको प्राचीन गजूर पनि यहीं अद्यावधि मौजुद छ । प्राचीन भैरव मन्दिर ध्वस्त भइसकेकोले आजभोलि अवशेष इंटाहरू संकलन गरी चारैतिरबाट इंटाको गारो उठाई त्यस भित्र उक्त मूर्तिहरू सुरक्षित साथ राखिएका छन् । भैरव स्थानको उत्तरतिर वज्रेश्वर महादेवको स्थान छ । यहाँ कालो शिला स्थापित गरिएको छ र यसलाई वज्रेश्वर महादेवको स्वरुप मानी पूजा गरिन्छ । साथमा ढलौटको देवताको मूर्ति पनि छ । उक्त भैरव स्थानमा रहेको शाके १७२७ वि.सं. र १८६२ को घन्टाभिलेखमा "श्री महाराजाधिराज श्री जागति सिंह देवात्मज श्री समुद्र सिंह देवेन" भन्ने उल्लेख पाइएकाले संभवतः यिनकै पूर्खाले उक्त कोटको निर्माण गरेका थिए । यसकोटको नजिकै तामाखानी गाउँको खोल्सीको किनारामा दुईवटा कीर्तिस्तम्भ छन् ।

२ डुंग्राकोट (डुम्रा कोट)

कोट देवल गाउँ पञ्चायत अन्तर्गत पहाडी चुचुरामा रहेको यो कोट प्राचीन मानिन्छ । हाल केही भग्नावशेषहरू र चार कीर्तिस्तम्भहरू यस कोटको प्राचीनताको प्रमाणको रुपमा उभिएका छन् । यी स्तम्भहरूमा उल्लिखित अक्षरहरू मूलतः नष्ट भइसकेकाले र यस भन्दा बाहेक अन्य कुनै पनि प्रामाणिक श्रोत प्राप्त नभएकोले यसकोटको सम्वन्धमा निश्चित केही भन्न सकिन्न । तर पनि बझाङ्गी राजाहरूको वंशावली अनुसार यस ठाउँमा जाने सर्वप्रथम वझाङ्गी राजाका सन्तान डुग्गर सिंह थिए । संभवतः यिनैले यस कोटको निर्माण गरेका थिए । डुंग्राकोट

नामबाट पनि यसै कुराको पुष्टि मिल्दछ । बाइसे राज्य-हरूको एकीकरणको सिलसिलामा डोटीका राजा दीपशाही माथि हमला गर्नु भन्दा अगाडि बझाङको यसै डुंग्राकोट माथि नेपाली सेनाका सेनापति अमरसिंह थापाले विजय प्राप्त गरेका थिए । यस कोटको दक्षिणमा डुम्री गाड उत्तरमा लाछी गाड पूर्वमा भतेली लेक र पश्चिममा सेती नदी पर्दछन् ।

३ सुनीकोट

धमेना गाउँ पञ्चायत अन्तर्गत सुनीगाड पश्चिम सेती नदी पूर्व सेती नदी र सुनीगाडकै दोभानमा रहेको यो कोट प्राचीन कोट हो । यस कोटमा सुनीकोट राजाका दरबारका भग्नावशेषहरू अद्यावधि यत्रतत्र छरिएर रहेका छन् । सुरक्षाको दृष्टिबाट यस कोटको त्यति महत्व नभए तापनि ऐतिहासिक दृष्टिकोणबाट यसको महत्व घटेको छैन । यस कोटको भित्री चोकमा दुइटा मन्दिरहरू छन् । यी दुई मन्दिरमा एक भग्नावशेषको रूपमा विद्यमान छ भने अर्को पूर्व निर्मित अवस्थामा नै रहेको छ । यी दुबै मन्दिर भित्र कुनै पनि मूर्ति नभएकोले यहाँ कुन देवताको स्थापना गरेको थियो यसबारे केही भन्न सकिन्छ । तर पनि स्मारकको रूपमा केही घण्ट र त्रिशूलहरू चाहि अद्यावधि मौजुद छन् ।

बझाङ्गी वंशावली अनुसार नरीबम्मका ३ भाई छोरा थिए । जेठा राजा राजबम्म माहिला जयेति बम्म र कान्छा श्रीबम्म । जेठा राजबम्मको अपुताली परेकोले भाइ जयेति बम्म बझाङका राजा भए र कान्छा चाहि सुनीकोट गई बसेका थिए । यस कोटको निर्माण कहिले कसले गऱ्यो यस बारे प्रामाणिक तथ्य अद्यावधि प्राप्त भएको छैन । तर पनि श्रीबम्म छुट्टिएर सुनीकोट गई बसेकोले उनीले नै यो कोट बनाएको हुन सक्तछ । संभवतः यस कोटको निर्माण डुंग्राकोट भन्दा पहिले भएको थियो ।

४ तलकोट

यो पनि प्राचीन दरबार हो जहाँबाट राजाहरूले राज्यशासन चलाएका थिए । तलकोटी गाड र सेतो नदीको दोभानबाट उठेको चट्टाने पर्वतको टापुमा रहेको यो कोट सुरक्षात्मक दृष्टिबाट सुनीकोट भन्दा ज्यादै माथि छ । यस कोटमा सर्वप्रथम बझाङ्गी राजा जितारि सिंहका भाइ मेदिनीसिंह गएको कुरा बझाङ्गी वंशावलीमा उल्लिखित छ । तलकोटी राजाका सन्तान जङ्गबहादुर सिंहको भनाइ अनुसार "यो कोट दरबार राजा दिलीप सिंहले बनाएका थिए । यो तलकोट राज्य बझाङ्गी राजाको आगमन भन्दा पहिले लडछडी रावलको शासनाधीन थियो । पछिबाट मेदिनीसिंहले रावल माथि हमला गरी यो राज्य आफ्नो हातमा लिएका थिए । साथै तलकोट राज्य लिएको बेलामा राजा मेदिनीसिंहले कवालीकोट, चौसालकोट, लुवाडी कोट र कवाडीकोटका राजाहरूलाई समेत कब्जा गरी एक मजबुत राज्य कायम गरेका थिए । यसबाट के पनि तर्क गर्न सकिन्छ भने सम्भवतः यो तलकोट दरबार पनि रावलले निर्माण गरेका थिए । अर्को कुरा के त भने यो राज्य लिए पछि मेदिनीसिंहले नै पनि आत्मसुरक्षाको लागि यस कोटको निर्माण गरेको हुन सक्तछ । तर पनि प्रामाणिक तथ्य प्राप्त नभए सम्म यसै हो भनी ठोकुवा गर्न सकिन्न ।

यस तलकोटको चौकोश भित्र अन्य कतिपय घरहरू पनि छन् । जहाँ तलकोटी राजाका सन्तान अद्यावधि बसिरहेकै छन् । यस दरबारको प्राङ्गण भित्र कालिका र भैरबको स्थान पनि छ । भैरव स्थानमा भैरवको शिला र कालिका स्थानमा देवी कालिका र दुर्गाका सुन चादीका मूर्तिहरू राखिएका छन् । यहाँ दुर्गा एवं कालिकाको पूजाको लागि श्री ५ को सरकारको तर्फबाट केही अनुदान पनि प्राप्त भएको छ ।

तलकोटी राजाहरूकी प्रिय देवता उग्रतारा हुन् । उग्रताराको पूजा प्रतिवर्ष जनै पूर्णिमाको अघिल्लो दिन चतुर्दशी तिथिमा हुने गर्दछ । मेल विसौना गाउँ पञ्चायत अन्तर्गत वार्ड नं. ४, ५, ७ का गाउँहरूमा पनि प्राचीन मगराहा (पानीधारा) अद्यावधि सुरक्षित रूपमा रहेका छन् ।

५ थलहराकोट

यो महत्वपूर्ण कोट हो । यसको निर्माण कसले गऱ्यो, यसबारे प्रामाणिक जानकारी प्राप्त भएको छैन । बझाङ्गी वंशावली अनुसार बझाङ्गी राजा मलैवम्मका दुई छोरा

मध्ये जक्तिसिंह थलहरामा गएको उल्लेख पाइन्छ। त्यस वेला यिनले त्यहांको मोटो खड्कालाई मारेको उल्लेख पनि बक्राङ्गी वंशावलीले गरेको छ। थलहराको छेउ छान्ना दरामा चार्हि पृथ्वीसिंहका भाइ रतनसिंह गएर बसेका थिए।

बक्राङ्गी वंशावली अनुसार बक्राङ्गी राजा थलहरामा जानु भन्दा पहिले मोटो खड्का त्यहाँको शासक थियो। थनाल राजाको हत्या गरी मोटो खड्काले राज्य गरेको थियो। यसवाट थलहरामा थनाल, खड्का र बक्राङ्गी सिंह राजाहरूले राज्य गरेको कुरा स्पष्ट हुन्छ। मोटो खड्का बारे स्थानीय समाजमा यस प्रकारको कहानी अद्यावधि प्रचलित छ।

उहिले थलारा (थलहरा) मा थनाल राजा राज्य गर्थे। उनको पालामा उनी मासु नभै भोजन गर्दैनथे। राजा थनालले सधैं सिकार मारेर ल्याउनको लागि एक सिकारी पनि राखेका थिए। त्यो सिकारी वर्षौंदेखि दिनहुँ सिकार मारेर ल्याउँथ्यो र भान्से बाहुनलाई पकाउन दिन्थ्यो। मासुको परिकार ठीक भएको खवर पाए पछि मात्र राजा भोजन गर्न आउँथे। यस्तै क्रम चलिरहेको थियो वर्षौंदेखि। तर पनि एक दिन सिकारीले सिकार मार्न पाएन छ र सिकारको खोजीमा दिनभर हिड्दा हिड्दा उसलाई ज्यादै थकाई लागेछ र लखतरान हुंदै जङ्गलबाट फर्किए छ। बाटामा आउँदै गरेको वेला बाटैको छेउमा एउटा मृत-बालकलाई देखेछ र त्यसैलाई काटकुट पारी बाजेलाई ल्याएर पकाउन दिएछ। भोजन तयार भए पछि राजाले पनि सधैं जस्तै गरी भोजन गरेछ। तर त्यस दिनको मासु राजालाई अत्यन्तै मीठो लागेछ। भोजन सिध्याएपछि सिकारीलाई बोलाएर यति मीठो मासु तिमीले आज कहाँ-बाट ल्यायौ भनी प्रश्न गरेछ। सिकारीलाई जवाफ दिन ज्यादै कष्ट परेछ र पसीना पनि चिट आएछ। आखिर राजाले प्रश्नमाथि प्रश्न थपेपछि सिकारीले आफ्नो संपूर्ण गोप्य कुरा खोलेछ। त्यो सुनेपछि राजाले मनमनै मान्छेको मासु खाने भीष्म प्रतिज्ञा गरे छ र मोटो मान्छेको मासु खाने अठोट लिएछ।

त्यसको भोलिपल्ट मोटो मान्छे छान्नको लागि आफ्ना सवै रैतीहरू भेला गरी राजाले भोजन गराएछन्। मोटो मान्छेको मासु खाने राजाको मन्सुवा भान्छे वाजेले अचानक थाहा पाएकोले रैतीलाई भोजन गराउन थाले पछि बाजेले एक थाली भात अलग्गै पस्की भात मनि अङ्गार समेत राखी त्यो थाली मोटो मान्छेलाई लगेर राखि दिएछ। त्यतिखेर सवै जना भोजनमा व्यस्त थिए। मोटो मान्छे पनि खानामा व्यस्त थियो। खानामा व्यस्त भईरहेको वेला एक्कासी मोटो मान्छेले थालीमा अङ्गार देखेछ र बाजेतिर पुलुक्क रिसले हेरेछ। ठीक यसै वेला वाजेले मोटो मान्छे-लाई भागेर जाने इशारा गरेछ। त्यो थाहा पाई मोटो मान्छे त्यहाँबाट अकस्मात भागेछ। त्यो थाहा पाई राजाका फौजहरू त्यसलाई समात्न पछि पछि दौडिए-छन्। खडका पनि खूब दौडिए छ। आखिर केही नलागी त्यो मोटो मान्छे धौली गाडमा गएर डुवे छ। अनि आफूले फेरेको धोती धौली गाडमा बगाइ दिएछ। धोती बगाएको देखेर फौजहरू मोटेलाई वगाइ लग्यो भनी खोला किनारै किनार दौडिएछन्। मौका पारी पानीबाट उत्री मोटो खड्का सर्वाङ्ग नाङ्गो रुप लिई सांझ पख आफ्नो मितको घरकै छेउमा रहेको गोठमा पुगी लुकेर बसेछ। केही छिन पछि गबुवा बोकेर मितिनी दूध दुहन त्यहाँ आइछन्। सर्वाङ्ग नाङ्गो मानिसलाई एक्कासी सांझमा देख्ता उनी आत्तिइन्। त्यो देखि खड्काले विस्तारै मितिनी संग "म त मीत हुँ। म अहिले सर्वाङ्ग नाङ्गो छु। मीतलाई लुगा लगिदिनु रे भनी सुनाइदेऊ" भनेछ। मिति-नीले घरमा आएर उसको लोग्नेलाई संपूर्ण कुरा भने पछि लोग्नेले लुगा लगेर आफ्नो मीतलाई लगाउन दिएछ। लुगा लगाइ सिध्याए पछि वितेका दुखद घटनाबारे मीतसंग कुराकानी भएछ। त्यसपछि ती दुबै जनाले यस अत्याचारी थनाल राजालाई मार्ने अठोट गरी सवै राज्यका जनतालाई हातमा लिई बलियो संगठन गरी थनाल राजालाई मारेछन्। त्यसपछि थनाल राजाको ठाउँमा मोटो खड्काले केही वर्ष राज्य गरेको थियो रे।

६ पृथ्वी कोट

'श्री जय' अङ्कित इँटाहरूले सजेको यो दरवार राजा जय पृथ्वी वहादुर सिंहले बनाएका हुन्। यस दरवारका कति खण्ड थिए निश्चित रुपमा भन्न सकिदैन ता पनि यस दरवारको आकृति, प्रकृति र परिधिलाई हेर्दा यो निकै विशाल र यसका निकै खण्ड भएको अनुमान हुन्छ। भग्ना-

वशेषको रुपमा रहेको यस दरवारको पूर्व पश्चिम र दक्षिण दिशाको भुँइतलाको भागले अद्यावधि आफ्नो दयनीय अनुहार देखाइरहेछ । यस भव्य तथा विशाल दरवारको मूलद्वार पश्चिमदिशाभिमुख छ । यसको मूल ढोका चाहिं जस्ताको जस्तै रुपमा आज सम्म रहेकै छ । स्थानीय जनताहरूको भनाइ अनुसार यस दरवारको पूर्व दक्षिण दिशामा पाले घर, पूर्व दिशामा तवेला गर, वाणाघर, माल र अदालत, उत्तर दिशामा खरको छानो भएको प्राचीन दरवार, पश्चिम दिशामा केही तल कारागार, उत्तर पश्चिममा गाइगोठ र मण्डी गाउँको सिरानमा अस्पताल थियो । आजभोलि उक्त दरबारको परिधिभित्र सत्यवादी निम्न माध्यमिक विद्यालय र हुलाक घर छन् । यस पृथ्वीकोटको उत्तर दिशामा चुली लेक र दक्षिणमा धनाडाको लेक पर्दछ । पृथ्वी नगर नाम हुनु भन्दा पहिले यस ठाउँको नाम मैल्लेक थियो । पछि राजा जयपृथ्वी बहादुरले आफ्नो राजधानी बनाए पछि यस ठाउँको नाम जयपृथ्वीनगर रहेको हो । उक्तकोट बाहेक अन्य महत्वपूर्ण प्राचीन ऐतिहासिक कोटहरूमा टीकाकोट, गोलाइकोट, सिउँकोट आठाकोट, नुवाकोट आदि प्रमुख छन् ।

७ चैनपुर पुरानो दरवार

बझाङको सदरमुकाम चैनपुरमा रहेको यस प्राचीन दरबारको निर्माण गजराजसिंहले गरेका थिए । यस दरवार का केही भग्नावशेषहरू अद्यापि विद्यमान छन् ।

८ जालपादेबीको मन्दिर

रिठापाटा गा. प. अन्तर्गत देवल गाउँमा रहेको यस मन्दिरमा जालपादेवीको प्रतीक स्वरूप शिलाको स्थापना गरिएको छ । साथमा जालपादेवीको दाहिनेतिर लाँकुडा भैरवको कलात्मक प्राचीन प्रस्तर मूर्ति पनि राखिएको छ । पश्चिमोत्तरभिमुख यस मन्दिरको शिरोभागमा एक तामाको गजूर, मन्दिरको उत्तर तिर यज्ञकुण्ड बनाएको एक भवन, उत्तर पश्चिम दिशामा पौवा र पश्चिमदिशामा भर्खरै बनाएको ईश्वरनाथको सानो मन्दिर पनि छ । जालपादेवीको पूजा श्रावण शुक्ल अष्टमी, चैत्र शुक्ल अष्टमी माघशुक्ल पंचमी देखि नवमी सम्म हुन्छ । नवरात्रमा चाहि विशेष धूमधामका साथ पूजा आजा तथा हवन समेत हुने गर्दछ । यसको साथै प्रतिवर्ष चैत्र शुक्ल अष्टमीमा नयाँ लिङ्ग ठड्याउने र पुरानो लिङ्गोको विसर्जन गर्ने कार्य पनि धूमधाम संग गरिन्छ ।

भगवती जालपादेवीको विषयमा स्थानीय समाजमा प्रचलित लोककथा यस प्रकारको छः "उहिले जुम्ली राजा पुण्यमल्लले ककानी भन्ने ठाउँमा जालपादेवीको स्थापना गर्न मन्दिर बनाउन लागेको बेला थाहा पाई जालपादेवीले सपनामा राजालाई यहाँ वस्तिन, त्यो ठाउँमा मलाई राख" भनेकोले राजाले त्यो निर्मित मन्दिरलाई छोडी उक्त जालपा देवीको मन्दिर भएको स्थानमा ९ तले भव्य मन्दिर बनाई राखेका थिए रे । उक्त मन्दिर भत्किएको कयौ वर्षपछि मात्र यो मन्दिर बनाएको हो ।" स्मरणीय छ जालपादेवीको ऐतिहासिक परिचय दिने सिलसिलामा लेखिएको "जालपादेवीको इतिहास" नामको पुस्तक पनि प्रकाशनमा आएको छ ।

९ सुर्मा भगवतीको मन्दिर

सदर मुकाम चैनपुरमा रहेको यस नवनिर्मित मन्दिरमा सुर्मादेवीको पितलको ढलोटको कलात्मक सुन्दर मूर्तिको स्थापना गरिएको छ । स्थानीय जनताहरू सुर्मादेवीलाई प्राचीनकालदेखि मानिल्याएकोमा दावी गर्छन् । प्रति वर्ष कार्तिक शुक्ल पूर्णिमामा यहाँ निकै ठूलो मेला लाग्दछ ।

१० शिव मन्दिर

चैनपुर पिपल चोरमा रहेको भव्य तथा आकर्षक यस मन्दिर भित्र शिवलिङ्गको स्थापना गरिएको छ । मन्दिरको द्वार पश्चिमदिशाभिमुख छ । प्रतिवर्ष वैशाख संक्रान्तिमा यहाँ निकै ठूलो मेला लाग्छ । यस्तै चैनपुर पुरानो दरवार-छेउमा अर्को एक शिव मन्दिर छ । यी दुवै मन्दिरहरू बझाङ्गी राजा गजराजसिंहले बनाएका हुन भन्ने जनश्रुति स्थानीय समाजमा प्रचलित छ । यस बारे कुनै प्रमाणिकता प्राप्त भएको छैन ।

११ कोट देवल

कोट देवल गा. पं. अन्तर्गत कोट देवल गाउँमा रहेको यो प्राचीन देवल अद्यावधि जस्ताको तस्तै रूपमा अवस्थित छ । यस देवलको मुख्य द्वार दक्षिण दिशाभिमुख छ । यहाँ

कुनै मूर्ति राखिएको छैन । यस देवलको दक्षिण दिशामा रहेको कीर्तिस्तम्भले आफ्नो प्राचीन यशलाई अद्यापि सुरक्षित गरेकै छ । यसको निर्माण कसले कहिले गऱ्यो यसबारे कुनै तथ्य प्राप्त भएको छैन । तर पनि डुंग्राकोटको निर्माण जसले गऱ्यो त्यसैले यसको निर्माण गरेको हुनु धेरै सम्भव छ ।

१२ पाटा गाउँ देवल

जय पृथ्वीनगर पाटा गाउँको विचमा रहेको यस प्राचीन देवलमा कुनै पनि मूर्ति प्राप्त नभए ता पनि प्राचीन कालमा यस देवलमा मूर्ति स्थापित गरेको थिएन भन्न मिल्दैन । यो पश्चिम दिशाभिमुख छ । बऱ्हाङ्गी राजाले मुद्दा मामिलाको निर्णय गर्नु पर्दा यस देवलमा आई गर्ने गर्दथे रे भन्ने कुरालाई स्थानीय जनता अद्यावधि स्वीकार्दछन् । यसको साथै पाटा सोती गाउँ र धामी गाउँका प्राचीन मगराहाहरूले जीर्णावस्थामा रहेर पनि आफ्नो प्राचीन इतिहासलाई बचाएकै छन् । यस प्रकार प्राचीन देवल र मगराहाको प्राप्तिबाट पाटा गाउँको आसपासमा कुनै दरबार भएको तथ्य अगाडि आउँछ ।

१३ हनुमान मन्दिर

चैनपुर सदर मुकामको पूर्वदिशामा सेतीको किनारामा अवस्थित भूपुर कुटीको नवनिर्मित यस मन्दिरमा हनुमानको भव्य तथा विशालमूर्ति को स्थापना गरिएको छ । स्थानीय जनभनाई अनुसार यस मन्दिरको निर्माण देवीजङ्ग शाहले गरेका हुन् । यस मन्दिरको नजिकै भूपुर दरबार मनि सेतीको किनारामा एक शिव मन्दिर पनि छ ।

६. दार्चुला जिल्ला

सुदूर पश्चिमाञ्चल विकास क्षेत्र अन्तर्गत महाकाली अञ्चलमा पर्ने दार्चुला जिल्ला पहाडी जिल्ला मध्ये एक हो । पहाडी प्रदेश, हिमाली प्रदेश, वेसी प्रदेश र लेकाली प्रदेशको समष्टिबाट बनेको यस जिल्लाको पूर्वमा बऱ्हाङ र बैतडी, पश्चिममा भारत, दक्षिणमा बैतडी र उत्तरमा चीन पर्दछ । शैक्षिक, आर्थिक, सामाजिक एवं राजनैतिक गतिविधिबाट पछाडि परेको यस जिल्लाको अवस्थिति भौगोलिक दृष्टिबाट ८०° २३' देखि ८१° ९' पूर्वी देशान्तर मा र ३९° ३६' देखि ३०° १५' सम्म उत्तरी अक्षाँशमा पर्दछ । (१)

यस जिल्लामा विभिन्न जातिका मानिसहरू बसोवास गर्दछन् । विशेष गरेर यहाँ बाहुन, क्षेत्री र व्यासी जातिहरूको प्राधान्यता रहेको पाइन्छ । यहाँका जनता पनि अन्य छिमेकी जिल्लाका जस्तै धर्म प्रति विश्वास राख्तछन् । देवी तथा देवताका मन्दिरमा गई पूजा गर्ने, जात्रा पर्व मनाउने, पशुवलि दिने आदि जस्ता कयौं कृत्यहरू यहाँको स्थानीय समाजमा पनि प्रशस्त छ । भारतीय जनताको संपर्कले गर्दा यहाँका जनताहरू प्रायशः दो भाषे छन् । त्यसमा पनि विशेष गरेर व्यासी जातिहरू हिन्दी, नेपाली र आफ्नो मातृभाषा पनि बोल्ने गर्दछन् । त्यसैले यहाँको स्थानीय भाषामा विभिन्न भाषाका शब्दहरू मिश्रित भएको अनुमान हुन्छ । तर पनि नेपाली भाषाकै प्राधान्यता रहेको पाइन्छ । यहाँको व्यासी जातिमा विशेष गरेर अन्य जातिभन्दा रीति रिवाज चाल चलन वेषभूषा धर्म कर्म आदिमा केही भिन्नता देखिन्छ ।

हिम चुचुराहरूले सुशोभित यस जिल्लाको सदर मुकाम दार्चुला खलङ्गा हो । यो खलङ्गा बजार महाकाली नदीको किनारामा अवस्थित छ । यस सदर मुकामको परिधि भित्र मल्लिकार्जुन महादेवको मन्दिर र चैत्याकारका ससाना कतिपय मन्दिरहरू पनि छन् । यी मन्दिर तथा चैत्यहरूमा कुनै मूर्ति स्थापित गरिएको छैन ता पनि महाकाली नदीबाट रंग विरंगका शिला ल्याई कुनै कुनै चैत्यमा राखिएको पाइन्छ ।

यस जिल्लाको नाम दार्चुलावारे स्थानीय जन श्रुति यस प्रकारको छ– "सदरमुकाम खलङ्गा बजारको पूर्व दक्षिण कोणमा रहेका अग्ला दुई पर्वतका दुई धारा (चुचुरा) र भारत सीमानामा पर्ने धारचूला बजारको पश्चिम दिशामा रहेको अग्लो पर्वतको १ एक धार (चुचुरो) समेत तीन धार मिलाई चूल्हो बनाई परापूर्व कालमा व्यास ऋषिले भोजन बनाएर खाएकोले यस जिल्लाको नाम धारचूला भएको र त्यही धारचूला शब्दको विकसित रुपनै आधुनिक दार्चुला भएको हो ।" व्यास

१ मेची–महाकाली– भाग ४, पृष्ठ ७६२

ऋषिले तपस्या गरेको स्थान भनेर मानिएको व्यास गर्खा यसै जिल्ला अन्तर्गतको व्यास पञ्चायतमा परेकोबाट उक्त जनश्रुतिमा केही मात्रामा यथार्थता भएको अनुभव हुन्छ। वस्तुतः व्यास गर्खा व्यास ऋषिकै तपस्याको स्थल भएको प्रामाणिक प्रमाण प्राप्त भएको खण्डमा स्थानीय जन भनाइले अवश्यमेव सत्यताको रुप लिन सक्तछ। जे होस् यस जिल्लाका प्राचीन अवशेषहरूको अनुसन्धानात्मक प्रामाणिक परीक्षण भएको पक्षमा यस जिल्लाको ऐतिहासिक तथ्य मात्र अगाडि नआएर प्राचीन डोटी राज्य र प्राचीन सिंजा-राज्यकै इतिहासमा नयाँ मोड आउन सक्ने कुरामा विश्वस्त हुन सकिन्छ।

परिशिष्ट भाग

१ मालिलकार्जुन महादेव (सैपाल मन्दिर)

उकु पञ्चायत अन्तर्गत महाकाली नदीको किनारामा सैपालमाणु स्थित यस मन्दिरमा शिवलिङ्गको स्थापना गरिएको छ। शिवलिङ्गको देब्रेतिर भित्तामा भगवतीको प्रस्तरको प्राचीन कलात्मक मूर्ति र सङ्गमर्मरको नयाँ शिवको मूर्ति पनि राखिएको छ। साथमा नागपीन बाजा, डमरु, चमर, पञ्चवर्ती आदि पूजा सामग्री गनि सजाइएको छ। मन्दिरको भित्री भित्तामा र बाहिरी भित्तामा केदारनाथ, शिव एवं विष्णुका सुन्दर चित्रहरू टांगिएका छन्। यो मन्दिर प्राचीन मानिन्छ। तर पनि केही वर्ष अगाडि जीर्णोद्धार भएकोले यसले नयाँ अनुहार बदलेको छ। यस मन्दिरको द्वार पूर्वदिशाभिमुख छ। मन्दिर अगाडि शिवको बाहन नन्दी पहरेदार बनेर बसेको छ। मन्दिरको वरपर मृत साधुका समाधि स्थलहरू पनि छन्। मन्दिरकै देब्रेतिर (उत्तरतिर) ढुङ्गाको पर्खाल माथि पर्खालकै अडेसो लगाई राखिएका देवी तथा देवताका प्राचीन कलात्मक प्रस्तर मूर्तिहरूले यस मन्दिरको विशेषतालाई अझ बढी औंल्याउँछन्। तर यी प्राचीन प्रस्तर मूर्तिहरू संभवतः अन्यत्रबाट ल्याएर यहाँ राखिएका हुन्। यी मूर्तिहरू मध्ये महादेव र भगवतीको मूर्ति विशेष उल्लेखनीय छन्। यस सैपाल मन्दिरमा नित्य पूजा हुन्छ र पूजाको व्यवस्थाका लागि अर्जुन पालले केही जगा प्रदान गरेको कुरा थाहा भएको छ। यस मन्दिरका हाता भित्र २ टा सन्तकुटी पनि छन्।

२ उकुमहल शैवमन्दिर

उकु पञ्चायत अन्तर्गत उकु गाउँको सिरानमा रहेको उकुमहल सुदूर मध्यिमाञ्चल क्षेत्रका महत्वपूर्ण पुरातात्विक स्थलहरूमध्ये एक प्रमुख स्थल हो। यहाँ भग्नावशेषको रुपमा रहेको प्राचीन कलात्मक प्रस्तरको साँढेले एकातिर यस मन्दिरलाई शैवमन्दिरको संज्ञा दिन हामीलाई प्रोत्साहित गर्छ भने अर्कातिर सिंह र बाघका प्राचीन प्रस्तरका भग्नावशेषहरूले भगवतीको मन्दिर भएको तथ्यलाई अगाडि सार्दछन्। जे होस् यहाँका भग्नावशिष्ट प्राचीन स्मारकहरूले यस मन्दिरको प्राचीनतालाई सदा अक्षुण्ण राखेका छन्। यस मन्दिरका प्रत्येक प्रस्तर खण्डहरू प्राचीन कलाकृतिले परिपूर्ण छन्। त्यति मात्र होइन यहाँको प्रस्तर कलाले नेपाली प्रस्तर कलाको इतिहासमा एक महत्वपूर्ण अध्यायको संरक्षण गरेको छ। यस भग्नावशिष्ट मन्दिरका वरपर छरिएर रहेका प्राचीन कलात्मक प्रस्तर मूर्तिहरूमध्ये शिव पार्वतीको प्रस्तरको मूर्ति र भगवतीको प्रस्तर मूर्ति विशेष उल्लेखनीय रहेका छन्। यहाँ राजा नागपालले राखेको शिलाभिलेख पनि मौजुद छ। यस मन्दिरको निर्माण कसले कहिले गऱ्यो यसबारे केही भन्न गाह्रो पर्छ तापनि यसको निर्माण राजा नागपालका पूर्खाहरूमध्ये कुनै राजाले गरेको थियो।

उकुमहल मन्दिरको केही तल पालहरूको गाउँमा प्राप्त कतिपय प्राचीन स्मारकहरूले यस ठाउँमा प्राचीन दरबार समेत भएको कुरालाई संकेत गर्दछन्। यस दार्चुला जिल्लाका अन्य पुरातात्विक स्थलहरू मध्ये जारकोट (सितोला पञ्चायत) व्यास ऋषि मन्दिर (ब्यास पञ्चायत) मालिकार्जुन महादेव (शिखर पञ्चायत) गोकुलेश्वर महादेव (गोकुलेश्वर पञ्चायत) मकरीकोट (लटिनाथ पञ्चायत) दंदाकोट (हुति पञ्चायत) पत्थरको (सुन्सेरा पञ्चायत) आदि प्रमुख ऐतिहासिक स्थलहरू हुन्।

७ बैतडी जिल्ला

सुदूर पश्चिमाञ्चल विकास क्षेत्र अन्तर्गत महाकाली अञ्चल भित्र पर्ने पहाडी जिल्ला मध्ये बैतडी जिल्ला पनि एक प्रमुख जिल्ला हो। बेसी, हिमाली प्रदेश, पहाडी प्रदेश र लेकाली प्रदेशको सामुहिकरूपबाट बनेको यस जिल्लाको पूर्वमा सेती नदी, पश्चिममा महाकाली नदी, उत्तरमा

चौलोन नदी र दक्षिणमा भुल्कुडेको लेक पर्दछन् । भौगोलिक दृष्टिबाट यस जिल्लाको अवस्थिति ८०· १५' देखि ८१· ४ पूर्वी देशान्तरमा र २९· २२ देखि २९. ५७' उत्तरी अक्षाँशमा पर्दछ । (१) ।

शैक्षिक तथा आर्थिक दृष्टिबाट र यातायातको दृष्टिबाट पिछडिएको यस जिल्लाको सदर मुकाम बैतडी खलङ्गा बजार हो । यस जिल्लामा विभिन्न जातिका मानिसहरू बसोबास गर्दछन् । विशेष गरेर यस जिल्लामा छेत्री, बाहुन र ठकुरीहरूको प्राधान्यता पाइन्छ । कृषिबाट जीवन पर्याप्त मात्रामा धान्न नसकिने हुंदा यहाँका जनताहरू पनि भारततिर जाने आउने गर्दछन् । अन्य जिल्लामा जस्तै यहाँ पनि धार्मिक प्रभाव बढी पाइन्छ र यहाँका मानिसहरू निगलासैनी, पोतलासैनी, विलासैनी, त्रिपुरा, काली, दुर्गा एव ग्वाल्लेक केदार, रौलाकेदार, सिगास र लाटो देवता आदि विभिन्न देव देवीको पूजा गर्दछन् । पर्व पर्वमा देव तथा देवीका मन्दिरमा गई पूजा गर्ने, उपवास बस्ने, जात्रा गर्ने, पशुवलि दिने र होमादि कार्यगर्ने चलन पनि यहाँ प्रशस्त मात्रामा पाइन्छ ।

यस जिल्लाको सदरमुकाम वैतडीको नाम सम्बन्धमा कुनै ऐतिहासिक तथ्य प्राप्त भएको छैन तापनि मेची–महाकाली भाग ५ पृष्ठ १०२३ मा बायोतड पर्वतको नाम बाट अपभ्रंस भएर वैतडी रहेको कुराको उल्लेख गरिएको छ ।

परिशिष्ट भाग

१ त्रिपुर सुन्दरी मन्दिर

बैतडी सदरमुकाम बाट करिव १ कोष जति तलपर्ने धामी गाउँ पञ्चायत अन्तर्गत पूजारी गाउँको विशाल फांटमा रहेको यो मन्दिर भव्य तथा दृश्याकर्षक छ । यो प्राचीन मन्दिर हो र यस भित्र त्रिपुरा भगवतीको प्रतीक स्वरूप शिलाको स्थापना गरिएको छ । यिनलाई "जगत्माता त्रिपुरासुन्दरी" पनि भनिन्छ । स्थानीय जनताहरू भगवती त्रिपुरालाई स्वयं उत्पन्न भएकोमा विश्वास गर्दछन् । यस मन्दिरको मुख्य द्वार पूर्वोत्तराभिमुखछ ।

यस मन्दिरको भित्री कोठाको भित्री भागमा त्रिपुराको आसन छ भने बाहिरी भागमा विशाल होमकुण्ड वनाइएको छ । त्रिपुराको प्राचीन मन्दिर कस्तो थियो, यसै भन्न सकिन्न तापनि स्थानीय जनताको तर्फबाट कयौं वर्ष अगाडि जीर्णोद्धार गरी बनाएको यस भव्य मन्दिरको बयान गर्ने भने निकै शब्दहरूको खाँचो पर्दछ । यहाँ त्रिपुराको नित्य पूजा नभए पनि प्रति महिना अमावस्या, संक्रान्ति र पूर्णिमामा पूजा हुने गर्दछ । विशेष पूजा वा होमादिकार्य चाहि नवरात्रमा हुने गर्दछ । यस वेला त्रिपुराको द्वार भक्तजनहरूका लागि सदा खुला रहन्छ । बडा दशैंको नवमी र दशमी तिथिमा एवं जनै पूर्णिमाको दिनमा यहाँ जात्रा पर्व (जीत) मनाइन्छ । यो जात्रामा गाजलाई त्रिपुराको मन्दिरबाट कापड गाउँ, पल्ला चौधडी गाउँ सम्म लगी परिक्रमा गराई फेरि त्रिपुराकै मन्दिरमा ल्याई विसर्जन गर्ने चलन छ । यस विशाल जात्रामा अल्मोडा, नैनिनाल, पिथौरागढ आदि भारतीय क्षेत्र र काठमाण्डु, वैतडी, बझाङ, डडेलधुरा, कञ्चनपुर आदि विभिन्न क्षेत्रबाट आएका भक्तजनहरूको घुइचो लाग्दछ । स्थानीय कतिपय मानिसहरू त्रिपुरालाई डडेल्धुरा जिल्लाको रोडी (रोदी?) भन्ने ठाउँबाट आएको कुरामा विश्वास गर्दछन् । यसबारे स्थानीय समाजमा प्रचलित स्थानीय कथा यस प्रकारको छः

उहिले वैतडीको एक जना मान्छे डडेल्धुरा बस्ने आफ्नो इष्टमित्रका घरमा बेसाहा लिन गएछ । उसले त्यस ठाउँ बाट १ धोक्रो जौ किनी लिएर आएछ । जौको भारी बोकेर ठाउँ ठाउँमा बिसाउँदै आउँदा यिनै त्रिपुरा भएको स्थानमा आएपछि उसलाई जङ्गल जाने काम परेछ र यहीं भारी विसाई जङ्गल बस्न गएछ । जङ्गलबाट फर्किएर आएपछि जौको धोक्रो उठाउन खोज्दा उठाउन सकेन छ । एक रत्ति पनि धोक्रो नचलेको देख्ता आफै छक्क परेछ । एकछिन पछि फेरि धोक्रोलाई समाई उठाउन खोजेछ । यसरी उठाउन खोजेको देख्ता "तिमी मलाई यहीं छोड" भन्ने आकाशवाणी भएछ । त्यो सुनेपछि त्यो मान्छेले मेरो घरमा एक गेडो पनि खाने अन्न छैन भन्दा फेरि "तिम्रो घरमा सबैथोक छ गएर हेर त !" भनी दोस्रो पटक पनि आकाशबाणी भएछ । यति सुनेपछि त्यो मान्छे निन्याउरो

---

२ मेची–महाकाली भाग ४, पृष्ठ १०२३

मुख लगाउँदै 'जौ' को धोको त्यही छोडी आफ्ना घरमा गएछ । घरमा पुगेपछि उसले भकारी भरि अन्न, कोठा भरि भाडा वर्तन फलफूल समेत भएको देखि खुसी हुंदै फेरि त्यो मान्छे 'जौ' को धोको भए ठाउँमा फर्किएर आएछ । आउँदा जौको धोक्रोलाई शिला रुप भएको भेट्टाएछ र त्यही शिलालाई त्यही स्थानमा स्थापित गरी 'यी भगवती देवी हुन्" यिनले मलाई यस्तो यस्तो भनिन् भनी सबैलाई सुनाएछ । त्यसपछि सबैले साक्षात् शिलास्वरुपिणी देवीलाई पूजा गर्न थालेछन् । यसरी कालक्रमानुसार भगवती त्रिपुराको पूजा चलि आएको हो ।"

कयौं वर्ष अगाडि जीर्णोद्धार गरी बनाएको यस मन्दिरको अगाडि र दायाँ बायाँ दुबैतिर घन्टहरू टांगिएका छन् । वैतडीको कलाकृतिले सुसज्जित यस मन्दिरको अगाडि वारा छ । वारा त्यसलाई भनिन्छ, जहाँ भगवती त्रिपुराको जात्रा भएको बखत दमाई बसी बाजा बजाउने गर्दछन् । यस वाराको माथि सिंहको मूर्ति पनि राखिएको छ । यसको छेउमा मौलो छ जहां त्रिपुराको प्रसन्नताको लागि बलि दिइने गरिन्छ ।

मन्दिर कै अगाडि बराहको मूर्ति अङ्कित प्रस्तरको स्तम्भ र देवीको प्रस्तर मूर्ति पनि छ । साथमा केही त्रिशूलहरू पनि राखिएका छन् । यस ठाउँलाई स्थानीय जनताहरू चौसठ्ठी जोगीनि र ५२ सौ बीरहरूको स्थान भनी संबोधन गर्छन् । मन्दिरकै अगाडि केही गज पर वारा जस्तै खालको एउटा मञ्च छ । स्थानीय भाषामा माच भनिन्छ । मञ्चमा धामी र पूजारीको मात्र जाने अधिकार रहन्छ । जात्रा पर्वमा यस मञ्चमा गएर धामीले काम्दै मन गढन्ते कुराहरू भक्तजनहरूलाई सुनाउँछ । यसबेला भक्त जनहरू धामीलाई विभिन्न प्रश्न सोध्ने र धामीबाट प्रश्नहरूको उत्तर सुन्ने समेत गर्दछन् । प्रश्न सोध्ने माध्यम पूजारी बन्दछ । त्रिपुराको दक्षिण दिशामा एक भन्डार घर पनि छ जहाँ भगवती त्रिपुराका पूजा सामग्रीहरू राखिन्छन् ।

२ लाटादेवताको मन्दिर

त्रिपुरा मन्दिरको पश्चिमतिर रहेको यस मन्दिरमा लाटा देवताको प्रतीक स्वरुप शिलाहरू छन् । यो मन्दिर पश्चिम दिशाभिमुख छ । प्राचीन मानिने लाटा देवताको पूजा स्थानीय जनताहरू आश्विन शुक्ल पञ्चमी, कार्तिक शुक्ल दशमी र चैत्र शुक्ल पञ्चमीमा गर्ने गर्दछन् । त्रिपुरा मन्दिरकै पश्चिमतिर कएल पाल देवताको मन्दिर पनि छ जसको पूजा पनि उक्त तिथिमा नै हुने गर्दछ ।

३ शिव मन्दिर

सदर मुकाम बैतडीबाट त्रिपुराको मन्दिरमा जाने बाटोको विचमा पर्ने चमल्लेक गाउँमा रहेको नवनिर्मित यस शिवमन्दिरमा शिवलिङ्गको स्थापना गरिएको छ । यसको द्वार उत्तराभिमुख छ । यस मन्दिरभन्दा केही अगाडि पिजास देवताको स्थान आउँछ । स्थानीय जनताहरू यस देवतालाई प्राचीन काल देखि नै पूजा आजा गर्दै आइरहेका छन् ।

४ कृष्ण मन्दिर

सदरमुकाम खलङ्गा बजार भित्र रहेको नवनिर्मित यस मन्दिरमा सङ्गमर्मरको कृष्णको मूर्ति स्थापित गरिएको छ । कृष्णमूर्तिको दुवैतिर गोपिनीका प्रस्तर मूर्तिहरू पनि राखिएका छन् । मन्दिरको शिरो भागमा गजूर र मन्दिरको द्वार पूर्वोत्तरदिशाभिमुख छ । यस मन्दिरको दायाँतिर छेउमा रहेको शहीद दशरथ चन्दको मूर्ति निकै भव्य तथा आकर्षक देखिन्छ ।

५ जगन्नाथ मन्दिर

सदरमुकाम खलङ्गा बजारको पूर्वदिशामा पर्ने गढी खलङ्गामा अवस्थित यो मन्दिर प्राचीन मानिन्छ । यस मन्दिरभित्र भगवान जगन्नाथको खैरो कालो रंगको करिब ६ इन्च जति लामो शिलाको स्थापना गरिएको छ । भगवान जगन्नाथलाई स्थानीय जनताहरू स्वयंभूको रूपमा मान्छन् । जगन्नाथको विषयमा प्राचीन प्रचलित कथा यस प्रकारको छः "ईश्वरी गङ्गा देखि भिन्नभिन्नै बाटो गरी आएर भगवान जगन्नाथ यहाँ प्रस्फुटित भएका हुन्" । ईश्वरी गङ्गा सदरमुकामको उत्तरदिशामा पर्दछ । यहाँको गुफा वैतडी जिल्लाको प्रसिद्ध गुफा हो । यस गुफामा शिवरात्रि र अन्य विशेष पर्वहरूमा स्नान गर्न जानेहरूको घुइंचो लाग्दछ । जगन्नाथ मन्दिरको मुख्यद्वार उत्तरदिशाभिमुख छ । जगन्नाथको प्राचीन मन्दिर कस्तो प्रकारको थियो त्यो अज्ञात छ ता पनि स्थानीय जनताको तर्फबाट जीर्णोद्धार गरिएको

यस मन्दिरको अगाडि केही घन्टहरू टांगिएका छन् । घन्टकै छेउमा शिवको सांढे मनि प्रहरी बनी बसेको छ । मन्दिरको चारैतिर पर्खाल लगाएको छ । मन्दिरको पश्चिम दिशामा नवनिर्मित पूजारी घर छ, जहाँ पर्व पर्वमा सन्त महन्तहरू आएर बस्ने गर्दछन् । पश्चिम दिशामा रहेको नवनिर्मित द्वार र दक्षिण दिशाका दोस्रो द्वार समेत पार गरेपछि मात्र जगन्नाथको मन्दिरमा जान सकिन्छ । यसरी जांदा दोस्रो द्वारको दाहिनेतिर पर्खालमाथि गणेशका दुई प्रस्तर मूर्ति र भैरवको स्थान, देब्रेतिर लक्ष्मीको प्रस्तर मूर्तिको सर्व प्रथम दर्शन हुन्छ ।

स्मणीय के छ भने विशेष पर्वमा बाहेक भक्त जनहरूले भगवान जगन्नाथको कहिल्यै दर्शन गर्न पाउँदैनन् । अन्य प्राचीन ऐतिहासिक मन्दिरहरूमा धामी गाउँ पञ्चायत अन्तर्गत सतपालीको नागार्जुन मन्दिर, रौलेश्वरको वासुदेव मन्दिर, वरायल पञ्चायतको रौलेश्वर केदार, दुर्गास्थान गा. पं. सुकोल गाउँको ग्वाल्लेक केदार एवं निगला केदार आदि प्रसिद्ध छन् ।

६ निगलासेनी भगवतीको मन्दिर

देहीमाण्डु पञ्चायत अन्तर्गत देहीमाइमा रहेको आधुनिक कलाकृतिले परिपूर्ण यो मन्दिर भव्य तथा आकर्षक छ । चारैतिरबाट पर्खाल उठाई २०३१ सालमा बनाएको यस मन्दिरको भित्री भागमा स्थानीय मूर्ति देख्न नपाउनु मैले आफ्नो दौर्वल्य ठानेको छु । तर पनि बाहिर स्थापित भगवतीका मूर्तिहरूको दर्शनबाट भित्र पनि अवश्य नै भगवतीको सङ्गमर्मरको मूर्ति स्थापित गरिएको हुनु पर्छ भन्ने मेरो धारणा छ । यस मन्दिरको द्वार पश्चिमदिशाभिमुख छ । मूल ढोकाको माथि दायाँ पट्टि भित्ताको खोपामा सङ्गमर्मरको गणेशको मूर्ति र मन्दिर पछाडि पट्टि सङ्गमर्मरका सिंह बाहिनी भगवतीका भव्य पांच मूर्तिहरू राखिएका छन् । यस मन्दिरका कलाकृतिले परिपूर्ण खम्बाहरू र यज्ञकुण्डको निर्माण चातुरी अवर्णनीय रहेको छ । यस मन्दिरको आसपासमा ससानो बजार पनि छ । यस मन्दिरमा प्रतिवर्ष आश्विन पूर्णिमाका दिन जात्रा मनाउने प्रचलन छ । उक्त दिन बैतडी र स्वराड्बाट धामी, पूजारी तथा भक्तजनहरू गाज लिएर उत्सव मनाउन आउने गर्दछन् । यो जात्रा निकै रमाइलो हुन्छ ।

७ ठाकुर देवता मन्दिर (शिव मन्दिर)

पाटन पञ्चायत अन्तर्गत गाटन गाउँको मैतड भन्ने स्थानमा रहेको यो मन्दिर त्रिपुर सुन्दरीको मन्दिर जस्तै कलाकृतिले परिपूर्ण छ । गजूर विहीन यस विशाल मन्दिर भित्रको भागमा गुम्बजाकारको एक अर्को मन्दिर बनाइएको छ । यस भित्र शिवलिङ्गको स्थापना गरिएको छ । शिवलिङ्ग माथि चांदीको छाता साथमा पञ्चवर्ति, कलश, शङ्ख आदि पूजा सामग्री राखिएको छ । उक्त गुम्बजाकार मन्दिरको ढोकाको देब्रेतिर भित्तामा नारायणको र दाहिनेतिर लक्ष्मीको प्राचीन कलात्मक सुन्दर प्रस्तर मूर्ति राखिएको छ । नारायण मूर्तिको छेउमा सङ्गमर्मरको नयाँ आसनमाथि राजा उदयदेवको सङ्गमर्मरको नयाँ मूर्ति पनि सुसज्जित गरेर राखिएको छ । उक्त गुम्बजाकार मन्दिरको उत्तरतिर भित्तामा रहेका देव तथा देवीका प्राचीन कलात्मक प्रस्तर मूर्तिहरूले पनि आफ्नो पूर्ख्यौली इतिहासलाई बचाएका छन् । २०१६ सालमा निर्माण गरिएको यस मन्दिरको द्वार पूर्व दिशाभिमुख छ । यस भन्दा अगाडिको प्राचीन मन्दिर कस्तो प्रकारको थियो यसबारे केही थाहा नभए पनि यहाँ प्राप्त प्राचीन प्रस्तर मूर्तिहरूले यस स्थलको प्राचीनतालाई सुरक्षित साथ राखेको कुरामा गर्व लाग्दछ । यस मन्दिरको भित्री र बाहिरी भागमा ठड्याइएका कलात्मक खम्बाहरूले पनि प्राचीनताको पुट दिएका छन् । मूल द्वारको दायाँ बायाँ दुवैतिर भित्तामा प्राचीन कलात्मक प्रस्तर मूर्तिहरू पनि जडिएका छन् । स्मरणीय के छ भने उक्त मन्दिरलाई स्थानीय ठाकुरहरूले बनाएको हुंदा 'ठाकुर मन्दिर' को नामले स्थानीय जनताहरू संबोधित गर्छन् । यस मन्दिरको ठीक अगाडि अर्को शिवको मन्दिर पनि छ ।

८ राधाकृष्ण मन्दिर

ठाकुर मन्दिर र शिव मन्दिरको उत्तर दिशामा रहेको यस नवनिर्मित मन्दिरमा राधा कृष्णको सङ्गमर्मरको कलात्मक मूर्ति स्थापित गरिएको छ । राधा र कृष्ण मूर्तिको अगल बगलमा गणेश र अन्य देवीका मूर्तिहरू पनि सुसज्जित छन् । मन्दिरको भित्री र बाहिरी भित्तामा शिव पार्वती र अन्य देव तथा देवीका चित्रहरू पनि टांगिएका छन् । शिरो भागमा गजूरले सुशोभित यस मन्दिरको वरिपरि पर्खाल लगाएको छ । यो मन्दिर पूर्व-

दिशाभिमुख छ । यस्तै बगाडी पाउँ पञ्चायतको वस्ती गाउँमा नवनिर्मित सहस्रलिङ्गको मन्दिर मैवड गाउँ स्वर्गेनी पिपलनदीको किनाराको शिव मन्दिर आदि प्रसिद्ध छन् ।

९ प्राचीन देवल

सदरमुकाम खलङ्गा बजार देखि दक्षिण पट्टि केही तल रहेको देवलहाट गाउँमा रहेका यी देवलहरू धराशायी बन्ने तर्खरमा छन् । यी प्राचीन कलात्मक देवलहरूको संख्या जम्मा सात छ । यी देवलहरूको निर्माण चाह्रौं तेह्रौं शतीतिर भएको अनुमान हुन्छ । उक्त ७ देवलहरूमध्ये दुइटा देवलहरू धराशायी भैसकेका छन् । यी धराशायी देवलहरूबाट तामाका लोहोटा जस्ता केही वर्तनहरू पनि प्राप्त भएका छन् । उक्त देवलहरू मध्ये एक देवलमा केही वर्ष अगाडिदेखि शिवलिङ्गको स्थापना गरिएको छ ता पनि गणेश, भगवती र खण्डित उमामहेश्वरको प्राचीन कलात्मक प्रस्तर मूर्तिहरूको प्राप्तिबाट यी देवलहरू शैवसम्बन्धी भएको ज्ञात हुन्छ । तर पनि यी देवलहरूमा कुन देवताको स्थापना गरिएको थियो यकिन गरेर केही भन्न सकिदैन । उमामहेश्वरको प्रस्तर मूर्तिमा एक अभिलेख पनि कुंदिएको छ । यो अभिलेख योगी नरहरिनाथजीले प्रकाशित पनि गरेका छन् । यी देवलहरू पूर्वदिशाभिमुख छन् । वस्तुतः यी देवलहरू प्राचीन राजाहरूका इष्ट देवताका हुन् ।

१० कुल्लेक कोट

देवल हाट गाउँको पूर्वोत्तर दिशामा केही पर रहेको यो कोट त्यति बढी प्राचीन नभएता पनि यसको ऐतिहासिक महत्व भने अवश्य नै छ । यस कोटको निर्माण कसले गरेको थियो यकिन गरेर भन्न सकिदैन ता पनि नेपाल अधिराज्यको एकीकरणको अभियानको वेला यहाँ चन्दठकुरीहरूको शासन थियो । मेची–महाकालीमा यस कोटको निर्माण कर्तामा कुलिचन्दलाई प्रकाशमा ल्याइएको छ । यस कोटका भग्नावशेषहरू यत्रतत्र छरिएका छन् । सुरक्षाको दृष्टिबाट त्यति महत्वपूर्ण नरहेको यस कोटमा कुनै किसिमको कलाकृति पाइदैन । तर पनि यस कोटको उत्तर दिशामा केही पर देवीका प्राचीन प्रस्तर मूर्तिहरू र त्रिशूलहरू छन् । साथै यस प्राचीन कोटको उत्तर दिशामा केही तल बाटोको छेउमा दुर्गादेवीको मन्दिर पनि छ । यस्तै अन्य प्रसिद्ध स्थलहरूमा नङथरा भगवतीको मन्दिर, वाराकोट, गुरूखोला सतबीज, लिस्कोटा, पिपलकोट, लटिनाथ, सिगास देवता आदि प्रमुख छन् ।

८ डडेलधुरा जिल्ला

सुदूर पश्चिमाञ्चल विकास क्षेत्र अन्तर्गत पर्ने महाकाली अञ्चलका पहाडी जिल्लाहरू मध्ये यो एक पहाडी जिल्ला हो । चुरे पर्वतीय श्रृंखला, बेसी प्रदेश, भित्रीमधेश र पहाडी प्रदेशले बनेको यस जिल्लाको पूर्वमा सेती नदी, पश्चिममा महाकाली नदी, दक्षिणमा चुरे पहाडी श्रृङ्खला र उत्तरमा घनघस्याको लेक पर्दछन् । भौगोलिक परिप्रेक्ष्यमा यस जिल्लाको अवस्थिति २९° १' उत्तर देखि २९° २६' उत्तरी अक्षाँशमा र ८०° १२' पूर्वदेखि ८०° ४७' पूर्वी देशान्तर भित्री पर्दछ। (१)

यस जिल्लामा विभिन्न जातिका मानिसहरू बसोबास गर्दछन् । विशेष गरेर यहाँ छेत्री, बाहुन र ठकुरीहरूको आधिक्य छ । यस जिल्लामा यौटा यस्तो नारी समाज पनि छ, जसलाई देवकी समाज भनिन्छ । यहाँका मानिसहरू धर्म प्रति जती मात्रामा आस्थ र विश्वास राख्तछन्, त्यति नै मात्रामा भूत, प्रेत र पिशाच प्रतिको आस्था पनि यहाँ पाइन्छ । यसको साथै पर्व पर्वमा मन्दिरमा गई पशुबलि दिने, पूजा आजा गर्ने, जात्रा मनाउने जस्ता कार्यहरूमा यस जिल्लाको स्थान पनि अन्य जिल्लाको हाराहारीमा छ । शिक्षा, यातायात, स्वास्थ एवं सामाजिक राजनैतिक आदि गतिविधिबाट यो जिल्ला निकै पछाडि परेको अनुमान हुन्छ ता पनि नयाँ शिक्षा योजनाको कार्यान्वयनले गर्दा यहाँ शिक्षा प्रति विशेष अभिरूचि पैदा भएको पाइन्छ । अन्य जिल्लाका मानिसहरू जस्तै यस जिल्लाका मानिसहरू पनि जीविकोपार्जनका लागि भारततिर जाने आउने गर्दछन् । यहाँको जनबोलीमा अन्य जिल्लाको भन्दा केही पृथकता पाइन्छ ।

यस पर्वतीय जिल्लाको सदर मुकाम डडेलधुरा खलङ्गा बजार हो । कोही यसलाई डडेलभुरा पनि भन्ने गर्दछन् ।

१ मेची–महाकाली– भाग ४, पृष्ठ १०६९

स्थानीय भाषामा ढाडलाई डँडेल्नु भनिन्छ र यहाँका चुरे पर्वतीय शृङ्खलाका धारहरू मान्छेको ढाड जस्तै तमतन्न परेर बसेको हुनाले 'डडेलधुरा' भन्ने नाम यस जिल्लाको रहेको हो भन्ने स्थानीय जनताको भनाइ छ ।

१ अजयमेर कोट

हाटगाउँ, हरडीगाउँ पश्चिम गोलाइडाँडो पूर्व सुनेला, मजेलवडा उत्तर जिजोडा गाउँ दक्षिणमा पूर्व पश्चिम हुँदै उत्तर तर्फ वगिरहेको मजर गाडले घेरेको प्राकृतिक विशाल चट्टानमाथि रहेको यो भग्नावशेष दरवार त्यसैत अजेय छँदै छ । त्यसमा पनि 'अजयमेरकोट' नामबाटै यस कोटको दुर्गम्यताको बोध हुन्छ । भग्नावशेष यस प्राचीन दरवारको रूपरेखा कस्तो थियो यसबारे अड्कल काट्न पनि कठिन पर्ने यस दरवारको लम्बाई अन्दाजी ३०० गज र चौडाइ ४० गज जति छ । प्राचीन दरवारका अवशेषहरू यत्रतत्र छरिएर रहेका छन् । मूलद्वारको केही भाग टुटेर पनि अझै केही बाँकी नै छ । यसरी केही भत्किएर अनि केही नाङ्गिएर भए पनि आफ्नो प्राचीनतालाई गाइरहने चट्टानै चट्टान माथि रहेको यस दरबारमा जाने प्राचीन बाटो कता-तिरबाट थियो यसै भन्न सकिन्न । तर पनि केही वर्ष अगाडि स्थानीय जनताको तर्फबाट खनिएको गोरेटोबाट आज भोलि यहाँ सजिलै संग जान सकिन्छ । आफ्नो प्राचीनताको पुख्यौंली गांस्ने यस कोटका भग्नावशेषहरू मनमोहक हुनुको साथै दर्शनीय छन् । त्यसमा पनि प्राचीन कलाकृतिले विभूषित कतिपय भग्न अवशेषहरूलाई हेर्दा कुन चाही नेपाली मात्रको मन फुफुल्लित तथा दुषित नहोला । यस दरवारको वृत्त भित्र रहेका प्रत्येक भग्नावशिष्ट घर-हरूको भित्ताको गारोको चौडाई अन्दाजि २ हात जति छ । पहिले यो दरवार कति खण्डमा विभाजित थियो भन्न सकि-दैन तापनि आजभोलि सामान्यतः दृष्टिगत गर्दा यस दरवारका १० खण्ड भएको अनुमान हुन्छ । स्थानीय जनताहरू यस दरवारलाई मल्लो खण्ड र तल्लो खण्ड गरी दुई भागमा विभाजित गर्दछन ।

यस कोटको नाम अजयमेर कोट नै किन ? यस प्रश्नको सही उत्तर अहिले सम्म प्राप्त हुन सकेको छैन ता पनि केही तर्कहरू यसबारे उपस्थित गर्न सकिन्छ । यस कोट दरवार को भौगौलिक स्थिति नै यस्तो छ जसमाथि कसैले पनि सहसा त्यसवेला आक्रमण गर्न सक्तैनथियो । त्यसैले यो अजेय थियो । साथै पहाडी विशाल चट्टानमाथि यो दरवार भएकोले सम्भवतः दरवार बन्नु भन्दा पहिले यस ठाउँलाई पर्वत वा मेरू वा सुमेरू भनी पुकारिने गर्दथ्यो । यी उक्त तीनै शब्दको अर्थ पहाड भएकोले वा मेरू, सुमेरू एवं पर्वत शब्दको प्रयोग पहाडलाई बुझाउने अर्थमा एक अर्काको पर्यायवाची रूपमा प्रयोगमा आएको पाइएकोले उक्त कोटको नाम पनि पहिले मेरू वा सुमेरू मात्र थियो होला । यस मेरूलाई पछिबाट कसैले आक्रमण गर्न नसकेकोले यसको नाम अजयमेरू राखेको हुन सक्तछ । यसै अजयमेरू माथि दरवार बने पछि यसको नाम अजयमेरू कोट रहयो होला र त्यसको परिमार्जित रूप अजयमेर वा अजैमेर कोट भएको होला । मतलव भाषाको गति कठिनताबाट सरलता-तिर जाने हुदा अजय शब्दको अजै शब्द र मेरू शब्दको मेर शब्द काल क्रमले बन्यो होला । त्यसैले स्थानीय जनता-हरू यस कोटलाई अजैमेर पनि भन्ने गर्दछन् । यस कोटको परिधिभित्र मजर गाडको किनारामा एक मंच पनि छ ।

सम्पादक देवकान्त पन्थले डोटी मुडभराका देविदत्त जोसीको घरबाट प्राप्त वंशावलीलाई आधार मानी त्रिलोकी पाल र चन्द्रपाल पछिका अजैपालको सम्बन्ध अजयमेरूकोट संग थियो कि ? भन्ने शङ्का पनि उपस्थित गरेका छन् । (२) । यस कोट बारे स्थानीय समाजमा प्रचलित लोकगीत यस प्रकारको छः जसको उल्लेख प्रकर-णवश माथि पनि भै सकेको छ ।

मदेश जाई दिल्ली गजया पर्भत जाई सिजो विलोस्या ।
सिजाका बुरु काटी अजयमेरू जाइ थाप्या ।
हो हेमन्तपाल राजा भया ।

२ अजयमेरकोट देवल

अजयमेरकोट पूर्व हाट गाउँको पुछार मजर गाडको किनारामा रहेका यी प्राचीन देवलहरूको निर्माणकाल बाह्रौं तेह्रौं शतीतिर हुनु धेरै संभव छ । यी देवलहरूको

२. डोटेली लोकसाहित्य, एक अध्ययन, पृष्ठ ८१ प्रकाशक– नेपाल एशियाली अध्ययन संस्थान ।

निर्माणकला बैतडी हाट गाउँका देवल र अछाम विनामय पञ्चायतका विनायक देवलहरूको जस्तै छ । यी देवलहरूमा कतिपय देवलहरू धराशायी भै सकेका छन् भने कतिपय धराशायी हुने अवस्थातिर बढ्दै छन् । कुनै देवलका थामका बुट्टाहरू अति नै कलात्मक छन् र कुनै देवलमा देवीका कलात्मक मूर्तिहरू कुँदिएका छन् । आजभोलि धराशायी भएका देवल बाहेक अन्य देवलको संख्या सात छ । तर यी सात देवलहरू केही वर पर तल माथि पारी निर्माण गरिएका छन् । उक्त देवल भए ठाउँमा एक मञ्च र एक कीर्तिस्तम्भ पनि छ । कतिपय देवल र कीर्तिस्तम्भमा समेत अभिलेखहरू कुँदिएका छन् । यी अभिलेखहरू संस्कृतभाषामा छन् । यी देवलहरूको पश्चिमदिशामा केही पर चार प्राचीन नाउलीहरू (कुवा) पनि छन् । स्मरणीय के छ भने हाट गाउँबाट अजयमेर कोट जाने बाटोको छेउमा एक भग्नावशिष्ट मञ्च पनि छ, जहाँ अभिलेख कुंदिएको छ । उक्त देवलहरूमा कुनै किसिमको मूर्ति पनि देखा पर्दैन ।

३ जगन्नाथ मन्दिर (देवल)

भद्रपुर पञ्चायत अन्तर्गत देउरो गाउँको सिरानमा रहेको यो मन्दिर (देवल) प्राचीन हो । यसको निर्माण कसले गऱ्यो यसबारे निश्चित रूपमा केही भन्न सकिन्न ता पनि यसको निर्माण वाह्रौं तेह्रौं शतीतिर भएको अनुमान गर्ने हामीलाई समकालिन मन्दिरहरूको अध्ययन-बाट सजिलो हुन्छ । यस मन्दिरभित्र जगन्नाथ भगवानको शिला स्थापित गरिएको छ । स्थानीय जनताहरू भगवान जगन्नाथलाई स्वयंभूको संज्ञा दिन्छन् । यस मन्दिरको मुख्य द्वार पश्चिम दक्षिण दिशा भिमुख छ । जगन्नाथको दाहिनेतिर कएलपाल र लाटोदेवताका शिलाहरू द्वारपालको रूपमा रहेका छन् । साथमा पीडेश्वर भगवान र पाञ्चायन देवताका शिलाहरू पनि राखिएका छन् । पीडेश्वर भगवानलाई स्थानीय जनताहरू ब्रह्मस्वरूप मान्छन् । जगन्नाथ मन्दिरको अगाडि यज्ञकुण्डको निर्माण गरिएको छ । मन्दिरको ठीक अगाडि घण्टहरू पनि टाँगिएका छन् । यस मन्दिरमा पुसको महिना बाहेक पर्व पर्वमा पूजा होमादि हुने गर्दछ । कार्तिक शुक्ल द्वितीयादेखि कृष्णपक्षको तृतीया तिथि सम्म लक्ष्य होम तथा भगवानको विशेष पूजा हुन्छ भनि स्थानीय जनताहरू भन्दछन् । यस जगन्नाथ मन्दिरको अगाडि एक प्राचीन देवल पनि छ जहाँ प्राचीन कलात्मक प्रस्तरका विभिन्न देवी तथा देवताका मूर्तिहरू एकत्रित गरी राखिएका छन् । यी प्रस्तर मूर्तिहरूको निर्माण बाह्रौं शतीतिर भएको अनुमान हुन्छ ।

उक्त दुबै देवलको शिरोभाग गजूरले शोभित छ । मन्दिरको वरिपरि पर्खाल लगाएको छ । यस मन्दिरको पश्चिम दिशामा रहेका चार मञ्चहरूमध्ये तीन भग्नावशेषको रूपमा रहेका छन भने एक धराशायी हुने अवस्थामा छ । यी मञ्चहरूको २० गज जति पर एक प्राचीन मगराहा पनि छ ।

४ शिव मन्दिर

डडेलधुरा सदर मुकाम खलङ्गा बजारमा रहेको यस नवनिर्मित शिव मन्दिरमा शिवलिङ्गको स्थापना गरिएको छ । साथमा गणेश, सिंहवाहिनी भगवती, र अन्य देवताका धातुका मूर्तिहरू पनि छन् । यस मन्दिरको मुख्य द्वार पूर्व दिशाभिमुख छ । मन्दिरको अगाडि शिवको वाहन नन्दी र केही घण्ट पनि टाँगिएका छन् । शिवालयको पछाडि पट्टि शिवपार्वतीको सङ्गमर्मरको मूर्ति पनि राखिएको छ । शिवालय वृत्त भित्रै भैरवको स्थान छ ।

५ उग्रतारा मन्दिर

डडेलधुरा पाटन बजारको पश्चिम दिशामा मूलबाटोको छेउमा रहेको यस नवनिर्मित मन्दिरभित्र उग्रतारादेवीको प्रतीक स्वरूप शिलाको स्थापना गरिएको छ । यहाँ नित्य-पूजा हुन्छ र प्रतिवर्ष कार्तिक शुक्ल पूर्णिमाका दिन यहाँ जात्रा पनि हुने गर्दछ । यसको पूजा र अन्य व्यवस्थाको लागि श्री ५ को सरकारबाट अनुदान मिलेको थाहा भएको छ । यसको मुख्य द्वार पूर्व दक्षिण दिशाभिमुख छ । यस मन्दिरकै परिधिभित्र एक शिवालय पनि छ । यसका अतिरिक्त यस जिल्लाको राहँ पञ्चायतको सहस्रलिङ्ग स्थान, सर्मोली गाउँ पञ्चायतको समयनाथ, तल्लो स्वराडको मेलौनी देवीको स्थान, देवल पञ्चायत रूपालगाउँको भागेश्वर, रूवाखोला पञ्चायतको घण्टेश्वर, घटाल पञ्चायतको घटाल देवता र समयनाथ, घोड गाउँ पञ्चायतको दुर्गा-मन्दिर, चमडा पञ्चायतको वेतालको मन्दिर आदि प्रसिद्ध स्थलहरू हुन् ।

६ डडेलधुरा गढी

डडेलधुरा सदर मुकाम खलाङ्ग बजार भित्र रहेको यो प्राचीन भव्य तथा आकर्षक गढीको निर्माण कसले कहिले गऱ्यो यस बारे कुनै प्रमाण पाउन सकिएको छैन। सुरक्षाको दृष्टिवाट अति महत्वपूर्ण भएको यस गढीको मुख्य द्वार उत्तरदिशाभिमुख छ। गढीको भित्री चोकमा भैरवको स्थान पनि छ।

९ कञ्चनपुर जिल्ला

सुदूर पश्चिमाञ्चल विकास क्षेत्र अन्तर्गत महाकाली अञ्चलका अन्य जिल्ला जस्तै यो पनि एक प्रमुख जिल्ला हो। सन १८६० मा अंग्रेजबाट नेपालले फिर्ता लिएका क्षेत्रहरू मध्ये यो क्षेत्र पनि नयाँ मुलुकको नामले प्रख्यात छ। यस जिल्लाको पूर्वमा कैलाली जिल्ला, पश्चिम र दक्षिणमा भारत र उत्तरमा डडेलधुरा जिल्लाहरू पर्दछन्। केही वर्ष अगाडि यस जिल्लाले कालापानीको संज्ञा पनि पाएको थियो। चुरे पहाडी श्रृङ्खला र घना जङ्गलले घनीभूत भएको यस जिल्लाको भौगोलिक अवस्थिति ८०° ३' पूर्वदेखि ८०° ३३ पूर्व देशान्तर र २८° ३२ उत्तर देखि २९° ८ उत्तरी अक्षाँशमा पर्दछ (१)।

यस जिल्लामा गुरूङ्ग, बाहुन, मगर, सार्की, छेत्री, कामी, थारू आदि विभिन्न जातिका मानिसहरू बसोबास गर्दछन्। यहाँका थारू जातिको आफ्नै किसिमको सभ्यता संस्कृति एवं रीति रिवाज चाल चलन छ भने अन्य जातिको आफ्नै किसिमको। शिक्षा, यातायात आदिको दृष्टिबाट अन्य जिल्ला भन्दा अगाडिदै गएको चुरे पर्वतीय श्रृङ्खला र तराइ प्रदेशको समष्टिबाट बनेको यस जिल्लाको सदर मूकाम महेन्द्रनगर महाकाली अञ्चल कै सदर मुकाम हो। साथै यो महेन्द्रनगर महाकाली अञ्चलको एक प्रमुख व्यापारको केन्द्र पनि हो। यस जिल्लाको नाम कञ्चनपुर बारे कुनै ऐतिहासिक आधार प्राप्त भएको छैन।

परिशिष्ट भाग

१ सिंहपुर दरबार

सदर मुकाम महेन्द्र नगरबाट २५ कि. मि. टाढा शाही संरक्षित वन भित्रको रानीतालको आसपासमा रहेको यस दरबारका भग्नावशेषहरू अद्यापि यत्रतत्र छरिएर रहेका छन्। आजभोलि जङ्गलले घेरिएको यस ठाउँलाई स्थानीय जनताहरू सिंहपुर नामले संबोधित गर्दछन्। साथै यस भग्नाबशेष दरबारको निर्माताको रूपमा सिंहपाल राजाको नामलाई औंल्याउने गर्दछन्। वस्तुतः भग्नावशेषहरूको अध्ययन एवं अनुसन्धान नभए सम्म यसै हो भनी यकिन गर्न सकिदैन। तर पनि यस प्राचीन दरबार को ऐतिहासिक महत्व दिनानुदिन बढ्दै जाने कुरा निश्चित छ।

२ महाकालीको मन्दिर

सदर मुकाम महेन्द्र नगरको वृत्त भित्र रहेको नवनिर्मित यस मन्दिरमा चतुर्भुजा महाकालीको सङ्गमर्मरको कलात्मक मूर्ति स्थापित गरिएको छ। साथमा गणेशको सङ्गमर्मरको मूर्ति पनि छ। यसै मन्दिरको १०।१५ गज जति पर अग्लो आसन बनाई राखिएको एक पीतल ढलोटको मूर्ति छ। यसलाई स्थानीय जनताहरू घटालदेवताको नामले सम्बोधन गर्दछन्। वस्तुतः दाहिने हातमा तरबार र देब्रे हातमा ढाल लिएको हाँसिरहेको देखिने यस मूर्तिले कुनै महापुरूषको संस्मरण गराउँछ। यस्तै सदर मुकामकै छेउमा रहेको गोवरैया भन्ने ठाउँमा पनि प्राचीन कलात्मक प्रस्तरको मूर्ति प्राप्त भएको छ। बस्तुतः यस प्रकारको मूर्ति अद्यावधि अन्यत्र कतै पनि देख्न पाइएको छैन। यसैले यो एक विलक्षण देखिन्छ।

---

१ मेची-महाकाली भाग ४, पृष्ठ १११२

ऐतिहासिक ताम्रपत्र रूक्का, लालमोहर र सनद एवं शिलाभिलेखहरू

क) ताम्रपत्रहरू कैलाली जिल्लाबाट

१.	रारा रैका विक्रमशाहको ताम्रपत्र	शाके– १५९९
२.	माहाराजा रैका पाहाडी शाहीको ताम्रपत्र	” १७२०
३.	राजा निरैपालको ताम्रपत्र	” १२७४
४.	राजाधिराज कीर्ति मल्लको ताम्रपत्र	” १४०३
५.	महाराजाधिराज बिक्रम शाहीको ताम्रपत्र	” १५९६
६.	कीर्ति मल्लको ताम्रपत्र	” १४०४

ख) डोटी जिल्लाबाट

१.	माहाराजा रैका कृष्ण शाहीको ताम्रपत्र	शाके– १७०१
२.	माहाराजा बिक्रम शाहीको ताम्रपत्र	” १६०९
३.	माहाराजा रैका कृष्ण शाहीको ताम्रपत्र	” १७००

ग) अछाम जिल्लाबाट

१.	राजा दलबहादुर शाहाको ताम्रपत्र	शाके– १८१४
२.	श्री जयबर्मचन्द्रको ताम्रपत्र	” १३५०

घ) बाजुरा जिल्लाबाट

१.	अभय मल्लको ताम्रपत्र	शाके– १२९८
२.	सुमती बर्माको ताम्रपत्र	” १३४३

ङ) बझाङ्ग जिल्लाबाट

१.	पाटागाउँबाट प्राप्त अभय मल्लको ताम्रपत्र	शाके– १२९८

च) डडेलधुरा जिल्लाबाट

१.	मानधाता शाहीको ताम्रपत्र	शाके– १६२३
२.	माहाराजा रैका विक्रम शाहीको ताम्रपत्र	” १६०७
३.	राजा कल्याण चन्द्रदेवको ताम्रपत्र	” १६५३
४.	मानधाता शाहीको ताम्रपत्र	” १६३८
५.	माहाराजा रैका मानधाता शाहीको ताम्रपत्र	” १६४१
६.	राजा राम शाहीको ताम्रपत्र	” १५३६
७.	राजा मानधाता शाहीको ताम्रपत्र	” १६१२
८.	राजा जिता सिंहको ताम्रपत्र	” १५९६
९.	पहाडी शाहीको ताम्रपत्र	” १५६८
१०.	राजा विक्रम शाहीको ताम्रपत्र	” १५९३
११.	राजा पहाडी शाहीको ताम्रपत्र	” १५६४
१२.	राजाको ताम्रपत्र	” १५४४
१३.	मानधाता शाहीको ताम्रपत्र	” १६३९

(छ) अभिलेखहरू डोटी जिल्लाबाट

१.	शैलेश्वरी शिलालेख	शाके– १८२८
२.	शैलेश्वरी मुक्तिपौवाको शिलालेख	" १६६३
३.	किर्तिखाम गाउँको बाटाको शिलालेख	" ———
४.	सिलगडी कोट व्यारेकको शिलालेख	" १९०४
५.	दिपायल दिलीपेश्वर समाधिस्थलको शिलालेख	" १७६७
६.	दिलीपेश्वर मठमा रहेको ढलोटको भैरव मूर्त्यभिलेख	" १५१६
७.	दिलीपेश्वर मठको अभिलेख	" १५७०
८.	दिलीपेश्वर मठ समाधिस्थलको शिलालेख	" १६८१
९.	पत्थरमा अङ्कित नागमल्लको छाप २	"
१०.	जिजोडा नाउलीको शिलालेख (डडेलधुरा)	" १६२४

(ज) अछाम जिल्लाबाट

१.	विनायक देवलबाट प्राप्त शिलाभिलेख	शाके– १२०२

यो अभिलेखको आदिम पंक्ति संस्कृतमा छ र पनि जैराज प्रसाद कायो शाके १२०२ सुत्रधार नागदेव नाम कमायो भन्ने नेपाली शब्दको उल्लेख अन्त्यमा प्रष्ट देखिएकोले नेपाली साहित्यको क्षेत्रमा यसले नेपाली भाषाको प्राचीनतालाई औंल्याउँछ। यसरी हेर्दा आजभोली नेपाली साहित्यमा आदिमरूप मानिएको आदित्य मल्लको सम्वत् १३७८ को अभिलेख भन्दा उक्त अभिलेख ४१ वर्ष अगाडिको देखा पर्छ। अर्थात उक्त शिलालेखको समय सम्वत् १३३७ हुन आउँछ। यसैले सम्वत् १३७८ को अभिलेख भन्दा यो अभिलेख ४१ वर्ष अगाडि भएकोले नेपाली भाषाको आदिमरूप आज यसैले लिएको छ। आशाछ– खोज गर्दै जाँदा यस भन्दा अगाडिको नेपाली भाषाको रूप फेला पर्न सक्ला।

३. डडेलधुरा जिल्लाबाट

१.	निरपाल राजाको अजयमेरकोट देवलको शिलालेख	शाके– १३१५
	(क) बीरखम्भाभिलेख	शाके– १३०९
	(ख) बैठक अभिलेख	शाके– १६०६
	(ग) विभिन्न जिल्लाबाट:–	
१.	श्री मन्महाराजाधिराजस्य रुक्का	सं. – १८९१
२.	गुठी जगाको लालमोहर	सं. – १८६३
३.	लालमोहर	" – १८६९
४.	हस्तदल शाहको पत्र	" – १८७१
५.	रुक्कापत्र	" – १९३७
६.	सुरथजङ्ग राणाको पत्र	– १९३८

७.	टोडी गोड्धुवातहसील अड्डाकस्य पत्रम्	"	– १९५४
८.	कर्णेलसाहवले जोगीलाई लेखेकौ कवोलपत्र	"	– १९२६
९.	जुद्ध शम्शेरको रूक्कापत्र	"	– १९९२
१०.	रणउद्दीप सिहको रूक्कापत्र	"	– १९३८
११.	वीर शम्शेरको रूक्का पत्र	"	– १९४६
१२.	कर्णेल तेजबहादुर राणाकस्य रूक्का	"	– –
१३.	चौतरीया पुष्कर शाहकस्य रूक्का	"	– १८८८
१४.	कर्णेल तेजबहादुर राणाकस्य पत्रम	"	– १९४३
१५.	चौतरिया बबरजङ्ग शाहकस्य पत्रम्	"	– १८९९
१६.	डोटी राजा पहाडी शाहीको स्यामोहर	शाके	– १५७१
१७.	राजा रघुनाथ शाहीले रणजित गोसाईलाई जग्गाबारे गरिदिएको प.	सं.	– १८९०
१८.	राजा किर्तिबहादुर सिहको कस्य रूक्का	सं.	– १९४१
१९.	कर्णेल प्रेमजङ्ग राणाबहादुरकस्य रूक्का	सं.	– १९४१
२०.	कर्णेल प्रेमजङ्ग राणाकस्यपत्रम्	"	– १९४२
२१.	राजा किर्तिवहादुर सिहकस्य रूक्का	"	– १९३?
२२.	मे. ज. कृष्णधोज कुवर राणाकस्य पत्रम्	"	– १९१८
२३.	श्री मन्महाराजाधिराजस्य रूक्का (शिला देवीको लालमोहरको नकल)	"	– १९९३
२४.	चौ. वमशाहकस्य पत्रम	"	– १८७६
२५.	श्री मन्महाराजाधिराजस्य रूक्का	"	– १८९४
२६.	सरदार कनर्कसिह महतस्य पत्रम्	"	– १९०९
२७.	चौ. पुष्कर शाहकस्य पत्रम्	"	– १८७९
२८.	कांलीजुङ्ग गुल्म संवन्धी पत्रहरू (डोटी)		×
२९.	जनरल उद्दीपसिह कुवर राणाकस्य पत्रम्	"	– १९२३
३०.	कर्णेल सुथजंग राणाकस्य पत्रम्	"	– १९३८
३१.	चौतरिया भीमबिक्रमशाहको पत्र	"	– १९०३
३२.	चौ. वबर जंग शाहको पत्र	"	– १८९३
३३.	पुष्कर शाहको पत्र	"	– १८८८
३४.	सरदार पूर्णशाह र भैरवसिहको पत्र	"	– १८५९
३५.	कप्तान प्रताप जंग वहादुरको सनद	"	– १९६२
३६.	जंग वहादुर राणाले गरिदिएको रूक्कापत्र	"	– १९३३
३७.	लालमोहर जोगराम जैसीलाई गरिदिएको	"	– १८८३
३८.	राजा जय पृथ्वी वहादुर सिह कस्य रूक्का	"	– १९५४
३९.	राजा सुदर्शन चक्रशाहले महेश्वरलाई गरिदिएको लालमोहर	"	×
४०.	राजा विक्रम वहादुर सिहकस्य रूक्का	"	– १९२३

महिषासूर मर्दिनी; सिमटोला गाउँको दोभानमा अवस्थित जगन्नाथ मन्दिरमा रहेको, डडेलधुरा



क. पञ्चदेवल, अजयमेरकोट, डडेलधुरा ।



ख. तलकोट राजाका हातहतियार, बझाङ ।

निष्कर्ष

प्राचीन डोटी राज्यको ऐतिहासिक अध्ययनको सिलसिलामा मैले जे जस्ता ऐतिहासिक तथ्यहरू फेला पार्न सकें, तीनै तथ्यहरूको आधारमा यो लेख प्रस्तुत गरिएको छ । यस अनुसन्धानात्मक लेखमा विशेष गरेर पूर्व प्राचीन तथा प्राचीन शक्ति संपन्न डोटी राज्यको राजनैतिक एवं सांस्कृतिक परिचयका संस्मरणीय नमूनाहरूलाई अगाडि ल्याउने चेतना नै सर्वोपरि रहेको छ । हुन सक्छ– मेरो अध्ययनमा कतिपय ऐतिहासिक त्रुटिहरू हुन सक्लान् र सबैतिरबाट यो संपूर्ण पनि बनेको नहोला तथापि मैले यस प्रयासलाई आफ्नै भित्र संमेटेर राख्ने निर्णय गर्न सकिन । फलस्वरुप यो यस्तै रूपमा विद्वानहरूको सामु प्रस्तुत छ । यस लेखलाई प्रस्तुत गर्न पनि म माथि कतिपय बाधा अड्चनहरू परे अनि ती बाधाहरूलाई सक्दो मात्रामा पन्छाउने प्रयास पनि नगरेको होइन तर पनि म यस लेखमा पूरा ढक्क दिन असमर्थ भएँ । यसमा विद्वानहरूसंग क्षमा याचना गर्दछु । अन्त्यमा यस अनुसन्धानात्मक खोजमा हरतरहले सहयोग गर्नु हुने पुरातत्व विभागका निर्देशक श्री रमेशजंग थापाज्यू र नेपाली साहित्यका चिरपरिचित श्री जनकलाल शर्माज्यू दुबै धन्यवाद टक्क्याउँछु । साथै यस कार्यमा विशेष चाख लिनु हुने डा० साफल्य अमात्य प्रति विशेष आभार व्यक्त गर्दछु । अन्त्यमा– ती सबै व्यक्तिहरूलाई जसले मन्दिर एवं मूर्तिको तथ्याङ्क, ताम्रपत्र र अन्य कागजातको सुविधा प्रदान गरेका छन् ।

सहयोगी पुस्तक पत्र पत्रिका अभिलेखहरू

- शैलेश्वरी खण्ड काव्य
१ इतिहास प्रकाश सन्धिपत्र संग्रह, भाग १
२ *An Account of the Kingdom of Nepal*
३ पूर्णिमा, वर्ष २, अङ्क २
४ कुमाउँ
५ गढवाल
६ उत्तराखण्डका राजनैतिक तथा सांस्कृतिक इतिहास
७ राम शाहको जीवन चरित्र
८ *Nepal Review, April 1969, Vol I, N.6*
९ प्राचीन नेपाल, संख्या २७ पुरातत्व विभागको मुखपत्र
१० कुमाउँ हिल (*Kumaun Hills*)
११ मान्धाता शाहीका ताम्रपत्रहरू
१२ अमर सिंह थापा
१३ डोटेली लोक साहित्य, एक अध्ययन
१४ हाम्रो देश दर्शन
१५ *The Rise of the House of Gorkha*
१६ मेची महाकाली, भाग ४
१७ अभयमल्लको ताम्रपत्र
१८ सुमति ब्रह्मको ताम्रपत्र
१९ इतिहास प्रकाश, भाग ३, अङ्क २
२० महिषासुर मर्दिनी पादपीठाभिलेख, सिरकोट अछाम
२१ विनायक पञ्चदेवलको अभिलेख– अछाम
२२ अन्य विविध पुस्तक पत्रपत्रिका र अभिलेख आदि
२३ वंशावलीहरू
२४ महाकाली अंचल दिग्दर्शन
२५ राष्ट्रभाषा
२६ राष्ट्रिय अभिलेखालयबाट प्राप्त अन्य ताम्रपत्र र ऐतिहासिक कागजातहरू
२७ माथि उल्लिखित ताम्रपत्र र कागजातहरू



تاریخ نہرو

شتمل بر

حالات قدیم و حال ریاست سرمور مع حالات راجگان و مختصر تذکرہ

غازیان چنددر بنس و بھگیلہ و نیز مختصر حالات مذہب ہنود و اسلام

مولفہ

کنور رنوزر سنگھ صاحب بہادر

فاتح ریاست سرمور پنجاب

مطبوعہ انڈین پریس الہ آباد

तारीख सरमौर

मुश्तमिल्बर

हालात कदीम व हाल रियासत सरमौर हालात रा जगान व मुख्तसर तजकिरहय
खानदान चन्द्र वंश व जेसलमेर, नेज मुख्तसर हालात मजहब अहल हिन्दू व इस्लाम

मुवल्लेफा

कुंवर रणजोर सिंह रईस
नाहन रियासत सरमौर पंजाब

मतबुआः इण्डियन प्रेस इलाहाबाद

जुम्लाः हुकूक महफूज

(फारसी लिपिमा लेखिएको 'तारीखे सरमोर' नामक ग्रन्थ उर्दू जगतमा निकै ख्याति पाएको भए पनि नेपाली समाजमा त्यसको प्रचार थिएन । यस पुस्तकको संग्रहकर्ता श्री जनकलाल शर्माले सो पुस्तक विभागमा ल्याइदिनु भएपछि सुश्री रेहानाबानू सैयदले यो अंश परिश्रम पूर्वक लिप्यन्तर र अनुवाद गरी प्राचीन नेपालमा प्रकाशित गर्न दिनु भएकोले नेपाल–अंग्रेज युद्ध सित चाख राख्ने इतिहासका पाठकका लागि यो उपयोगी होला भन्ने आशा गर्न सकिन्छ ।

–सम्पादक)

फसल २ – जिक्रजङ्ग गोरखान माबीन गवर्नमेन्ट ईङ्गलीशिया

(पृष्ठ– २४४)

(१)जजल गिलप्सी साहब बमाह अक्टूबर १८१४ ई. मयः सिपाह रबाना हुवे और सहारनपुर होते हुवे ज्वालापुर पहुँचे वहाँसे देराहदून पहुँचे और कर्नल पाली साहब कमाण्डिङ्ग अफिसर मयः फौज व मिस्टर विलिम फ्रेजर साहब कमिश्नर मेरठ एक रोज पेश्तर देरह पहुँचगए। और जजल गिलप्सी साहब बगरज़ दरयाफ़्त हालात दुश्मन ज्वालापूरमे ठहरे रहे। जुमला साहबान अफसरानने कमिटी करके तजवीजकी के एक खत बनाम कप्तान बलभद्र सरदार फौज गोरखान जो के किला नाला पानीमे बमय फौज मुकीम था– भेजा जाए। चुनान्चे एक खत हमदस्त कासिद भेजा गया जिसका खुलासाः यह है " इस सरज़-मीनमे पहुंचकर हमे मालुम हुवा के किलाकी मजबुती से गुरूरका धुवाँ आँ मेहरबानके सरमे ऐसा भरा है के लडने पर आमादह हुवे है। कर्नेल साहब जो के कमाण्डिङ्ग अफसर है – उनकी राय थी के हमला किया जावे मगर हमने ईस ख्यालसे के खलक खुदा नाहक कतल नहो-नेज इस वास्ते के यह अमल अदालत और रियासत के तरीका से बइद था। आँ मेहरबानको इत्तिला देना

(पृ. २४५)

मुनासिब समझा– हमारी रायमे बेहतर मालूम होता है के ख्यालात फासदको दिमाग से दूर करके सरकार इङ्गलिशियाके पनाहमें आवें और इताअत करें।

परिच्छेद २– गोरखा र अंग्रेज बीच भएका युद्धको विवरण

(१)अक्तुबर १८१४ ई. मा सिपाहीहरू लिएर जनरल गिलेप्सी महोदय सहारनपुर हुँदै ज्वालापुर पुगे र त्यस पछि देहरादून पुगे। कमाण्डिङ्ग अफिसर कर्नल पाली महोदय सीपाही र मेरठका कमिश्नर श्री विलियम फ्रेजर एक दिन अगाडि नै देहरादून पुगिसकेका थिए। जनरल गिलेप्सी शत्रुहरूको गतिविधि पत्ता लगाउन ज्वालापुरमा नै पर्खेर बसे। माथि उल्लेख गरिएका अफिसरहरूले बैठक गरेर एउटा प्रस्ताव पारित गरे जसमा गोरखा फौजका नेता बलभद्रलाई एउटा पत्र पठाउने कुरा शामेल थियो। बलभद्र त्यस समय नालापानीको किल्लामा फौज सहित बसेका थिए। उनीहरूले एउटा हल्कारा मार्फत बलभद्रलाई यस किसिमको पत्र पठाए–

'बलियो किल्लामा बसेका हुँदा तपाईहरूमा घमण्डको भावना छ र यसकारण तपाईंहरू लडाईं गर्न तत्पर देखिनु हुन्छ। कमाण्डिङ्ग अफिसर कर्नलको आक्रमण गर्ने विचार थियो। तर व्यर्थमा रगतको खोलो बग्ने भएकोले यो खबर पठाएका छौं। यस अवस्थामा तपाईहरू अंग्रेज सरकारको संरक्षणमा आउनुहोस। कोहिस्तानको समस्या नमिलुन्जेल तपाईं र तपाईंका साथीहरूलाई सशस्त्र नजर-बन्द राखिने छ र कुनै किसिमको कष्ट दिइने छैन। तर यसको विपरीत लडाईं गरेर भाग्न चाहेमा चारै तिर बाटो बन्दछ। यदि तपाईं पहाडमा चढनु भयो भने शत्रुताको कारण पहाडीयाहरूले बदला लिने छन् र यसले गर्दा नेपालको दर्शन गर्ने सौभाग्य पनि प्राप्त हुने छैन। अंग्रेजी फौजलाई स्वास्नी मान्छे र बालकसंग लडाई गर्न लाज

---

१ यह हालत हमने ज्यादहतर उस नुस्खाः कलमी से अखज किए हैं जो मौलवी फजल अजीम साहब खैर आबादी साबिक डिप्टी कलक्टर सहारनपुरने फारसी जुबानमे तहरीर किया था– मौलवी साहब मजकूर उस जमानामे मिस्टर विलिराम फ्रेजर साहब कमिश्नर मेरठके पेश्कार थे और लश्कर जजल गिलप्सी साहबके हमराह थे और जो कुछ अर्साः तक नाहनमे कयाम-पजीर हुवे थे।

१ यो विवरण धेरै जसो हामीले सहारनपुरका तत्कालीन डिप्टी कलक्टर मोलवी फजल अजीम खैराबादीले फारसी भाषामा लेखेको विवरणबाट लिएको हो। उनी त्यस बेला मेरठको कमिश्नर विलियम फ्रेजरको पेश्कार थिए र जर्नेल गिलेप्सीको फौजका साथमा थिए र उनी केही समय सम्म नाहनमा पनि बसेका थिए।

यह सरकार सिवाय ईसके के महम कोहिस्तानके यकसू होने तक हथियार लेकर आपको और आपके हमाराहीयो को नजरबन्द रखे और किसी किस्मकी तकलीफ नही देगी और अगर खिलाफ इसके लडकर भागना चाहोगे तो हर तरफसे राह बन्द है। अगर पहाडपर चढेगेतो पहाडी लोग अदावतके सबब बदला लेने पर आमादह होजावेंगे और फिर इस तरह से नेपालका देखना तक भी नसीब नहोगा। अंग्रेजी फौजको औरतों और बच्चों से लडते हुवे शर्म आती है। अगर कुछ मर्दानगीका नशा है तो मर्दोकी तरह मैदानमें आकर जङ्ग करें। दोपहर तक आपको मोहलत है। इस अर्सा में नेक व बदको सोचकर जवाब दें और अपने इरादेसे भी इत्तलाअ दें– बरना बाद इन्किजाए मोहलत हमला किया जावेगा और आपको अफसोस होगा"। उसरोज खतके जवाबके इन्तेजारमे हमला मुल्तवी रहा। जिसवक्त एक पहर रात बाकी रही तो कासिद वापिस आया और उसने बलभद्र किलाः दारका हाल इस तरह पर बयान किया के बवक्त आधीरातमे किलापर पहुँचाथा उस बक्त कप्तान मजकूर आग पर बैठा हुवा आग ताप रहाथा। मैने खत उसके हाथमें दिया मगर उसने खत नहीं पढा और गुस्सा होकर खतको आगमें डाल दिया। जब मैने जवाब के लिए कहा तो उसने गजबनाक होकर यह कहा के इसका जवाब आपको तोपके मूंह और तीरकी जुबान से मालूम होजाएगा। अफसरानने जब यह जवाब सुना तो वह भी बहुत गुस्सामें आए और हमलाकी तैयारी में मशगुल हुवे और उसी वक्त बमयः सामान जङ्ग रवाना बः तरफ किला हुवे, और एक घडी रात बाकी रही थी के किला पर पहुंच गए और सत्तर तोपें मुकामात

(पृ. २४६)

मुनासिब पर कायम करके सूरज निकलने से पेश्तर गोलाअन्दाजी शुरू कर दी। दुश्मनने भी उस तरफ से मुकाबिला किया हर दो जानिबसे दोपहर तक तोप बन्दूक खूब चलती रही मगर जब जखीराः गोला बारूद बगैरा में कुछ कमी मालूम हुवी तो मिस्टर विलियम फ्रेजर साहब कमिश्नरने चाहा के एक दफाः ही दुश्मनपर हमला किया जावे मगर कर्नल पाली साहबने जो एक तजुर्बाकार अफसर थे इसको खेलाफ कायदाः ए जङ्ग तसव्वुर करके फौजको वापस

लाग्छ। यदि तपाईमा बहादुरीको त्यतिकै घमण्ड छ भने पौरूषत्वका साथ मैदानमा आएर लडाईं गर्नुहोस। मध्याह्न सम्म तपाईंहरूलाई समय दिइएको छ। यस अवधिमा विचार गरी उत्तर दिनु होला। उत्तर नआए त्यस अवधि पछि आक्रमण गरिनेछ र तपाईलाई दुःख हुनेछ।"

त्यस पत्रको उत्तर नआए सम्म आक्रमण स्थगित रह्यो। जब एक प्रहर रात बाँकी थियो हल्कारा फर्केर आयो र उसले बलभद्रको खबर यसरी दियो–

'मध्यरातमा म किल्लामा पुगें त्यस बेला कप्तान आगो तापेर बसेका थिए। मैले पत्र उनलाई दिएँ तर उनले पत्र नपढी आगोमा फ्यांकी दिए। जब मैले उत्तरको लागि भनें त उनले रिसाएर भने – यसको उत्तर तपाईलाई तोपको मुख र तीरको भाषाबाट थाहा हुने छ।'

अंग्रेज अफिसरहरू उक्त कुरा सुनेर रिसाए र आक्रमणको तैयारीमा लागे। त्यसै समय लडाईको सामान सहित किल्ला तिर लागे। जब रातीको एक घडी बाँकी थियो उनीहरू किल्लामा पुगेर ७० तोपहरू उपयुक्त ठाउंहरूमा राखेर सूर्य उदाउनु भन्दा अगाडि तोप चलाउन थाले। शत्रुहरूले पनि अर्कोतिरबाट मुकाबिला गरे। दिउँसो सम्म दुवैतिरबाट प्रशस्त मात्रामा तोप बन्दूकहरू चले तर गोलाबारूदहरू केही कम हुन थाले पछि बिलियम फ्रेजरले एकै चोटी शत्रुमा आक्रमण गर्ने विचार गरे। तर कर्नेल पालीले जो एक अनुभवी अफिसर थिए यसलाई युद्ध–विद्याका नियमको विरूद्ध ठानी फौजलाई कैम्पमा फर्काए। त्यसैकारण यस लडाईमा न कोही घाइते भयो न कोही मऱ्यो। कर्नेल पालीले जनरल गिलेप्सीलाई सबै समाचार पठाए। यसै बीच अंग्रेज सरकारका अरू फौज पनि देहरादून आई पुगे र जनरल साहब पनि २९ अक्तूबर १८१४ ई. मा देहरादून पुगी फौजमा सम्मिलित भए। उनले ३० अक्तूबर १८१४ का दिन आक्रमण गर्ने अठोट गरे। जनरल साहब फौज सहित प्रस्थान गरेर उपयुक्त ठाउँमा बसेर किल्लामा गोला बर्साउन लागे। संयोगवश एउटा गोला गोरखालीको गोलाबारूदका भण्डारमा खस्यो जसबाट उनीहरूका ४० सिपाहीहरू घाइते भए र कोही मरे। तर गोरखालीहरूले पनि अर्को तिरबाट डटेर सामना गरिरहे। केही समय सम्म यसरी लडाई भई रह्यो र केही निष्कर्ष आएन। यसकारण जनरल साहबले एक्कासी आक्र-

कैम्प किया। इस लडाई में कोई मजरुह व मक्तूल न हुवा और कर्नेल पाली साहब ने जजल ग्लिप्सी साहबको कुल कैफियत जङ्गकी इत्तलाअ दी। इसी इस्नामें गवर्न मेन्टकी दिगर फौजे भी देराह पहुंच गयी, और जर्नल साहब भी २९ अक्तूबर १८१४ को देराह शामिल लश्कर हुवे। दूसरे रोज यानी ३० अक्तूबर १८१४ इ. को दुश्मन पर हम्ला करनेकी तजवीज की। और जर्नल साहब बमय: लश्कर रवाना हुवे और मौका मुनासिब पर पहुंचकर किला: पर गोले बर्साने शुरु किए। इत्तफाकसे एक गोला दुश्मनके मैगजीन में गिरा, जिससे उनके ४० आदमी मजरुह व मक्तूल हुवे मगर दुश्मनने भी दूसरी तरफसे खूब मुकाबिला किया। जब कुछ अरसा इस तरह से लडते गुजरा और कुछ नतीजा न निकला तो जर्नल साहबने हमला करके किला को लेनेकी तजवीज की। और जर्नल ग्लिप्सी साहब बहादुर मय: अफ्सरान विलियम फ्रेजर साहब कमिश्नर मोर्चासे निकलकर दो कम्पनीया गोरा: फौजको लेकर खुद आगे बढे और जङ्ग करते हुवे किलाके दरवाजा: पर पहुंचे। हमलावरों में से बहुतसे सिपाही व अफसर जख्मी ब मक्तूल हुवे। जिस वक्त दुश्मनने दस्ता फौज अंग्रेजोको इसतरह बढते हुवे देखा तो १२ जवान किला से बाहर निक्ले और खूब बहादुरी से मुकाबिला करने लगे और दाद जवाँमदी देते हुवे काम आए। साहवान अंग्रेजोने किलाके तोड्ने

(पृ. २४७)

में बहुत कोशिश की मगर कोई तदबीर कारगार न हुवी यहां तक के जब मिष्टर विलियम फ्रेजर साहब कमिश्नर बडी दिलेरीसे बजोर बाजू खिडकी किला: के तोडने में मशगूल थे, इनके एक तीर लगा और वह जख्मी हुवे। इस तरह और अफसर भी जख्मी व मकतूल हुवे। लाचार अफसरान व सिपाह इङ्गलिशियाको किला: छोड मोर्चोपर वापस आना पडा। मगर जर्नल ग्लिप्सी साहबको जो के एक नामूद व दिलेर अफसर थे, किला फतह किए किला कब चैन आती थी। चुनाँचे जर्नल साहब मौसूफने फौरन चुस्ती व चालाकीसे दोबारा: मय: फौज गोरा: किलापर हमला किया। हर दो जानिबसे गोला व गोलीयोंका खूब मेंह बरसा और मरते मारते जर्नल साहब किलाके दरवाजा पर जा पहुंचे। करीब थाके दुश्मनका काफिया

मण गरेर किल्ला लिने विचार गरे। जनरल गिलेप्सी अरू अफिसरहरू र कमिश्नर विलियम फ्रेजर मोर्चाबाट निस्केर दुई कम्पनी गोरा फौजहरू लिएर अगाडि बढेर लडदै किल्लाको ढोकासम्म पुगे। आक्रमणकारीहरू मध्येमा धेरै जसो घाइते भए। यिनीहरूलाई किल्ला तिर अगाडि बढेको देख्दा १२ जवान गोरखालीहरू किल्लाबाट बाहिर निस्केर धेरै बहादुरीका साथ सामना गर्न लागे र अन्तमा वीरताका साथ यस जीवनको आहुति दिए। अंग्रेज अफिसरहरूले किल्ला तोड्न धेरै प्रयत्न गरे तर कुनै उपाय कार्यान्वित हुन सकेन। भनाइको तात्पर्य हो जब कमिश्नर विलियम फ्रेजर किल्लाको कुनाको कुचाल वीरतासाथ तोडनमा व्यस्त थिए उनलाई एउटा तीर लाग्यो र उनी घाइते भए। यसै किसिमले अरू अफिसरहरू पनि मरे तथा घाइते भए। अँग्रेज अफिसरहरू र सिपाहीहरू विवश भएर किल्ला छोड्दै मोर्चामा फर्केर आउनु पऱ्यो। तर जनरल गिलेप्सी जो एक प्रख्यात वीर र साहसी अफिसर थिए किल्ला नजितो सन्तोष भएन। अत: जनरल महोदयले तुरन्तै फूर्ति र चतुरताका साथ दोस्रो पटक अंग्रेजी फौजलाई लिएर किल्लामा आक्रमण गरे। दुवै तिरबाट घमासान युद्ध भयो। मर्दै मार्दै जनरल साहब किल्लाको ढोकामा पुगे। गोरखालीहरू अंग्रेजी फौजका अधीनमा हुन केही बेरमात्र थियो तर भाग्यमा विजय लेखिएको थिएन। त्यही बेला दुर्भाग्यवश गिलेप्सी जो सिपाहीहरूलाई अगाडि बढाई रहेका थिए उनको छातीमा एउटा गोली लाग्यो र उनको प्राण पखेरू उडयो। यस युद्धमा अंग्रेजका २० अफिसरहरू र २४० सिपाहीहरू घाइते भए। यसबाट सिपाहीहरूमा हलचल मच्चियो। अन्तमा कर्नेल पालीले त्यस दिन किल्लामा आक्रमण गर्न उपयुक्त नदेखेर फौजसहित कैम्प फर्केर जनरल साहबको लाशलाई मेरठ पठाएर अरू घाइतेहरूलाई अस्पतालमा भर्ना गरे। दुई दिन सम्म त्यहाँ बसी शवहरू गाडने व्यवस्था गरी देहरादून फर्केर युद्धका निमित्त शस्त्रहरू मिलाउनमा व्यस्त भए। दिल्लीबाट किल्ला तोडने ठूलो तोपहरूको माग गरेर एक महीना सम्म धेरै तोपहरूको प्रतीक्षामा देहरादूनमा बसे। यस बीच कप्तान बलभद्रले घमण्ड र अज्ञानवश केही समय सम्म लगातार लडाई आजमाउनुको सट्टा चिट्ठी पत्र गरे तर अंग्रेज अफसर तोपको प्रतीक्षामा बसे। घाइते कमिश्नर विलियम फ्रेजर

तङ्ग होकर किला फौज अंग्रेजीके कब्जा मे आ जाए । मगर चूं के अभी तक वह वक्त नहीं आया था के फतह नसीब हो । शूमिए किस्मत से जर्नल गिलप्सी साहबके जो के आगे बढे हुवे सिपाहको बढा रहे थे, छाती मे गोली लगी और जर्नल साहबकी रूह कफस अन्सरीसे परवाज कर गयी ; इस जङ्गमे २४० आदमी और २० अफसर सिपाह अंग्रेजीके मज्रुह हुवे थे । इस वाक्या जानकाहसे सिपाह-मे तहलका मच गया । बिलाखिर कर्नल पाली साहबने उस रोज किला पर हमला करना मसलेहत न समझा और बमय: फौज वापस कैम्प हुवे और नाश जर्नल साहबकी खाना मेरठ किया और दिगर मजरूहानको खाना शफा-खाना किया गया । दो रोज तक वहां पर कयाम करके मक्तूलोंके दफनका इन्तेजाम करके वापस देराहदून हुवे । और साजोसामान जङ्गकी दुरूस्तीमें मस्रूफ हुवे । नेज देहली से किला: शिकन बडी बडी तोपें तलबकीं और एक माह तक ब इन्तेजार तोप हाए देराहदून में मुकीम रहे । इस अरसा में कप्तान बलभद्र ने गुरूर नादानीसे चन्दबार मुकर्रर जङ्ग आजमाई करने की निस्बत खतो किताबत

(पृ. २४८)

की । मगर अफसरान अंग्रेजी बा इन्तजार तोपहाए खामोश रहे और मिस्टर विलियम फ्रेजर साहब कमिश्नर जो के जख्मी हो गए थे । खूद व दिगर मजरूहों के इलाज मुआलजामें मश्गूल रहे । अलगरज जब के (*eighteen pounder*) किला: शिकन तोपें पहुंच गयी तो कर्नल पाली साहबने दूसरे रास्तेसे जो के किला: की पुश्त की तरफ को जाता था–उस दर्या परसे जो के किला के नीचे था— किला: पर चढाई की । पहले ही हमलामें दुश्मनों के होश परागन्द: हो गए और उनकी फौजके बहुत आदमी जख्मी व मक्तूल हुवे यहां तकके सिपाह अंग्रेजी ने उन मोर्चों पर जो के किला: के बाहर गोरखोंने पत्थरोंसे तैयार किए थे और जिनकी पनाहमें वह मगरूर हुवे बैठे थे– कब्जा कर लिया । मगर मिस्टर विलियम फ्रेजर साहब कमिश्नर जो के इस मारका कारजारमे शामिल थे– मुकर्रर जख्मी हुवे । दूसरे रोज सिपाह अंग्रेजी किलाके तोडने और उसपर कब्जा करने की फिकर मे हुवे और तोपके गोलों की बारिश किला: पर करनी शुरू की और किलेका मुहासरा करके दुश्मनों की रह राह आमद बरामद बन्द

आफ्नो र अरू घाइतेहरूको उपचारमा व्यस्त थिए । अन्त-मा किल्ला तोडने एट्टिन पाउण्टर तोपहरू आईपुगे पछि कर्नल पालीले किल्लाको पछिल्तिरको तलबाट आउने बाटोबाट किल्लामा हमला गरे । पहिलोनै आक्रमणमा गोरखा लीहरू हडबडाए । उनीहरूका फौजका धेरै जसो जवानहरू घाइते भए र केही मरे, यहाँ सम्म भनौं अंग्रेज सिपाही-हरूले गोरखालीहरूले बनाएको ढुङ्गाको किल्ला समेतलाई कब्जा गरे । यो किल्ला धेरै बलियो छ भन्ने कुरामा गोरखालीहरूलाई गर्व थियो । तर कमिश्नर विलियम फ्रेजर जो युद्धको मैदानमा उपस्थित थिए साह्रै घाइते भए । भोलि पल्ट अंग्रेज सिपाही किल्ला तोडन र त्यसमा कब्जा गर्ने चिन्तामा लागे । उनीहरूले किल्लामा तोपको बर्षा गरेर किल्लाको नाकाबन्दी गरी गोरखाहरूको आउने जाने बाटो बन्द गरि दिए । किल्ला पछाडि एउटा पानीको पनेरो थियो, जसको पानी किल्ला मा बस्ने गोरखालीहरू उपयोग गर्दथे । त्यो पनि अंग्रेज फौजले आफ्नो कब्जामा लियो । ३ दिन सम्म यही अवस्था रह्यो । यसरी तीन दिन सम्म गोरखालीहरूले धेरै नै कष्ट सहनु पर्‍यो । तर यति कष्ट उठाएता पनि कप्तान बलभद्रले आफ्नो हिम्मत छोडेनन् र किल्लामा जमेको जमेकै रहे । चौथो दिन ३ माइल टाढामा रहेको एउटा अर्को पहाडबाट जङ्गी पोशाक लगाएका गोरखाली सिपाहीहरूको एक दल किल्ला तिर आएको देखा पर्‍यो । विचार गर्दा तिनीहरूलाई सरमौरको पहाडबाट काजी रणजोरले कप्तान बलभद्रको सहायतार्थ पठाएको भन्ने कुरा थाहा भयो र साथै यिनीहरूको इच्छा किल्लामा पुग्ने थियो । यसमा अंग्रेज अफीसरले यस दललाई रोक्ने र किल्लाको नाकाबन्दी जारीनै राख्ने विचार गरे । उनीहरू-ले दुई दुई सय जवान हरेक बटालियनबाट छानेर एक्कासी किल्लामा आक्रमण गर्ने आदेश दिए । अत: फेरी ठूलो तत्परताका साथ किल्लालाई धेरे र गोलीहरूको बर्षा पहिले जस्तै जारी राखे । किल्ला बासीहरू दिन रातको नाकाबन्दी ले गर्दा दानापानीको अभावमा साह्रै दिक्क भए । उनीहरूले किल्ला खाली गर्ने बाहेक अरू केही उपाय देखेनन् । यसकारण जब एक प्रहर रात बाँकी थियो साथीहरू सहित बलभद्र किल्लाबाट बाहिर निस्के र चिच्याएर भने–

तिमीहरूको कारवाईले होइन हामी स्वेच्छाले किल्ला

कर दी, यहां तक के एक चश्मा: पानी जो के अकब किला: में था और जिससे किलावाले पानी लाकर इस्तेमाल करते थे उसपर सिपाह अंग्रेजोने मोर्चा बन्दी करके पानी किला में जाना बन्द कर दिया। गर्ज के तीन रोजतक यह हालत रही के जिससे दुश्मन बहुत तङ्ग हो गए। मगर बाबजूद एसी तकलीफ के भी कप्तान बलभद्रने हिम्मत न हारी और किला मे जमा रहा। चौथे रोज उस ऊंचे पहाड परके जो किलासे ३ मील के फास्ला पर था, एक जमा'-अत सिपाहियान गोरखा बर्दी वगैर: से आरास्ता ब जानिब किला: आते हुवे नजर आए। तहकीक से मा'लूम हुवा के वह कोह सरमौर से काजी रणजोरने बगरज इम्दाद

(पृष्ठ– २४९)

कप्तान बलभद्र भेजे थे और किला: मे पहुंचनेका इरादा रखते हैं। इस पर अफसरान अंग्रेजीने जमा'अत मजकूर को रोकने और किला: का मुहासरा मुत्वातर जारी रखने की तजवीज करके हुक्म दिया के दो दो सौ जवान हर एक बटालियन से मुखातिब होकर यक बारगी किला: पर हमला करें। चुनान्चे फिर बढी सरगर्मीसे किला: का मुहासराह किया गया और गोलोंकी बौछार मुत्वातर जारी रखी गयी। अलगर्ज जब के किला वाले मुहासराह शबो रोज व अत्वो खुरिश से बहुत तङ्ग होगए तो उन्हों ने सिवाए किला: खाली करनेके कोई चारह न देखा और कप्तान बलभद्र ब वक्त शब के एक पहर बाकी थी बमय: हमराहीयान किला: से बाहर निकला और बा आवाज बुलन्द पुकारकर कहा के किल्लाको हम अज खुद छोडते हैं न के तुम्हारे जोरो कुव्वत से। अगर किसी को बहादुरी व जवांमर्दीका दा'वा हो तो वह सामने आकर मुकाबिला करे। इसी तरह लाफजनी करते हुवे दुश्मन पहाड से नीचे उतरकर दर्या पर पहुंचे और वहां पानी पीकर दूसरे पहाड पर जो के किला वाले पहाडके महाज में था, चढ गए। सिपाह अंग्रेजी ने उनकी मुजाहमत न की और न इस वक्त उनका पीछा करना मस्लेहत समझा। सिपाह गोरखान बवजाह मुहासराह एक हप्तासे नहीं सोए थे और बेख्वाबीसे ऐसे बेताब हो रहेथे के पहाड पर पहुंचते ही जुमला मदमाने लश्कर ऐसे गाफिल होकर सोए के पहराह बगैरह लगाना कुल भूल गए, और मुखबिरने दुश्मन की उस हालत की खबर फौज अंग्रेजी में की जिस

छाडदै छौं। यदि कसैमा वीरता र पौरूषत्वको घमण्ड छ भने हाम्रो समक्ष आएर सामना गर।"

एवं प्रकारले बक बक गर्दै गोरखालीहरू पहाडबाट तल ओर्लेर नदीमा पुगे। पानी खाई सकेपछि अर्को पहाडमा चढे। त्यसमा अंग्रेज सिपाहीहरूले उनीहरूको कुनै हस्तक्षेप गरेनन् र उनीहरूको चियो गर्न पनि आवश्यक सम्झेनन्। नाकाबन्दीले गर्दा गोरखाली सिपाहीहरू एक हप्तासम्मको अनिदो थिए जसले गर्दा पहाडमा पुगे चित्तिकै उनीहरूलाई निन्द्राले सतायो र सुते। त्यस समय उनीहरूले पहरा दिने काम पनि बिर्से। अंग्रेज गुप्तचरले गोरखालीहरूको यो समाचार अंग्रेजी फौजमा पुऱ्यायो जसबाट अंग्रेजी फौजले तुरन्तै आक्रमण गऱ्यो। गोरखालीहरूलाई यसको कुनै पत्तो थिएन। साराँशमा धेरै गोरखालीहरू घाइते भए, मरे र केही बाँकी बचेको भागेर गए। कप्तान बलभद्र आफनो भूलमा लज्जित भएर भागे। यस किसिमले अंग्रेज फौजलाई विजय प्राप्त भयो र किल्लामा उनीहरूको अधिकार भयो। कर्नेल कारिन्डा र मेजर बाल्टिक सिपाहीं सहित रक्षाको व्यवस्था मिलाई काल्सी छोडेर गए। बांकी अंग्रेजी फौज काजी रणजोरलाई सरमौरबाट हटाउन एक दिसेम्बर १८१४ इ. का दिन दिउँसो हिंड्यो। त्यहाँ जानु भन्दा पहिले एउटा इश्तीहार छापे जसमा यो कुरा लेखिएको थियो– 'अंग्रेजी सरकारले केवल जनतालाई गोरखालीहरूको अत्याचारको पञ्जामा परेको जनतालाई बचाउन र दुश्मनलाई सजाय दिनमात्र यो फौज राखिएको हो। यस कारण गोरखालीहरूलाई हटाउन सबैले सहयोग गर्नु पर्छ र शत्रुहरूको हानिनै आफनो भलो हो।

यो इश्तीहार जारी भए पछि जहाँ जहाँबाट यो फौज गयो त्यहाँका जागीरदारहरू र धनीवर्गहरूले स्वेच्छाले सरकारको यस कार्यलाई स्वीकार गरी मद्दत गर्न उपस्थित भए। अंग्रेज फौजका लश्कर जमुना पार गरेर चल्काना हुदै नाहनको काखमा पुगे। नाहनको सदर मुकाम भन्दा ११ माइल वर चूडापानी भन्ने ठाउमा यिनीहरूको थर्पु बस्यो। यहींबाट गोरखालीहरूको गतिविधि पत्ता लगाउने विचार उनीहरूले गरे। त्यही ठाउँमा जर्नेल मारटण्डल जो जर्नेल गिलेप्सीको ठाउँमा नियुक्त भएका थिए फौजमा सम्मिलित भए। काजी रणजोरले अंग्रेज फौजको आगमन सुनेर सिपाहीं सहित किल्ला जैतकमा जो नाहनबाट चार

पर फौज अंग्रेजी ने फौरन ही हमला किया और उनको बेखबरी की हालतमें दफ'अतन जा दबाया और तेह–तीग किया। गर्जे के दुश्मन के बहुत आदमी मजरूह व मक्तूल हुवे बाकी मान्दाह भाग गए। कप्तान बलभद्र अपनी गलती पर पशेमान होता हुवा रूबा ए –फरार लाया और इस तरहसे फतह अंग्रेजी लश्करको नसीब हुवी और किला: पर फौज अंग्रेजीका कब्जा हो गया और कर्नेल कारेण्डा और मेजर बाल्टिक साहब मय': सिपाह बराए मुहाफजत व इन्तेजाम इलाका ब मुकासम काल्सी

(पृ. २५०)

छोड गए और बाकी फौज बराए तसखीर कोह सरमौर कोखारिज करने काजी रणजोर यकम दिसम्बर १८१४ इ. को रवाना हुवी और कबल रवानगी एक इश्तेहार इस मजमूनका अफसरान अंग्रेजी ने इस हावनु में जारी किया के सरकार अंग्रेजीने महज रेआया की बहबूदी व रईसान कदीमको गोरखानके पजाए–जुल्म से निजात दिलानेकी गर्जसे और उस बद बख्त कौमको के जिसके जुल्मसे सब लोग नालां हैं सजा देने व खारिज करने के लिए यह फौज कशी की है। लहजा सबको मुनासिब है के उस कोमको दफआ करने में कोशिश करें और गवर्नमेन्ट अंग्रेजीको इम्दाद दें और दुश्मनकी बरबादी में अपनी आबादी तसव्वुर करें अलगरज इस इस्तेहारके जारी होनेसे रईसान व जमीन्दारान उस नुवाह के जहाँ से के यह लश्कर होकर गुजरा ब खुशी तमाम गवर्नमेन्टकी अता'अत कबूल करके इम्दाद करने के लिए हाजिर हुवे और लश्कर अंग्रेजी दरिया ए जमनाको मौज चलकाना के मुत्तसिल उबूर करके मंजिले तय करता हुवा दामन कोह नाहन में पहुंचा और बमुकाम 'चूडा पानी' मुत्तसिल काला आम जो के नाहन से ११ मील के फासला पर है खीमाजन हुवा और बगरज दर्याफ्त हालात दुश्मन उस जगह पर कुछ रोज मुकीम रहा। उसी मुकाम पर जर्नल मारटण्डल साहब जो के गिलप्सी की जगह मुकर्रर हुवे थे शमिल–लश्कर हुवे और काजी रणजोर लश्कर अंग्रेजी की आमद सूनकर नाहनको छोड मय: सिपाह किला: जैतक में जोके नाहन से ४ मीलके फासला पर बजानिब शुमाल बाकय' है, चला गया और किला: मजकूरको सामान जङ्ग वगैरह से मुस्तहकम करके जागजीं हुआ। अफसरान अंग्रेजीको जब यह खबर

माइल टाढा दक्षिण स्थित छ गए। किल्लामा लडाईंको शस्त्रास्त्र र अरू चीजहरू जम्मा गरी बसे।

अंग्रेज अफिसरले यो खबर पाएपछि फौज माथि दुवै तिरबाट एक्कासी हमला गर्ने विचार गरे। यसपछि रातारात प्रस्थान गरेर उपयुक्त ठाउँमा पुगे। सत्ताइस (२७) दिनको रातमा अंग्रेज फौजको एक टुकडी त्यस मोर्चामा पुग्यो। यो किल्ला गोरखालीहरूले तयार गरेका थिए। त्यहाँबाट उनीहरूले गोला बर्साउन शुरू गरे। गोरखालीहरूले पनि त्यसको उत्तरमा गोला बर्साए। केही बेर सम्म दुई तरफबाट तीरहरू र गोलीहरूको वर्षा भयो। अन्तमा अंग्रेजी फौजले एक्कासी आक्रमण गरेर मोर्चाको नजीक पुगे। गोरखालीहरूले पनि बन्दूक पडकाँउदै पछि हटदै मोर्चा खाली गरी दिए। यसरी गोरखालीहरूलाई पछि हटेको देख्दा अंग्रेजहरूले शत्रु पक्षको जरो खलबलिएको अनुमान गरे।

तर शत्रुहरूको वास्तविक कुरा के थियो कसैले पनि अनुमान गर्न सकेन। अंग्रेज अफिसरहरू र सिपाहींहरू जुन समय पहाडको उकालो चढीरहेका थिए। त्यस समय उनीहरूको सास फुलेर आइरहेको थियो। यस स्थितिमा उनीहरू संग न लडाई गर्न सक्ने न फर्केर जाने शक्ति थियो। यस्तै मौका पारेर गोरखालीहरूले अंग्रेज फौज माथि एक्कासी फर्केर तरवार र बन्दूकले आक्रमण गरे। रातीको अनिंदो र पहाडको चढाईले गर्दा अंग्रेज फौज अत्यन्त थाकेका थिए, जस्ले गर्दा उनीहरूमा हाहाकार मच्चियो र भागे। उनीहरू भागाभाग गर्दा गोरखालीहरूले खनेका खाडलमा परेर केही मरे, केही गोरखालीहरूकै हातबाट घायल भए, केही भीरबाट खसेर मरे र केही ज्यान जोगाएर जतासुकै भागे। साराँशमा भन्ने हो भने अंग्रेज यति अस्त. व्यस्त भयो कि एकलाई अर्कोको थाहा भएन। दुई तिन दिन पछि अफिसरहरू र सिपाहींहरू एक ठाउँमा जम्मा हुन सफल भए। अर्को तिरबाट किल्लामा आइरहेको अर्को अंग्रेज फौजको दललाई पनि गोरखालीहरूले खदेडे। यो दल पनि जो संख्यामा कम थिए। गोरखालीको सामना गर्न नसकी कैम्प फर्केर गए। यस लडाईंमा धेरै अफिसरहरू र सिपाहींहरू घाइते भए र मरे। मर्नेहरूका शवहरू कुनै त त्यही ठाउँमा र अफिसरहरूका लाशहरू नाहन शहरमा ल्याएर एउटा पक्की पोखरी नजीकै दफ-

पहुंची तो उन्होंने गोरखों पर बहालत बेखबरी दो तरफ-से हमला करनेकी तजबीज की और रातोरात कूच करके मुकाम मकसूद पर जा पहुंचे और २७ दिसम्बर की शबको एक हिस्सा सिपाह अंग्रेजी उस मोर्चा

(पृ. २५१)

पर पहुंचा जो गोरखों ने किला: मुहाजमें तैयार किया था, और गोला: बारी शुरू' की। गोरखोंने भी उस तरफसे गोली बर्सानी शुरू' की। कुछ देर तक दोनो तरफसे तीरों और गोलीयोंकी बारिश होती रही। बिलाखिर अंग्रेजी फौजने यकबारगी धावा किया और मौर्चोंके करीब जा पहुंचे और गोरखोंने करीबसे बन्दूकें मारते हुवे पीछे हटना शुरू' किया और मोर्चा: खाली कर दिया, जबके अफसरान अंग्रेजी मय': सिपाह बवक्त कमाल पहाड पर चढे और दुश्मनको इस तरह पीछे हटते हुवे देखा तो उन्होनें गुमान किया के दुश्मनके पैर उखड गए हैं। लेकिन दुश्मन के फरेबका किसीको खयाल तक नहीं आया। जिस वक्त गोरखोंने देखा के सिपाह अंग्रेजी मय': अफसरान पहाड पर चढ आए हैं और बवजह चढाई पहाड सबके दम फूले हुवे हैं। इस हालतमे न तो मुकाबिला की ताब रखते हैं और न वापसी की ताकत है तो दफअतन पलटकर सिपाह अंग्रेजी पर हमलाआवर हुवे और तलवार बन्दूकसे काम लेने लगे जिससे अंग्रेजी फौज में जोके रातकी नींद और पहाडकी चढाईसे बेताब हो रहेथे तहलका मच गया और वह मुकाबिला की ताब न लाकर हवास बाखता होकर पीछे हटे और पहाडकी घाटीयों और उन खन्दकोंमें जो के गोरखों नें पोशीदाह बना रखेथे– गिरकर बहुतसे तो जाँ बहक तसलीम हुवे और बहुतसे दुश्मनके हात से मजरूहो मकतूल हुवे। इस तरहसे कोइ किसी तरफको और कोइ किसी तरफको भागा। गर्जके फौजमे ऐसी अबतरी हुवी के एकको एकका पता न रहा और दो तीन रोजके बा'द अफसरान व सिपाही एक जगह पर लश्करमें आकर शामिल हुवे। दूसरी जमा'अत फौज अंग्रेजी पर भी जो के दूसरी तरफसे किला: पर आ रही थी गोरखों नें हमला किया वह जमा'अत भी जो के तादाद मे कम थी गोरखोंका मुकाबिला करती

नाए। युद्ध पछि पक्की चिहानहरू र एउटा पक्की स्मारक-स्तम्भ शवहरूको संझनामा बनाइयो। यो अहिले सम्म पनि त्यहाँ कायम छ। यसमा अंग्रेजी भाषामा निम्न कुराहरू कुँदिएको पाइन्छ– चार अफिसरहरूमा लेफ्टिनन्ट मिन्ट, लेफ्टिनेन्ट थेक्रे, विलसन र लेफ्टिनेन्ट इन सायिन स्टाल केरटका चिहानहरू यस ठाउँमा बचेका अफिसरहरूले बनाएर राखिदिए। चिहानको मूल अभिलेख त्यहाँबाट कुनै कारणवश हराएको हुँदा कुनै अंग्रेज बन्धुले पुनः बनाइ दियो जो आज पनि छदैछ।

जसको अनुबाद यो हो:–

पवित्र (स्मृति)

कम्पनी कमाण्डिङ्ग अफिसर लेफ्टिनेन्ट थाकरो तथा उनका ५७ जवानहरू, काजी रणजोर थापाको नेतृत्वमा सञ्चालित गोरखादलका जवानहरू द्वारा मारिए तथा घायल पारिए पछि जैट्रिकबाट नाहनमा तल ओलिएका मेजर डब्लू. एम. रिचार्डका सैनिक टुकडी बारे सूचना दिने सिलसिलामा लाइट कम्पनी रेजीमेण्टका २६ सौं रेजीमेन्ट, एन. आई. दोस्रो बटालियन, जसको मृत्यु २२ बर्षको उमेरमा २७ दिसेम्बर १८१४ मा भएको थियो।

तिनका र तिनकै तीनजना साथीहरू (लेफ्टीनेन्ट नम्ब, थाकरी तथा एनसिन स्टाल्कृत) का शारीरिक अवशेषहरू यसै स्थलमा गाडिएका थिए र उनका स्मृतिमा बाँकी रहेका लाइट बटालियनका अफिसरहरूले यो चिहान बनाएका थिए।

मूल शिलापत्र हराएकोले यो शिलापत्र २५ वर्ष पछि एउटा स्नेही भाई द्वारा पुनः राखिएको हो।

यस लडाई पछि अंग्रेजी फौज चूडापानीबाट आएर नाहनमा बसे। नाहनबाट चार माइल टाढा दक्षिण तिर रहेको नाउनी पहाडमा र जैतक पहाडमा फौज पठाइयो। त्यहाँ मोर्चाबन्दी गरियो र दाना पानीहरू पनि किल्लामा जान दिइएन। उचित ठाउँहरूमा पहरा पनि राखियो। तर यसै समय गुप्तचरले सूचना दियो– अरकी ठाउँमा बसेका अमरसिंह थापाले अजमेर पन्थसहित पाँचसय हथियारबन्द गोरखालीहरू काजी रणजोरको मद्दतका लागि पठाएका छन् र तिनीहरू जैतक किल्लामा पुग्ने इच्छा राख्दछन्। जर्नेल साहबले यो खबर पाए पछि गोरखा

(पृ. २५२)

हुवी वापस कैम्प हुवी। इस लडाईं में बहुत अफ्सरान व सिपाही मजरूही मकतूल हुवे मकतूलीन की ना'शे कुछ तो इसी जगह पर और अफसरान की ना'शें शहर नाहनमें लाकर पुख्ता: तालाबके करीन मदफून की गयी और बा'द जङ्ग कबेर और एक मीनार पुख्ता: बः यादगार मकतूलीन ता'मीर किया गया, जो के अब तक वहां मौजूद है– जिसपर इ'बारत जेल बहरूफ अंग्रेजी कुन्दाह है। चार अफसरान या'नी लेफ्टीनन्ट मिन्ट साहब व लिफ्टीनन्ट थेकरे साहब विल्सन साहब व लेफ्टिनन्ट अनसायिन केरट साहब की कबरें इस जगह पर उन अफ्सरान ने जो बचे थे ता'मीर करायीं थीं। असल पत्थर कबर किसी वजह से जाता रहा था, फिर २५ साल बा'द एक प्यारे भाई ने पत्थर मौजूदह लगाया है।

Sacred

To the memory of William M.C. Murdo Wilson, Ensign, 2nd Battalion, 26th Regiment, N.I, killed on the 27th December 1814, aged 22 years, with the Light Company of his Regiment which, conveying the retreat of Major W. M. Richard's column on the height of Jaittik near Nahan, when the officer commanding the Company, Lieutenant Thackery, and 57 men were killed and wounded by a strong and overpowering column of Gurkhas led by Cazee Ranjor Thapa.

The Remains of the deceased with three other officers (Lieutenant Numb, Thackery and Ensign Stalkrit) were buried at this spot, and this tomb erected by the surviving officers of the Light Battalion to this memory.

This slab was placed by an affectionate

लीहरूलाई कप्तान यङ्ग साहबलाई आठ हजार नयाँ भारतीय सिपाहीं दिएर पठाए। सिपाहीं सहित कप्तान महोदय सांझ सम्म चिनार गढीको नजीक पुगे। तर कप्तान साहब त्यहाँ पुग्नु भन्दा अघिनै सेसरामको एउटा पहाडी सरदारले अंग्रेजी सरकारको आदेश बमोजिम एक हजार मानिसहरूको समूह सहित गोरखालीहरूलाई रोक्न त्यहाँ पुगी सकेका थिए र उनीहरूलाई चिनार गढीमा तैनात गरेर राखेका थिए। कप्तान साहब पनि फौज सहित त्यहाँ पुगेर शत्रुहरूलाई घेरे। भोली पल्ट शत्रुहरू माथि आक्रमण गरेर उनीहरूले थाहै नपाई आफ्नो वशमा पारे। तर साहसी र अनुभवी अफिसर अजमेर पन्थले थाहा पाएर मुकाबिलाको लागि निस्केर लडाईं गर्न शुरू गरे। तै पनि नव-नियुक्त अंग्रेजका सिपाहींहरूमा गोरखालीहरू संग सामना गर्ने हिम्मत भएन र साहस छोडे। कप्तान साहबले घेरै भरोसा दिए र हरेक तरफबाट प्रयत्न गरे तर ती मूर्खहरूमा त्यसको कुनै प्रभाव परेन र बेखबर भएर भागे। धेरै जसो गोरखालीले मारे र धेरै जना बाटो थाहा नपाई नष्ट भए। कप्तान साहब विवश भई फर्केर काजी अजमेर पन्थसित खुलेआम जैतकको किल्लामा बसेर घेरने काम छोडेनन्। जब गोरखालीहरूलाई राशन पानीको अभाव भयो धेरै जसो भोकले मरे। त्यस अवस्थामा तिनीहरू धेरै जसो एउटै हूलमा किल्लाबाट बाहिर निस्केर उनीहरूबाट अलग भए। त्यसबाट केही फुटेर अंग्रेजी सरकारको नोकरीमा लागे। यस प्रकार एउटा पल्टन अन्फेन्ट्री गोरखा फौज नाहनमा भर्ती भयो जसको नाम आजसम्म सरमौर बटालियनको नामले प्रख्यात छ। यस्तो स्थितिमा पुगे पछि काजी रणजोरले रामगढमा अक्टरलोनी संग लडाई गरिरहेका गोरखालीका उच्च अफिसर अमरसिंहलाई सूचना दिए। जर्नेल अक्टरलोनी साहब लुधियानाबाट हिण्डोरको राज्य नालागढीमा पुगे र ३० घण्टाको गोलाबारी पछि शत्रुलाई किल्लाबाट हटाएर किल्ला आफ्नो हातमा पारे र अंग्रेजी फौज नालागढीबाट रामगढ तिर लागे।

गोरखालीहरूले पनि रामगढमा सामना गर्ने तैयारी गरे। तर अंग्रेजी फौजले हमला गर्नु सट्टा किल्ला मलून तिर प्रस्थान गरे जो एउटा घेरै बलियो किल्लाथियो त्यस ठाउँमा आक्रमण गरे। गोरखालीले यसको सूचना

brother after a lapse of 25 years, the original having been lost.

(पृ. २५३)

जिसका तर्जुमा: यह है यह मजार बयादगार डब्ल्यू-एम-एम सी मारडो विल्सन् साहब जो दूसरी बटालियन २६ रिजमेन्ट नीठू इन्फेंजीका इनसायीन था बाउमर २२ साल १७ दिसम्बर १८१४ इ. को अपनी रिजमेन्ट की लाइट कम्पनी के साथ मेजर विलियम रिचर्डकी फौजकी कुमकमें जैतककी चोटी पर जो नाहन के मुत्तसिल है जाता हुवा मारा गया था। जब इस कम्पनीका कमाण्डिङ्ग अफिसर लिपनन्ट थेग्रेर बम'य: २७ आदमीयोंके गोरखोंकी कवी और गालिब फौजका जो के ब: सर्बराही काजी रणजोर थी मुकाबिला करते हुवे मारा गया था। मुत्तेफीनकी ना'शें म'य: उनके तीन दिगर अफसरो या'नी लेफ्टीनन्ट मीन्ट, लेफ्टीनन्ट थेगरे लेफ्टीनन्ट, अनसायीन स्टालग्रिट इसी जगह पर दफन किए गए, और यह कबर बचे हुवे अफ्सरान लाइट बटालियन ने उनकी यादगारमें बनाई थी। यह तख्ती एक प्यारे भाई ने मुद्दत २५ साल के लगाई थी क्योंकि असली खोई गयी थी।

इस लडाईके बाद फौज अंग्रेजी मुकाम चूडा पानीसे आकर नाहनमे मुकीम हुवी और कोह नाउनी पर जो के नाहनसे ४ मील के फासलह पर बजानि ब शुमाल और कोह जैतक के मड़ाज में है फौज भेजी गयी- वहां पर मोर्चा: बन्दी की गयी और किला:का मुहासरह निहायत सरगर्मीसे किया गया और हर तरफसे आम्दोरफ्त किला: बन्द की गयी व रसद वगैरह भी किला:मे जाने से रोकी गयी और मुकामाल मुनासिब पर पहरह पैकट वगैरह कायम किए गए। मगर इसी अस्नामें मुखबिरने खबर दी के काजी अजमेर पन्थको म'य: पांचसौ मुसल्लह गोरखान अमरसिंह थापाने जो के मुकाम अरकी में मुकीम था काजी रणजोरकी मदद के लिए भेजा है और वह किला: जैतकमे पहुंचनेका कसद रखता है। जब जर्नेल साहबको यह खबर पाए पछि किल्ला मलून तिर लागे। तर जर्नेन अक्टरलोनीले गोरखालीहरूको सँख्या रामगढमा कम देखे पछि तुरून्तैनै हमला गरेर सजीलै संग फरवरी महिना १८१५ मा रामगढमा अधिकार जमाए र गोरखालीहरू आश्चर्य चकित भए। फेरी गोरखालीहरूले सूरजगढको दुई हजार फिट अग्लो पहाड र किल्ला मलूनमा मोर्चाबन्दी गरे। यसकारण जर्नल साहबले १४ अप्रैल १८१५ इ. मा एउटा फौजको दल कर्नल टाम्सन र मेजर अनीसको नेतृत्वमा सूरजगढमा पठाए र मलूनमा कप्तान सादरसलाई आक्रमण गर्नको लागि आफ्नो फौज समेत पठाए। गोरखालीहरूले पनि उताबाट सामना गरे। कर्नल टाम्सन विजयी भए। तर मेजर एल्सन यस युद्धमा मारिए। अर्को दिन काजी अमर्सिंहले आफ्नो प्रख्यात र वीर जर्नेल भक्ती सिंहलाइ अंग्रेजी फौजको मुकाविलाको लागि पठाए र घमासानको युद्ध भयो। युद्ध पछि अंग्रेजी सिपाहीहरूको विजय भयो र जर्नेल भक्ती सिंह यस लडाईमा मारिए। यसै किसिमले सूरजगढको मोर्चा पनि अङ्ग्रेजको हातमा आयो र काजी अमर्सिंह किल्ला मलूनमा गए। अमर्सिंहले सामना गर्ने शक्ति न देखे पछि सन्धिको समाचार जर्नेल अक्टरलोनी कहां पठाए र जर्नेल साहबले यस सन्देशलाई स्वीकृत गरे। सन्धिका अनुसार गोरखालीहरूनै सबै इलाकाहरू जो कालो नदीको पश्चिममा उनीहरूले दबाएका थिए छोड्नु पर्‍यो। यसमा गोरखालीहरूलाई जर्नेल साहबले मालसामान सहित नेपाल जान स्वीकृति दिए र काजी अमर्सिंहले काजी रणजोरलाई पनि जो किल्ला जैतकमा बसेका थिए किल्लालाई खाली गर्न लेखेर पठाए। अत: काजी रणजोरले जर्नेल मारटण्डल संग भेटे र किल्ला जैतकलाई खाली गरिदिए र स्वयं साथीहरू सहित अमर्सिंहका साथ सम्मिलित भए। अंग्रेजी सेना रामगढ भएर नाहनमै केही दिन बसेर आवश्यक व्यवस्था मिलाएर १८१५ इ. को अगस्त महिनामा नाहनबाट फर्के। १८१५ इ. मा जर्नेल अक्टरलोनी पटनाबाट काठमाडौं नेपालमा हमला गरे जसमा नेपाल दरबार सन्धि गर्न विवश भयो। अन्तमा १८१५ इ. मा सुगौली भन्ने ठाउँमा नेपाल दरबार र बृटिश सरकार बीच सन्धिपत्र भयो र गोरखाली युद्धको यस प्रकारले अन्त भयो।

लिप्यन्तर तथा अनुवादिका –सुश्री रेहानाबानु सैयद

पहुंची तो उन्होंने कप्तान यङ्ग साहबको ८ हजार नव मुलाजिम सिपाह हिन्दुस्तानी देकर दुश्मनके रोकने के

(पृष्ठ– २५४)

लिए रवाना किया, और कप्तान साहब मौसूफ बमय: सिपाह शाम तक चिनार गढके करीब पहुंचे । मगर कप्तान साहब के वहां पहुंचनेसे पेश्तर मोसम्मा सेसराम नामी एक पहाडी सरदारने जो बहुक्म गवर्नमेन्ट अंग्रेजी एक हजार आदमीयों की जमीअतके साथ दुश्मन के रोकने के लिए तइनात हुवा था वहां पहुंच गया था और उनको मौजा' चिनार गढ में महसूर कर रखाथा । कप्तान साहब भी बमय: फौज वहां पहुंच गए और दुश्मनका मुहासरह कर लिया । और दूसरे रोज दुश्मन पर हमला कर दिया और उनको बेखबरी में जा दबाया मगर जब काजी अजमेर पन्थको जो के दिलावर व तजरूबाकार अफसर था खबर हुवी तो वह भी मुकाबला के लिए निकला और लडाई शुरू हुवी । लेकिन नव मुलाजिम सिपाहीयान अंग्रेजी दुश्मन के मुकाबला की ताब न ला सके और दिल छोड दिए । कप्तान साहबने बहुत कुछ दिलासा दिया और हर चन्द सइ मारा । मगर यह जाहिल कब सुनते थे, बदहवास होकर रूबा–ए–फरार लाए बहुतसे इनमें से दुश्मन ने मारे और बहुतसे बवजह नावा कृफियत रास्ता: वगैरह गारत व तबाह हुवे । कप्तान साहब लाचारो मायूस होकर वापस हुवे और काजी अजमेर पन्थ डंके की चोट जैतकका मुहासरा जारी रखा और जब गोरखे रोटी पानीसे बहुत तङ्ग हुवे तो बहुतसी जमाअत उनकी किला: से बाहर होकर इनसे अलैहदह हो गयी । अक्सर गोरखोंने मुलाजमव सरकार अंग्रेजी इख्तेयार की । चुनान्चे एक पल्टन अन्फेन्टरी गोरखान नाहनमें भर्ती हुवी जिस्का नाम आज तक सरमौर बटालियन मशहूर है, बहुत से बवजह भूक हलाक हुवे । जब यह नौबत पहुंची तो काजी रणजोरने अमरसिंह को जो आ'ला अफसर गोरखोंका था

(पृ. २५५)

और जो जर्नल अक्टरलोनीसे रामगढमे लड रहाथा– खबर दी । जर्नल अक्टरलोनी साहब लुधियाना से रियासत हिन्डोर के दारूल खेलाफा: नालागढमे पहुंचे और बा'द गोलाबारी ३० घण्टा किला:से दुश्मनोंको खारिज करके किला: पर कब्जा कर लिया और फिर फौज अंग्रेजी नालागढसे बजानिब रामगढ रवाना हुवी । गोरखोंने भी रामगढमे मुकाबिला करनेकी तैयारी की । मगर फौज अंग्रेजीने बजाय करने हमला रामगढ किला: मलूनकी तरफ जो के एक बडा मजबूत किला इस नवाह में था हमला किया । जब गोरखों को यह खबर मिली तो वह किला: मलून की तरफ रवाना हुवे । मगर जर्नल अक्टरलोनी साहबने गोरखोंकी जमी'यत रामगढमें कम देखी तो फोरन हमला करके ब: आसानी बमाह फरबरी १८१५ इ. रामगढ पर कबजा कर लिया और गोरखान हैरान रह गए । फिर गोरखोंने सूरजगढ जो के दो हजार फिट बुलन्द है, और पहाड पर जो किला: मलून पर मोर्चा: बन्दी की इसलिए जर्नल साहबने १४ अप्रैल १८१५ इ. को एक दस्ता: फौज ब: सरकर्दगी कर्नल टाम्सन साहब व मेजर अनीस साहब सूरजगढ पर रवाना किया और मलून पर कप्तान सादरस साहबको हमला करने के लिए बमय': फौज रवाना किया । गोरखोंने भी उस तरफसे मुकाबला किया । कर्नल टाम्सन साहबकी फतह हुवी । लेकिन मेजर एल्सन साहब इस मा'रका: मे मारे गए । दूसरे रोज काजी अमरसिंहने अपने मशहूर और बहादूर जर्नल भग्ती सिंह को ब: सरकर्दकी फौज अंग्रेजी लश्करके मुकाबला के लिए भेजा और खूब मा'रका: का जङ्ग हुवा बाद जङ्ग अजीम सिपाह अंग्रेजीको फतह हुवी और जर्नल भग्ती सिंह इस मा'रका: में मकतूल हुवा । इसी तरहसे मोर्चा: सूरजगढ अंग्रेजोंके हाथ आया, और काजी अमरसिंह किला: मलून में चला गया । जब अमरसिंह ने मुकाबला की ताकत न देखी तो सुलहका पैगाम जर्नल अक्टरलोनी के पास भेजा और जर्नल साहबने

(पृ. २५६)

सुलह मन्जूर कर ली और शरायत सुलह यह करार पाई के गोरखालोग कुल इलाका: को जो काली नदीके मगरिबा में उन्होंने दबा लिया है छोडदें गोरखोंको इसपर मय': सामान वगैरह नेपालको वापस जानेकी

इजाजत जर्नल साहबने दे दी, और काजी अमरसिंहने काजी रणजोरको भी जो के किलाः जैतकमें मुकीम था– तहरीर कर दिया के किलाः को खाली कर दो चुनान्चे काजी रणजोरने जर्नल मारतण्डल साहबसे मुलाकात की और किला जैतकको खाली कर दिया और खुद बमय': हमराहीयान अमरसिंहसे साथ जा मिला और लश्कर अंग्रेजी रामगढ होता हुआ नाहनमें मुकीम रहकर और इन्तेजाम जरूरी कराके बमाह अगस्त १८१५ इ. नाहनसे वापस हुवा और १८१५ इ. मे जर्नल अक्टरलोनी साहब ने पाटन से कठमन्डू व नैपाल पर यूरिश की, जिसपर दर्बार नैपाल सुलह करने पर मजबूर हुआ और आखिरकार १८१५ इ. में बमुकाम सागोली माबीन दरबार नेपाल व बृटिश गवर्नमेन्ट अहदनामाः हो गया और जङ्ग गोरखानका इस तरहसे खात्मा हुवा ।

पनौतीको संक्षिप्त ऐतिहासिक पृष्ठभूमि

–साफल्य अमात्य

पदम गिरीको वंशावली अनुसार पनौती शहरको जन्मदाताको श्रेय चौधौं शताब्दीका मल्ल राजा आनन्द मल्ल (१२७४–१३१० ई.) ले पाएको छ । उक्त वंशावलीमा राजा आनन्द मल्लले आफनो राज्यकालमा सातवटा गाउँहरू क्रमशः वणिकपुर वा वनेपुर वा बनेपा, पुण्यवती वा पानवती वा पनौती, नाला, धौखेल वा धुलीखेल, श्रीखण्डपुर वा खडपुर वा खर्पु, चौकोट र सांगा वनाई बस्ती वसाले भन्ने उल्लेख छ (१) । तर यो कथनलाई सत्य मान्न अलि गाह्रो छ किन भने पनौती आसपास रहेका गाउँहरू जस्तै खोपासी, वनेपा आदिमा लिच्छवीकालिन शिलालेखहरू प्राप्त भएबाट यो प्रमाणित भै सकेको छ कि ती गाउँहरू लिच्छवीकाल देखिनै वसोवास तथा गुल्जार थिए (२) ।

लिच्छवीहरूको पतन र मल्लहरूको अभ्युदय नभए सम्म नेपाल उपत्यकाको इतिहासमा अनेकौ उथल पुथलहरू भए । यस्तै उथल पुथलको समयमा ठाउँ ठाउँका सामन्तहरूले केन्द्रलाई परवाह नराखी सोझै राज्य गरेको देखिन्छ । जव जव केन्द्रमा राजाहरू शक्तिवान हुन्थे यी सामन्तहरू दबी वस्थे र जव केन्द्रमा शासकहरू कमजोर हुन्थे यी सामन्तहरूले तिनीहरूको अवहेलना गर्ने गर्थे । पनौतीका राम वर्द्धन परिवार पनि यस्तै सामन्त परिवारहरू मध्ये एक थिए । चौथो तथा पन्ध्रौं शताब्दिमा राम वर्द्धन परिवारले पनौती वरपर मात्र हैन सम्पूर्ण नेपाल–उपत्यकाको शासन व्यवस्थामा समेत ठूलो भूमिका खेलेको थियो । पनौती क्षेत्रको सामन्त भै स्वतन्त्रता पूर्वक शासन व्यवस्था चलाई रहेका राम वर्द्धन परिवार मा महाथ अनेक राम, महाथ ज्योतीराम, महाथ जय सिंह राम, मदनराम र शक्ति सिंहरामको स्थान नेपाल उपत्यकाको इतिहासमा विशेष उल्लेखनीय छ । महाथ अनेकराम (१३३२–१३५६ इ.) का दुई छोराहरू थिए– जय सिंह राम (१३६०–१३९६ ई.) र मदन राम (१३८२–१३९४ ई.) । जर्यासिंह राम निःसन्तान भएकोले उनको शेष पछि उनका भतिजा शक्ति सिंह राम (१४०५–१४२७ ई.) महाथ भए (३) ।

पन्ध्रौं शताब्दिको शुरू वि. सं. १४११ मा कर्नाटक वंशीय (४) स्थिति मल्लको विवाह रूद्रमल्लको नातीनी राजल्लदेवी संग भयो । यस विवाहले नेपाल उपत्यकाको इतिहासलाई नै वेग्लै मोड दियो (५) । शुरू शुरूमा विरोधी भएता पनि स्थिति मल्लको उदय पछि पनौतीका सामन्त शासक जर्यासिंह राम पनि उनको अधिनमा दबी वसेका थिए । तैपनि राम वर्द्धन परिवारको नेपाल उपत्यका भित्रको प्रभावलाई कदर गर्दै स्थिति मल्लले जय सिंह राम र उनका भाई मदन रामलाई सामन्तको दर्जा दिई सम्मानका साथ राखेका थिए । त्यस वखत पनि वनेपा वरपर पूर्वी नेपालका केहि भागमा यिनीहरूको सोझै शासन कायमै थियो (६) ।

तर वि. सं. १४५२ भाद्रमा स्थिति मल्लको मृत्यु भयो र यस पछि फेरि एक पल्ट राम वर्द्धन परिवारले टाउको उठाउने मौका पायो । स्थिति मल्लको मृत्यु

पछि नेपाल उपत्यका उनका तीन छोराहरू जय धर्म मल्ल, जयज्योति मल्ल, र जय कीर्ति मल्लको संयुक्त, शासन देखिन्छ। यसरी स्थिति मल्लको मृत्यु (वि. सं. १४५२) देखि जयज्योति मल्लका छोरा यक्ष मल्लको उदय नहुन्जेल (वि. सं. १५१०) करीव साठ्ठी वर्ष जति नेपाल उपत्यकाको राजनीतिमा पनौतीका यो राम-वर्द्धन परिवारका सामन्तहरूको फेरी बोलवाला चल्न थाल्यो। जर्यासिह रामको मृत्यु पछि उनको कुनै छोरा नभएको हुनाले उनका भाई मदन सिंह रामको छोरा शक्ति सिंह राम महाथ भए। आफ्ना पुर्खाहरूले झैं शक्ति सिंह रामले पनि आफ्नो नाम र इज्जत थामेका थिए। यिनले नेपाल र चीनको मित्रतामा ठूलो सहयोग पुऱ्याएका थिए। चिनिया तांग वृतान्तबाट यिनले वि. सं. १४८४ सम्म नेपाल उपत्यकामा आफ्नो महत्वपूर्ण भूमिका खेलेका थिए भन्ने थाहा पाइन्छ (७)। यक्ष मल्लको उदय हुनु नै रामवर्द्धन परिवारको अस्ताउनु भने झैं यक्ष मल्लको उदय संग संगै रामवर्द्धन परिवारको इतिहास पनि टुंगीएको देखिन्छ। यक्ष मल्लले आफ्नो राज्यकाल-को आखिरी तिर वनेपा लगायत नेपाल उपत्यका पूर्व पट्टी रहेका अनेकौं गाउँहरू आफ्नो अधिनमा राखेका थिए। हुन सक्छ यक्ष मल्लको शक्तिको अगाडि सामन्त रामवर्द्धन परिवारका सदस्यहरू टिक्न सकेनन् र तिनी-हरूको दबदबी त्यहिंनै विलाएर गयो (८)।

स्थिति मल्लको मृत्यु पछि उनका छोरा ज्योति मल्लको मृत्यु पछि उनका छोरा यक्ष मल्ल राजा भए (वि. सं. १५१० ताका) यक्ष मल्ल एक शक्तिशाली राजा थिए। यिनले वनेपा, पनौती आदि नेपाल उपत्यका वाहिर पूर्वका शहरहरू आफ्नो राज्यमा गाभे। यिनका ६ छोराहरूमा जेठा राय मल्ल, माहिला रत्न मल्ल, साहिला रण मल्ल, काहिला राम मल्ल, ठाहिला अरी मल्ल र कान्छा पूर्ण मल्ल थिए (९)। यक्षमल्लको मृत्यु पछि रत्न मल्लले काठमाडौं र पाटनका महापात्रहरू (सामन्तहरू) लाई दबाई आफै राजा भए। जेठा राय मल्लले भक्तपुरको राज्य पाए। वि. सं. १५७७ मा राजा रत्न मल्लको मृत्यु भयो। त्यसपछि कान्तिपुरमा उनका सन्तानको शासन चल्यो। भक्तपुर राम मल्लको सन्तानले पाए। रण मल्लले वनेपामा आफ्नो स्वतन्त्र राज्य कायम गरे। रण मल्ल बनेपा लगायत सात गाउँका राजा थिए। यसरी रामवर्द्धन परिवार संगसंगै टुटेको वनेपा तथा पनौतीको महत्व र इतिहास फेरी एक पल्ट शुरू भयो।

वनेपा राज्यका सर्व प्रथम राजा रण मल्ल विद्वान एवं गान विद्याका रसीक थिए। उनले "पाण्डव विजय" नामक नाटक लेखि नचाएका थिए। यो हस्तलिखित ग्रन्थ अझै नेपाल राष्ट्रिय अभिलेखालयमा सुरक्षितै छ। उक्त नाटकमा रण मल्लकी रानीको नाउँ नाथल्ल देवी र छोराको नाम विजय मल्ल भनि उल्लेख गरेको पाइन्छ। तर धेरै जसो वंशावलीहरूले भने रण मल्ल निःसन्तान थिए र उनको मृत्यु (नेपाल संवत ६२२ वा सन् १५०२) पछि यो राज्य भक्तपुर राज्यमा गाभेको कुरा उल्लेख गरेका छन् (१०)। तर वनेपा राज्य कुन राजाको समयमा भक्तपुर राज्यमा गाभे भन्ने कुरामा इतिहास कारहरूको भिन्ना भिन्दै विचारहरू छन्। प्रसिद्ध इतिहास-कार कर्क पेट्रिकले वनेपाको राज्य विश्व मल्लको पालामा भक्तपुरमा गाभे भनि उल्लेख गरेको छ (११)। इति-हासकार सूर्य विक्रम ज्ञवालीले राय मल्लको उत्तराधिकारी भुवन मल्लको पालामा नै वनेपा राज्य भक्तपुरमा सम्मिलित भएको कुरालाई मान्यता दिएको छ (१२)। हुन सक्छ रण मल्लको मृत्युको समयमा इनका छोरा विजय मल्ल नावालिग थिए र भक्तपुरका राजा भुवन मल्ललाई त्यस वेला वनेपा राज्य आफ्नो राज्यमा गाभ्न गाह्रो परेन। भक्तपुर राज्यमा बनेपा राज्य गाभिनुको साथ साथै वनेपा पनौतीको वेग्लै इतिहासको पनि अन्त्य हुन्छ। यसरी वि. सं. १८२० कार्तिक ११ गते श्री ५ वडा महाराजाधिराज पृथ्वी नारायण शाहले आफ्नो एकीकरण अभियानमा वनेपाको साथसाथै पनौतीलाई पनि अन्त्यमा नेपाल अधिराज्य भित्र गाभे (१३)।

सहयोगी पुस्तक, पुस्तिका तथा अभिलेखहरू तथा उपसंहारहरू :–

(१) विक्रमजीत हसरत, सम्पादक, हिष्ट्रि अफ नेपालः आज् टोल्ड बाइ हटस् वोन एण्ड कन्टेम्पोररी

क्रोनीकल्स, होसीयारपुर (पञ्जाव) इण्डिया १९८०, पेज ४१

(२) धनवज्र वज्राचार्य, लिच्छवीकालका अभिलेख (त्रिभुवन विश्वविद्यालय, काठमाडौं) वि.सं २०३०, पेज २७४–७८.

(३) शक्ति सिंह राम मदन रामको छोरा थिए । शक्ति सिंह राम पछिको यस सामन्त परिवारको इतिहास अझै थाहा पाउन सकिएको छैन । विस्तृत जानकारीको लागि हेर्नुस् लुयासीनो पेटीक, मेडीभल, हिस्ट्री अफ नेपाल (रोम, १९५८) पेज–१४५–६०

(४) केही इतिहासकारहरूले सिमरौनगढको कर्णाटकी राजा हरी सिंह देवलाई पनौतीका सर्वप्रथम राजा भन्ने चेष्टा गरेका पाइन्छन् । वि. सं. १३८१ मा दिल्लीका बादशाह गयासुद्दीन तुगलक बंगालबाट फर्कंदा तिरहुतको बाटो गरी फर्केका थिए । तिरहुतमा तुगलक र हरि सिंह देवको मुठभेड भयो । तुगलकको सैन्यले सिमरौनगढ ध्वस्त पारी दियो । त्यस पछि हरि सिंह देव भागेर नेपाल भित्र पसेर त्यहांबाट दोलखा तिर आए र दोलखामानै उनको मृत्यु भयो । राजग्राम (दोलखा) का भारदारहरूले उनका छोरा तथा मंत्रीहरूलाई बन्दी बनाए र उनको सारा सम्पति हरण गरे । तर यसको केही वर्ष पछि वि. सं. १३८८ मा हरि सिंह देवका मन्त्री चण्डेश्वरले राजग्राम कब्जा गरे । तत्पश्चात हरि सिंह देवका परिवारका केही सदस्यहरू सामन्तको रूपमा त्यहीनै बस्न थालेका थिए ।

विशेष जानकारीको लागि हेर्नुस्:–

(क) श्री ५ को सरकार, सुचना विभाग, मेची देखि महाकाली, भाग २, (काठमाडौं २०३१) पेज ४८५

(ख) इतिहास संशोधनको प्रमाण प्रमेय, भाग एक, जगदम्बा प्रकाशन (ललितपुर) वि.सं. २०१९) पहिलो संस्करण, पेज ७०–७८

(५) नम्बर ४ को ख

(६) (क) धनवज्र वज्राचार्य, शक्तिशाली भारदार रामवर्द्धनहरू र तत्कालिन नेपाल, पूर्णिमा, वर्ष २, नम्बर २, पूर्णाङ्क ६, पेज १२–३६ सम्म ।

(ख) पूर्णिमा, वर्ष ४, नं २ पूर्णाङ्क १४, पेज १३०–३३

(ग) बनेपाको एउटा सूर्य मूर्तिको पादपिठमा ने. सं. ५१४ (वि. सं. १४५०) को अभिलेखमा श्री श्री जय सिंहराम राजा र उहांको भाई श्री श्री मदन रामले पालन गरिएको वर्णिकपुर (बनेपा) मा सूर्यदेवताको मूर्ति स्थापना गरियो भन्ने उल्लेखबाट बनेपामा पनि तिनीहरूको सोझै शासन थियो भन्ने स्पष्ट गर्दछ ।

(घ) लुयासीनो पेटीक, नं ३ पेज १४२

(ङ) काठमाडौं इटमबहाल स्थित जय सिंहराम वर्द्धनका राज्यकालमा वि. सं १४३९ मा स्थापना गरिएको अभिलेख र पशुपतिको पश्चिम र दक्षिण मूर्तिको पूर्व पट्टी बाटा (गल्ली) को उत्तर दिशामा रहेको जय सिंह रामवर्द्धनको राज्यकालीन अभिलेख । संस्कृत–सन्देश, वर्ष १–१०–११–१२, काठमाडौं, वि. सं. २०१०, पेज ४१–४८ सम्म ।

(च) योगी नरहरीनाथ "जय सिंहरामको कनकपत्र", गोरखापत्र, श्रावण १५, २०२६ वि. सं.

(७) धनवज्र वज्राचार्य, नं ६. क.

(८) लुयासीनो पेटिक, नं ३, पेज १५४

(९) इतिहास–संशोधनको प्रमाण प्रमेय, नं ४, ख, पेज १३१–३२

(१०) (क) नेपालको इतिहासको राजभोगमाला प्राचीन नेपाल, श्री ५ को सरकार, पुरातत्व विभाग, अक्टोवर, १९६९), नम्बर ९, पेज १७

(ख) "नेपाल देशको इतिहास संग्रह" प्राचीन नेपाल, अक्टोवर १९७१, नं १७, पेज ४

(११) विश्व मल्ल राम मल्लको पनाती भुवन मल्लको नाती प्राण मल्लको छोरा थिए। कर्कप्याट्रिक, डब्लु. आन एकाउण्ट अफ द किंगडम अफ नेपाल (लण्डन, १८११) पेज?

(१२) सूर्य विक्रम ज्ञवाली, नेपाल–उपत्यकाको मध्य-कालीन इतिहास (रोयाल नेपाल एकेडमी, काठ-माडौं, २०१९) पेज १०२.

(१३) रामचन्द्र, "पनौती: एक सांस्कृतिज्ञको दृष्टिमा" स्वतन्त्र विश्व, वर्ष १२, संख्या ६, पेज २९–३३ सम्म ।

आज सम्म प्राप्त नेपालका लिच्छवी अभिलेखमा सर्व प्रथम कुन ?

—शंकरमान राजवंशी

नेपाल राजकीय प्रज्ञा प्रतिष्ठानबाट वि. सं. २०३० मा प्रकाशित भएको श्री हरिराम जोशी द्वारा संपादित 'नेपालको प्राचीन अभिलेख' भन्ने पुस्तकमा स्वयम्भूको अभिलेखलाई सर्वप्रथम मानिएको छ । त्यस अभिलेख मा टुटी फुटी वांकी देखिएका अक्षरले वनेको अपूर्ण शब्द "रदेवो नरेन्द्र" लाई लिएर उक्त खण्डित अभिलेख राजा मानदेवको बाजे राजा शंकरदेवको हो भनी तर्क दिइएको छ ।

फेरी नेपाल र एशियाली अध्ययन संस्थान, त्रिभुवन विश्वविद्यालयबाट वि. सं. २०३० मा प्रकाशित भएको श्री धनबज्र वज्राचार्य द्वारा संपादित लिच्छवीकालका अभिलेख भन्ने पुस्तकमा चाबहिलको अभिलेखलाइ सर्व प्रथम मानिएको छ । त्यो अभिलेख राजा शंकरदेवको पनि बाबु राजा वृषदेवको हो भन्ने कुराको आधार त्यस अभिलेखको लिपि र प्रचलित वंशावली दिइएको छ । अर्को कुरो त्यस अभिलेखमा उल्लिखित माघवर्षे काले आषाढ शुदिब १० यस वचनको आधारमा गणना गरी हेर्न सके यसको समय निर्णय हुने सम्भावना छ, 'माघवर्षेकाल' आदि लेख्ने चलन मानदेव यता देखिएको छैन भन्ने तर्क पनि दिइएको छ ।

नेपाल राजकीय प्रज्ञा प्रतिष्ठानबाट प्रकाशित भएको 'नेपालको प्राचीन अभिलेख' भन्ने पुस्तकमा उक्त चाबहिलको अभिलेखलाई राजा मानदेवको भन्दा पछि अनुपरमको अभिलेख भन्दा अघि राखिएको छ । नेपाल र एशियाली अध्ययन संस्थान, त्रिभुवन विश्वविद्यालयबाट प्रकाशित "लिच्छवीकालका अभिलेख" भन्ने पुस्तकमा चाहि पूर्वोक्त स्वयम्भूको अभिलेखलाई राजा मानदेवको समय भित्र पारी राखिएको छ । यसरी नेपालका प्रतिष्ठित ठूला संस्थाबाट निस्केका दुइ थरी पुस्तकमा मत भिन्ना भिन्नै भएका छन् । यसरी भ्रमोत्पादक मत राखि छोड्नु राष्ट्रका लागि राम्रो जस्तो लाग्दैन । यसको निष्कर्ष ता ती प्रतिष्ठित संस्थाहरूले तुरून्तै गर्नु पर्ने हो । किन गर्दैनन् उनीहरू नै जानून । मैले जाने बुझे सम्मको निष्कर्ष यहां दिन खोजेको छु ।

स्वयम्भूको उक्त अभिलेख सर्वप्रथम श्री गौतम वज्र वज्राचार्यले जो सकेको परिश्रम गरी पाठ पढी पूर्णिमा पत्रिका ९ अंकमा प्रकाश गर्नु भएको थियो । त्यस अभिलेखलाई श्री धनवज्र वज्राचार्यले राष्ट्रिय अभिलेखालयमा आएर राष्ट्रिय अभिलेखालयमा रहेको मूल प्रति छापा संग पुनः भिडाई जो सकेको परिश्रम गरी बढी पाठ थपी आफ्नो लिच्छवीकालका अभिलेख नामक पुस्तकमा प्रकाश गर्नु भयो । श्री हरिराम जोशीज्यूले चाहि सो अभिलेखलाई मूल प्रति संग भिडाई रूजू गर्ने चेष्ठा गर्नु भएको देखिएन । सो अभिलेखको कतिपय अक्षर फुटिसकेको हुनाले अली समय लगाई विचार गरी हेरेको खण्डमा अक्षरको डोपबाट कतिपय ठाउँमा अभिलेखको पाठ थप्न सकिन्थ्यो । त्यसको लागि धैर्यको आवश्यक पर्छ । मैले पनि सो अभिलेखलाई मूल प्रति संग भिडाई

रूजू गर्दा पाठान्तर पाएको छु। मैले पढेको अभिलेखको पाठ तथा पाठान्तर विचार गर्न सजिलोको लागि फोटो सहित परिशिष्टमा दिइएको छ।

स्वयम्भूको उक्त अभिलेखको दोश्रो पंक्तिमा "रदेवो नरेन्द्र" भन्ने उल्लेख छ। दशौं पंक्तिमा चाहिं मानविहारे भन्ने उल्लेख छ। श्री धनवज्र वज्राचार्यले पनि मानविहारे नै पाठ पढनु भएको छ। श्री हरिराम जोशीज्यूको पाठमा चाहिं नविहारे मात्र छ। श्रीमान विहारको अर्थ गराइमा श्री हरिराम जोशीज्यूको धारणामा श्रीमान् शब्द भिन्नै विहार शब्द भिन्नै परेको छ। वास्तवमा श्रीमान् शब्द अभिलेखमा हलन्त छैन अजन्तै छ। त्यस ताकाको लिपिको नियम अनुसार हलन्त पार्दा भिन्नै किसिमको अजन्त पार्दा भिन्नै किसिमको लिपी हुन्छ। श्रीमान शब्द अजन्त हुनाले नामवाचक शब्द हो पदवाचक शब्द होइन भन्ने स्पष्टिन्छ। त्यसकारण मानविहारको अर्थ मानदेवको नामले रहेको विहार भन्ने हुन्छ। मानदेव शंकर देवका नाती हुन्। लिपिको तुलना गरी हेर्दा चांगुको मानदेवको अभिलेखको लिपि र स्वयम्भूको उक्त अभिलेखको लिपिसंग हुवहू मिल्दछ। त्यसो हुंदा लिपिकर पनि एउटै व्यक्ति देखिन्छ। यसरी विचार गर्दा स्वयम्भूको उक्त अभिलेख मानदेवको समयको भन्ने निष्कर्ष आउंछ।

चावहिलको अभिलेख चाहिं संशोधन मण्डलका सदस्यहरूद्वारा संपादन भई सर्वप्रथम अभिलेख संग्रह ९ भागमा प्रकाशित भएको थियो। त्यसलाई श्री धनवज्र वज्राचार्यले लिच्छवीकालका अभिलेख भन्ने आफ्नो पुस्तकमा अनुवाद सहित प्रकाश गर्नु भयो। त्यसमा उहांले उक्त चावहिलको अभिलेखलाई वृषदेवको हो भनी तर्क गर्नु भएको छ।

लिपिको विकासक्रम विचार गर्दा मानदेवको समयको अभिलेखमा इकारको मात्रा अक्षरको डिको भन्दा तल झरेको हुंदैन र छोटो कल्की जस्तो थोरै लट्केको हुन्छ। विस्तार विस्तार इकारको मात्रा तल तल झर्दै नरेन्द्र देवताका आएर उक्त कल्की जस्तो इकारको मात्रा अक्षरको खुट्टा सम्म झरेको हुन्छ। ख, ग, ण, अक्षरमा आकारको मात्रा लाउँदा मानदेवको समयमा खुट्टामा अहिलेको सातको अंक जस्तो मात्रा लगाइन्छ, विस्तार विस्तार आकारको मात्रा माथिमाथि उक्लंदै नरेन्द्र देवताका आएर टाउको सम्म पुगेर अक्षरको डिकोबाट आकारको मात्रा झरेको हुन्छ। सो चावहिलको अभिलेखमा इकारको मात्रा डिकोबाट ओर्लन थालेको र आकारको मात्रा चाहिं माथि उक्लन लागेका छन्। जस्तै सो अभिलेखको दोश्रो पंक्तिमा प्रजा दुखात्प्रमोचिता भनी उल्लेख भएकोमा खाको आकारको मात्रा उक्लेर ढाडमा पुगेको छ। डिको दिने शैली वसन्तदेवको अभिलेखसंग मिलेको देखिन्छ। चावहिलको अभिलेखको पाठ फोटो सहित परिशिष्टमा दिइएको छ।

सो अभिलेखको सातौं पंक्तिमा माघबर्षे काले भनी जुन उल्लेख भएको छ त्यो गुरू बर्षबाट भएको हो। गुरू वर्ष चाहिं वृहस्पतिको उदयको गणनाबाट हुन्छ। वृहस्पतिको गति ढीलो छ। सूर्यको गति छिटो छ। जब सूर्य छिटो गएर वृहस्पतिको नजिक पुग्दछ अनि वृहस्पति अस्त हुन्छ। जब सूर्य वृहस्पतिलाई छोडेर अलिपर पुगे पछि वृहस्पतिको पूर्वोदय हुन्छ। त्यो कुरो ज्योतिषमा यसरी बताएको छ। जस्तै:—

क्षितिजोऽष्टयमैरूदेति पूर्वे गरूरिन्दै रविजस्तु सप्तचन्दैः।
स्वस्वोदय भाग संविहोनै र्भगणांशैर परत्र यान्ति चास्तम्
॥१६॥

(ग्रहलाघवपन्चतारास्पष्टीकरणाधिकार)

स्पष्टकेन्द्रांश मंगलको २८ अंश, वृहस्पतिको १४ अंश, शनिको १७ अंश हुंदा पूर्वोदय हुन्छ।

त्यही केन्द्रांश ३६० अंशबाट घटाउंदा जति हुन्छ त्यति केन्द्रांशमा पश्चिमास्त हुन्छ।

गुरूवर्ष गणना गर्ने कुरो मकरन्दमा यसरी दिइएको छ। जस्तै:—

स्यादूर्जादिषुमासेषु वह्निमादिद्वयंद्वयम्।
उपांत्यपंचमान्तेषु नक्षत्राणां त्रयं त्रयम्॥
यस्मिन्नभ्युदितो जीवस्तन्नक्षत्रा ख्यवत्सरः।

तद्यथा :—

यस्मिन्समये गुरोरूदयः तस्मिन् समये यस्मिन् नक्षत्रे गुरूस्तिष्ठति तन्नक्षत्रस्य यो मासः स गुरूवर्ष संज्ञको ज्ञयः,

कृतिकारोहिणी स्थितो गुरूः सूर्य सान्निध्यादयं प्राप्तस्तदा कार्तिक संज्ञकं गुरूवर्षे ज्ञेयम् । मृगार्दयोः मार्गशीर्षः, पुनर्वसुपुष्पयोः पौषः । आश्लेषामधयोर्माघः । पूर्वोत्तराहस्तेषु फाल्गुनः । चित्रास्वात्योश्चैत्रः । विशाखानुराधयोर्वैशाखः । जेष्ठामूलयोर्ज्येष्ठः । पूर्वोत्तराषाढयोराषाढः । हरिवासवयोः श्रावणः । शततारका पूर्वभाद्रपदोत्तराभाद्रपदासु भाद्रः । अन्त्यदास्रयमानामाश्विनः । तत्र पंचमः फाल्गुनः अन्त्यः आश्विनः, उपांत्यो भाद्रपदस्तेषु प्रत्येकं नक्षत्रत्रययोगो ज्ञातव्यः ।

(विश्वनाथकृतमकरन्दसारणी ८९ पृ.)

कार्तिकादि महीनाहरूमा कृत्तिकादेखि दुइ दुइ नक्षत्र हुन्छन् । उपान्त्य पन्चम र अन्तिम महीनामा तीन तीन नक्षत्र हुन्छन् । जुन नक्षत्रमा वृहस्पति उदाउंछ त्यस नक्षत्रको नामको वर्ष हुन्छ । जस्तै जुन वखत वृहस्पतिको उदय हुन्छ त्यस वखत जुन नक्षत्रमा वृहस्पति रहन्छ त्यो नक्षत्रको जुन महीना हुन्छ त्यो गुरुवर्षको नाम जान्नू । कृत्तिका वा रोहिणी नक्षत्रमा रहेको वृहस्पति सूर्यको नजिक भई उदय हुंदा त्यस वेला कार्तिक नाउँ भएको गुरूवर्ष जान्नू । मृगशिरा र आर्द्रामा मार्ग, पुनर्वसु र पुष्पमा पौष । अश्लेषा र मघामा माघ । पूर्व फाल्गुनी उत्तरफाल्गुनी हस्तमा फाल्गुन । चित्रा र स्वातीमा चैत्र । विशाखा र अनुराधामा वैशाख । ज्येष्ठा र मूलमा ज्येष्ठ । पूर्वाषाढा उत्तराषाढामा आषाढ । श्रावण र धनिष्ठामा श्रावण । शतभिषा पूर्वभाद्रपद उत्तर भाद्रपदमा भाद्र । रेवती अश्विनी भरणीको आश्विन । त्यहां पंचम भनेर फाल्गुन अन्त्य भनेर आश्विन, उपान्त्य भनेर भाद्र जान्नू । तिनीहरूमा प्रत्येकको तीन तीन नक्षत्र जान्नू ।

यसको तालिका निम्नलिखित बमोजिम हुन्छ । जस्तै:–

वृहस्पति उदय हुंदाको नक्षत्र	महावर्ष
कृत्तिका, रोहिणी	कार्तिक वर्ष
मृगशिरा, आर्द्रा	मार्ग वर्ष
पुनर्वसु, तिष्य	पौष वर्ष
अश्लेषा, मघा	माघ वर्ष
पूर्व फाल्गुनी, उत्तर फाल्गुनी, हस्त	फाल्गुन वर्ष
चित्रा, स्वाती	चैत्र वर्ष
विशाखा, अनुराधा	वैशाख वर्ष
ज्येष्ठा, मूल	ज्येष्ठ वर्ष
पूर्वाषाढा, उत्तराषाढा	आषाढ वर्ष
श्रवण, धनिष्ठा	श्रावण वर्ष
शतभिषा, पूर्वभाद्रपद, उत्तरभाद्र पद	भाद्र वर्ष
रेवती, अश्विनी, भरणी	आश्विन वर्ष

यसरी गुरूवर्ष १२ सौर वर्षको एकचक्र हुन्छ । यस चक्रमा १२ सौर वर्षमा एक गुरू वर्ष क्षय हुन्छ । किन भने १२ सौर वर्षमा ११ चोटि वृहस्पतिको उदयास्त हुन्छ । यो प्राचीन परिपाटी अद्यापि पात्रोमा वर्षफल प्रकरणमा गुरू वर्ष लेख्ने चलन चलेकै छ । जस्तै:–

वि. सं. १९६५ को पन्चाङ्गमा–पौष वर्ष लेखिएको छ ।
वि. सं. १९६६ को पन्चाङ्गमा–फाल्गुन वर्ष लेखिएको छ ।

यहां पौष वर्ष पछि एकै चोटि फाल्गुन वर्ष आएको हुनाले माघ वर्ष क्षय भएको छ । १२ सौर वर्षमा गुरू वर्षको एक चक्र हुने हुनाले १२ सौर वर्षमा गुरू वर्ष दोहोरिन्छ । जस्तै:–

वि. सं. २०१२ को पन्चाङ्गमा–माघ वर्ष लेखिएको छ ।
वि. सं. २०२४ को पन्चाङ्गमा–माघ वर्ष लेखिएको छ ।

१९ सौर वर्षमा अधिमासचक्र घुमे जस्तै १२ सौर वर्षमा गुरू बर्षको चक्र घुम्ने हुनाले कुन कुन सौर वर्षमा कुन कुन अधिमास पर्न आउँछ भनी थाहा पाउन सकिए जस्तै कुन कुन सौर वर्षमा गुरूको माघ वर्ष पर्न आउँछ भनी थाहा पाउन सकिन्छ । वसन्तदेवको समयमा पर्ने लिच्छवी संवत् ४४० वाट गणना गर्दा आएको वृहस्पतिको उदय गणना यस प्रकार छ ।

लि. सं. ४४० (शक ४१८) श्रावण कृष्ण (पूर्णान्तबाट भाद्र कृष्ण)

तिथि– ८
वार – शु.
घडी – ३४

पला – ४३
सूर्य – ३।२९.३२

वृहस्पति – ३।१९।३५।१३
शी. कें. – ०।१३।४१।२०
उदयघडी – ५१।५५

वृहपतिको राश्यादि ३।१६।४० उप्रान्त ४।१३।२० यावत्मा वृहस्पतिको उदय भएमा वृहस्पति अश्लेषा वा मघामा हुन्छन् र त्यो वर्षको नाम गुरू वर्षानुसार माघवर्ष हुन्छ । यहां वृहस्पतिको स्पष्ट शीघ्र केन्द्र १३ अंश चान चून पुगेको छ । पूर्वोक्त ग्रहलाधवमा वताए अनुसार ५१ घडी ५५ पलामा वृहस्पतिको स्पष्ट शीघ्र केन्द्र १४ अंश पुगी पूर्वोदय हुन्छ । तव त्यो वर्ष माघवर्ष भयो । यस माघ वर्षको आषाढ शुक्ल दशमी उल्लिखित चावहिलको मिति-को गणना निम्नलिखित वमोजिम छ । जस्तैः–

लि. सं. ४४० (अंश ४१८ वि. सं. ५५३) आषाढ शुक्ल

तिथि– १०
वार – वृ.
घडी – ३४
पला – २२
सूर्य – २।१८. ६८

उक्त चावहिलको अभिलेख लिपिको तुलना र गणना-बाट वसन्तदेवको समसामयिक मिल्न आउँछ । त्यसकारण मेरो निष्कर्ष अनुसार आज सम्म प्राप्त भएको लिच्छवी अभिलेखमा चांगुस्थित मानदेवको स्तम्भाभिलेख वाहेक पुरानो अरू देखिन आएका छैनन् ।

परिशिष्ट

स्वयम्भूको अभिलेखको पाठ–

(१) ... ... मा ... ... न्य
(२) ... ... देवसुत ... ... रदेवोनरेन्द्र
(३) ... ... श्रीमा ... ... र शतलक्ष्मी
(४) ... ... प्रसाद
(५) ... ... वन्य गजेन्द्रमत
(६) ... ... (स) ङघज्ञ
(७) ... ... विनीतभृत्य
(८) ... ... पविमान
(९) ... ... म्पणोपर ... ... र्य्यादम्
(१०) ... ... क्षेत्रचा क्षयं दत्त ... ... (श्री) मानविहारे
(११) ... ... मेत्यमत ... ... तस्य तनय
(१२) ... ... महिमा धर्म्म ... ...
(१३) ... ... लक्ष्मी राजा ... ... तिर ... ... सर्व ... ...
(१४) ... ... सन्धर्म्म एव ... ... मा द्युतिमा ... ... (न्) ईजे ... ...
(१५) ... ... मखैरूदारै ... ... भूमि ... ... ङकाया ... ...

(१६) ... ... श्रयं निरूपम सत्वोदान्त ... ...
(१७) ... ... ख्यातयशः स्वधर्म्मकर्म्मसुनय ... ...
(१८) ... ... तनयो भिजातः सर्व्वानतिवर्त्तते ... ...
(१९) ... ... णेनृपतोन्यः अनुपरत धर्म्म ... ...
(२०) ... ... करूणैकसम्प्रियः सदा दारणाम् ... ...
(२१) ... ... तकठिनवाहुः केसरिमत्तेम विक्रम ... ...
(२२) ... ... स्थिरधोः याम्विभ्यतिवोक्षनमा ... ...
(२३) ... ... मृगा केशरिणमिव रणेष्वभय ... ...
(२४) पितृ निमित्तपाती शिक्षासौष्ठवविधान ... ...
(२५) ... ... मतिमान् रूपवलसत्वतेजः श्रुत ... ...
(२६) लनिधिः कलासु निपुणः प्रियवत् ... ...
(२७) ... ... (साग्र) शतं वर्षाणामाज्ञापयता विचिन्त्य ... ...
(२८) ... ... निपुणम् श्रेयोर्थिना धृतिमता ... ...
(२९) वरूण महेन्द्रवपुषा महता ... ...

पाठभेद

पंक्ति	जोशीको	बज्राचार्यको	मेरो
(१)	... ...	मा ... ... न्य	मा ... ... न्य
(२)	... ... रदेवो	वसुत ... ... रदेवो	देवसुत ... ... रदेवो
(३)	... ... शतलक्ष्म	श्रीमा ... ... रशतलक्ष्मी	श्रीमा ... र शतलक्ष्मी
(५)	... ... राजेन्द्र	वन्यगजेन्द्रभर्त्त	वन्यगजेन्द्रभर्त्त
(६)	... ...विधिज्ञ	... ... ज्र	र ... ... (स) ङ्घज्ञ
(९)	... ...	पर ... ...र्य्यादम्	म्पणोपर ... ... र्य्यादम्
(१०)	... ... नविहारे	(श्री) मान विहारे	(श्री) मानविहारे
(११)	... ...मैत्य तनय	मैत्यमत तस्यतनय	मैत्यमत ... ... तश्यतनय
(१२)	... ... महिम्ना	महिम्ना...	महिम्ना धर्म्म
(१३)	... ...क्ष्मीराजा... ... सर्व्व	क्ष्मीराजा ... ... सर्व्व	क्ष्मीराजा . तिर . सर्व्व
(१४)	... ... सन्धर्मा	... ... सन्धमा	सन्धर्मा एक ... ... मा
(१५)	(म) खैरूदौर ... ... ङ काय	(म) खैरूदारँ...भूमि...ङकाय	(म)खैरूदारै...भूमि...ङकाय
(१६)	... ... श्रेय	... ... श्रेय	... ... श्रयं... ... ...
(१७)	... ... ख्यातयशा	ख्यातयशा	ख्यातयश ... ...
(१८)	... ... करूणैकप्रियः सदारणम्	करूणैकसम्प्रियःसदा दारणाम	करूणैकसम्प्रियःसदा दारणाम्
(२४)	... ...निमित्तपाती	पितृनिमित्तपाती	पितृ निमित्तपाती

चावहिलको अभिलेख

(१) दुर्धैरैरिन्द्रियैः कृत्स्ना वाह्यते यैरियम्प्रजा दासवत्तानि सन्धार्य कृपया परिपोड्य ता दानशील.....

(२) सम्प्राप्यानुत्तर ज्ञानं प्रजा दुःखात्प्रमोचिता प्रमोच्य सर्व्वदुः खेभ्यो योसौ शान्तम्पदङ्गतः

(३) सङ्गिखद्य सुचिरङ्कालम्भवविच्छिदः किन्नरीजातकाकोर्ण्णान्नाना चित्रविराजितम्

(४) चत्वारिंशत्सपन्वेह यत्रंधान्यस्य मानिकाः वर्षे बर्षेथ जायन्ते क्षेत्रन्ततादृशन्दर्दो

(५) भूयः सङ्घस्य मक्तार्थं पूजार्थन्च महामुनेः क्षेत्रन्दत्तन्तया यत्रह्यष्टाविंशति मानिकाः

(६) विचित्रं देय धर्म्ममे कारयित्वेह यच्छुभम् स्त्रीभावंहि विराग्याहपुरुषत्वमवाप्य च शोककाम मया

(७) .... माघवर्षे काले आषाढ शुदिव १० अस्यान्दिवस पूर्व्यायाम्भट्टारक महाराज श्री ... ...

स्वयम्भूको अभिलेख



चावहिलको अभिलेख

सेती महाकाली भ्रमणको ऐतिहासिक सारांश डोटीको राजनीतिक इतिहासको रूपरेखा

—शंकरमान राजवंशी

राजनीतिक कारण बश विभिन्न समयमा राज्य क्षेत्र विभिन्न प्रकारले परिणत भइरहन्छ । प्राचीन कालको नेपाल राज्यको रूपरेखा विचार गर्दा समुद्र गुप्तको समयमा पूर्वमा आसाम देखि लिएर पश्चिममा कुमाउ-गढवालको बीचमा नेपाल पर्थ्यो । त्यस बखत कुमाउ गढवाललाई कर्तृपुर भनिन्थ्यो (१) । त्यहां कत्युरवंशी राजाहरूले राज्य गर्दथे । विक्रमको एघारौं शताब्दी तिर गढवालमा चन्द्रवंशी क्षत्रियको प्रवेश भयो । विक्रमको चौथो शताब्दीको मध्यतिर चांदपुर राजवंशी क्षत्रिय पाल-राजाले गढवाल राज्य कब्जा गरे (२) तिनका वंशजहरू कुमाउँका आश्रित भएर वसेका थिए ।

दार्चुला भेगमा उकु भन्ने ठाउँमा चांदपुर राजवंशी अजयपाल देखि राज्य चलेको कुरा उकुमहलको भग्नावशेष स्थलमा रहेको नागपाल राजाको शिलालेखबाट थाहा भएको छ । यी नागपाल राजा निरैपालको छोरा हुन् । उकुमहलको भग्नावशेष स्थलको निरीक्षण गर्दा तिनताका त्यहां कलापूर्ण भव्य मन्दिर थियो भन्ने स्वतः अनुमान हुन्छ । त्यस देखि अलिपर राजदरवारको भग्नावशेष पनि मौजूद छ । यो वस्तुस्थितिको विचार गर्दा त्यहाँ धेरै पुस्तासम्म पाल राजाहरूको राज्य चलेको बुझिन्छ । अद्यावधि त्यहां पालराजाको सन्तानको बसो-वास छदै छ ।

लिच्छवीकालमा राजा मानदेवका पालामा नेपालको पश्चिम कर्णाली प्रदेशमा डल्लुका मल्लराजाको शक्तिशाली राज्य थियो, जुन मल्ल राज्य संग मानदेवले लड्नु-परेको थियो (३) । विक्रमको तेह्रौं शताब्दीतिर गढवालका कत्युरवंशी राजाहरू कमजोर भएपछि डुल्लुका मल्ल राजाको अधिकार गढवाल सम्म फैलिएको थियो । वि. सं. १३४४ मा नेपाल उपत्यकामा आक्रमण गर्ने जितारिमल्ल तिनकै वंशका हुन् (४) । पछि यो राज्य छिन्न भिन्न हुंदा कुमाउ स्वतन्त्र भएको थियो । विक्रम-को पन्ध्रौं शताब्दी देखि चन्द्रवंशी क्षत्रियले कुमाउमा अधिकार फैलाउँदै लगेका थिए (५) । ठीक त्यसै बखत महाकाली पारी कुमाउको केही प्रान्तमा जुम्लीको र केही प्रान्तमा डोटेलीको अधिकार रहेको थियो । विक्रम-को सोह्रौं शताब्दीमा रतनचन्द डोटीको वन्धनबाट मुक्त भएतापनि सत्रौं शताब्दीको मध्य भाग सम्म पनि

---

१ इतिहास संशोधनको प्रमाण प्रमेय २२ पृ. ।

२ तोत्रराज पाण्डे र नयराज पन्तको नेपालको संक्षिप्त इतिहास १०७–११० पृ. ।

३ इतिहास संशोधनको प्रमाण प्रमेय २३ पृ. ।

४–५ तोत्रराज पाण्डे र नयराज पन्तको संक्षिप्त नेपालको इतिहास ३०–३१ पृ. १०७ पृ. ।

महांकाली पारी केही प्रान्तमा डोटीकै अधिकार थियो। त्यस बेला सम्म कुमाउको राजधानी चम्पावत थियो। रतनचन्दका नातिले वि. सं. १६१५ मा आफ्नो राजधानी अलमोडामा सारे (६)। यो चंद क्षत्रियहरूको एक शाखा सर्दै प्यूठान सम्म पुगेको थियो। वि. सं. १७०० को लगभगमा महीपत साह स्वतंत्र भए। तिनले आफ्नो राजधानी श्रीनगरमा कायम गरे। तिनका वंशज ललित शाहको छोरा प्रद्युम्न साहले एक पटक कुमाउ तथा गढवाल दुवैमा आफ्नो अधिकार जमाएका थिए। पछि कुमाउबाट उनको अधिकार हट्यो। यिनलाई नेपाली फौजका सेनापति अमरसिंह थापाले पराजित गरेका थिए (७)।

डोटीको प्राचीन राजधानी अजयमेर थियो। त्यहां चांदपुर राजवंशी राजा निरैपालले कब्जा गरेका थिए। यी निरैपालको शाके १२७४ (वि. सं. १४०९) को ताम्रपत्र पाइएको छ। अजयमेरहाटको मन्दिरमा पनि तीं निरैपालको अभिलेख पाइएको छ। अजयमेर कोट कसले बनायो भन्ने बारेमा विवाद छ। कसैले यो अजयमेरकोट अजयपालले बनाएको भन्दछन् त कसैले अजयमेरू भन्ने संस्कृत लवजलाई लिएर मेरू अर्थात् पर्वत, अजय अर्थात जित्न नसकिने भन्ने अर्थमा अजयमेरू भई त्यसको अपभ्रंश अजयमेर भएको भन्दछन्। अजयमेर हाटमा रहेका नाउला तथा मन्दिरहरू पुरातत्व दृष्टिकोणले अति महत्त्व छन्।

निरैपाल पछि राजा नागमल्लले अजयमेरमा राज्य गरे। यी नागमल्लको शाके १३०९ वि. सं. १४४४ को ताम्रपत्र पाइएको छ। अजयमेर हाटमा पनि शाके १३०६ र १३१५ को नागमल्लको अभिलेख पाइएको छ। त्यस पछि डोटीमा रिपुमल्ल र रिपुमल्ल पछि कल्याण मल्लले राज्य गरे। यी कल्याण मल्लको शाके १३७२ वि. सं. १५०७ को ताम्रपत्र डोटेली लोक साहित्य ८८ पृष्ठमा प्रकाशित छ। त्यसमा कल्याण मल्लले आफूलाई कल्याण मल्ल पाल भनी लेखेको हुनाले नागपाल र नागमल्ल एकै व्यक्ति हुन् भनी सिद्ध गरेको छ। नागपालले आफूले पछि मल्ल उपाधि लिएको भन्ने कथन छ। निरैपालको शाके १२८४ वि. सं. १४१९ को ताम्रपत्र पनि डोटेली लोक साहित्य ८७ पृष्ठमा प्रकाशित छ। त्यसमा नागपाललाई कुंवर भनी लेखिएको छ। तिनताक उत्तराधिकारी राजकुमारलाई कुंवर भनी लेख्ने चलन देखिन्छ। निरैपालको उक्त ताम्रपत्र र नागमल्लको शाके १३०६ को ताम्रपत्रको बीचमा २२ वर्ष फरक छ। नागमल्ल र नागपाल एकै व्यक्ति भए उकुमहलको नागपालको अभिलेखको मिति शाके १२८४–१३०६ भित्रको हुन सक्तछ।

तर उक्त उकुमहलको अभिलेख शाके ११६० को भनी श्री योगी नरहरि नाथज्यूले उहांको 'हाम्रो देशदर्शन' भन्ने पुस्तकको ७८ पृष्ठमा लेख्नु भएको छ। उक्त अभिलेख उहांले ७ दिन पूरा लगाएर पढेको हु भन्ने उहांको भनाइ छ। कारण सो अभिलेख खिइएर अस्पष्ट भइसकेको छ। उहांले आफूले पढेको पाठ प्रकाशमा ल्याउनु भएको छैन। उकुको उक्त शिलालेख डोटेली लोक साहित्य ९०–९१ पृष्ठमा श्री देवकान्त पन्तज्यूले प्रकाश गर्नु भएको छ, जुन पाठ डडेलधुरा पोखरा निवासी भोजराज भट्टराईबाट पाएको भन्ने उहांको भनाइ छ। त्यसमा संवत दिन सकेको छैन। पुरातत्व अनुसन्धान टोलीले पनि त्यस अभिलेखको प्रतिलिपि ल्याएको छ। तर प्रतिलिपिबाट पाठ पढन ज्यादै कठिन छ। योगी नरहरि नाथले जस्तै तत्स्थानमा धेरै दिन तपस्या गर्नलाई टोलीलाई अनुकुल भएन। किन भने त्यही एउटा कामको लागि खटिएको थिएन। त्यसो हुंदा उक्त अभिलेखको पाठ पढ्न तपस्या गर्नु बांकी नै छ।

हजारौं ताम्रपत्रलाई आधार मान्ने हो भने डोटी राजवंशावलीलाई मैले निम्न प्रकार कायम गरेको छु भनी श्री देवकान्त पन्थज्यूले आफ्नो डोटेली लोक साहित्य ७९ पृष्ठमा कल्याण मल्ल पछि संसारमल्ल दिनु भएको

६ नेपालको संक्षिप्त इतिहास १०७ पृ.।
७ नेपालको संक्षिप्त इतिहास ११०–११ पृ.।

शाके १३७२ को ताम्रपत्रमा राजपरिवार कीर्ति मल्ल तथा संग्राम उल्लेख भएको छ। हाल कीर्तिमल्लको शाके १४०३ को ताम्रपत्र समेत प्राप्त भएकाले पनि कल्याण मल्ल पछि संसार मल्ल नभई कीर्तिमल्ल राजा भएको सिद्ध हुन्छ । कीर्तिमल्ल पछि क्रमशः प्रतापमल्ल, अर्जुन मल्ल, भूपतिमल्ल राजा भए।

यस पछि डोटीमा साही राजाहरू देखा पर्छन । तिनमा शाके १५१५ वि. सं. १६५० को राजा हरिसाहीको ताम्रपत्र पाइएको छ भनी देवकान्त पन्त द्वारा संपादित डोटेली लोक साहित्य एक अध्ययन भन्ने पुस्तकको ८६ पृष्ठमा सूचीमा दिइएको छ। यसदेखि अतिरिक्त कतिपय ताम्रपत्रहरू हाल प्राप्त भएको छ। यस पछि क्रमशः रामसाही, रूद्रसाही, पहाडीसाही विक्रमसाही, मानधाता साही, रघुनाथ साही, कृष्ण साही, दीपसाहीहरू राजा भएको कुरा तिनीहरूको प्राप्त ताम्रपत्रहरूबाट थाहा भएको छ।

डोटीका साही राजाहरू नागमल्ल कै वंश हुनु पर्छ भनी डोटेली लोक साहित्य भन्ने पुस्तकमा उल्लेख गरेको छ। कारण शाके १५६६, १५७५, १५८१ को पहाडी साहीको ताम्रपत्रमा पहाडीमल्ल साह लेखेको छ भनी ताम्रपत्रको सूचीमा दिइएको छ । त्यसमा मुगलको प्रभाव परेकोले साही उपाधि दिइएको होला भनी अनुमान गरिएको छ। उक्त पहाडीसाहीको शाके १५६४, १५६८ को ताम्रपत्र पनि हाल प्राप्त भएको छ। शाके १५७१ को पहाडी साहीको स्याहा मोहर श्री योगीनरहरिनाथको इतिहास प्रकाश सन्धिपत्र संगह ७४८ पृष्ठमा प्रकाशित छ। तिनीहरूमा भने पहाडी साहीले आफूलाई मल्ल भनी उल्लेख गरेको छैन। त्यस कारण उक्त कुरा शंकास्पदै छ। सायद यी साही राजाहरू पुरानै कत्यूरवंशी राजा ललितसाही कै गोटिया हुन् कि त भन्ने मनमा तर्क आउँछ । किनभने ती कत्युरवंशी साहीहरू कुमाउमा पछि सम्म पनि कायम छन्। जुन कुमाउका अन्तिम राजा प्रद्युम्न साहीलाई अमरसिंह थापाले हराएथे ।

जुम्ला पनि एक शक्तिशाली राज्य थियो । धेरै राजाहरूले जुम्लालाई पहिलेदेखि मानिआएका थिए । जुम्लाको राज्य दक्षिण भेगमा भन्दा उत्तरी भेगमा फैलिएको थियो । उनको राज्य फैलिदै पश्चिम बदरिकाश्रमसम्म पुगेको थियो । जुम्ली राज्यको सीमा पूर्वमा भेरी नदी र पश्चिममा कुमाउको केही भाग सम्म थियो (८) । पछि यो राज्य पनि कमजोर हुंदा टुक्रियो । यसरी राज्य विस्तारै टुक्रिदै गएर कर्णाली प्रदेशमा अछाम, जाजरकोट दांग सल्यान, रूकुम, ज्वारहाट, रोल्पा अस्कोट आदि साना साना २२ जति राज्य खडा भए। त्यस पछि यी राज्यहरू बाईसी राज्य भनी कहलाए।

कुमाउका चन्द क्षत्रियको एक शाखाले प्यूठानमा राज्य गर्दै आएका थिए। विक्रमको अठारौं शताब्दिको अन्त्यतिर प्यूठानमा राजा मानिकचन्द थिए । तिनका छोरा मोती चन्द हुन् । यी मोतीचन्दका पालामा वि. सं. १८४३ कार्तिक १९ गते नेपाली फौजले प्यूठान दखल गरेका थिए । नेपालले पश्चिम विजय गर्दै भेरीको सांध पुग्याए पछि जुम्लाले नेपाली फौजमाथि आक्रमण गरेथे । वि. सं. १८४६ मा नेपाली फौजले जुम्लाको राजधानी छिनासिम पनि दखल गरे । अछामका अन्तिम राजा राजा देवचन्द साही थिए । वि. सं. १८४७ मा अछाम पनि नेपाल राज्यमा मिल्यो ।

यसरी विजय गर्दै जांदा बझाङ, थलरा, छन्ना आदि राज्य नेपालको आश्रित सन्धि गरेन र नेपाली फौजले डोटीमा पनि आक्रमण गरे । त्यस वेला डोटीका अन्तिम राजा दीपसाहीको राजधानी दिपायल थियो (९) । दिपायलको भैरबको डांडामा दीपसाहीको किल्ला थियो । नेपाली फौजका सेनापति

---

८ नेपालको संक्षिप्त इतिहास १०४–५ पृ.।

९ नेपालको संक्षिप्त इतिहास १०३–६ पृ.।

अमरसिंह थापाले त्यो भन्दा अघिको मालिका डाँडाको किल्लामा बसी दीपसाहीसंग मुकाविला गरे । वि. सं. १८४७ भाद्रमा नेपाली फौजले डोटी पनि दखल गरे । आखिर दीपासाही टिक्न नसकी भागे । तिनको ठाउँमा उनका भाई विष्णुसाही राखी डोटीलाई पनि नेपालको आश्रित बनाए ।

यसरी विजय गर्दै वि. सं. १८४७ को हिउँद सम्ममा नेपालको सीमा महाकाली सम्म पुग्यो र विष्णुसाहीको पालादेखि डोटीका राजाहरू नेपालको रजौटा भएका थिए । यी विष्णुसाहीका छोरा द्वितीय पहाडीसाहीलाई श्री ५ महाराजाधिराज रणबहादुरशाहले वि. सं. १८५० मा रंजाई थामी लालमोहर गरी दिएका थिए । श्री ५ महेन्द्रको पालामा वि. सं. २०१८ ज्येष्ठ १० गते रजौटा उन्मलन ऐन जारी गरी रजौटा उन्मूलन हुंदा डोटीको रजौटा प्रथा पनि समाप्त भयो ।

ऐतिहासिक पत्रस्तम्भ

[वि. सं. २०३२ कार्तिकमा सेती महाकाली अंचलको ऐतिहासिक सर्वेक्षणको लागि पुरातत्त्व विभागबाट श्री विश्वनाथ भट्टराइ श्री शङ्करमान राजवंशी श्री विजयशंकर श्रेष्ठको एक संयुक्त सर्वेक्षण टोली खटिएको थियो। ठाउँ ठाउँको सर्वेक्षण विवरण श्री विश्वनाथ भट्टराइले तयार गर्नुभयो। अभिलेख पढने काम श्री शङ्करमान राजवंशीले गर्नुभयो। फोटोको काम श्री विजयशंकर श्रेष्ठले गर्नुभयो। श्री शंङ्करमान राजवंशीले पढी ल्याउनु भएको केही अभिलेखहरूको उत्तार पाठ क्रमशः तल दिइन्छ।

—सम्पादक]

शाके १२०९ (वि. सं. १३४४) को राजा नागमल्लको ताम्रपत्र

(१) ऋना स्वास्ती ।। श्री शाके १२०९ फाल्गुन मासे सोमवासरे दसम्यां

(२) तिथौ राइको आदेस् ।।

(३) चौकिका पेषक अधिकारी कार्किवुढा थपा रोकया वादा थापा

(४) सभै प्रति पिपलगाव्को अधालो वजाल गावको आला संकलि एकत्र पारी

(५) पसाकि अकन्याछु छतीसे करअकर करि भास्करे उपाध्या पसाकि अकन्या

(६) छु जो द्वाल करे तस नागमल्लको थारो। अत्र साक्षी सिउ

(७) राज विष्ट मधु थाइत चुनवा राउल केस भंडारि पभु जो

(८) इसी चैत कार्कि सुहर वोहरा अर्जुन जोइसा लिषितं

शाके १२७४ (वि.सं १४०९) को राजा निरैपालको ताम्रपत्र

(१) ॐ ।। स्वस्ति ।। श्री शाके १२७४ कार्तिक वदि प रविदिने वृश्चिक संक्रांतौ ।। श्रीरा

(२) जाधिराज राय प्रतापनारायण अपाडरायपाडणैक जगजेष्ठि राय तारा

(३) मयंक इत्यादि विरुदावलीविराजमानः। श्री निरै-पाल देवः चिरं जयतु। चैत

(४) भाट ताष पसाभै ।। पला ३ तिन पला चुडिषत्या-नाका। हस्तोदक् 'घा' लिनमा

(५) सासन् कि। लागभाग सहिरा पसाकिआ। हिल् पाणि अतुल साहलि। सर्वक

(६) र विवर्जित। एकादशी आदित्यका वार उदक् धाल्यो। अत्र साषि मसघोपडचा

(७) हार। आदि वह्म च कोटि राउल। थेचल् धो देउता ।। पिल्कोटि राउल। जम घो

(८) -च कोटि। प्रतापचंद पडचाहार। असराज देउता। साउन विचा दिमो

(९) -विद महेश्वर प्रोहिता लिषितं वासुदेव ज्योतिर्विदा ।। स्वदत्तां परद

(१०) त्तां बा जे हरंति वसुंधरा। षष्ठिवर्षसहश्राणि विष्ठायां जायते

(११) कृमि ।। शुभमस्तु राजराष्ट्राणाम् ।। लिखालि सिसुना षर्कत चातालो दि

(१२) ..... तलो साक्षिणा। ज ठाकुर पुड चोषाल पद रैया। मम वर्ष परिक्षीणेयः कश्चि

(१३) .....पतिर्भवतु.....शुभम

शा१३१५ (वि.सं. १४५०) को अजयमेर हाट (डडेलधुरा) को मदिरको राजा नागमल्लको शिलालेख

(१) ॐ ।। स्वस्ति .....भवानी भाव भावित षंभ षंभा भरापद्नो
(२) ध्रुव साधिप .....संतोष कुंडा मृतकरादया । द्रष्ट.....
(३) सूर्यमाला.....स्वदत्तहस्ता सद्रोहराजी यिदि-तान्य.....
(४) यशोभि.....सूर्यमाला जयतादजस्र ।। श्री नागमल्ल...
(५) पराजगति ..... कृतवती रम्या देवालया निर्मान सुभम् ।
(६) श्री शाके १३१५..... सुनाहार भिद्र सिंह विजु लिषितम् ।।

शाके १५३६ (वि.सं. १६७१) को राजा रामसाहाको तामापत्र

(१) ॐ ।। स्वस्ति श्री साके १५३६ समये स्रावनमासे सुक्लपक्षे
(२) द्वादस्यां तिथै सुक्रवासरे श्रि महारजाधिराज रैका रामसा
(३) ह पादार्घ चिरं जयतु रैकाजु पायल मयाचितै हुदाले गरिदिने
(४) पिरोजा चोरकि हुदीलेककि इजरि गाडकी वगडु दुलव भाट
(५) कि हडालि गरी दिनि अषगरि दिने धुलसी उलि-हिल पानिकइ
(६) कशाह घात पिनलागन भाराह भुमिपाहघट सुदा अत्र
(७) साकिचंद्र सुर्य भुमंडलका साकि रूद्रसाह गुसइ ज्यु चतु
(८) देउवा जसुवोगटि निडर साउद माहाराज भाडारि सुर्ज
(९) वोरा ध्यानु षडका मानंद उप्रेति गजाधर्नेपने तुनागर विठ
(१०) सालसेटिपिठ पिवल फुलारो लिषित साकि कासि जोइसि सा
(११) रपु सेटिको कडारो अनेथा नास्ति सोरतं परदतं वा जे हरं
(१२) ति वसु दरा षटिर वर्ष सहस्रानि विटा जायते क्रिमि उसग
(१३) लासुदा अनंतभाटले पाइ

शाके १५५५ (वि.सं. १६९०) को राजा रूद्रसाहीको ताम्रपत्र

(१) श्री साके १५५५ समये माघमासे शुल्कपक्षे नवम्यं तिथौ
(२) रविवासरे श्री महाराजाधिराज रैका रुद्रसाहि पादा चिरं
(३) जयतु श्री रैकाज्यु पाखेले मयाचितै भुमिदिनि वलि-भद्र भा
(४) टलै पाइ कोटिलिषल राउकि हुदिया जीतै लागि जा
(५) डकिवगडिलेगकि इजनिपाइ अत्र शाकि भिजा गु
(६) शाइ रूदिदेउवा किंतिवोगटि नाग शाउद विहु भ
(७) डारि भिजा वोरो आनुषडका दामवडाइ नागर वि
(८) ष्ट पुरन शैटि वाटु उप्रति विनापनेरू करन फुला
(९) रा लिषित शाकि केशव जोईशी अन्यथा नास्ति ।।
(१०) स्वदतं परदतं वाये हरंति वसुंधरा ।। षष्टिर्वर्षस
(११) हस्राणि विष्टायां जायते कृमि । ।। शुभमस्तु ।। कंपुरसाउको कट्टारो ।।

शाके १५६४ (वि.सं. १६९९) को राजा पाहाडी साहीको ताम्रपत्र

(१) श्रीशाके १५६४ समये मार्गसीर मासे शुक्लपक्षे दु
(२) तियायां सोमासरे श्री महाराजाधिराज रैका पा
(३) हाडिसाइ पादा चिरंजयतु श्रीरैकाज्यु पायले म
(४) याचितै भुमिदिनि पुरिभटलै पाइ सेलागाउ भितर
(५) कोउषाल्ये आसोतला वोराको पायो उइलागील ककि
(६) इजरि गाउकिवगडि पाइ साक्षि वहादुर साइ गुसा
(७) इ अजानिदेउवा किंति वोगटि मनिशाउद दुसाभंडा
(८) रि पुरि पनेरू गोपसेटि लिषितं केसव जोईसी कडारि
(९) तंदुल वशेटि अनेथा नास्ति सुरतं परदतं वा जे हरंति
(१०) वसुंधरा षष्टत् वर्षशहश्रानि विष्टायां जायत
(११) तेक्रिमीः । । । जीजोडालाई पायोः ।।

शाके १५६८ (वि. सं. १७०३) को राजा पाहाडी साहीको ताम्रपत्र

(१) श्रीशाके १५६८ समये मार्गसिर माशे दुति
(२) यातिथौ शनिवासरे मूलनक्षत्रे श्री महारा
(३) जाधिराज रैका पाहार साहिपादां चिरं जयतु
(४) श्री रैकाज्यु पायले मयाचितै पंतु राउलकी
(५) हुदी भुमिदिनिलेकि इजारि गाडकि वगडि प
(६) दारैडरा ३ षेतरै डरा ३ उजगलो पुरिट लैपउ
(७) शर्वकर अकर गरि पाइ अत्र साक्षि चंद्र सु
(८) र्यभुमंडलका साक्षि वाहादुर साइ ग्रसा
(९) इज्युजा मनिदेउवा कितिबोगटि मनिशाउ शार
(१०) गभडारि पन्याग वोरा गाग्र षडका पुरिपने
(११) रू नेवपुरणशेटि ठुसु उप्रेति सिवा पनेरू
(१२) लीषित साक्षि मधुजोइसी कंडारी तंडुल शेटिः । शुभः

शाके १५९३ (वि. सं. १७२८) को राजा विक्रम साहीको ताम्रपत्र

(१) श्री शाके १५९३ समये आषाड मास शुल्क पछे तृतीयाया
(२) तीथौ वुधवासरे श्री महाराजाधीराज श्री रैकावीक्रम शाही
(३) पादाश्चीरं जयतु श्री रैकाज्यु पाजले मयाचीतैको षेतधट
(४) उजगलासा मितढानु मन्याको रोतको पामोमानासै धमटले पायो
(५) वनरासमा थिति र इडराषेतपायो अनंत सेजालको हुंदो पा
(६) यो सर्वकर अकर गरि पायो हति सैनेग तोडि पायो अत्र साछी चं
(७) द्रसुर्य भुमन्डलका सछी मांधाता भुसइ शाइज्यु भगी शाउन भग भडा
(८) रीनीडुदेउवार मथुवोगटी रजवार गंगापनेरू जोगा उप्रेति करू
(९) विष्टज्युज्या विष्ट विकरम षडका लीषित शाकि दशरथ जो
(१०) सिजु नारद पंज्यु अन्यथा नास्ति गढग स्वदत्तां परदत्तां वाज्ये ह
(११) रंते वसुंधरा षष्टीवर्ष सहस्राणि बीष्टायां जायते क्रमी

शाके १५९७ (वि. सं. १७३२) को राजा जितारि सिंहको ताम्रपत्र

(१) ॐ ॥ स्वस्ति ॥ श्री शाके १५९७ मासे ७ तिथौ ५ वारे ६ न
(२) क्ष १४ शुक्लपक्षे श्री महाराजाधिराज जितारि सिंह पादा
(३) श्चिर जयतु जितारि सिंह रजवारले अमर सिंह गोशाइ
(४) ज्युले रीडरा षेत रेगम भित्रानाली १० युहानाली ५ कपसा
(५) क्ष आज्ञा पुर्धरकि ठौव मया भैउति भूमीमया भै मानसिंह भ
(६) टज्युले भूमी पाइ । अत्र शाक्षी सूर्याचन्द्रमसौ भूमंडलका सा
(७) शाक्षी हस्तिकरनसिंह अदिकारी भगु विष्ट तुल्या नाल्या अ
(८) मोगकवर उषेडो फाग्या षाडुचारू थान् चारू गर्षा साक्षी
(९) लिषित शाक्षी सोवर्ण जोइसि ॥ ॥ स्वदत्त परदत्त वा जो
(१०) हरंति वसुंधरा । षष्टिवर्ष सहस्राणि विष्टा
(११) यां जायते कृमी ॥ ॥ उभयस्याणाम् ॥ ॥

शाके १६०७ (वि.सं. १७४२) को राजा विक्रम साहीको ताम्रपत्र

(१) श्री साके १६०७ समये आस्विन सुदि १५ श्री म
(२) हाराजाधिराज श्री रैका विक्रम साहि पा
(३) दाश्चीरं जयतु श्री रैकाज्यु पायलै मयाचि
(४) तै मानसिंघ भटिज्युले तराडी किहुनि वंडा
(५) लि संकल्प गरि गाडकि वगडीलेकि इज
(६) रि सुद्धा सर्वकर अकर गरि पाइ अत्र साछि
(७) मांधाता साइ गुसाइज्यु सिवदास सा

(८) उनषिया भडारि राम देउवा मथुरा वोग

(९) टि दसरंत पनेरूज्यु भागीउत विष्टज्यु स्याम

(१०) विष्ट नारदपंज्यु लीषीत साक्षि हसि जोइसिज्यु

(११) अन्याथा नास्ति पाषायो छियते रेषा समुद्रे छि

(१२) यते जलंत (पृथिव्यांक्षीयते रेषुर्मल्ल भाषा नक्षीयते)

शाके १६१२ (वि.सं. १७४७) को राजा मांधाता साहीको ताम्रपत्र

(१) श्री शाके १६१२ समये वैशाष शुदि ५ श्री महाराधिराज श्री रैका मांधा

(२) ता साहिपादा चिरंजयतु श्री रैकाज्यु पायलेमया चितै पगरेतकाषेत

(३) घट्ट उजगला समेतको टिलि भितर गरव्या सेटिको हुनोषेत उजगलो

(४) गाडकि वगडि लेककि इजरि सुदा हरिकेश भटिज्युले संकल्प गरि

(५) जिजाडालाई पायो सर्वकर अकर सर्वसोत विवर्जितगरि पायो

(६) वमशाउ षिमशाउ राठवगसिपया अत्र साछि चंद्र सुर्य्य भूमंडल

(७) का साक्षि रघुनाथ शाह गुशाइज्यु शिवदाश शाउन भिया भडा

(८) रि रामदेउवा रजवार मथुरा वोगटि रजवार दशरथपनेरूज्यु ह

(९) रिकेश भटिज्यु नेव श्याम शेटि लिषित साछि दशरथ जोइशिज्यु

(१०) लिषितं पंथ नारदेन ।। ।। स्वदत्तां परदत्तां वा योहरेद्ध वसुंधरांष

(११) ष्टिवर्षसहस्राणिविष्टायां जायते कृमि ।। ।। पाषाणे क्षीय

(१२) तेरेषा समुद्रे क्षीयते जलं ।। पृथिव्यां क्षीयते रेणु मैल्ल भा

(१३) षानक्षीयते ।। ।। ।। शुभ ।। ।। कडारितहरि शाउ

शाके १६२३ (वि सं. १७५८) को राजा मांधाता साहीको ताम्रपत्र

(१) श्री साके १६२३ समये मार्गसीर सुदी ३ श्री महाराजा

[२] धीराज श्री रैका मांधाता साही पादाश्चिरं जयंतु श्री

(३) रैकाज्यु पायले मयाचितोइ वमनगाउ वीमाली भीत

(४) र सीउन्या वोराको आसोनै आपराच जोराइल पीपल

(५) कोटभीतर जोगवोराको हुनो रै आकाडेड षेत हरीकेस

(६) भटीज्युले पायो अत्र साछी चंद्र सूर्य भूमंडलका साछी रघु

(७) नाथ साही गुसाइज्यु चन्द्रमान कठाइतज्यु नागर साउन

(८) नैदा भडारी सुरदेउवा अैवरन वोगटी राह सींग वीष्ट

(९) लिषित साछी केशव पथ कडारीतंधासी साउ अन्यथा नास्तीती ।। ।।

शाके १६३३ (वि.सं. १७६८) को राजा मांधाता साहीको ताम्रपत्र

(१) श्री साके १६३३ समये श्रावण सुदी १३ श्री महाराजा

(२) धीराज रैका मांधाता साही पादाश्चिरं जयंतु श्रीरै

(३) काज्यु पायले मयाचितै वमनगाउ विमाली भीत

(४) र तंला साउनको हुनो गडो गाडकी वगडी लेककी

(५) इजरी सुदाहरीकेस भटीज्युले पायो अत्र साछी चंद्र

(६) सूर्य भूमंडलका साक्षी श्री रघुनाथ साही गुसाइज्यु

(७) दुलवउप्रती रामेश्वर पनेरु देव ओस्ती चंद्रमान कठा

(८) इतज्यु नागर साउन नैदा भडारी सुरदेउवा अैवरन

(९) वोगटी रजवार राइसीग वीष्ट लिषित साछी केस

(१०) व पंथ ।। पाषाणे क्षीते रेषा समुद्रे क्षीयते जलं ।।

(११) पृथिव्या क्षीयते रेणु मल्लभाषा नक्षीयते ।। तंला साउन

(१२) लेमातठलाउनकापूकसै चालीस रूपैयां लीया हरीकेस

(१३) भटी पुलेदीया रैकाज्युले पत्र गरी हरीकेस भटीज्यु दीनु

शाके १६३८ (वि. सं. १७७३) को
राजा मांधाता साहोको ताम्रपत्र

(१) श्री साके १६३८ समये आषाड सुदी ३ श्री महाराजाधीराज श्री

(२) रैका मांधाता साही पादाश्चिरं जयतु श्री रैकाज्यु पायले भया चीतो

(३) इ हरीकेस भटीज्युलेनो सेनाकी वंलेकी पांडेकी ओथीकी सौ ज्यालकी

(४) भौनाको टीकीमन लीयाकी हुनीसी रोलीटांटर चीत्रकार सुदापाई

(५) तैलागी लेककी इजरी गाडकी वगडी पाइ सर्वकर अकर सर्वसोतवी

(६) वजीत गरी पायो अत्र साक्षी चंद्र सूर्य भूमंडलका साछी श्री रघुना

(७) थ साही गुसाइज्यु दुलप उप्रेतीज्यु रामश्वर पनेरूज्यु नागर साउन नैदा

(८) भंडारी ईद्रदेउवा पर्तापवोगटी राईसिंग वीष्ट लिषित साछी गीरीवर

(९) जोइसीज्यु लिषित पंथ केसवेन ।। स्वदत्तां परदत्तां वा ये हरेच्च वसुंधरां

(१०) षष्टिवर्षसहस्त्राणि विषयां जायते कृमि ।। पाषाणे क्षीयते रेषा

(११) समुद्रे क्षीयते जलं ।। पृथिव्यां क्षीयते रेणु मल्ल भाषा नक्षीयते ।। ।।

शाके १६३९ (वि.सं. १७७४) को
राजा मांधाता साहीको ताम्रपत्र

(१) श्री साके १६३९ समये आस्विन वदी ६ श्री महाराजाधी

(२) राज श्री रैका मांधाता साही पादाश्चिरं जयंतु श्री रैकाज्यु पा

(३) यले मयाचितोइ उप्रेतीको हुनो धोडकाटी उरैडरा ६ छैवाह

(४) लागो भयालको हुनो गडरैडरा' १ ।। डेड हरीकेस भटीज्यु

(५) ले पायो अत्र साछी चंद्र सूर्य भूमंडलका साछी श्री र

(६) घुनाथ साही गुसाइज्यु दुलव उप्रेतीज्यु नेव हरीके

(७) भ भटिज्यु नगर साउन नदा भडारी सग राम देउवा प

(८) रताप वोगटी राइसींग वीष्ट लिषित साछी केसव पंथ

शाके १६४१ (वि.सं. १७७६) को
राजा मांधाता साही ताम्रपत्र

(१) श्री साके १६४१ समये जेष्ट सुदी १३ श्री महाराजाधी

(२) राज श्री रैका मांधाता साही पादाश्चिरं जयंतु श्री रैकाज्यु

(३) पायले मयाचीतोइ जीजोडा भीतर रोसेराको हुनो दमोला

(४) उतीन गडो हरीकेस भटीज्युले पायो अत्र साछी चंद्र सूर्य भूमं

(५) डलका साछी श्रीरघुनाथ साही गुसाइज्यु वामदेव उप्रेतीज्यू

(६) रतन कठाइतज्यु नागर साउन नैदा भडारीसंग रामदेउवा पर

(७) तांप वोगटी राइसींग वीष्ट लिषित साछी केसव पंथ ।।

(८) पाषाणे क्षीयते रेषा समुद्रे क्षीयते जल ।। पृथिव्यां क्षीयते

(९) रेणु मल्ल भाषा नक्षीयते ।। अन्यथा नास्ति कंडारित मनोरथ सउ

शाके १६५३ (वि. सं. १७८८) को
राजा कल्याणचंद्रदेवको ताम्रपत्र

(१) श्री महाराजाधिराज श्री राजा कल्यानचंद्र देवज्युले ताम्रपत्र करी मालकी का

(२) जी खगसीं करनभटले पारी कोटाका परगनामै मौजे पीपुरा पोहकडका प

(३) रगपनसैमौ चुन एकत्र हुरि गाउपगरा धुरा दंडा सुया पायो सर्वकर अकरास

(४) पं छदयी सुधमंडेली पेटीली नाटलटाली सर्गफी टी दीपाताल फीजीधी सर्वक

(५) र अकर करी पायो मनकुपा गैडाले कुमाउ राभ भै अपशु अमल करी रह्यो कर्मभइ

(६) टले हमरो संग करी राभ पाउकरो अपशुकका मालससंगलाडी कालको मन गन्यो

(७) संगका यामन कुवा ठारो तैरो तकीपागी खगसी अघां डौटी कुमाउ येक घरकर

(८) नु श्री राजा कल्यानचंद्र देवज्युकी संमतीले चवाउनी करनु भटकी क तसीले चु

(९) वनी महीप राना पकुवार श्री दीपसींह गुसाईज्यु श्री दीपराम पाडे मुरारीभसीं

(१०) गुणानंद पाडे गुरूजेयसींग सुरसींग लछीमीसींग गुसाई रसील श्री

(११) उमादेव वीष्ट पगसीरनसींग गुसाई रामकीसोर मकाम गुसाई

(१२) सोसीरीरमनी यौपरी वीरभद्र केसव भडा

(१३) री वीरसींग सेज्याली अनुपसीग पनारी

(१४) श्री गनअरसन गैयरी स्याम पराडसींग कार्की रा

(१५) दीमल रीवमवोरो मानसींग फरलालसाल म

(१६) रग लीषीत दुगी चौधरी साके १६५३ भदौ

(१७) सुदी ११ कैमारफत राय रकदानंतग

(१८) गरीहतगक डोटी

The Medieval Settlements

With Special Reference to Balambu and Bungamati

—Chakramehr Vajracharya

1. Background

The geographical studies on Nepalese settlements are limited. Despite its certain limitations, Kawakita's study[1] represents the cross-section of settlements of central Nepal in which two major settlements, viz. agricultural and commercial, each comprising different patterns of settlement, are identified. Among these two major groups, agricultural settlement is supposed to be basic and earlier in origin while the commercial settlement is said to have been segregated itself from the earlier.

Similarly, two main processes are identified as regards to the morphological evolution of settlements into urban areas.[2] One is the transformation of traditional medieval city into the modern ones. The example being Kathmandu Lalitpur, Bhaktapur, etc. The second process concerns particularly with the expansion and population concentration of certain rural settlements giving rise to urban agglomerations The examples are Pokhara, Hetauda, and the major settlements of Tarai region. Some of the main attributing factors for the growth process of medieval settlements are its rich soil and geographical location as the entrepot trade centres. The growth of rural centres into urban agglomeration, on the other hand, is attributed to various development undertakings e.g. in the field of transport, industry, etc.[3] Since majority of major settlements of Nepal Tarai are located close to the Indian railheads it may not be controversial to assume that the expansion of Tarai settlements are the results of increasing opportunities there provided and expanded in the begining by the development of transport system in the southern border areas with India during the British period.

The scope of the present study is, however, limited to outline some of the important features of spatial and socio-economic aspects of medieval settlement with its special reference to Balambu and Bungamati two separate compact settlements located each at a distance

1. J. Kawakita, Ethno-Geographical Observation on the Nepal Himalaya in Peoples of Nepal Himalaya, Vol. III (Ed) H. Kihara, Kyoto, 1957
2. Nepali National Report for Human Environment, National Planning Commission, HMG, Kathmandu. 1971 p. 6
3. op. cit

of 5 miles west and south of Kathmandu respectively[4] (Fig.1.)

2. *The Medieval Settlements*

Founded between 13th to 18th century, the medieval settlements are said to be internally organised social units where the communities are occupied with the whole round of life for fulfilling the goals of economic performance and social control. But the community life is said to have a relative difference as some settlements enjoy certain amenities which others lack. These amenities are expressed in terms of such facilities as the drinking water, ponds and water tanks, public buildings, public platform, etc,etc.[5] Such a relative difference in the community life reflected by some aggregate features of amenities, perhaps, differentiate the medieval cities from its hub of settlement clustures.

One proxy indicator for such differentiation could be the nomenclature of settlements. For example, the term 'Pur' in Sanskrit designates 'city' and this term usually comes as a suffix to the place name. Related to this observation, it is interesting to note the five major settlements with ever 5,000 population of the Kathmandu Valley. They are Kantipur (Kathmandu) 1961 population: 121,019), Lalit-pur (Patan, 47,713), Bhakta-pur (Bhadgaon, 33,877), Madhya-pur (Thimi, 9,719) and Kirti-pur (5,764).

Balambu and Bungamati are also known as Bhasti-pur and Amara-pur but these settlements are of relatively small size (respective population 1965: 1,469 and 2 968).

A. Spatial Aspect of Medieval Settlement:

In its spatial aspect, one interesting point to be noted is the geographical location of settlements. Almost all the medieval settlements are found to be located in the elevated plain which command the low lying agricultural land.[6] But the principal reason for such a locational choice for certain settlements seems to be political[7] whereas to the majority of settlements it may still be the economic consideration since the economy of practically all settlements were founded on the efficient use of their agricultural lands.

Irrespective to the location and size, the settlement patterns are rather compact which are often fortified with the provision of network of walls and gateways.[8] In Balambu there are

4. The author surveyed Balambu in 1965 and submitted a report: Village Survey (Applied Geography) Balambu Puldol & Thapagaon to the Dept. of Geogra., T. U. whereas Bungamati is surveyed by the author in 1968. from the Dept. of Geogr. T. U. The author's published contribution on this village is: A Cultural Geography of Bungamati Village, in Nepal Review, Voice of Nepal (P. Ltd.) Kath., 1969. Vol. II No. 1 pp. 35-42. The observations and data used here are largely drawn from these reports.

5. Personal communication with Mr. Daman Raj Tuladhar.

6. See also: Land-use map of Kathmandu-Patan by P.P. Karan attached in the back cover page of the Himalayan Review, Kathmandu, 1973-74.

7. D. B., Bajracharya, Defence System of the Malla Period and Popular Duty to it, in Nepal Digest, Vol. I, No. 6, April-May 1972, Kathmandu, p. 23

8. Ibid. pp. 23-27. See Also: C. B. Shrestha & V. M. Malla, 'Urban Centres of the Kathmandu Valley,' in The Himalayan Review, Kathmandu, 1969-70, 21st IGV Nepal Tour Supplement pp. 33-39.

three gateways–one each at east, north and south directions.

The main road radiates from the centre and the whole settlement is divided into broad rectangles which are further sub-divided into blocks (Fig. 2). The main street is either brick or stoneslab paved. The pavement of stoneslab seems to be of later introduction. In Balambu, it was only in the early 50s that the main street is paved with such slabs measuring 5 feet wide.

Houses are generally three–storied and are built with bricks and tile roofing. Depending on the economic conditions of the community or other factors there are special public buildings dedicated to the local deity like the 'chapaa' attached to Hayagriv Bhairav temple in Bungamati. Other public buildings in the form of 'Pati–Pauwa' (inns) are to be found practically in all medieval settlements where the people could gather for social, religious or recreational purposes. In certain settlements, particulary of large size settlements, there are elevated platforms (Daboo) at specific points where the socio–religious performances are held. In many settlements one could find the ponds and water tanks either left open or encircled by walls. Similarly, there are either dug out wells or water–spouts connected to canal for drinking water purposes. One very interesting feature characterising the medieval outlook of settlements is their association with certain deity. For example, Balambu is dedicated to Mahalaxmi and Bungamati to Machhendranath.[9]

Newars are the original inhabitants of the medieval settlements but concentration of specific caste–group by settlement e.g. Maharjans in Balambu or some fair indication of caste–wise clustering within the settlement like Vajracharya in Machhendra Bahal, Sakya and Tuladhar in ward No.2, Maharjan and Mali in ward Nos. 1,4 & 6 of Bungamati, are discernible. However, these settlements differ radically both in spatial and social term from the specific caste–group settlements to be found in Parbate settlement.[10] like Thapagaon of Puldol area.

Looking at the single ethnic composition (Newar) and the practice of polytheism (Buddhism & Hinduism) of Medieval Settlements, it is more comparable with the single ethnic group and the practice of Mahayana and Shinto in Japan.[11]

B. Socio–Economic Aspect of Medieval Settlement:

The medieval settlements with continous rows of single housing units are basically the agricultural settlements. Generally, two types of agriculture are practiced by the communities, viz. Ghar Bari and Khet Bari. The Ghar Bari, in a way, is kitchen garden attached with the individual residential units where the individual family grow their vegetable requirements. On the other hand, the cereal

9. See also: The Physical Development Plan for the Kathmandu Valley, HMG/N, Kathmandu, 1969. P. 53.

10. Derived this term from 'Parbate' (Nep: People living in higher altitude).

11. Y. Masai, The Contemporary Japanese Townscape in Japanese cities- A Geographical Approach, The Association of Japanese Geographers, Tokyo, 1970 p. 105.

g rains are grown in the Khet Bari which are often detatched from the residential units. Since animal husbandry and cultivation are clearly related and as these two occupations are not mutually exclusive, almost all community members keep some livestock. Therefore, it can be said that the economy of the medieval community is founded on what the farm and livestock produce. To meet other requirements of life, barter is the most prevalent system of the time. Even to the present date, oilseeds with mustard oil, potatoes and millets with earthen pots, spoilt and unutilized metal pieces with utentils are bartered occasionally both in Balambu and Bungamati.

Since money plays a minimal part in the community, the socio-economic status of the people is determined in terms of right over land. Those who are rich in the community show their economic prosperity through the land grants to the social organisations, various dieties and organising big feasts occasionally which is known popularly as'Dey Bhoy'.[12] The Machhendranath and Bhairav of Bungamati is said to possess some 1200 ropanis of land from such land grants. Similarly, the Mahalaxmi of Balambu accounts some 145 ropanis of such land. Some of the important implications associated with such offering of land to the social organisations and deities are that the services will be performed so long as the land is to be held and the members of the community will be motivated to attach in the society.

In the traditional society the usual way of payment is in grains. In Balambu, the barber, 'Kushle' (player of musical instruments during various ritual works) and smithe are paid in grain. The quantity of grain payment to the barber depends on the number of males in a family while to the blacksmith it depends on the number of plows owned by the family. The system is called 'Jajamani' and when a servicing caste refer to his client as his 'jajman' (i.e grain paying family), he implies, first, that the relationship between them is an enduring one and, secondly, that his client is wealthy enough to pav annually in grain. Like the land grants to dieties and social organisations, it is also said to exist the payment in land to the servicing caste which is considered as of great prestige.

